practice ministries™

Dads and Kids Together in God's Word.™

practiceministries.org

# दशआज्ञा भाग २ निर्देशिका

## भजनसंग्रह ११२:१-२

## विश्वासको धरोहर निर्माणमा समर्पित

२ तिमोथी १:५

“परमप्रभुको प्रशंषा गर । त्यो मानिस धन्यको हो जसले परमप्रभुको भय मान्दछ, र उहाका आज्ञाहरु प्रसन्न हुन्छ । त्यसका वंश पृथ्वीमा पराक्रमी हुनेछ । भद्र मानिसको सन्तानले आषिश ` पाउनेछ ।”

(भजनसंग्रह ११२:१-२)

प्राक्टिस मिनिष्टिका सर्म्पूण अभ्यास पुस्तिका र अगुवा निर्देशिका  पी.डि.एफ. फरम्याटमा बनाईएकोले वेभ साईटबाट सजिलै स्थानान्तरण गर्न सकिन्छ । यो तपाईले बिना कुनै दर्ता र सितैमा लिनसक्नुहुन्छ । यो ठेगानामा हेनुहोस ।

प्राक्टिस सेवकाई बाईबल अध्ययन–मालामा सबै बुवा अनि छोराछोरीहरुलाई स्वागत गर्दछौ. । हामीहरु गैर सामप्रदायिक संस्था हौ, र यसको लक्ष्य भनेकै परमेश्वरको सत्यतालाई तपाईको परिवारको दैनिक जीवनमा लगाउन सहायता पुऱ्याउनु हो । हामीहरु तपाईको खीष्टियन विस्वासको धरोहरहरु आफ्ना छोराछोरीहरुमा पुऱ्याउन बुवाहरुलाई समय, स्थान र शैक्षिक अध्ययन सामाग्री दिई सहायता पुऱ्यायछौ । यो बाइवल अध्ययन गर्ने मौका छोराछोरी माभ्क छ ।

तपाई सहभागी हुनु भएकोमा हामी खुसी छौं । तपाई यदि बढि जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने प्राक्टिस मिनिष्टिजले उपलब्ध गराउने सामाग्रीहरु खण्ड पनि हेर्न सक्नुहुन्छ । तपाईले यो पढिदिनु भएकोमा धन्यवाद र हामी फेरी भेटछौं ।

उहाँमा
बील जकास्की
निर्देशक

# दशआज्ञा भाग -२

## प्राक्टीस मिनिष्टिज बाइबल अध्ययन पाठयक्रम
## दशआज्ञा भाग -२
## र
## बाइबलिय जवाफको खोजी

<u>बिषय-सुची</u>


भाग १ बाइबल पाठ सार-संछेप
अभ्यासले कसरी सुरुचीपूर्ण बाइबल अध्ययन गर्ने भनि सक्षम बनाउँछ
भाग २ बाइबलिय पाठहरु
भाग ३ बाइबलिय जवाफको खोजी

**Practice Minstries Bible Study Curriculum and Exploring the Bible**
**©1997, 2002 by Practice Ministrie**

**Scriptures taken from the Holy Bible, New International Version. Copyright 1973, 1978, 1984 by International Bible Society. Used by permission of Zondervan Publishing House. All rightes reserved.**

Practice Ministries
6125 LUTHER LANE, SUITE 183  DALLAS, TEXAS 75225
(214) 629-1835
e-mail address: practiceministries@gmail.com
web-site address: www.practiceministries.org

# बाइबल पाठ सार-संक्षेप

## पाठ # १- सिकाईका दश उतकृण्ठ तरिकाहरु

आजको पाठ:: यूहन्ना १३: १३-१५

दश आजाको परिचय र यसको अर्थ जान्न र हामीले किन यो किन पालना गर्नुपर्छ र यसै अनुसारको जीवन यापन गर्नुपर्छ सोको खोजी पनि गर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** बालबालिकाहरुमा येशू को उदाहरणबाट जिउने प्रेरणा दिन्छ ।

## पाठ # २- यदि तपाई घमन्ड गर्नु चाहानुहुन्छ भने यसरी घमण्ड गर्नुहोस ।

आजको पाठ यर्मिया ९:२३-२४

परमेश्वरलाई अझ राम्ररी कसरी चिन्हे भन्ने बिषयमा हेर्नेछौ । साथै हाम्रा जीवनमा हुनुपर्ने तीन चरित्रहरु दया, इन्साफ, र धार्मिकता बारे अझ बढि बुझ्ने छौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** छोराछोरीहरुमा परमेश्वरको हुनुहुन्छ र कसरी आफनो जीवनद्धारा उहाँलाई आदर दिनसक्छौ भनि बुझ्न सहायता गर्छ ।

## पाठ # ३- उदाहरणको जीवन

रोमी १२:३

आज हामी परमेश्वरले हामीबाट चाहनुभए अनुसार काम गर्दै प्रेम र भक्तिको जीवनद्धारा उहाँलाई पुज्नसक्छौ सो हेर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** परमेश्वबरलाई मनपर्ने जीबन जीउदै उहाँमा प्रेम र भक्ति चढाउन हाम्रा छोराछोरीलाई प्रेरणा दिन्छ ।

## पाठ # ४ - हाम्रा बिशेषाधिकार र जिम्मेवारी (भाग १)

व्यवस्था ६:५-७

छोराछोरी परमेश्वरबाटको शुन्दर बिषेशाधिकार हुनुका साथै हामी बा-आमालाई छोराछोरीहरुलाई परमेश्वरको आज्ञा सिकाउने उहाँको जिम्मेवारी पनि दिईएको छ । विशेषाधिकार/अवशरसगैं जिम्मेवारी पनि थपिन्छ । आज हामी हाम्रा छोराछोरीहरुलाई प्रभुको तालिम र शिक्षामा हुर्काउने हाम्रो जिम्मेवारीको विषयमा हेर्नेछौं ।

**बाइबलबाट खोजीगर्ने बानीले** छोराछोरीहरुलाई परमेश्वरको शिक्षा अनुसार सिक्न र जिउन प्रेरणा दिन्छ।

## पाठ # ५-विशेषाधिकार र जिम्मेवारी (भाग-२)

एफिसी ६:१

परमेश्वर छोराछोरीहरुलाई भन्नुहुन्छ आफ्ना बा-आमालाई आदर गर । किनभने ति शिक्षा र अर्ति मबाट आएको हो । जब तिमी आफ्ना बा-आमाको आज्ञापालन गर्छौ सो ठिकै गर्छौ तिमीले जे गर्दछौ त्यही नै मेरो आज्ञा पालन हो । आज हामी परमेश्वरको वचन र अर्ती सुनाईबाटको हाम्रो बिशेषाधिकार/अवसर र जिम्मेवारीको विषयमा हेर्नेछौ ।

**बाइबलबाट खाजी गर्ने बानीले** छोराछोरीमा परमेश्वरको वचन पालनद्धारा आफ्ना बा-आमाको आदर गर्ने प्रेरण दिन्छ ।

## पाठ # ६- हामी बस्ने संसार

मत्ती ५:१३-१४

हामीहरु दुईवटा प्रश्नको उत्तर दिने प्रयास गर्नेछौं ।

- परमेश्वरको वचन र अर्ती स्पष्टसंग नसिकाइकन कसरी तपाई अख्तियारमा भएको मानिसलाई आदर गर्न सक्नुहुन्छ ।
- तपाई कसरी आदर गर्नुहुन्छ ?

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई संसारको नभै येशूको मूल्य मान्यता अनुसारको जीवन जिउने प्रेरणा दिन्छ ।

## पाठ # ७- विशेषाधिकार र जिम्मेवारी (भाग-३)

एफिसी २:४-५

येशु हामीलाई भन्नुहुन्छ ..................................................(मत्ती ७: १३-१४)

येशूले भन्नुभएको यस साघुरो ढोकाले कहाँ पुऱ्याउँछ ? परमेश्वरको विशेषाधिकार प्राप्त गर्ने थोरैले मात्र परमेश्वरको उपस्थिती र गौरवलाई प्राप्त गर्नेछ । यो अजम्वरी जीवन किन बिशेष अधिकार हो सो पनि हेर्नेछौ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुलाई अजम्बरी जीवनका बिशेष अधिकार जान्ने प्रेरणा दिन्छ ।

## पाठ # ८-बिशेषाधिकार र जिम्मेवारी (भाग-४)

प्रेरीत ४:१३

आज हामी एउटा इसाईले बोल्ने र गर्ने सबै कुरामा खीष्टको प्रतिनिधित्व गर्ने गर्नुपर्ने हाम्रा जिम्मेवारी के हुन सो हेर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने वानीले** हाम्रा छोराछोरीहरुमा म कसरी यो हप्ता खीष्टको प्रतिनिधित्व गर्न सक्छु भनी सोच्ने प्रेरणा दिन्छ ।

## पाठ # ९-ग्यास राख्ने भाडोमा लाग्ने खीया (भाग १)

फिलिप्पी ४:८

खीयॅा तपाईको कारको ग्यासको भाडोमा लाग्ने धुलो र धुवाँ हो जुन भाडोमा जम्छ । कारको गतिसँगै खीयॅापनि थुप्रिदै जान्छ । यसले कारको अरुभागलाई पनि फोहर बनाउँछ र कारमा नै खराबी ल्याउछ । लामो समयको वेवास्ताले यो खतरानाक पनि हुनसक्छ । आज हामी कसरी तपाईको भाडोमा खीयॅा लाग्छ, यसको वेवास्ता गरीएमा खतरानाक हुनसक्छ सो हेर्नेछौं । त्यस पश्चताप हामी शुद्ध र खीयॅा रहित रहने उपायको बारेमा हेर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुमा शुद्ध रहने प्रेरणा दिन्छ ।

## पाठ # १०-ग्यास राख्ने भाडोमा लाग्ने खीयॅा भाग-२ (बिवाह अघि नखोल्नुहोस है)

उत्पति २:२४

परमेश्वरले विवाह अघि नखोल्नु भन्नुभएको अमूल्य उपहारलाई हाम्रो समाजले सिकाए जस्तै जाउ र गर यो ठीकै हो भन्ने अनुमती दिन्छ । आज हामी किन यस्तो शुद्धता राख्नुपर्छ भनी हेर्नेछौं ।

**बाइबलबाट खोजीगर्ने बानीले** हाम्रा छोराछोरीहरुलाई यिनै शुद्धता कायम राख्न प्रेरणा दिन्छ ।

## पाठ # ११-ग्यास राख्ने भाडोमा लागेको खीयँा जोनको पत्र

२ तिमोथी १७

आजको हाम्रो मुख्य पाठ एउटा जवानले आफ्ना बा-आमालाई लेखेको पत्रबाट लिनेछौ । यस पत्रले संसारको पसलबाट किन्दा हुने खतराबारे सचेत गराउदछ ।

**बाइबलबाट खोजीगर्ने बानीले** हाम्रा छोराछोरीहरुलाई संसारको पसलबाट हैन, तर परमेश्वरको घरबाट लिनुपर्छ भनी प्रेरण दिन्छ ।

## पाठ # १२ -परमेश्वर साँच्चीनै हुनुहुन्छ भनी कसरी थाहा गर्ने?

रोमी १:१९-२०

कोही-कोही मानिस भन्छन विना प्रमाण म परमेश्वरमा विस्वास गर्दिन हुन त वैज्ञानिक प्रमाणका आधारमा परमेश्वरलाई प्रकट गराउन सकिदैन तर परमेश्वर हुनुहुन्छ भनि केही भरपर्दा प्रमाणहरु दिन सकिन्छ । आज हामी परमेश्वर साच्चिकै हुनुहुन्छ भन्ने तर्कपूर्ण आधारहरु बारेमा चर्चा गर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुमा परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण खोजी गर्ने प्रेरणा दिन्छ ।

## पाठ # १३-के येशू खीष्ट परमेश्वर हुनुहुन्छ?

पत्रुस ३:१५

येशू खीष्टले म परमेश्वर हुँ भनी घोषणा गर्नुभयो । यहाँको घोषणा कि त सत्य हुनुपर्छ कि त झूटो हुनुपर्छ । आज हामी येशुले म परमेश्वर हुँ भनी गर्नुभएको घोषणा सत्य हो भन्ने कुरा हेर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुमा येशू खीष्टले परमेश्वर हुनुहुन्छ र उहाँको कामको प्रमाण बारे विचार गर्ने प्रेरणा दिन्छ ।

## पाठ # १४-के येशू खीष्ट परमेश्वर कहाँ पुग्ने एक मात्र बाटो हुनुहुन्छ?

युहन्ना १४:६
येशूले परमेश्वरसँग सम्बन्ध स्थापना गर्ने माध्यम म मात्र हुँ भनी बताउनुभयो । आज हामी किन येशू खीष्ट मात्र परमेश्वरसँग सम्बन्ध स्थापना गर्ने माध्यम, पापको प्रायश्चितको स्रोत र मुक्तिको मार्ग हुनुहुन्छ सो हेर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीमा येशुको पुनरुत्थानको प्रमाण बारे विचार गर्ने प्रेरणा दिन्छ ।

## पाठ # १५-लौरो र ढुङ्गा

एफिसी ४:२९
लौरो र ढुङ्गाले चोट पुऱ्याउँछ साथै वचनले पनि चोट पुऱ्याउँछ । आज हामी किन एउटाले अर्कोलाई आफ्नो वचनले उत्साह दिनुपर्छ सो हेर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीमा एउटाले अर्कोलाई उत्साह दिने प्रेरणा दिन्छ ।

## पाठ # १६-यो रित्तो स्थान परमेश्वरको लागि साचिएको छ ।

कलस्सी १:१५
एउटा मूर्ति तपाईको लागि परमेश्वर भन्दा महत्वपुर्ण हुन सक्छ? आज हामी किन परमेश्वरले मुर्ती खतरनाक हुन्छ  भनी बताउनुहुन्छ सो हेर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीको जीवनमा पहिलो स्थान परमेश्वरलाई दिनुपर्छ भन्ने प्रेरणा दिन्छ ।

## पाठ # १७-निशानालाई पच्छयाउनु

यहोशू २४:१५
इस्राएलीहरु पहिलो पटक प्रतिज्ञाको मुलुकमा आई पुग्दा त्यहाँ वरीपरीका वासिन्दाहरुले थुप्रै देवी-देवताहरुको पूजा गर्थे । इस्राएलीहरु एक मात्र सत्य परमेश्वरमा विस्वास गर्दथे । यही कुराले तिनीहरुलाई अरुहरुभन्दा फरक बनाएको थियो । त्यसैकारण परमेश्वरले चाहे अनुसार तिनीहरु अरु जात-जातीहरु भन्दा अलग थिए । जब इस्राएलीहरु ति जात- जातीहरुसँग रहन लागे, तिनीहरुले परमेश्वरको कुरा सुन्न छाडे र उँहाको

आज्ञालाई पच्छयाएनन । साथै ति जात- जातीहरुका देवी-देवताहरुलाई पुज्न थाले । तपाई र मेरो लागि दिइएको उपदेश यही हो कि हाम्रो समुदायमा उहाँलाई गरेको सेवाको कार्यले परमेश्वरको अलग मानिस हुनुपर्छ ।

**बाइबलबाट खोजी बानिले** हाम्रा छोराछोरीहरुलाई आफ्ना समूदायमा नुन र ज्योती बन्ने प्रेरणा दिन्छ ।

## पाठ # १८-सुन जस्तै निखुर

हितोपदेश ३:८
बाइबलले स्पष्टसँग बताएको छ की अभिभावक, बिषेश गरी परमेश्वरको वचन आफ्ना छोराछोरीलाई सिकाउने जिम्मेवारी बुवाको हो । धर्मशास्त्रले यो पनि भन्दछ कि छोराछोरीहरुले आफ्ना बा-आमाको आदर गरुन र उहाँको वचन सुनून तब तिनीहरुले कुन ठीक हो र कुन बेठीक हो सो बुझ्ने छन र जे ठिक हो सो गर्न सिक्नेछन ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीमा आफ्ना बा-आमाबाट ज्ञानका वचन सुन्न र सिक्न प्रेरणा दिन्छ ।

## पाठ # १९-तपाईबाट सुन्नु असल छ

एफिसी ४:२९
आज हामी हाम्रा प्रार्थना, वचन र कामद्धारा अरुहरुलाई उत्साह दिन पर्छ भनी थाह गर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई उत्साहको महत्व बुझ्नलाई सहायता पुऱ्याउँछ ।

## पाठ # २०-अचम्मको जीवन

१कोरिन्थी १२:२७
परमेश्वरले हामी प्रत्येक ब्यक्तिलाई उहाँको स्वरुपमा र अरुहरुको खाँचो पूरा गरिदिने ब्यक्तिको रुपमाबनाउनु भएको छ । त्यसकारण परमेश्वरले मानविय जीवनलाई उच्च स्थान दिनुभएको छ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुलाई मानविय जीवनलाई आदर गर्ने प्रेरणा दिन्छ ।

## पाठ # २१-रक्षात्मक उपाय भाग १

एफिसी ४:२६-२७
आज हामीलाई क्रोधमा डोऱ्याउन सक्ने काम र भावनाको विषयमा चर्चा गर्नेछौं । साथै हामी सजिलै रिसाउँदै जवाफ फर्काउने परिसिथितमा पनि कसरी शाान्तपूर्वक जवाफ दिन सक्छौं सो हेर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुलाई रिसाएर जवाफ फर्काउने परिस्थिती र शान्त पूर्वक बाइबलिय जवाफ दिने परिस्थिती पहिचान गर्ने प्रेरणा दिन्छ ।

## पाठ # २२-रक्षात्मक उपाय भाग २

मत्ती ४:४
आज हामी यस पाठमा आउन लागेको क्रोधबाट कसरी बच्ने र त्यसता परिस्थितीमा कसरी धैरतापुर्वक बातचित गर्ने भन्ने कुरालाई निरन्तरता दिनेछौं

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई क्रोधबाट बच्ने उपायको रुपमा धर्मशास्त्रको प्रयोग, आत्म-संयम र सामान्यज्ञानको प्रयोग गर्ने प्रेरणा दिन्छ ।

## पाठ # २३-टि.भि. हेर्ने समय सिद्धियो

कलस्सी ३:४

तपाई हेर्नु र सुन्नुहुन्छ त्यसको प्रभाव तपाईको विचार, वचन र काममा पनि पर्छ। आज हामी ति टि.भी कार्यक्रम र चलचित्रहरुले सिकाईरहेका सन्देशको विषयमा कुरा गर्नेछौ।

**बाइबलबाट खोजीगर्ने बानीको** यस खण्डले हामीले हेर्ने टिभी कार्यक्रम र चलचित्रको महत्वलाई बाइबलिय मापदण्ड अनुसार बुझ्न र बा-आमा र छोराछोरीलाई सहायता गर्नेछ।

## पाठ # २४-म परमेश्वरको लागि विश्राम लिन्छु

भजनसंग्रह १४५:५

चौथो आज्ञाले हामीलाई विश्राम दिन पवित्र मान्नु भनि बताउँछ। आज हामी कसरी उहाँमा आज्ञाकारी हुदै, उहाँमा भरोसा गर्दै र उहाँको वचनमा ध्यान दिदै विश्राम दिनको पालनाद्धारा परमेश्वरलाई आदर दिने सो हेर्नेछौ।

**बाइबलबाट खोजी गर्ने बानीले** विश्राम दिनलाई साच्चिकै विश्राम लिन र परमेश्वरको आराधना गर्न परिवारलाई प्रेरणा दिन्छ।

## पाठ # २५-ध्यानपूर्वक प्रयोग गरौं

रोमी १३:१०

आज हामी मानिसले कसरी विभिन्न तरीकाले अनुमति नलिक नै अरुका सम्पति, आदर वा अधिकार चोर्छ। अनि समय र अवसर चोर्छ सो हेर्नेछौं।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई अरुलाई आदर गर्न र अरुहरुको भलाइको काम गर्न प्रेरणा दिन्छ।

## पाठ # २६-धन्यवाद दिनु

व्यबस्था ८:१०

आज हामी कसरी मानिसहरुले परमेश्वरलाई दिनुपर्ने सोच, नियत, पैसा र कामद्धारा उहाँको आदर र महिमा परमेश्वरबाट लुटिरहेका छन सो हेर्नेछौ।

**बाइबलबाट खोजी गर्ने बानिले** हाम्रा छोराछोरीमा आफ्नो जीवनमा परमेश्वर प्रति धन्यवादी हुने प्रेरणा दिन्छ।

## पाठ # २७- पाउने भन्दा दिने धन्यको हो

रोमी १२:८

आज हामीले किन दिनुपर्छ, के दिनु पर्छ, कसरी दिनु पर्छ र कहिले दिनु पर्छ सो हेर्नेछौं।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई आफ्नो समय, योग्यता र रुपैया-पैसा दिनुपर्छ भन्ने प्रेरणा दिन्छ।

## पाठ # २८-स्वर्गको धन

मत्ती ६:२०

पहिलो नौ वटा आज्ञाहरु परमेश्वरले चाहनुभए अनुसारको जीवन जिउन हामीले के गर्ने के नगर्ने हाम्रा कामहरुको बारेमा बताईएको छ । तर दशौं १० आज्ञा हाम्रो नियतसँग सम्बन्धित छ र भन्छ तैले लोभ नगर ! लोभ गर्नुको अर्थ गलत तरिकाले प्राप्त गर्ने इच्छा हो । आज हामी बाइबलको एउटा कथा, त्यस्तो कथा हेर्नेछौं जहाँ एउटा मानिसले गतल तरिकाले पाप्त गर्ने इच्छा गरे साथै कसरी ठीक तरिकाले इच्छा गर्ने त्यो पनि चर्चा गर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई ठीक तरीकाले इच्छा गर्ने भन्ने प्रेरणा दिन्छ।

## पाठ # २९- यो पहिले खोजी गर्नुहोस ।

मत्ती ६:३३

आज हामी बाइबलबाट एउटा यस्तो कथा हेर्नेछौं जहाँ दुई मानिसले परमेश्वरले हुदैन भन्नुभएको कुराको चाहना गरेका छन । त्यस पश्चात तपाई र मेरो लागि परमेश्वरले जे कुरा हुदैन भन्नुभयो त्यसको कसरी सहि छनौट गर्ने बारे पनि चर्चा गर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई हाम्रा छनौटसंग त्यसका परिणाम पनि हुन्छ भनि बुझ्न प्रेरणा दिन्छ ।

## पाठ # ३०-इमानदारिता नै उत्तम नीति हो

रोमी १३:१०

नवौं आज्ञाले भन्छ सत्यमा चल ! आज हामी सत्यता र इमानदारीतामा चल्ने र किन यो उत्तम नीति हो सो हेर्नेछौं ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीहरुमा सत्यता र इमानदारीतामा जिउने प्रेरणा दिन्छ ।

### विशेष धन्यवादज्ञापन पाठ

" परमेश्वरलाई धनयवाद चढाओ, उहाँका नाउँको पुकार गर, जातिहरुका बीचमा उहाँले गर्नुभएका कार्यहरु प्रचार गर । उहाँको निम्ती गाओ, उहाँको निम्ती प्रसंशाको स्तुति गाओ, उहाँका सबै आश्चर्यकर्महरुको बयान गर । " आज हामी हाम्रा आशिषहरु गन्न गईरहेका छौं - र त्यसपछि ती आशिषहरुसँग केही गर्नेछौं - देऊ ।
बाइबल अध्ययनले बालबालिकाहरुलाई नयाँ शैलीमा दिने तरिकाहरु विचार गर्न मद्दत गर्दछ ।
विशेष क्रिसमस पाठ

"अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाम येशु राख्नेछ्यौ ।" (लुका १:३१)
आज हामी क्रिसमस कथा बारे कुरा गर्न गईरहेका छौं तर अलि फरक सुरुवातसँग र हामी जे कुरा गर्न आएका छौं ती कुराहरु समाप्त गर्नेछौं ।
बाइबल अध्ययनले बालबालिकाहरुलाई क्रिसमसको साँचो अर्थ सम्झिन मद्दत गर्दछ ।

## विशेष ईस्टर पाठ

" किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकी उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् । तर त्यसको अनन्त जीवन पाओस् । " (यहुन्ना ३ : १६)

यो पाठ येशुलाई के भयो भन्ने बारे विवरण हो - येशु - परमेश्वरको एकमात्र पुत्र - उहाँ पक्राउ पर्ने दिनहरु र अन्त्यमा तपाई र मलाई मुक्ति दिन उहाँको क्रुसीकरण ।

बाइबल अध्ययनले बालबालिकाहरुलाई येशुको बलिदानको अर्थशक्ति बुझ्न मदत गर्दछ ।

"यदी मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरुबाट फर्कन्छ, तव म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु र तिनीहरुका पाप क्षमा गर्नेछु र तिनीहरुको देशलाई म स्वस्थ्य पार्नेछु । " (२ इतिहास ७ : १४)

आज पढ्नको सट्टा हामी केही गर्न जाँदैछौं । हामी हाम्रो पाठ्य समय परमेश्वरमा प्रार्थना चढाउनमा व्यतित गर्नेछौं । जसले हामीलाई सृष्टी गर्नुभयो साथै हाम्रो देशका मानिसहरुका लागि हामीलाई उत्साह दिनुहुन्छ ।

बाइबल अध्ययनले बालबालिकाहरुलाई हामी देशका मानिसहरुका लागि प्रार्थना लेख्न निमन्त्रणा गर्दछ ।

## **कथाको समय :**

"त्यसले जवाफ दियो, उहाँ पापी हुनुहुन्छ की हुनुहुन्न, म जान्दीन । एउटा कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अव देख्दछु । " (यहुन्ना ९ : २५)

"तपाईको आफ्नो कथा "- येशु ख्रिष्ट तपाईको जीवनमा कसरी आउनुभयो, बताउनु अलि असजिलो हुन सक्छ । हुनसक्छ तपाई असफल हुने डरमा हुनुहुन्छ अथवा तपाईले के भन्ने तपाईलाई थाहा नहुन सक्छ , तर यदी येशु ख्रिष्ट तपाईको जीवनमा हुनुहुन्छ भने तपाईसँग अवश्य कथा बताउन ख्रिष्टको सु- समाचार ल्याउनु हो ।

विशेष बाइबल अध्ययनले तपाईलाई विचारहरु, सल्लाह - सुझावहरु दिदँछ साथै तपाईको एकसाथ राख्नको लागि रुपरेखा वा ढाँचा पनि दिदँछ ।

# अभ्यास्ले सिद्ध बनाउँछ

हामीले बिगत नौवर्ष पहिले देखि सयौ बाइबल अध्ययनहरु आयोजना गर्दै आइरहेका छौं । आज हामी उत्तम तरिकाहरु लिएर आएका छौं जसले तपाईलाई आफ्नो परिवारमा आफ्नो बाइबल अध्ययन बाट मद्दत पाउन यसले गर्दछ ।  यहाँ भएका रुपरेखाले तपाईको बाइबल अध्ययनलाई पहिले कसरी अगाडी बढाउने भनेर सल्लाह दिन्छ :

१) आफ्नो बाइबल अध्ययनमा येशूलाई निम्त्याउनुहोस् । त्यहाँ भएका प्रत्येक व्यक्ति द्वारा काम नर्गु भएको होस् भनि उहाँको शक्ति र उपस्थिती माग्नुहोस् ।

२) यदि यो बिहानी अध्ययन हो भने, केही खाजा र चियाँ लिनुहोस । यदि यो बेलुकीको अध्ययन हो भने, हल्का नास्ता लिनुहोस् खभ्ययन अगाडी ।

३) कसैलाई समयको अभाव (असजिलो) भए भ्कै कुनै बिलम्ब नगरी भ्कदृै सुरु गर्नु होस् ।

४) हामीलाई थाहा छ कि यदि तपाईहरुको नानीहरु । बाबुहरु बाइबल अध्ययनको समयमा आएर आफ्ना बुवा-आमाहरु सँग बसे भने बाइबल अध्ययनले अभ्क प्रभावकारी रुपले काम गर्छ ।
५) समूहमा कोही नयाँ अपरिचित छ भने आफैलाई र आफ्ना बाल-बच्चा सबैले आ-आफ्ना परिचय दिउन् विशेष गरि त्यसबेला जहाँ एक अपरिचितहरुको जमघट छ ।

६) बाइबल अध्ययन प्रार्थनाद्वारा सुरु गर्नुहोस । कुनै नानीहरु वा कुनै बुवाले पनि प्रार्थना गर्न सक्छन् । तर ज्यादै कर नगर्नुहोस् यो कसैको निम्ती असजिलो र तर्साउने हुन सम्छ सुरुमा । यो सानालाई मात्र होइन ठुलालाई पनि त्यस्तै अनुभव हुन सक्छ । एउटा उपाए चाही सुरुको प्रार्थना एक बुवालाई र अन्तिम प्रार्थना चाही तिनकै छोरा/छोरी मध्य एक जनालाई दिनु पहिलै तयारी रहन भन्न सकिन्छ ।

७) जसै समूहका मानिसहरु एकले अर्कोलाई चिन्न थाल्छन्, तब हामी पत्ता लगाउछौ कि हप्तौ-हप्ता यसरी बाल-बच्चाहरु र तिनका अभिभावकहरु एक यसरी सामेल हुनु एक अशल तरिका हो ।

८) दिनको पाठबारे छोटो व्याख्या गर्नुहोस् ।

९) छलफलको प्रश्नद्वारा अगुवाई गर्नु होस् र केही समय छलफल गर्नुहोस् । आफ्ना बुवाहरुलाई सहयोग हुन उत्साह दिनुहोस् । प्रायजसो बुवाहरुले केही भन्नुहुन्न किनभने उहाँहरु ठान्नुहुन्छ कि “यो केवल बच्चाहरुको  १०) समूहलाई सुगम हुने प्रकारले अघि बड्नु होस । यदि छलफल एकै पल्टमा सकिएन भनृ पनि ठिकै छ ।

११) बिलम्ब नगरी तोकिएको समयमा पाठ सिध्याउनुहोस । २५ मिनेटको अध्ययन काफी छ । त्यो समयमा तपाईले पत्ता लगाउनु हुनेछ कि अभ्कै थोरै समय अभ्क अशल हुनेछ ।

१२) बाल-बालिकाहरु र तिनका बुवाहरुलाई यस खोज मूलक बाइबल अध्ययन अनुरुपको गृहकार्य ( वर्कसित) गने हरेक हप्ता प्रेरित गर्नुहोस र बाल-बालिकाहरुलाई ती प्रश्नका उत्तर दिनलाई समय राख्नुहोस ।

१३) बाल-बालिकाहरुलाई हप्ताभरिका पाठमा सिकेका अशल चरित्रका विशेषता वा गुणलाई अभ्यास गर्नका निम्ती उत्साह गर्नूहोस । अर्को पाठमा जाने बेलामा (अर्को हप्तामा) गतहप्ता सिकेका कुरा कहि कुनै परिस्थिति वा अवसरमा प्रयोग गरेका कुरा बाँड्नलाई चुनौति दिनुहोस ।

१४) पाठलाई कसरी अन्त्य गर्ने भन्ने बारे यहाँ एक अचम्मको उपाए छ : हरेक बुवाहरुलाई आ-आफ्ना बाल-बच्चा सिल बस्न लगाउनुहोस स छोसा वा छोरी जसको बुवा त्यहाँ छैन लाई पनि साथमा लिएर सँगै प्रार्थना गर्न लगाउनुहोस । हामीले यो पत्ता लगाएका छौं कि यसरी बुवा र बाल-बच्चहरु संगै मिलेर एक अर्काका लागि प्रार्थना गर्न सिक्ने एक गजपको कुरा हो । तपाईले उनीहरुलाई त्यस दिन कुन विषयमा प्रार्थना गर्न चाहन्छन् सो विषय राखेर प्रार्थना गर्न सक्नेछन् भन्न सक्नुहुन्छ ।

माथिको विधिहरु वा निर्देशनहरु पहिला अभ्यास गर्नु होस, यदि आवश्यक भयो, पऱ्यो भने, आफ्नो समुहको आवश्यक्ता पुरा गर्नको निम्ती यसलाई मिलाउन वा सुधार गर्न सक्नुहुन्छ ।
बाइबल अध्ययन कार्यसूचि नमूना
7:10-7:20 प्रभातः चिया खाजा संगती ।
7:20-7:40 प्रभातः बाइबल पाठ अध्ययन ।
7:40-7:50 प्रभातमाः खोजमूलक बाइबल अध्ययनको पुनरावलोकन ।
7:50-7:55 बिहान बुवाहरु र आफ्ना बाल-बच्चाको बिच प्रार्थना ।
7:55 तपाईले के सिक्नु भयो सो अभ्यास् गर्नुहोस ।

# बाइबल पाठहरु

# दशआज्ञा भाग २


| पाठ | पाठ पद | पृष्ट |
|---|---|---|
| १) सिकाईका दश उतकृण्ठ तरिकाहरु | यूहन्ना १३: १३-१५ | |
| २) यदि तपाई घमन्ड गर्नु चाहानुहुन्छ भने यसरी घमण्ड गर्नुहोस । | यर्मिया ९:२३-२४ | |
| ३) उदाहरणको जीवन | रोमी १२:३ | |
| ४) हाम्रा बिशेषाधिकार र जिम्मेवारी (भाग १) | व्यवस्था ६:५-७ | |
| ५) विशेषाधिकार र जिम्म्वारी (भाग-२) | एफिसी ६:१ | |
| ६) हामी बस्ने संसार | मत्ती ५:१३-१४ | |
| ७) विशेषाधिकार र जिम्मेवारी (भाग-३) | एफिसी २:४-५ | |
| ८) बिशेषाधिकार र जिम्मेवारी (भाग-४) | प्रेरीत ४:१३ | |
| ९) ग्यास राख्ने भाडोमा लाग्ने खीया (भाग १) | फिलिप्पी ४:८ | |
| १०) ग्यास राख्ने भाडोमा लाग्ने खीयाँ भाग-२ (बिवाह अघि नखोल्नुहोस है) | उत्पति २:२४ | |
| ११) ग्यास राख्ने भाडोमा लागेको खीयाँ जोनको पत्र | २ तिमोथी १ ७ | |
| १२) परमेश्वर साँच्चीनै हुनुहुन्छ भनी कसरी थाहा गर्ने? | रोमी १:१९-२० | |
| १३)के येशू खीष्ट परमेश्वर हुनुहुन्छ? | पत्रुस ३:१५ | |
| १४)के येशू खीष्ट परमेश्वर कहाँ पुग्ने एक मात्र बाटो हुनुहुन्छ? | यूहन्ना १४:६ | |
| १५) लौरो र ढुङ्गा | एफिसी ४:२९ | |
| १६) रित्तो स्थान परमेश्वरको लागि साचिएको छ । | कलस्सी १:१५ | |
| १७) नशानालाई पच्छयाउनु | यहोशू २४:१५ | |
| १८) सुन जस्तै निखुर | हितोपदेश ३:८ | |
| १९) तपाईबाट सुन्नु असल छ | एफिसी ४:२९ | |
| २०) अचम्मको जीवन | १कोरिन्थी १२:२७ | |
| २१) रक्षात्मक उपाय भाग १ | एफिसी ४:२६-२७ | |
| २२) रक्षात्मक उपाय भाग २ | मत्ती ४:४ | |
| २३) टि.भि. हेर्ने समय सिद्धियो | कलस्सी ३:४ | |
| २४) म परमेश्वरको लागि विश्राम लिन्छु | भजनसंग्रह १४५:५ | |
| २५) ध्यानपूर्वक प्रयोग गरौं | रोमी १३:१० | |
| २६) धन्यवाद दिनु | व्यबस्था ८:१० | |
| २७) पाउने भन्दा दिने धन्यको हो | रोमी १२:८ | |
| २८) स्वर्गको धन | मत्ती ६:२० | |
| २९) यो पहिले खोजी गर्नुहोस । | मत्ती ६:३३ | |
| ३०) इमानदारिता नै उत्तम नीति हो | रोमी १३:१० | |

बिषेशपाठहरु

| | |
|---|---|
| धन्यवाददिनु | भजनसंग्रह १०५:१-२ |
| खीष्टमस | लूका १:३१ |
| इष्टर | यूहन्ना ३:१६ |
| पार्थना दिवस | २ इतिहास ७:१४ |
| कथाको समय | यूहन्ना ९:२५ |
| बाइबलबाट खोजीगर्ने अवशरका उत्तरहरु | |

## पाठ # १
## सिकाईका दश उतकृण्ठ तरिकाहरु

आजको पाठ पदः यूहन्ना १३:१३-१५

जीवन चरित्र
**परमेश्वर र मानिस प्रतिको आदर**

छलफलका लागि प्रश्न
**सिकाईका दश उतकृण्ठ तरिकाहरु के-के हुनसक्छ?**

दश आज्ञाको परिचय
मानिलिऔं तपाई एकदिन बिहानै व्यामशाला जानुभयो तर त्यहाँ तपाईको प्रशिक्षक वा गुरु पाउनुभएन तर तपाईले त्यहाँ भएको सूचना पाटिमा एउटा सानो टिपोट पाउनुभयो त्यसमा लेखिएको थियो "तिमीलाई जे गर्न मन लाग्छ सो गर"

**प्रश्न : तपाई जाने व्यामशाला कस्तो हो** ?(बास्केटबल खेल मैदानको बिचमा भएको भलिबल मैदान, हकी खेलको मैदानमा बसीरहेका केही मानिस)

**प्रश्न : यस्तो परिस्थितीमा कुन खेल खेल्नु उपयक्त हुन्छ?** (त्यहाँ कुनै पनि खेल खेल्न मनाही छैन , खेल खेल्नको लागि एउटा मापढण्ड वा निर्देशिका चाहिन्छ ।)

**प्रश्न : यस्तो परिस्थितीमा यही खेल खेलिनु पर्छ भन्ने अधिकार कुन खेलाडीमा होलात?** (एउटा मापदण्ड वा निर्देशिका चाहिन्छ)

**प्रश्न : बाइबलले संसार भनि केलाई बताएको छ?** त्यो संसार सर्वत्र छ जहाँ मानिसहरु परमेश्वरलाई पच्छयाउँदैनन यो नै संसार हो, तपाईको देश, तपाईको शहर, तपाईको विद्यालय र तपाईको आफ्नै घर पनि हुनसक्छ । यस संसारले परमेश्वरको सत्यता भन्दा बढता तपाईको आफ्नै कुराहरु र आफ्नै उपलब्धि प्राप्तिमा महत्व दिएको छ ।
यस संसारको दुई मापदण्डहरु छन : कुन ठीक हो कुन गतल हो ! तर धेरै पटक संसारको मापदण्ड परमेश्वरले जे ठीक छ भन्नुहुन्छ त्यसको ठीक विपरित छ ।

**प्रश्न : के ठीक हो र के सत्य हो भन्ने संसारको परिभाषा कस्ले निर्धारण गर्छ?** के ठीक, स्वीकार्य र उपयुक्त हो भन्ने संसारको परिभाषा सधै परिवर्तन भै रहन्छ । यो अदालतको निर्णयले परिवर्तन हुन्छ, खबर पत्रिकाले भने अनुसार फेरिन्छ, र चलन र चाहना अनुसार बदलिन्छ ।
उदाहरणको लागि २००२ को जुनमा एकजना प्रतिवादीको मुद्धामा धार्मिक आस्थाको आधारमा दिइएको निवेदनलाई गैरकानुनी भन्दै दुई न्यायाधिसहरुले खारेज गरिदिए किनभने त्यहाँ परमेश्वरको अधिकार भनि प्रयोग गरिएको थियो । आजसम्मै पनि निवेदनमा परमेश्वरको अधिकार (जुन १९५४ मा थपिएको

थियो) भन्ने शब्दलाई हटाइएको छैन । तर यस्तो हुन सम्भव छ । यि तथ्यको वावजुत पनि आजको संयुक्त राज्य अमेरिका परमेश्वरको अधिकारलाई स्वीकार गर्ने मानिसहरुले स्थापना गरेका हुन । जोहरुले परमेश्वरको अपरिवर्तनिय अधिकार सहित परमेश्वरले मानिसलाई समान रुपमा बनाउनु भएको हो भन्ने सत्यतालाई स्वीकारेका थिए । स्वतन्त्रताको घोषणा-पत्र जुलाई ४,१७७६

**प्रश्नः के तपाई संसारले ठीक उपयुक्त र स्वीकार्य भनेका केही उदाहरण याद गर्न सक्नुहुन्छ?** (सत्यको अपरिवर्तनिय मापदण्ड नै छैन । यदि तपाई झूठ बोल्दा र चोर्दा पक्राउ पर्नुहुन्न भने यो गर्नु ठीकै छ । विवाहित भैकन पनि अरु स्त्री वा पुरुषसंग सम्बन्ध राख्नु पनि ठीकै छ । यदि कसैले तपाईको खराबी गऱ्यो भने तपाईले पनि त्यसै गर्नुहोस । जुन सुकै र जस्तो सुकै जीवन जिउने तरिका स्वीकार्य छ ।

**प्रश्न : संसारले ठीक ठहऱ्याएका मापदण्डसंग परमेश्वरको परिषाभा कसरी भिन्न छ?** परमेश्वरले ठीक छ भनी बताएको परिभाषा जहिल्यै सत्य हुन्छ र अपरिवर्तनिय रहन्छ । बाइबल भन्छ.................. ((((भजनसंग्रह ११९:१६०) संसारलाई शान्तपन के हो र कसरी शान्त रहने थाहाँ छैन तर परमेश्वरलाई थाह छ, शान्त रहन सक्नुहुन्छ ।

**प्रश्नः के ठीक हो भन्ने परिभाषालाई तपाई र म कसरी जान्न सक्छौ?** । परमेश्वरले उहाँका दश तरिकालाई लेख्नुभएको छ । तिनीहरुलाई दश आज्ञा भनिन्छ तर हामी भन्छौं:।

## <u>सिकाईका दश उतकृण्ठ तरिकाहरु</u>

खण्ड प्रस्थान २०: ३ -१७

द्रष्टव्य : समूहले पहिल्यै दशआज्ञा पढिसक्नुपर्नेछ, त्यसपछि ति प्रत्येक आज्ञाको अर्थ के हा? सो जान्नेछौ । यि दशआज्ञा प्रस्थान २०:३-१७ मा पाईन्छ ।

### १, मेरो सामने तैले अरु कुनै देवतादेवीहरु नमान्नु

अरुलाई भन्दा परमेश्वरलाई प्रशन्न पार्नुहोस । तपाईलाई असल र सम्मानित उत्तम जीवन दिनुपर्छ भन्ने परमेश्वरलाई थाह छ ।

### २, तैले आफनो निम्ति खोपेर कुनै किसिमको मूर्ती नबनाउनु, माथि आकाश अथवा तल पृथ्बी र पृथ्बीमूनी पानीमा भएको कुनै आकारको प्रतिमूर्ती नबनाउनु

परमेश्वरसंग समय बिताउनुहोस र उहाँलाई चिन्नुहोस । त्यसपछि तपाईद्वारा कसरी परमेश्वर आराधना गरिएको चाहनुहुन्छ सो थाह गर्नुहुनेछ ।

### ३, तैले परमप्रभुको आफना परमेश्वरमा नाम व्यर्थैमा नलिनु

तपाईले गर्नुहुने प्रत्येक काममा येशूको ब्यक्तिगत प्रतिनिधि बन्नुहोस ।

### ४, विश्राम दिन पबित्र मान्नु

परमेश्वरसंग बिताउने समय निकाल्नुहोस ।

**५ आफना बाबुआमालाई आदर गर**
आदर दिदै आदर पाउने योग्य बन्नुहोस ।

**६, तैले हत्या नगर**
उत्साह दिनुहोस र अरुलाई सहायता गर्नुहोस ।

**७, तैले व्यभिचार नगर**
आफ्ना शरीर, विचार र काममा शुद्ध हुनुहोस ।

**८, तैले चोरी नगर**
अरुको निम्ती जे असल छ त्यही गर्नुहोस ।

**९, तैले आफनो छिमेकीको बिरुद्धमा झुठा गवाही नदे**
सत्यतापूर्वक जिउनुहोस ।

**१०, तैले आफनो छिमेकीको सम्पतीको लोभ नगर्नु**
धन्यवादी बन्नुहोस ।

**प्रश्नः परमेश्वरको तरिकाद्धारा जिउनुमा किन आनन्द छ?** परमेश्वरको तरिकाद्धारा जिउदाँ महत्व पाउने ठाँउमा हामी आकर्षक बन्छौ । परमेश्वरको तरिकाद्धारा जिउँदा तपाई एक असल खेलाडी बन्न सक्नुहुनेछ । यदि तपाईले आफैलाई पूर्ण समर्पित भई उहाँमा जिउनुभयो भने यो र यो भन्दा अझ धेरै कुराहरुमा परमेश्वरमा जिउने तरिकाले सहायता पुऱ्याउने छ ।

**प्रश्न : के दशआज्ञाले मात्र तपाईलाई परमेश्वरको तरिकाद्धारा जिउन सहायता गर्नसक्छ?** दशआज्ञा ऐना जस्तै हो । यसले तपाईलाई परमेश्वरले निर्धारण गर्नुभएको मापदण्ड अनुसार जीवन जिउनु भएको छ वा छैन त्यस संग तुलना गरेर देखाँउछ ।

**प्रश्नः त्यसो हो भने दशआज्ञाले बताए अनुसार तपाई कसरी जीवन जिउन सक्नुहुन्छ?** तपाईको जीवनमा येशू खीष्टको शक्तिद्धारा केवल उहाँले मात्र सांसारिक जीवनमा भन्दा बेग्लै जीवन जिउने शक्ति दिन सक्नुहुन्छ ।
बाइबलले भन्छ,..................(कलस्सी ३:१६)

जव उहाँको विचार तपाईको विचार बन्छ र उहाँको काम तपाईको काम बन्छ । येशू आफ्नो उदाहरणद्धारा कसरी शान्त र आनन्दपूर्वक जिउन सकिन्छ भनी तपाई र मलाई देखाउन आउनुभयो साथै आनन्दित र शान्त जीवनका लागि चाहिने शक्ति दिन पनि उहाँ आउनुभएको हो । जब हामी बर्ष भरीनै यस बाइबल अध्ययन जारी राख्नेछौ तब येशूले तपाईलाई पूर्णरुपमा शान्तमय र आनन्दित जीवन जिउन सहायता गरुन ।

## पाठ# २
## यदि तपाई घमन्ड गर्नु चाहनुहुन्छ भने यसरी घमण्ड गर्नुहोस ।

समीक्षा
गत हप्ताको प्रश्न र कण्ठ गर्नुपर्ने पद

आजको पाठ पद
........................२को.१०:१८

जीवन चरित्र
परमेश्वरको आदर

छलफल प्रश्नहरु

- **सह्नी पाउने योग्य को होओ भनेको के हो ? यसको अर्थ अरुहरुद्धारा प्रशंषा वा तारिफ गरिएको हुनु हो ।**
- **तपाईले प्रशंसा पाएको एउटा उपलब्धि के हो ? राम्रो उर्तीणाङ्क, विज्ञान बिषयमा गरिएको निष्पक्ष प्रतिस्पर्धा, शब्दसंग्रह, खेलकुद प्रतियोगिता बाइबलिय**

**परिचय**

तिनले इङल्याण्डमा पहिलो टुहुरा-टुहुरी बस्ने घरको स्थापना गरे । तिनले परमेश्वरमा पूर्ण भरोसा गरी जीवन विताएका थिए । यहाँसम्म कि घरमा खानको लागि भोजन नहुदा पनि खाना खाने टेवलमा आइ बस्तथे किनकी तिनलाई थाह थियो, परमेश्वरले जुटाउनुहुन्छ । परमेश्वरले जुटाउनुभयो । ति केटाकेटीहरु कहिल्यै भोको बस्नुपरेन । तिनीहरुलाई चाहिने सबै तिनीहरुले पाए । तिनीहरुले टुहुरा-टुहुरीलाई वास्ता गर्ने मान्छे भेटाए तिनीहरुलाई चाहिने जग्गा किन्ने पैसा पाए । तिनीहरुले बस्ने घर बनाउन चाहिने सम्मको प्रशस्त पैसा पनि पाए । तिनले परमेश्वरमा पूर्ण भरोसा गरेका थिए र परमेश्वरले तिनको विस्वासको आदर गर्नुभयो ।

विस्वासमा बिताएको सेवकाईको ६३ बर्षले छक्कै पार्दो नतिजा ल्यायो । तिनले ७२ वटा विद्यालय शुरु गरे जहाँ १,२१,६८३ विद्यार्थीले अध्ययन गर्न भ्याए । त्यहाँ टुहुरा-टुहुरी भवनमा ९०,००० टुहुरा-टुहुरीले आश्रय पाए । यो विस्वास गरिन्छ कि २,८१३ जनाले त्यो भवन छोड्दा असल विस्वासी भएका थिए र हजारौं मानिसहरुलाई ख्रष्टिमा डोऱ्याए ।

संख्याले २,८१,००० पूर्ण बाइबल झण्डै १५ लाख भन्दा धेरै नयाँ नियम र ११ करोड १० लाख पर्चा वितरण गरे । सयौं मिसिनरीहरुले यो मण्डलीबाट आर्थिक सहायता पाए, ६३ मिशिनरी यो मण्डलीबाट मात्रै विदेश पठाइयो । तिनले १० वटा मण्डलीहरु निर्माण गरे । तिनी धनी थिएनन । न ता तिनले यो सेवकाई संसारको व्यापारीक मापदण्ड अनुसार नै संचालन गरे । एउटा अस्वभाविक तथ्य यो थियो कि

तिनले परमेश्वरले हाम्रो खाचो जुटाउनु भयो भनी कहिल्यै भनेन।  तर तिनी सधै जसो जुटनु भन्दा पनि पहिल्यै परमेश्वरले जुटाउनुहुन्छ भन्थे।

तिनले आफ्नो सेवकाईको शुरुआती बर्षहरुमा नै यसरी प्रशंसा गरे नता सेवकाईले प्रशिद्धि पाएको थियो नता यो यति ठूलो थियो। तिनी सधै नै सेवकाईको निरन्तरता र बुद्धिको निम्ति परमेश्वरको अलौकिक हस्तक्षेपमा निर्भर रहन्थे। तिनी भन्थे यो विस्वास माग्नेहरुको लागि प्रमाण र आस्था राख्नेहरुको लागि प्रेरणा हो। तिनले यो पनि सेवकाई ठूलो भए पछि र प्रसिद्धि पाए पछि भनेका हैनन तर आफ्ना शुरुका बर्षहरुमा नै भनेका हुन।

जर्ज मुलरसंग घमण्ड गर्ने थुप्रै कारणहरु थिए तर तिनले गरेको कामको लागि आफैलाई त्यस स्थानमा राखी कहिलै घमण्ड गरेनन। तिनले घमण्ड नै गर्नु पर्ने भएको भए यो सबै परमेश्वरले गर्नुभएको भनी घमण्ड गर्ने थिए।

## यदि तपाई घमण्ड गर्नु हुन्छ भने के भन्नुहुन्छ?

(यर्मिया ९:२३-२४)

**प्रश्नः घमण्ड गर्नु भनेको के हो?** सेखी,उन्मात,र मैहुँ भन्ने भावना
हामी सबैले सानै उमेरमा घमण्ड गर्न सिक्छौं। एउटी तिन बर्षे केटी आफूले अनौठो रुपमा बल्ढयाङ्ग खानुअघि सबैको ध्यान आकर्षण गर्दै भन्छे लौ हेर्नुहोस म के गर्न सक्छु? र घमण्ड हामी बढदै-हुर्कदै जादाँ यसले पनि निरन्तरता पाउदै जान्छ। के तपाईले आफ्नो बुवालाई गल्फमा हारेको भनेको सुन्नु भएको नता तपाईको आमाले तपाईको भर्खरैको असफलता बारे कसैलाई बताउनुहुन्छ?

**प्रश्न :तपाईले घमण्ड गर्नु पर्ने खालका केही उपलब्धिहरु के के हुन?** (तपाईको परीक्षाको राम्रो नतिजा,स्काउटमा रहदाँ पाउनुभएको प्रशंसा-पत्र,तपाईको कमाईको पहिलो तलब, विद्यालयको खेलकुद टोलीमा छानिएको दिन)
आफ्नो उपलब्धिमा घमण्ड गर्नु ठीकै हो। यर्थातमा भन्नुपर्दा तपाईले जे कुरा उत्कृष्ट रुपमा गर्नुभएको छ, त्यसमा घमण्ड/गर्व गर्नु पनि पर्छ।

**प्रश्न :तर हाम्रो उपलब्धि प्राप्तिका गर्वहरु कसरी घमण्ड बन्न पुग्छ?** जव हाम्रो आफ्ना उपलब्धिमूलक गर्वहरु हाम्रा निम्ति अति महत्वपुर्ण बन्छन। जव तपाई आफ्नो परिक्षामा प्राप्ताङ्क वा बास्केटबल खेल्दा नबनाई बहुने अकं र अरुहरुको लागि पनि अत्यन्त महत्वपूर्ण छ भनि ठान्नुहुन्छ तब यो घमण्ड बन्छ।
ज्ञान,बल र धन हाम्रो धर्मशास्त्रमा उल्लेख गरीएको छ र जब हामी यी प्राप्त गर्छौ तब हामीलाई तिकुराहरु प्रति घमण्ड गर्ने परीक्षा आउँछ। हामी धर्मशास्त्रले बताएका यि गुणहरु बारे हेर्नेछौं।

**<u>बुद्धि</u>**
**प्रश्न : ज्ञान भनेको के हो?** (ज्ञान भनेको परमेश्वरले ठीक हो भनि बताउनु भएको कुरालाई बुझ्ने गहिरो ज्ञान र त्यस ज्ञानलाई ठीक प्रकारले चलाउने विवेक)

**प्रश्न : हामीले किन ज्ञानको चाहना गर्नुपर्छ?** (ज्ञानले तपाईलाई के ठीक हो, के सत्य हो, कुन-कुन कुरामा सहभागी हुने भनी थाहा गर्न सहयोग गर्छ साथै आफ्ना लागि ठीक प्रकारका मित्र/साथी छान्न ठक प्रकारका ब्यवहार गर्न र आफूले खाने र के सोच्ने भन्ने कुरामा राम्रो निर्णय गर्न सहायता पुऱ्याउछ ।

**प्रश्न : हामीले किन आफ्नै ज्ञानमा घमण्ड गर्नुहुदैन?** बाइबलले यसो भन्छ
.......भजनसंग्रह १११:१०
परमेश्वरबाट प्राप्त हुने प्रत्येक बुद्धिको लागि, उहाँ लाई प्रशंसा दिनुहोस ।

<u>बल</u>

**प्रश्न : बलियो हुने अरु तरिकाहरु के-के हुन?** (शारीरिक शक्ति, बलियो मूल्य-मान्यता, खीष्ट माथिको बलियो विस्वास)

**प्रश्न : कसरी बुद्धि र बलसंग-सगै जान्छ?** (बुद्धिले के ठीक हो भनि जान्न सहायता पुऱ्याउछ भने बलले ठीक कुरा गर्न सहायता पुऱ्याउछ )
केवल के ठीक र बेठीक हो यो जान्नु मात्र प्रयाप्त हुदैन तर तपाईमा ठीक निर्णय छनौट गर्ने इच्छा शक्ति र जे ठीक हो त्यो गर्ने आँट पनि हुनुपर्छ ।

**प्रश्न : हामीले किन आफ्नो बलमा घमण्ड गर्नुहुदैन?** बाइबलले यसो भन्छ............( फिलिप्पी ४:१३)
तपाईमा भएको शक्ति चाहे तपाई तिब्र गतिमा दौडनु होस वा आफूलाई शुद्ध राख्ने क्षमता होस ति परमप्रभुबाटै आउछ र उहाँलाई नै प्रशंसा दिनुहोस ।

<u>धन</u>

**प्रश्न : धनि हुनु भनेको के हो?** ( केही कुरा प्रशस्त मात्रमा हुनु )

**प्रश्न : धनि हुने तरिकाहरु के-के छन?** ( थुप्रै रुपैया-पैसा, मित्रहरु, स्वास्थ्य, विविध विचार र येशू खीष्टसंगको ब्यक्तिगत संम्बन्ध )

**प्रश्न : हामीले किन आफ्नो धन-सम्पति माथि घमण्ड गर्नुहुदैन?** बाइबलले भन्छ.......( ब्यबस्था ८:१८)
तपाईसंग जति नै धन सम्पति भएता पनि परमेश्वरले तपाईलाई सम्पन्नशाली तुल्याउनु भएको हो त्यसैंले उहाँलाई प्रशसां दिनुहोस ।

**प्रश्न : धर्मशास्त्रले किन वुद्धि, बल र धन वा आफ्ना कुनै उपलब्धिमा घमण्ड नगर्न भन्छ?** किनभने तपाईलाई यि सबै प्राप्त गर्न सामार्थी तुल्याउनुहुने स्वयं परमेश्वर हुनुहुन्छ ।

**प्रश्न : त्यो भए परमेश्वर तपाईले अरुहरुलाई के कुरा बताएको चाहनुहुन्छ?** यहि कि तपाईलाई परमेश्वरलाई चिन्नुहुन्छ र जान्नुहुन्छ ।

**प्रश्न : आज हामीले पढेको धर्मशास्त्रको खण्डबाट उहाँलाई अझ राम्ररी चिन्न र जान्नका लागि उहाँका बारेमा बारेमा बताएका तीनवटा गुणहरु के-के हुन?**( दया, न्याय र धार्मिकता )

परमेश्वर तपाई र मेरो जीवनमा यि तीन गुणहरु : दया,न्याय र धार्मिकता भएको चाहनुहुन्छ । हामी यि विषयबारे हेरौं

**दया**

**प्रश्न : दया देखाउनु पर्ने महत्वपुर्ण चार कारणहरु के-के हुन?** (दया प्रकट गर्नु परमेश्वरको लागि महत्वपुर्ण छ, दया देखाउनाले एउटा ब्यक्तिलाई प्रशन्न पार्छ , दया देखाउनाले परमेश्वरलाई आदर दिन्छ । दया देखाउनाले परमेश्वरले हामी प्रति देखाउनु भएको दयालाई प्रकट गर्छ।

**प्रश्न : परमेश्वरले हामी प्रति कस्तो दया देखाउनु भएको छ?** उहाँ हामीले पाउनुपर्ने व्यबहार हामी प्रति गर्नुहुन्न ।

बाइबलले भन्छ ............भजनसंग्रह १०३ : १०-१२
यदि परमेश्वरले हाम्रो योग्यता अनुसार व्यबहार गर्नु भएको भए येशूले हाम्रा निम्ति गर्नुभए अनुसारको अनन्त जीवनका भागिदार हामी हुन सक्दैनथ्यौं ।

**न्याय**

**प्रश्न : साँचो न्याय के हो?** ( साँचो न्याय भनेको दया र करुणा प्रकट गर्नु हो । बाइबलले भन्छ..........यशैया ३०:१८)

**प्रश्न : तपाई कसरी अरुहरु प्रति करुणा प्रकट गर्नुहुन्छ?** आफूसंग अध्ययनरत विद्यार्थीको कुरा सुन्नुहोस । विरामीलाई भेटन जानुहोस र खाँचोमा परेको परिवारलाई सहयोग गर्नुहोस । धार्मिकता भनेको के हो ? त्यो प्रश्न तपाईलाई याद छ ? परमेश्वरको मापदण्ड अनुसार जे ठीक हो त्यही गर्नु नै धार्मिकता हो । बाइबलले यसो भन्छ ...............(२ शमुएल २२:३१)
परमेश्वरका मार्गहरु सत्य छन र बाइबलमा लेखिएका उहाँका वचन सधै ठीक छन ।

**प्रश्न : परमेश्वको मापदण्ड अनुसार ठीक ठहर भएका सबै कुराहरु तपाई कसरी गर्न सक्नुहुन्छ?** बाइबलिय सत्यतालाई सिक्नुहोस र जे असल र ठीक छन त्यो गर्न परमेश्वरसंग सहायता माग्नुहोस ।
याद गर्नुहोस...........(२ को १०:१८) तपाईले उपलब्धिहरु हासिल गर्नु भएको कारण प्रभु तपाईलाई आज्ञा दिनुहुन्न तर दया प्रकट गर्दै उहाँको ब्यक्तिगत प्रतिनिधि भएको प्रभु चाहनुहुन्छ ।

**प्रश्न : आजको समयमा तपाई कसरी येशू खीष्टको ब्यक्तिगत प्रतिनिधी बन्न सक्नुहुन्छ?**

## पाठ # ३ उदाहरणीय जीवन

आज्ञा # २

आफ्ना निम्ति कुनै मूर्तिहरु नबनाउ

परमेश्वरले तपाईबाट चाहे अनुसारको आराधना गर्न सिक्नुहोस

समीक्षा

**गत हप्ताको प्रश्नहरु र कण्ठ गर्नु पर्ने पद**

आजको पाठ पद कलस्सी ३:१७

जीवन चरित्र

**आराधना**

**परिचय**

आगनेस बोयाहियु १९१० मा युगोस्लोभियामा जन्मिएकी थिइन । १९२८ मा तिनले भिक्षुणी बन्ने निर्णय गरिन । केही समय आयरल्याण्डमा बिताए पछि तिनी पुर्वोत्तर भारतको दार्जिलिङ्ग शहरमा अबस्थित क्याथोलिक समाजमा पठाइन । जव तिनी २१ बर्षकी थिइन तिनको नाम टेरेसा राखियो ।

शुरुमा तिनले कलकत्तामा अवस्थित कन्या बिद्यालयमा भुगोल बिषय पढाइन । तर शहरमा अरु थुप्रै आबश्यकताहरु बग्रेती थिए । त्यहाँ थुप्रै घरबार विहिन र माग्ने मानिसहरु थिए । कुष्ट रोगीहरु जस्तै टुहुरा-टुहुरीहरु शहर र गल्लीमा बस्तथे । १९४६ मा कलकत्ताको झुपडीमा बस्ने असहाय मानिसहरुलाई वास्ता गर्न आफ्नो शिक्षण पेसाबाट राजिनामा दिइन । १९४८ मा तिनी भारतीय नागरीक भइन, १९५० मा तिनले भिक्षुणीहरुको समुहद्धारा संचालित परोपकार संस्था स्थापना गरीन ।

तिनको पहिलो काम भनेको त्यहाँ भएका नानीहरुलाई सरसफाई र आधारभुत रुपमा पढन-लेख्न सिखाउनु थियो । तिनले पहिलो पटक अरु साथीहरुलाई आउन निमन्त्रण दिईन र पछि अझ धेरै साथीहरु थपिदै गए । १९५२ मा मर्न लागेका मानिसहरुको लागि कालीघाट स्थापना गरीन । २००० इ. स. मा आइ पुग्दा ३००० खीष्टियन भुक्षुणीहरु यस परोपकार संस्थामा सेवारत छन भने १०० भन्दा बढी देशमा सेवा पुऱ्याइरहेका छन ।

मदर (आमा) टेरेसा १९९७ मा मरीन । तिनी सेँवा गर्ने मानिससंगै बसिन । तिनले ति मानिसहरुको सेवा र वास्ता गरिन । किनकी तिनीहरुलाई त्यो चाहिएको थियो तर बदलामा तिनीहरुबाट केही पाउने आशा गरिनन । तिनले अशंख्य मानिसलाई प्रेम गरिन र करुणा देखाइन र आफ्नो प्राण दिइन ।

द्रोस्रो आज्ञाले बताउँछ परमेश्वर हामीले उहाँलाई ठीक प्रकारले पुजेको चाहनुहुन्छ । यसले हामीलाई एउटा प्रश्न सोध्छ हामी कसरी परमेश्वरले चाहे अनुसार उहाँको आराधना गर्न सक्छौं? आज हामी अरुहरुको निम्ति उदाहरण हुनसक्ने हाम्रा कामद्धारा परमेश्वरको आराधना गर्न सक्छौं सो हेर्नेछौं ।

उदाहरणीय जीवन

खण्ड रोमी १२:१

**प्रश्न : आराधना के हो?** आराधना परमेश्वरलाई गरिएको तपाईको स्तुति र भक्ति हो । तपाई र मैले परमेश्वरलाई आराधना गर्ने तरिका भनेको उहाँलाई मनपर्ने जीवन जिउनु हो ।

**प्रश्न : तपाई कसरी परमेश्वरलाई मनपर्ने जीवन जिउन सक्नुहुन्छ?** हामी येशू ख्रीष्टको शक्तिद्धारा मात्र परमेश्वरलाई मन पर्ने जीवन जिउन सक्छौं । यदि तपाई र म आफ्नै बृद्धि र क्षमता अनुसारको परमेश्वरलाई मनपर्ने जीवन जिउन चाह्यौ भने हामी असफल मात्र हुदैनौ र जीवन दु:खदायी बन्ने निश्चित छ ।

<u>एउटा उदाहरण हेरौं</u>

**प्रश्न : यदि तपाईले आफ्नो जुत्ता फुकाल्नुभयो र त्यस फुकालिएको जुत्ताले फुटबललाई हिर्काउनुभयो भने त्यो बल कति टाढा जाला त?** खासै टाढा जान्न । अब तपाईले त्यो जुत्ता फेरी लगाउनुभई बललाई हिर्काउनुभयो । र यदि तपाईले बल हिर्काउन चुक्नुभएन भने निश्चित नै त्यो बल टाढासम्म पुग्नेछ ।

**प्रश्न : के कुराले फरक पार्‍यो?** तपाईको खुट्टा, जुत्ता भित्र भएको तपाईको खुट्टाको शक्ति र नियन्त्रणले बल जहाँ पुग्नु पर्ने हो त्यहाँ पुग्न सक्यो ।

आफ्नै सामर्थ्यद्धारा परमेश्वरलाई मनपर्ने जीवन जिउने प्रयत्न गर्नु भनेको पनि रित्तो जुत्ताले बल हिर्काउनु जस्तै हो । यो हुन सक्दैन । तर जब तपाई आफ्नो शक्ति र नियन्त्रणको श्रोत येशूलाई बनाउनुहुन्छ । तब तपाई परमेश्वरलाई मनपर्ने जीवन जिउन सक्नुहुन्छ । जब तपाई येशूको विचारलाई आफ्नो विचार बनाउनुहुन्छ । र येशुको तरिकालाई आफ्नो तरिका बनाउनुहुन्छ तब तपाई सहायता गर्न सक्नुहुन्न तर परमेश्वरलाई आदर दिनसक्नुहुन्छ ।

**प्रश्न : तपाईले आराधना गर्ने एउटा तरिका कुन हो?** परमेश्वरले तपाईको जीवनमा गर्नुभएको कुरा अरुलाई बताउनुहोस । बाइबलले भन्छ .............(१ को १६:१८) अब हामी जीवनका दुई पक्षहरु तपाई कसरी परमेश्वर प्रतिको प्रेम र भक्तिलाई प्रकट गर्ने र उहाँले तपाईको जीवनमा गर्नुभएको महान् काम अरुलाई बताउने बारे कुरा गर्नेछौं ।

<u>धावक</u>

**प्रश्न : तपाई कसरी खेलकुदमा सहभागी भइकन परमेश्वरको आराधना गर्न सक्नुहुन्छ?** परमेश्वरले दिनु भएको क्षमता प्रर्दशन गर्दै उहाँलाई प्रशन्न पार्नसक्नुहुन्छ ।

**प्रश्न : तपाई आफ्नो खेलकुदिय क्षमताको प्रर्दशनद्धारा परमेश्वरलाई प्रशन्न पार्न सक्नुहुन्छ?** आफ्नो क्षमताको पूर्ण सम्भावनाको प्रर्दशन गर्दै परमेश्वरलाई प्रशन्न पार्न सक्नुहुन्छ । हाम्रो संस्कारले खेलाडीको बाहीरी देखिने मतालाई जहिल्यै पनि उच्च मान्यता दिएको छ । तर परमेश्वरले हामी भित्र हुने हाम्रो आन्तरिक क्षमतालाई चासो साथ हेर्नुहुन्छ । तपाई आफ्नो पूर्ण क्षमतालाई उचित प्राविधिक पक्ष सिकेर, तालिम लिएर, एकचित्त भएर र ढृढसंकल्प र इच्छा शक्तिलाई विकाश गरेर प्राप्त गर्न सक्नुहुन्छ । बाइबलले भन्छ ..............(कलस्सी ३:२३)

तपाई एउटा इसाइको हैसियतले जे बोल्नुहुन्छ वा गर्नुहुन्छ ि तपाई त्यस कुरामा परमेश्वरको व्यक्तिगत प्रतिनिधि हुनुहुन्छ । तपाई अभ्यास गर्दा होस वा प्रतिस्पर्दा गर्दा होस तपाईले आफ्नो क्षमताको पूर्ण प्रर्दशनद्धारा अरुहरुको लागि एक उदाहरण बन्नुपर्छ ।

**शारीरिक स्वरुप**

हामी शारीरिक स्वरुपलाई उच्च मान्यता दिने समाजमा बाँचिरहेका छौं फेरी पनि बाहिर जे देखिन्छ त्यो शुन्दर छ । तर परमेश्वर तपाईको भित्री शुन्दरता प्रति चासो राख्नुहुन्छ ।

**प्रश्न : भित्री सुन्दरता भनेको के हो?** वास्ता, करुणा, संयम, भलाई, दया यि ति गुणहरु हुन जुन हामी बाहिरी शुन्दरताले बनाउन सक्दैनौं । बाइबलले भन्छ...............भजनसंग्रह ११९:७३ परमेश्वरले उहाँको शुन्दर श्रृष्टिमा नै तपाईको शरीर  विचार, शिप, व्यक्तित्व र गुणहरुलाई एकसाथ सगसगै जोडनु भएको छ । तपाई आफ्नो प्रतिष्ठा र प्रशिद्धि प्राप्तिको लागि बाहिरी स्वरुपमा भर पर्नुपर्दैन ।

**प्रश्न: तपाई कसरी परमेश्वरले ईच्छा गर्नु भएको मानिस भएको मानिस भएर उहाँको आराधना गर्नसक्नुहुन्छ?** परमेश्वरले आफ्नो छोराछोरीहरुमा इच्छा गर्नुभएको त्यो भित्री सुन्दरताको गुणहरुलाई विकास र प्रदर्शन गर्दै परमेश्वरप्रतिको प्रेम र भक्ति दर्शाउनुहुन्छ ।

बाहिरी क्षमता र सुन्दरतालाई उच्च मन्यता दिने सँसारमा परमेश्वरको तरिका र परमेश्वरको सोच अनुसारको महत्व दिने कुराबाट तर्कि जान सजिलो छ । आराधनाले परमेश्वरलाई मन पर्ने जीवन जिउन सहायता गर्छ । आज आफ्नो उदाहरणद्धारा उहाँलाई मन पर्ने जीवन जिउन सकूँ भनी येशूसँग प्रार्थना गर्नहोस् ।

याद गर्नुहोस्,"................................"(कलस्सी ३:१७) ।

# पाठ # ४ विशेषाधिकार र जिम्मेवारी (भाग १)

## आज्ञा # ५
## आफना बाबुआमालाई आदर गर
(आदर दिदै आदर पाउने योग्य बन्नुहोस)

समीक्षा
गत हप्ताको प्रश्न र काण्ठ गर्ने पद

आजको पाठ पद
"...................................."(व्यावस्था ६:५-७)

जीवन चरित्र
जिम्मेवारी

छलफलको लागि प्रश्न
बुवाहरु : तपाईले आनन्द मनाउने विशेषाधिकार वा अवसर के के हुन्? (घर, परिवार, काम येशुखीष्टद्वारा प्राप्त आनन्त जीवन ) बुवाहरुः :तपाईका दायित्वहरु के के हुन्? (घर बनाउनु, परिवार पाल्नु, आफ्नो जीवनद्वारा परमेश्वरलाई आदर गर्नु )

परिचय :
"...................................."(हितोपदेश १०:७)

जोनाथन एडवार्ड, पाष्टर, विश्वविद्यालय प्रधानाध्यापक, अध्यक्ष र लेखक, सम्मवत १७४० ताकाको जागृतिको कालखण्डमा उदाएको अमेरिकाको एक महान् प्रचारक भनी चिनिएको एक व्याक्ति थिए।

माक्स युकेस एक नास्तिक थिए। तिनले भक्तिहीन जीवन जिए। तिनले परमेश्वरलाई नचिन्ने केटीलाई विवाह गरे। तिनीहरुको विवाहद्वारा जान्मिएका ३१० सन्तानहरु दरिद्र भएर मरे। १५० जना अपराधी भए। ७ जना हत्यारा भए। १०० जना रक्स्याहा अर्थात जड्याहा भए, र आधा भन्दा धेरै महिलाहरु बेश्या भए। तिनका ५४० जना सन्तानका कारण राज्यले १२ लाख ५० हजार अमेरिकी डलर मूल्य चुकाउनुपर्‌यो। जुन आजको परिवेशमा भन्नुपर्दा ९ करोड डलर अर्थात लगभग रु ७ अर्ब हुन्छ।

एडवार्ड पनि म्याक्स युकेसको समयमा बाचेका समकालिन थिए। तर तिनले परमेश्वरलाई चिन्ने केटीसँग विवाह गरे। तिनीहरुका १३९४ सन्तानहरुमध्ये ९३ जना विश्वविद्यालयका अध्यक्ष भए। ६५ जना विश्वविद्यालयका प्राध्यापक भए। ३ जना सँयुक्त राज्य अमेरिकाका सिनेटर (सभासद) भए। ३० जना न्यायधिस। १०० जना वकिल। ६० जना डाक्टर। ७५ जना सेना र जलसेना अधिकृत। १०० जना प्रचारक र मिसनरी। ६० जना उत्कृष्ट लेखक। एकजना सँयुक्त राज्य अमेरिकाका उपराष्ट्रपति। ८० जना विभिन्न पेशाका पदाधिकारी। २९५ जनाले विश्वविद्यालयबाट स्नातक गरे। तिनीहरु पछि विभिन्न राज्यका शासक र विदेशी राजदुत भइ विभिन्न देशमा सेवा गरे। तिनका सन्तानले राज्यको एक पैसा पनि विना सितैमा खर्च गरेनन्।

आज हामी तिनीहरुका बा-आमासँग भएका यो विशेषधिकार वा अवसरको विषयमा कुरा गर्नेछौं । साथै हामी जिम्मेवारीको पनि चर्चा गर्नेछौं किनकी यो दुबैं सँगसँगै आउछ । तर पहिले विशेषाधिकार वा अवसर र जिम्मेवारीको उदाहरण दिने खालका एउटा कथा बाईबलबाट हेर्नेछौं ।

अवसर र जिम्मेवारी (भाग :२)
(खण्ड : मत्ती २५:१४-२१)

**प्रश्न : यस कथामा नोकरहरुको लागि विशेषाधिकार वा अवसर के के थियो?** ( तिनीहरुलाई आफ्ना मालिकका धेरै सम्पत्ति रुपैयाँ दिइएको थियो )

**प्रश्न : नोकरहरुका जिम्मेवारी के के थियो ?** (तिनीहरुले दिइएको मालिकको रुपैया राम्ररी लगानी गर्नुपर्दथ्यो र मालिक फर्कदा अझ बढ्ता रुपैया मालिकलाई फिर्ता दिनसक्थे ) ति नोकरहरुलाई मूल्यवान सम्पत्ति भरोसापूर्बक दिइएको एउटा अवसर थियो । मालिकले तिनीहरुमाथि राम्रो काम गरोस् भनी आशा गरेको थियौ । परमेश्वर यहि भन्दैहुनुन्छ, अवसरसँग जिम्मेवारी पनि आउँदछ ।

अव हामी तिनीहरुका बा-आमालाई दिइएको एक विशेष अवसरको बारेमा कूरा गर्नेछौं तर योसँगै ठूलो जिम्मेवारी पनि छ ।

**प्रश्न: तिमीहरुलाई थाहा छ त्यो अवसर र जिम्मेवारी के के हुन्?** (ऐनामा हेर्नुहोस्) तिमीहरु परमेश्वरले तिम्रा बा-आमालाई ठूलो महत्वकासाथ दिनुभएको अवसर हो । तिमीहरुलाई अवसरको रुपमा दिनुभएको कारण परमेश्वरले तिम्रा बा-आमाले तिमीहरुको राम्ररी वास्ता गरुन भनी आशा गर्नुहुन्छ ।

**प्रश्न : तिम्रा वा आमाले तिमीहरुको वास्तागर्ने केही तरिकाहरु के के हुन्?** (घर, भोजन र कपडा जुटाउनुहुन्छ )

हामीलाई बस्न चाहिने घर, खाने भोजन, लागाउने कपडा जुटाउनुका अलावा परमेश्वरले तिमीहरुका बा-आमालाई एउटा महत्वपूर्ण र विशेष जिम्मेवारी पनि दिनुभएको छ ।उहाँहरुले तिमीहरुलाई परमेश्वरको तालिम र अर्ती अनुसार हुर्काउनुपर्छ । बाईबलले भन्छ, “.................”(व्यवस्था ६:५-७)

यसलाई म आफ्नो परिवारमा नै “आत्मिक आस्थाको सिर्जना” भन्न मन पराउँछु ।

**प्रश्न : तिमीहरुलाई सिकाउन भनी तिम्रा बा-आमालाई दिनुभएको अर्तीहरु के के हुन्?**

(ईमान्दरिता, आदर, जिम्मेवारी, शुद्धता, असल काम, अरुलाई उत्साह दिनु, परमेश्वरलाई महिमा दिने जीवन जिउनु )

**प्रश्न : तपाईको बा-आमाले परमेश्वरको अर्ती वा शिक्षा सिकाउने तरिकाहरु के के हुन्?**

(आफ्ना जीवनका दैनिक उदाहरणद्धारा जस्तै विद्यालयमा भएका घट्ना वा इमान्दरीता वा आदर, वुवा छाराछोरी बाईबल अध्ययन जस्ता अभ्यासहरु )

**प्रश्न : तपाईको बुवा आमाले तपाईलाई परमेश्वरको शिक्षा सिकाउने एउटा कारण के हो?** ताकी तिमीले आफ्ना छोरी छोरालाई परमेश्वरको वचन सिकाउ र तिम्रो नातिनतिनाले तिनीहरुका छोराछोरीलाई परमेश्वरको वचन सिकाउन्। तब तिम्रो आफ्नै सन्तान जन्मिन्छन् तब परमेश्वर तिमीले आफ्नो छोरा छोरीलाई उहाँको वचन सिकाएको चाहनुहुन्छ। त्यसैकारण आज परमेश्वरको वचन सिक्नु र त्यस अनुसारको जीवन जिउनु अत्यन्त महत्वपूर्ण छ।

**प्रश्न : परमेश्वरले चाहनुभएअनुसार तिमी आज कसरी जिउन सक्छौं?** (हाम्रो जीवनमा हुनुहुने येशूको शाक्तिद्धारा ) जब उहाँको विचार तिम्रो विचार र उहाँको काम तिम्रो काम हुन्छ तव येशूले यसअनुसार जीवन जिउन शक्ति पनि दिनुहुन्छ।

**प्रश्न : आज दश आज्ञामध्ये एक आज्ञाको अभ्यास तिमी कसरी गर्नसक्छौं?**

आर्को पाठ : हामी अवसर र जिम्मेवारीको विषय आउने पाठहरुमा आफ्ना बा-आमासँग सिक्नेछौं।

## पाठ #: ५ अवसर र जिम्मेवारी (भाग २)

### आज्ञा # ५
### आफ्ना बाबुआमालाई आदर गर
(आदर दिदै आदर पाउने योग्य बन्नुहोस)

समीक्षाः
गएको हप्ताको प्रश्नहरु र कण्ठगर्नुपर्ने पद

आजको पाठ पाद
"..................................."(एफिसी ६:१) ।

जीवन चरित्र
जिम्मेवारी

समीक्षा
गएको हप्ता हामीले बा-आमालाई प्राप्त भएको अवसर र जिम्मेवरी भाग १ मा हेर्‍यौं ।

**प्रश्न : तिम्रो बा-आमालाई दिइएको सहायता र महत्वपूर्ण जिम्मेवारी के हो तिमीलाई थाह छ?**
तिमी

**प्रश्न : परमेश्वरले तिम्रो बा-आमालाई तिमीहरुप्रति दिनुभएको विशेष जिम्मेवारी के हो तिमीलाई थाह छ?** उहाँहरुले तिमीलाई परमेश्वरको शिक्षामा तालिम र अर्ती दिनुपर्छ )

परिचय :
अवसरसँग जिम्मेवारी पनि आउछ । ति आज तिमीलाई दिनुभएको एउटा विशेष अवसरको बारेमा चर्चा गर्नेछौं । साथै आज हामी अवसरसँगै आउने आउने जिम्मेवारीको विषयमा पनि कुराकानी गर्नेछौं ।

अवसर र जिम्मेवारी (भाग २)
खण्ड : एफिसी ६:१-४

**प्रश्न : छोराछोरी हो, तिम्रो परिवारमा भएको कुन अवसरमा तिमी ज्यादै आनन्दित हुन्छौं?**
(घर, भोजन, कपडा, फोन वा खर्च गर्न दिने पैसा )

म केटाकेटी छँदा हप्ताभरिको सबैभन्दा रमाइलो क्षण भनेको शानिबारको विहान थियो । किनकि त्यसै समय मात्र मैले खर्च गर्ने पैसा पाउँथें । शुक्रबारको बेलूकी नै मैले भोली विहान पाउने पैसालाई के मा खर्चै गर्ने भनी योजना बनाउँथे ।

**प्रश्न : तिमीलाई खर्च गर्न दिइएको पैसा के मा खर्च गर्छौ?** (बेशबल कार्ड किन्न, श्रृ·ार, मिठाई वा किन्न, मन लागेको बस्तु किन्न वा बचत गर्न)

**प्रश्न : तिम्रो खर्च गर्न दिइने पैसा अवसर हो की जिम्मेवारी?** (दुवै)

**प्रश्न : कुन अर्थमा भन्नुपर्दा तिमीलाई खर्च गर्न् दिइएको पैसा अवसर हो?** (अवसर भनेको आफूलाई आनन्द मनाउनको लागि प्राप्त लाभ वा सुविधा हो ? सबैले खर्च गर्ने पैसा पाउँदैनन् )

**प्रश्न : कुन अर्थमा तिमीलाई खर्च गर्न दिइएको पैसा जिम्मेवारी पनि हो?** (तिमीलाई बुद्धिमानीपूर्वक खर्च गर्न सिकाउनुनै खर्च गर्ने पैसा दिनुको उदेश्य हो । )

**प्रश्न : अवसरसँग जिम्मेवारी पनि थपिन्छ । तिम्रो खर्च गर्ने पैसा प्रतिको तिम्रो जिम्मेवारी के हो?** (यसबाट केही परमेश्वरलाई दिनु )

**प्रश्न : तिमी आफ्नो खर्च गर्न दिइएको पैसाको केही भाग किन परमेश्वरलाई दिन चाहन्छौं?** बाईबलले हामीलाई बताउछ कि हामीले कमाएको रुपैयाँ पैसाबाट केही भाग परमेश्वरको उदेश्यको लागि दिनुपर्छ । बाईबलले भन्छ, "................................."
(लेवी २७:३०) । येशूको सन्देश संसारमा पुगोस भन्नाको लागि हामीले आफ्नो कमाइबाट मण्डली र ति सँसथाहरुलाई रुपैयाँ पैसा दिनुपर्छ ।

**प्रश्न : तिमीलाई खर्च गर्न दिइएको पैसा मण्डलीलाई दिंदा के के मा खर्च गरिन्छ?** (नहुनेहरुको लागि भोजन, कपडा र घर किन्न, बाइबल नहुने र किन्न नसक्नेहरुको लागि ति किन्न बाइबल विद्यालयमा अध्ययनरत पाष्टरलाई सहायता गर्न र येशूको बारेमा बताउने र आफ्नो जीवनद्धारा परमेश्वरको प्रेम देखाउने मिसिनरी परिवारलाई सहायता गर्न )

प्रत्येक अवसरमा जिम्मेवारी पनि हुन्छ । उदाहरणको लागि, यदि तिमीले खर्च गर्ने पैसा अवसरको रुपमा लिने हो भने विचार गरेर मात्र पैसा खर्च गर्ने रुपमा लिने हो भने जिम्मेवारी पनि तिम्रै हो । जब मण्डलीले विभिन्न व्यक्तिहरुबाट रुपैया पैसा अवसरको रुपमा प्राप्त गर्छ, तब परमेश्वरले मण्डलीलाई दिनुभएको उदेश्यप्राप्तिको लागि विचारपूर्वक खर्च गर्ने जिम्मेवारी पनि हुन्छ । त्यसैगरि यदि कुनै

सँघसँस्थाले मण्डलीबाट पाएको रुपैयापैसा भोजन, कपडा, जस्ता अवसरलाई विचारपूर्वक खर्चको रुपमा प्राप्त उपहारलाई गर्ने जिम्मेवारी पनि तिनको हुन्छ ।

**प्रश्न : त्यसो भए तिमीले अवसर पाउँदा एउटा महत्वपूर्ण सम्झनु पर्ने कुरा के हो?** (तिमीले यसलाई कसरी र के को लागि खर्च गर्छौ । एउटा सोध्नुपर्ने राम्रो प्रश्न मलाई प्राप्त यो अवसरको लागि परमेश्वरले अनुमति दिनुहुन्छ त?

तिम्रो बा-आमाले तिमीहरुलाई परमेश्वरबाट उपहार वा अवसरको रुपमा प्राप्त गर्नुभएको हो । त्यसर्थ तिमीहरुलाई परमेश्वरको शिक्षा र अर्तीमा हुर्काउनु उहाँहरुको जिम्मेवारी हो ।

**प्रश्न : त्यो भए, तिमीहरुले आफ्नो बा-आमाबाट पाएको अवसर के हो त?** (मेरो जीवन कसरी जिउने भनी परमेश्वरको शिक्षा पाउनु )

यसकारण परमेश्वर तिमीलाई भन्दैहुनुहुन्छ,"आफ्ना बा-आमाको आदर गर, किनभने ति शिक्षा र अर्ती मबाटै आएको हो, जब तिमी आफ्ना बा-आमाको आज्ञापालन गर्छौ सो ठीक गर्छौ किनकी तिमीले जे गदैछौं त्यहि नै मेरो आज्ञापालन हो ।"

यदि तिमीलाई याद छ भने, परमेश्वरको शिक्षा अनुसार जिउने अभ्यास गरी दिनप्रतिदिन येशूजस्तै बन्दै जानु नै आज्ञाकारिताको हाम्रो परिभाषा हो । तिमी जति परमेश्वरको आज्ञापालन गर्छौ त्यत्ति नै येशूजस्तै बनिदैजान्छौं ।
आफ्ना बा-आमालाई आदर वा सम्मान भनी परमेश्वरले भन्नुको कारण यहि हो । यो हाम्रा बा-आमाद्धारा परमेश्वरको शिक्षा प्राप्त गर्ने अवसर हो । यसैकारण हामीले उहाँले इच्छा गर्नुभएको अनुसारको जीवन जिउने जिम्मेवारी हाम्रै हो । तिमीले यो पनि याद गर्नुपर्छ कि उहाँको शिक्षालाई पालन गरेर मात्र हामी असल काम गर्न सक्छौं ।

**प्रश्न : आफ्नो सबै सम्पत्ति नोकरहरुलाई भरोसासाथ सुम्पने एउटा मालिकको हाम्रो गएको हप्ताको कथालाई सम्झौं । चार लाख पाएर आठ लाख फर्काउने नोकारलाई ति मालिकले के भने?** बाईबलले भन्छ, "................................."(मत्ति २५:१४-२१)

- प्रश्न : बुवाहरुको लागि : परमेश्वरले तपाईहरुलाई आफ्ना छोराछोरीलाई परमेश्वरको शिक्षा दिने जिम्मेवारी दिनुभएको छ ।
- प्रश्न : छोराछोरीको लागि : छोराछोरी हो परमेश्वरले तिम्रो बा-आमालाई उहाँको वचन र शिक्षा सिकाउने जिम्मेवारी दिनुभएको छ । तिमीहरुले कसरी सिक्दैछौं? के परमेश्वरले तिमीलाई,"स्याबास, मेरो असल र विश्वासयोग्य नोकर" भन्नुहोला त?

# पाठ # ६- हामी बस्ने संसार

आज्ञा # १

**मेरो सामने तैले अरु कुनै देवतादेवीहरु नमान्नु**
अरुलाई भन्दा परमेश्वरलाई प्रशन्न पार्नुहोस ।

समीक्षा
गएको हप्ताको प्रश्नपद र कण्ठ गर्ने पद

आजको पाठ पाद
"................................." (मत्ति ५:१३,१४)

जीवन चरित्र
अख्तियार वा अधिकारमा हुनेहरुलाई आदर गर्नु

द्रष्टव्य : यो पाठ अध्ययन गर्दा कुनै कुनै छोराछोरी वा बा-आमालाई असहज लाग्न सक्छ । यो सँवेदनशील र अर्न्तदृष्टि शैक्षिक पाठ अध्ययन गर्नको लागि प्रार्थना गर्नुहोस् ।

समीक्षा :
"................................."(व्यावस्था ६:५-७)

परमेश्वरको शिक्षा अनुसार जिउने अभ्यास गरी दिनप्रति दिन येशूजस्तै बन्दै जानु नै आज्ञाकरितको हाम्रो परिभाषा हो । तिमी जति परमेश्वरको आज्ञापालन गर्छौ त्यात्ति नै येशू जस्तै बनिदै जान्छौं ।

आफ्ना बा-आमालाई आदर वा सम्मान भनी परमेश्वरले भन्नुको कारण यहि हो । यो हाम्रा बा-आमाद्धारा परमेश्वरको शिक्षा प्राप्त गर्ने अवसर हो । यसैकारण हामीले उहाँले इच्छा गर्नुभएको अनुसारको जीवन जिउने जिम्मेवारी हाम्रै हो । तिमीले यो पनि याद गर्नुपर्छ कि उहाँको शिक्षालाई पालन गरेर मात्र हामी असल काम गर्न सक्छौं । :

**प्रश्न:: परमेश्वर कसरी तपाईले आफ्ना बा-आमाको शिक्षालाई आदर गरेको चाहनुहुन्छ?** (आफ्नो बा- आमाको शिक्षालाई आज्ञाकारितापूर्वक इमान्दर भई, शुद्धता, उत्साह र परमेश्वरलाई आदर दिने जीवन जिउदै सकल्प गरेको चाहनुहून्छ ।

परिचय :

फेस्टो किभेनजर १९१९ मा अफ्रिकी महादेशको उगाण्डा भन्ने देशामा जन्मिएका थिए। तिनी जवान छँदा नै येशूलाई आफ्नो जीवनमा निम्त्याए र युगाण्डाको ए•लीकन मण्डलीमा विशप भए।

एक दिन तिनी आफ्ना सौतेलो बुवालाई भेटन गए। बर्षौंदेखि तिनले आफ्नो सौतेलो बुवालाई घृणा गर्थे र तिनीसँग बातचित गर्दैनथे। फेस्तोका सौतेलो बुवा ज्यादै निर्दयी थिए र तिनको आमा मरपछि तिनका सौतेनी बाबुले परिवारलाई कुनै सहायता गरेनन्। यी तितो अनुभवहरुले फेस्टोको ह्रदयमा तिनीप्रति घृणा पैदाभयो।

गएको दुई हप्ताभरीको पाठहरुमा तिम्रो बा-आमाको जिम्मेवारी तिमीहरुलाई परमेश्वरको वचन सिकाउनु र तिमीहरुको जिम्मेवारी परमेश्वरको आज्ञाजस्तै आफ्ना बा-आमालाई आदर गर्नु र सुन्नु हो भनी हेर्‍यौं। धेरै पटक बुवा-आमा आफ्ना छोराछोरीलाई कसरी परमेश्वरको वचन राम्ररी सिकाउन सकिन्छ भनी विचार गर्छन्।
तर सोचेजस्तो नहुदाको ति दुःखद उदाहरणहरुलाई के भन्ने ?

- शारीरिक वा गालि गरेर परिवारको सदस्यलार्य दुःख दिने बुवा वा आमा
- परिवारलाई त्यागि दिने बुवा वा आमा
- रक्सी वा नशा खाने बुवा वा आमा
- मण्डली नजाने र आत्मिक सत्यतामा चासो नराख्ने वा बा वा आमा
- सुरक्षित यौनसम्पर्क ठीकै छ भन्ने शिक्षक
- खेलमा एउटा सानो गल्ति गर्दा पनि तिम्रो कठालो समातेर तिमीलाई कराउने र गाली गर्ने प्रशिक्षक

थुप्रै प्रशिक्षकले तिम्रो जीवनका मूल्य र मन्यतालाई ठोस आकार दिन महत्वपूर्ण भूमिका खेलेको हुन्छ, त्यसैकारण यस पाठमा मैले उहाँहरुलाई पनि समावेश गरेको छु। यसकारण आज जब हामी तिम्रो बा आमाबारेमा कुरा गर्छौं त्यसमा तिमीहरुलाई सिकाउने र बाटो देखाउने प्रशिक्षक वा शिक्षक र अन्य व्यक्तिहरु पनि समावेश गर्नेछौं।

**प्रश्न : कसैलाई आदर गर्नु भनेको के हो?** (उहाहरुले भनेको सुन्नु र सम्मान गर्नु )
आज हामी दूई प्रश्नहरुको जवाफ दिने प्रयास गर्नेछौं।

१. परमेश्वरको बचन र शिक्षा नपाएका व्याक्तिलाई किन आदर दिनुपर्छ ?
२. तिमी कसरी आदर दिन सक्छौं ?

कुनै कुनै प्रश्नहरुको जवाफ दिन गाह्रो हुन्छ। यि त्यस्तै प्रश्नहरु हुन जसको जवाफ पाउन गाह्रो छ। तर हामी बस्ने र बाच्ने सँसारमा यस्ता प्रश्नहरुलाई पूर्ण बेवास्ता गर्न सकिदैन।
यसलाई पनि हेरौं है त ?

आरम्भ विन्दुको रुपमा येशूले,“सँसार”भनी बताउनुभएको खण्डलाई हेरौं । गेतसमनीको बगैंचामा पक्राउ पर्नुभएको रात येशूले स्वर्गीय पितालाई प्रार्थना गर्नुभयो । उहाँले तिम्रो र मेरो निम्ति पनि प्रार्थना गर्नुभयो ।

सँसार
खण्ड : यहून्ना १७:१४-१८

**प्रश्नः येशुले बताउनुभएको सँसार के हो?** (परमेश्वरको तरिका वा मूल्य मान्यताको विरोध वा वेवास्ता हुने स्थान नै सँसार हो । यो सँसार तपाईको विद्यालाय, तपाईको कार्यालय, सँस्था, तपाईको घर र ह्रदय पनि हुनसक्दछ । यदि तपाई परमेश्वरको मापदण्ड अनुसारको जे ठीक हो त्यसरी बाच्नुभएको छैन भने तपाई सँसारको मापदण्ड अनुसरको जीवन बाँचिरहनुभएको छ ।

**प्रश्न : सँसरका मूल्यमान्यताको केही उदाहरणहरु के के हुन्?** म इमान्दरीतापूर्वक काम गर्नु भन्दा आफूले चाहेको कुरा झूठ बोलेर वा चोरेर प्राप्त गर्न चाहन्छु । म एउटा मान्छे कति प्रेमिलो र दयालु छ भनी भन्दा पनि तिनको बाहिरी देखिने कुरको अधारमा तिनको मूल्यमन्यता र प्रसिद्धिको मूल्याङ्कन गर्छु । म मेरो शरीर र मनलाई शुद्ध भन्दा पनि अशुद्ध कुराहरुले भर्दछु ।

**प्रश्न : येशूले तिमी र मलाई तिनीहरु सँसारका होइनन् जस्तो म सँसारको होइन भन्नुको अर्थ के हो?**
येशूको अर्थ तपाई र म एउटा ख्रीष्टियानको हैसियतले सँसारको स्वीकारेको मूल्यमान्यता नलिनु हो । येशू भन्नुहुन्छ तिमी र मेरो मूल्यमान्यता उहाँबाट आएको हुनुपर्छ चाहे विद्यालाय जाँदा होस् । व्यावसाय र सभामा हुदा होस् । तिमी फुटबल टिम वा आफ्नो कारखानको टिममा हुँदा होस् वा साथीभाइसँग समय विताउँदा येशूको मूल्यमान्यता अनुसरको जीवन जिउनुपर्छ ।

**प्रश्न : किन येशूले हामीलाई सँसारबाट बचाउनुहोस् भनी प्रार्थना भर्नुभयो?** (
येशूलाई थाह छ सँसारको विश्व दृष्टिकोण र तरिका प्रायः हाम्रो लागि आकर्षित छ । त्यसकारण येशूले चाहे आनुसार सोच्न र जिउन हामीलाई उहाँको सहायता चाहिन्छ । सँसारको हैन तर येशूको मूल्यमन्यता अनुसार जिउनको लागि येशूले तिमीलाई शक्ति दिनुहुन्छ ।

परमेश्वर भन्नुहुन्छ, यद्यपि हामी सँसारले दिने लोभलाग्दो र आकर्षक छनौटको सूचीले घेरिएका छौँ तर पनि हामीले त्यो सूचीको कुरालाई छान्नुहुदैन ।

परमेश्वरले हामीलाई छनौट गर्न स्तन्त्रता पनि दिनुहुन्छ । एउटा व्याक्तिले ख्रीष्ट येशूलाई आफ्नो ह्रदयमा राख्छ साथै सँसारको मापदण्ड अनुसारको दोहोरो जीवन जिउछ ।

अख्तियारमा हुने मानिस सँसारको मापदण्ड अनुसार जीवन जिउछ भने पनि प्रश्न त उही छ, परमेश्वरको वचन स्पष्ट नसिकाइएका तर अधिकारमा हुने व्याक्तिलाई हामीले किन आदर गर्ने? बाईबलले भन्छ, "..................................."(१यूहन्ना ५:३)

आफ्ना बा-आमालाई आदर गर भन्ने परमेश्वरको आज्ञा यथावतै छ । तिम्रा बा-आमा, शिक्षक, प्रशिक्षक सम्मान पाउने स्थानमा आदर गर्न सहज छ साथै तिमी उहाँहरुलाई श्रद्धा दिन बोलाइका पनि हो । उहाँहरु राम्रा हुँदा ठीक हुँदा र तिमीलाई मन लाग्दा मात्र हैन ।

**प्रश्न : आदर नपाउनेलाई तिमी कसरी आदर दिनसक्छौँ?**

बाईबलले भन्छ, "..................................." (एफिसी ४:३२) ।

- अख्तियारमा हुनेहरुले गल्ती गर्‍यो र यसले तिमीलाई चोट पुर्‍याउँछ भने पनि तिमीले क्षमा दिइ परमेश्वरको प्रेम देखाउनसक्छौँ । परमेश्वरले हामीलाई धेरै प्रेम गर्नुभएकोले हामीले उहाँको विरुद्धमा पापै गरेको भएता पनि उहाँले हाम्रा अपराध क्षमा गरिदिनुहुँछ । क्षमा परमेश्वरको प्रेमको सुन्दर उदारहण हो ।
- आदर दिनुपर्नेलाई आदर गर : उहाँहरुले तिम्रो निम्ति गर्नुभएको राम्रो पक्ष वा कामलाई हेरौँ र धन्यवाद दिऔँ । भक्तिको जीवन जिऔँ, बाईबलले यसो भन्छ, "..................................."(मत्ती ५:१३,१४) परमेश्वरको मापदण्ड अनुसारको जीवन जिउदै जीवन र परमेश्वरको सत्यता अरुहरुलाई देखाउने जिम्मा तिम्रो हो ।
- आफ्ना बा-आमाको लागि प्रार्थना गरौँ, उहाँहरुले सँसारिक हैन, तर आत्मिक जीवन जिउन सकून् ।
  बाईबलले भन्छ, "..................................."(१तिमोथी २:१-४)।
- परमेश्वरको वचन जान्ने र सिकाउने मानिसहरुको विवेकपूर्ण सल्लाह वा झुकावलाई लिनुपर्छ । मैले चिनेको सबैभन्दा उत्कृष्ट व्यक्ति येशूख्रीष्ट स्वयँम हुनुहुन्छ जसले पवित्र आत्मको अगुवाईमा तिमीलाई सम्पूर्ण सत्यता ठीक र राम्रा कुराहरुमा डोर्‍याउनुहुनेछ । तपाईलाई परमेश्वरको वचन सिकाएको भए वा नभएता पनि हाम्रा जीवनमा परमेश्वरले अख्तियारमा राख्नुभएको मानिसलाई आदर गर्नु हाम्रो जिम्मेवारी हो । तर तपाईका जीवनको अत्यन्त महत्वपूर्ण व्यक्ति परमेश्वर हुनुहुन्छ । तिम्रो पहिलो जिम्मेवारी भनेको परमेश्वरलाई प्रेम गर्नु हो, साथै अरु हैन तर परमेश्वरलाई मनपर्ने उहाँको वचन अनुसराको जीवन जिउन सिक्नुपर्छ ।

र अब बाँकी कथा पढौं, एकदिन फेस्टो प्रार्थना गर्दै गर्दा परमेश्वरले तिनलाई आफ्नो बुवालाई क्षमा दिन भन्नुभयो । फेस्टो आफ्ना सौतेनी बुवाको एउटा पनि नराम्रो कामलाई क्षमा दिन चाहदैनथे तर तिनलाई थाह थियो परमेश्वर तिनले आफ्नो बुवालाई क्षमा दिएको चाहनुहुन्थ्यो । तिनी एक दिन आफूले सानैदेखि घृणा गर्ने सौतेनी बुवाको आगाडि उभिएर भने सौतेनी बुवा बर्षौदेखि मैले तपाईलाई घृणा गरे तर येशूले मेरो सबै घृणा दुर गरिदिनुभयो ।

ति बुढा मानिसले फेस्तोको कुरामा पत्यार गर्नैसकेन र आँखा तर्केर तिनलाई हेर्दै अन्ततः आफ्ना कुरा स्वीकार्दै भने "हो मलाई थाह छ, त्यसैले म तिमी कहाँ आई यो जीवनकथा सधैको लागि अन्त्य गर्न चाहन्थ्यो र यही हो अब यो अन्त्य भएको छ मलाई माफ गर ।" तिनीहरु धेरै समय विताए र तिनका सौतेनी बुवाले तिनलाई क्षमा दिए ।

पछि फेस्टोले लेखे कि प्रेम यस्तो भाषा हो जसलाई सबैले बुझ्छ, हामीलाई अलग गर्ने पर्खालहरु भत्किए र हामी असल साथी भयो । अब हाम्रो घर एक अर्काको लागि खुल्ला छ । (यो खण्ड नायकहरुको कथा :डेविट र नेटा बेथानी घर पृष्ठ ६९-७६ बाट लिइएको हो ।

एक जना मानिस थिए, जसको हृदय दुःख र कष्टले भरिएको थियो सँसारको अन्याय देखेर तिनी निरास भएका थिए । एक दिन आफ्नो असहायपन र निरासपनबाट पुकारा गरे, हे प्यारो परमेश्वर यि सबै सँसारको दुःख र पीडा र विपत्तीलाई हेर्नुहोस् तँ । तपाई किन सहायता पठाउनुहुन्न ?

प्रश्न : परमेश्वरले तपाईलाई सहायताको लागि पठाउनुभएको हो । आज एउटा व्यक्तिलाई तपाइको जीवनमा सबैभन्दा महत्वपूर्ण व्याक्ति परमेश्वर हुनुहुन्छ भनि चिनाउन के सहायता गर्न सक्नुहुन्छ ?

## पाठ # ७- विशेषाधिकार र जिम्मेवारी (भाग-३)

आज्ञा # ३

तैले परमप्रभुको आफना परमेश्वरमा नाम व्यर्थैमा नलिनु

तपाईले गर्नुहुने प्रत्येक काममा येशूको व्यक्तिगत प्रतिनिधि बन्नुहोस ।

समीक्षा

गएको हप्ताको प्रश्नहरु र कण्ठगर्नुपर्ने पद

आजको पाठपद

"................................."(एफिसी २:४,५) ।

जीवन चरित्र

जिम्मेवारी

छलफलका लागि प्रश्न

**तपाईले पाउनुभएको जीवनको उत्कृष्ट उपहार के हो?**

परिचय

एउटा खैरो सिकारी कुकुर नाम भएको जहाज उत्तर एटलान्टिक समुन्द्रको आँधीबेह्रीमा फसे । एघारौ दिन नाविक जोन न्यूटन आफ्नो शरीरिक शिथिलताका बाबजुद जहाजको कर्णधारलाई समात्दै र निश्चित दिसा तर्फ डोर्याउन प्रायासरत थिए । एक बजेदेखि मध्यरातसम्मै तिनले जहाजको कर्णधार समति रहे ।

समुन्द्रको प्रवल र निर्दयी आँधिबेह्री माझ पनि तिनले केही सोच्न भ्याएका थिए । तिनको जीवन आफूले आधि बेह्रीमाझ पनि दिशा दिन खोजेको भत्केको जहाज जस्तै निरास र आशाहिन थियो । तिनी एघार बर्षको छँदादेखि नै यस पेशामा लागेका थिए । हुन त नाविकहरु आफ्ना सभ्य व्यावहारको लागि चिनिन्छन् तर न्युटन भक्तिहिनता, निर्दयी र जँगली व्यावहारको लागि प्रसिद्ध थिए । यसले तिनको नाविक साथीहरुलाई पनि छक्कै पारेको थियो ।

न्युटनले आफ्ना आमाले बाइबल दिएको शिक्षालाई मात्र इन्कार गरेनन् तर आफ्नो नाविक साथीहरुलाई पनि अविश्वासमा डोर्याए । धर्मशास्त्र सत्य भएको भएता पनि तिनी निश्चय नै आशा र उद्धार विनाका मानिस थिए । तर यस कठिन घडिमा न्युटनको मन खीष्ट तर्फ फर्कियो ।

त्यो कर्णधार समात्दै बिताएको दिन मार्च २९, १७४८ न्युटनले एउटा कुराको याद गरे । त्यस दिन परमप्रभुले नै मलाई उचाल्नुहुनेछ र समुन्द्रको गहिराइबाट उद्धार गर्नुहुनेछ । परमेश्वरको अचम्भित अनुग्रहले मात्र निर्दयी भक्तिहीन र दास बेच्ने नाविकलाई परमेश्वरको सन्तानको रुपमा रुपान्तरण गर्नसक्नुहुन्छ ।

हुन त न्युटनले केही समयको लागि आफ्नो नाविक र दास बेच्ने कामलाई निरन्तरता दिइ रहे तर तिनको जीवन रुपान्तरण भएको थियो । आफ्नो ३९ बर्षको उमेरमा तिनको मन परिवर्तन भयो र ४१ बर्षसम्म येशूखीष्टको सु-समाचार प्रचार गरिरहे । तिनले आफ्नो आइतबारे साँझको सेवामा शिक्षामूलक र जीवन छुने गीतलाई लेख्न भ्याए । विश्वप्रसिद्ध भजन जुन हामी सबैलाई थाह छ आचम्भित अनुग्रह Amezing Grace!
(खीष्टियान इतिहास सँख्या परिच्छेद : २८ (www.gospel.com.net)

अचम्भित अनुग्रह कति मिठो बाणी
जसले म जस्तो पापीको भो उद्धार
म हराएको थिए तर अहिले भेट्टाइएको छु
अन्धो थिए तर अब देख्छु ।

जोन न्यूटन हराएको थियो र अहिले भेट्टाइएको छ । तिनलाई आफ्नो खराब अवास्था र परमेश्वरले दिनुभएको छुटकारा थाह थियो ।

जीवन छोटो छ । एकदिन हामी सबै शरीरमा मर्नेछौं । एक दिन हाम्रो पार्थिव शरीरले काम गर्नेछैन तर हाम्रो आत्मिक देह निरन्तर र सधै बाच्नेछ । बाईबलले बताउँछ कि हामी जिवित छदा नै हाम्रो आत्मिक शरीर कहाँ लाने हो सो छनैाट गर्ने अवसर तपाई र मलाई दिइनेछ ।
येशू भन्नुहुन्छ, “..................................”(मत्ति ७:१३,१४)

**प्रश्न : येशूले भन्नुभएको साघुरो ढोकाले कहाँ पुर्‍याउछ?**

त्यो साघुरो ढोकाले थोरैलाई मात्र सधैको निम्ति परमेश्वरको उपस्थिति र महिमामा पुग्ने अवसर दिन्छ । यो अनन्त जीवनको अवसर हो । बाईबलले अनन्तजीवन निश्चित गरिएको अधिकार हैन तर अवसर हो भने स्पष्ट पारेको छ । अनन्त जीवन किन अवसर हो भन्ने तीन कारण र यसैसँग सम्बन्धित यो अवसर पाएको मानिसको रोचक कथा बाइबलबाट हेर्नेछौं ।

## अनन्त जीवनको अवसर

खण्ड :प्ररित ३:१-१०

परमेश्वरले अनन्त जीवनको अवसर तिमी, तपाई वा अरु कसैलाई दिइ राख्नुपर्दैन ।

"...................................."(रोमी ५:८)

**प्रश्न: पाप के हो?** (यो परमेश्वरको मापदण्ड अनुसार जिउन नसक्नु हो ) यो कुनै व्यक्ति वा बस्तुलाई भन्दा बढी प्रेम गर्न असफल  हुनु हो। बाइबलले बताउँछ कि मानिस परमेश्वरको मापदण्ड अनुसार जिउन असफल भएको छ, "...................................." (रोमी ३:२३) पाप समय समयमा भइरहने फरक र पृथक घट्ना होइन्। पाप तिमी र म जन्मिएको समयदेखि रहिरहने अवस्था हो।

**प्रश्न : परमेश्वरले तिमी र मेरो निम्ति मरिनलाई किन येशूलाई पठाउने निर्णय गर्नुभयो भन्ने बारेमा के सोच्छौं?** (यसलाई अनुग्रह भनिन्छ )
बाईबलले भन्छ, "......................" (एफिसी २:४,५)

यो बाईबलको खण्डको अर्थ के हो हेरौं।

**प्रश्न : कृपा भनेको के हो?** (कृपा भनेको दया र करुणा हो )

**प्रश्न : "तिमीहरुको पापमा मृत"भन्नुको अर्थ के हो?** (असहाय) मरेको मानिसले आफ्नो निम्ति केहीगर्न सक्तैन। बाईबलले भन्छ कि, परमेश्वरको सहायता विना तिमी र म आत्मिक रुपमा जिवित हुन असहाय हुनु हो।

**प्रश्न : अनुग्रह भनेको के हो?** (अनुग्रह भनेको तिमीलाई नभै नहुने भएको कारण कसैले तिम्रो निम्ति केही गरिदिनु हो। ) त्यसो हो भने, परमेश्वरको अनुग्रह भनेको तिमीले पाउने अधिकार जस्तो हैन, तापनि उहाँले तिम्रो निम्ति गरिदिनुभएको काम हो।

**प्रश्न : परमेश्वर तिम्रो निम्ति अनुग्रही भएर गर्नुभएको कामका केही उदाहरणहरु कुन कुन हुन्?** विरामी हुदा वा चोटपटक लाग्दा निको पार्नु, राम्रो स्वास्थ्य, महत्वपूर्ण जाँच आउदा पनि मनमा शान्ति र अनन्त जीवन )

प्रश्न : अहिले पढेको बाइबलको पद अनुसार परमेश्वरको अनुग्रह हामीलाई के बाट बचाउँछ? (नष्ट हुनबाट ) विनास अनन्त जीवनको विपरित हो। विनाश भनेको परमेश्वरको उपस्थितिबाट सधैंको निम्ति अलग हुनु हो। परमेश्वरले तिमीलाई औधि प्रेम गर्नुहुन्छ। उहाँका महाकृपा र दयाको कारण, उहाँको मापदण्ड अनुसार जिउन असफल हुदा पनि परमेश्वर सधैंको निम्ति उहाँको उपस्थिति र महिमामा तिमी आत्मिक रुपमा बाचेको चाहनुहुन्छ। तिमी आत्मिक रुपमा जिवित हुने तरिका उहाँले दिनुहुने अनन्त जीवनको बरदानलाई स्वीकार्नु र लिनु हो।

**प्रश्न : आजको हाम्रो बाईबलको कथामा पत्रुस र यूहन्नाले लङ्गडो मानिसलाई दिए जस्तै तिम्रो निम्ति परमेश्वरको अनन्त जीवनको बरदान हो ?** (पत्रुस र यूहन्ना माग्नेलाई सहायता गर्न रोकिनु पर्दैनथ्यो । अनन्त जीवन अवसर हो ।

**प्रश्न : तिमी र म कसरी बाईबलको त्यो भिखारी जस्तै असहाय छौं?** (हामीलाई चँगाईको खाचो छ, तर हामी आफूले आफैलाई निको पार्नु असमर्थ हौ । भिखारीलाई शारीरिक चँगाई चाहिएको थियो, तिमी र मलाई आत्मिक चँगाई चाहिएको छ ।

परमेश्वरले तिमीलाई अनन्त जीवनको वरदान पाउन छान्नुभएको छ । .........................”
(२थेस्लोनिकी २:१३) ।

**प्रश्न : पवित्र पार्नुको अर्थ के हो?** (तिमीलाई शुद्ध पार्नु, परमेश्रको उपस्थितिमा उभिने योग्यको बनाउनु) यो परमेश्वरको आत्माले तिम्रो जीवनमा पहल गर्नु वा शुरु गर्नुभएको कामको एउटा प्रक्रिया हो ।

**प्रश्न : परमेश्वरको उपस्थितिमा रहन केले हामीलाई सक्षम वा योग्य तुल्याउँछ?** ( पापले परमेश्वरसँग रहन असम्भव तुल्याउँछ, किनभने पाप उहाँको उपस्थितिमा रहनसक्दैन ) तिमी र मलाई परमेश्वरको उपस्थितिमा उभिन योग्य तुल्याउन एउटै तरिका छ, सत्यतामा विश्वास गरी अनन्त जीवनको परमेश्वरको वरदानलाई स्वीकारी आत्मिक रुपमा जिवित हुनु हो ।

**प्रश्न : यो सत्यता के हो?** (येशूखीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ ।) शुरुको समयदेखि नै बाइबलले बताउदै आएको छ परमेश्वरले तिमीलाई नष्ट हुनबाट बचाउलाई छान्नुभयो र येशू परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ भन्ने विश्वास गर्ने शाक्ति दिउन् भनी परमेश्वरले आफ्नो पवित्र आत्मा तिमीमा काम गर्न पठाउनुभयो ।

**प्रश्न :कसरी पत्रुस र यूहन्ना लङ्गडो मानिसलाई सहायता गर्न रोकिनु चाहि तिमीलाई परमेश्वरले अनन्त जीवन दिन छान्न जस्तै हो?** पत्रुस र यूहन्नाले माग्ने मान्छेलाई सहायता गर्ने छनौट गरे त्यसैगरी परमेश्वरले पनि आफ्नो अनन्त जीवनको वरदानद्धारा तिमीलाई बचाउन छान्नुभयो । अनन्त जीवन अवसर हो । परमेश्वरले तिमीलाई यो बरदान दिनका लागि प्रशस्त प्रेम गर्नुभयो र एउटा ठूलो मूल्य चुकाउनुभयो ।
“...................................”(यूहन्ना ३:१६) ।

**प्रश्न : तपाईलाई थाह छैन येशूले सँसार भनी बताउनुहुदा यसको अर्थ के थियो?** कुनै पनि समय जब मानिस परमेश्वरको ठीक मापदण्ड अनुसार जिउदैन त्यसैलाई येशूले सँसारमा

जिउने मानिस भनी बताउनुभएको छ । बाईबलले भन्छ, कि तिमी घरी घरी जाने ठाउँ होस् वा सधैंको निम्ति बस्ने घर बनाउने निर्णय गर्दाहोस । तपाई सँसारको एउटा हिस्सा हो । र परमेश्वर भन्नुहुन्छ यदि तिमी सधैंको लागि सँसारको नागरिक बनिन चाहन्छौ भने निश्चय नै नष्ट हुने छौं ।

उहाँले तपाईलाई प्रेम गर्नुभएको कारण तपाईलाई आफ्नो अनन्तको ठेगाना परिवर्तन गर्ने मौका दिदै हुनुहुन्छ । परमेश्वरले आफ्नो एउटै मात्र छोरालाई यस सँसारमा पठाउनुभयो, त्यसैले उहाँको कारण तपाईको परिचय स्वर्गमा पठाउने अवसर तपाईलाई प्राप्त छ । बाइबलले बताउँछ यदि तपाईले आफ्नो मुखले येशूलाई प्रभु भनी स्वीकार्नुभयो र हृदयले परमेश्वरले उहाँलाई मृत्युबाट बौरि उठाउनुभयो विश्वास गर्नुभयो भने तपाई नष्ट हुनुहुनेछैन । तपाई यस सँसारको हैन तर तपाई आत्मिक रुपमा जिवित हुनुहुनेछ र परमेश्वरको परिवारको भाग बनिनुहुनेछ ।

**प्रश्न : पत्रुस र यूहन्नाले लङ्गडो मानिसलाई निको पार्नु कसरी परमेश्वरको अनन्त जीवनको वरदान तिम्रो लागि भए जस्तो हो?** (लङ्गडो मानिसले आफूले आफैलाई निको पार्ने सम्भावना थिएन । तिनी ४० बर्षदेखि त्यही अवस्थामा थिए । त्यसैगरी परमेश्वरको अनन्त जीवनको वरदान तिमी आफ्नो भरमा पाउन सक्दैनौ ) अनन्त जीवन अवसर हो ।

लङ्गडो मानिस शरीरिक रुपमा निको पारिए जस्तैः तिमी र म येशूखीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी सत्यतामा विश्वास गरी आत्मिकी रुपमा निको हुन र परमेश्वरको अनन्त जीवनको वरदान पाउन सक्छौ । तर याद गरौं, अवसरसँग जिम्मेवारी पनि आउछ ।

**प्रश्न : अनन्त जीवनको अवसरसँगै प्राप्त हुने तिम्रो जिम्मेवारी के हो?** तिम्रो जिम्मेवारी भनेको तिमीले गर्ने सबै कुराहरुमा येशूको व्यक्तिगत प्रतिनिधि हुनु हो ।

**प्रश्न : तिमी आजको समयमा कसरी येशूको असल प्रतिनिधि बन्नसक्छौं ।**

## पाठ # ८- विशेषाधिकार र जिम्मेवारी (भाग-४)

आज्ञा # ३
तैले परमप्रभुको आफना परमेश्वरमा नाम व्यर्थैमा नलिनु
तपाईले गर्नुहुने प्रत्येक काममा येशूको व्यक्तिगत प्रतिनिधि बन्नुहोस ।

समीक्षा

गएको हप्ताको प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद

आजको पाठ पद

"..................................."(प्रेरित ४:१३) ।

जीवन चरित्र

जिम्मेवारी

छलफलको लागि प्रश्न:

तिमीले उपहार पाउँदा कसरी प्रशँसा गर्छौ? (धन्यबाद लेखेर, बदलामा आफूले पनि उपहार दिएर, पाएको आनन्दित भएर प्रयोग गरेर )

गएको हप्ताको पाठको समीक्षा

तिमीलाई यादै होला कि पत्रुस र यूहन्नाले एउटा जन्मै देखिको लङ्गडोलाई निको पारेका थिए ।

**प्रश्न : कुन शाक्तिले पत्रुस र यूहन्नाले यस मानिसलाई निको पारेका थिए?** ( येशूखीष्टको शाक्तिद्धारा )

आफूले आफैलाई निको पार्न नसक्ने लङ्डो मानिस जस्तै तिमी र म पनि आफ्नै प्रयासले अनन्त जीवन प्राप्त गर्न सक्दैनौं । शरीरिक रुपमा निको हुनका लागि सहायता चाहिएको लङ्डो भिखारी जस्तै तिमी र म पनि परमेश्वरको पुत्र येशुखीष्टमा विश्वास गरी परमेश्वरको अनन्त जीवनको वरदान पाई आत्मिक रुपमा निको हुनुजरुरी छ ।

परिचय :

मैले आफ्नो जीवनमा येशूलाई मुक्तिदाता र प्रभुभनी स्वीकार गरी अनन्त जीवनको प्राप्त गर्ने अवसर पाएकी एकजना बाहिनीसँग कुरा गर्ने मौका पाएको थिए । कुराकानी हुदै गर्दा तिनले भनिन्, मलाई थाह छ मैले अनन्त जीवन पाएकी छु, तर अब मैले गर्नुपर्ने केही कुरा छ र? अर्को शब्दमा भन्नुपर्दा, अव म खीष्टियान भएको छु, अब म के गरु? भनी प्रश्न गर्दै थिइन् ।

**प्रश्न : तिमी तिनको प्रश्नको के जवाफ दिन्छौ? तिमी ख्रीष्टियान भएको कारण अब यो कुन जिम्मेवारी तपाईको हो भन्नुहुन्छ?** ( तपाईले गर्ने सबै कुरामा येशूको व्यक्तिगत प्रतिनिधि बन्नुहोस्)

एउटा जवान भाइले यसरी जवाफ दिएका थिए । झण्डै १२ बर्ष अगडिको कुरा हो । एक दिन म मेरो ईश्वरशास्त्रीय अध्ययनको हाम्रो पहिलो चरणको मेरो विश्वविद्यालयको विद्यार्थी भर्ना अभिलेख पल्टाउदैथिए । त्यसै दिन तिनलाई मैले पहिलो पटक भेटेको थिए । त्यसै दिन मैले झट्टै तिनलाई अर्कै श्रेणीमा राखे । अनौठो ज्यादै अनौठो ! यो विषय अध्ययन गर्ने कक्षामा तिनी हामी कक्षाका मध्ये नास्तिक भनेर चिनिन थाल्यो । तिनी पिता परमेश्वरको निशर्त प्रेमको कि त विरोध गर्थे वा भरसक व्यँग्यपूर्वक मुस्कुराउँथे ।

जब तिनी आफ्नो यस कक्षाको पढाईको अन्तिम परीक्षा नजिक आइपुगे । तिनले शँकास्पद स्वरमा सोधे, के म कहिल्यै परमेश्वरलाई चिन्छु र भेट्टाउछु होला? पक्कै पनि पाउदैनौं मैले पनि निश्चयातापूर्वक जवाफ दिए । मैले तिनलाई कक्षाको कोठाबाट पाँच कदमसम्म बाहिरिन दिए र बौलाउदै भने, टमी, मलाई लाग्दैन तिमीले परमेश्वरलाई भेटाउँछौं तर म अत्यन्त विश्वस्त छु , उहाँले तिमीलाई भेट्टाउनुहुनेछ । तिनले आफ्नो कुम खुम्चाए, र मेरो कक्षाकोठाबाट बाहिरिए, फेरि मैले तिनलाई कहिल्यै देखिन । पछि मैले सुने तिनी क्यानसर लागेको अन्तिम क्षणमा छन् । मैले तिनलाई खोज्न अघि तिनी म कहाँ आए । जब तिनी मेरो कार्यालय कोठामा प्रवेश गर्दै थिए तिनको शरीर ज्यादै कमजोर थियो तर तिनको आँखा चहकिलो र स्वरमा ज्यादै निश्चयता थियो ।

टम भन्दै थिए, म विद्यालाय छोड्दाको हाम्रो त्यो अन्तिम कक्षामा तपाईले भनेको त्यो शब्दको कारण यहाँ तपाईलाई भेट्न आएको हुँ । तिनी भन्दै गए, मैले तपाईलाई सोधेको थिए । के म परमेश्वरलाई चिन्छु र भेट्टाउँछु होला? तपाईले भन्नुभयो, पक्कै भटाउँदैनौं त्यस कुराले मलाई छक्कै पारेको थियो । त्यसपछि तपाईले थप्नुभयो तर उहाँले तपाईलाई भट्टाउनुहुनेछ । तपाईले ठीकै भन्नुभएको थियौं । मैले खोजी गर्न छाडीसके पछि पनि उहाँले मलाई भेट्टाउनुभयो ।

टम मेरो निम्ति एउटा दया गरिदिन सक्छौं? तिमीलाइ थाह छ जब तिमी मेरो कक्षमा थियौं तिमी साचिकै पीडामा थियौ । तर अहिले तिमी त्यो पिडा मलाई फर्काउन सक्छौं । एकदिन मेरो ईश्वरशास्त्रको पाठ्यक्रम अध्ययन गर्ने विद्यार्थीहरुलाई आएर मलाई जे भनेको थियौ यो तिनीहरुलाई पनि बताइदेउ । यदि मैले यो सबै भने पनि तिमीले भनेको भन्दा राम्रो हुनेछैन ।
मलाई थाह टेम मेरो लागि भए पनि तिनीहरुलाई भनिदिन्छौ? मेरो लागि भए पनि यस सँसारलाई यो भनी दिन्छौं? (यो कथा फादर जोन पावेल सिकागोको लोयोला विश्वविद्यालयको सेवानिवृत प्रधानध्यापकले लेखेको कथाबाट लिइएको हो )

आज हामी पत्रुस र यूहन्नाले निको पारेको लङ्गडो मानिसको कथालाई हेर्नेछौं र कसरी तिमी येशूको व्यत्तिलगत प्रतिनिधि बन्न सक्छौं त्यो सिक्ने छौं ।

धन्यवादको पत्र

खण्ड : प्रेरित ४:१-२०

यस कथामा पत्रुस र यूहन्नाले येशूख्रीष्टका असल प्रतिनिधि हुनमा सहायता पुर्‍याउने चार गुणहरुलाई देखाएका छन् । यि चार चरित्रहरुले तिमीलाई पनि येशूको असल प्रतिनिधि हुन सहायत पुर्‍याउनेछ । आडम्बरी चरित्र चाहिन्दैन । तपाई जे हो त्यही हुनुहोस्

"................................." (प्ररित ४:१३)

बाईबलले भन्छ, "................................." (भजनसँग्रह १३९:१३,१४)

परमेश्वरले तिमीलाई एउटा उदेश्यसहीत बनाउनु भएको छ । परमेश्वरले तिमीलाई राम्रोसँग मिलाएर बनाउनु भएको छ । उहाँले तिम्रो शरीरलाई बनाउनुभयो । उहा तिम्रो व्यक्तित्वको मालिक हुनुहुन्छ । उहाँले तिमीमा यि दानवरदानहरु भरिदिनुभयो । उहाँले यि सबै सुन्दर टुक्राहरुलाई एकसाथ जोड्नुभई आफ्नो उदेश्य पूरा गर्न तिमीलाई बनाउनुको उदेश्य के हो? (उहाँलाई आदर र महिमा दिने जीवन जिउनु )

**प्रश्न : परमेश्वरलाई आदर दिनु भनेको के हो?** (परमेश्वरलाई आदर दिनुभनेको आफनो पूर्ण ध्यान उहाँतर्फ खिच्नु हो ) ।

**प्रश्न : मानिसहरुको ध्यान उहाँतर्फ खिच्ने एउटा उत्तम तरिका के हो?** (ऐना बन्नु हो) हामीले गर्ने काम र बोल्ने बोलीद्धारा आफ्नो सफा नियतसँगै परमेश्वरको भलाईलाई देखाइ वा प्रदर्शन गरी परमेश्वरतर्फ खीच्नु हो ।

परमेश्वरले पत्रुस र यूहन्ना साधारण माछा मार्ने व्यक्तिहरुलाई विना धार्मिक तालिम तिनीहरु जस्ता थिए त्यस्तै चुन्नुभयो र उहाँलाई आदर दिन सबै महत्वपूर्ण यहूदी धार्मिक अगुवाहरु माझ प्रयोग गर्नुभयो । पत्रुस र यूहन्नाद्धारा उहाँको भलाई र उहाँको प्रेमलाई देखाइ रहे ।

**प्रश्न : आज तिमी येशूख्रीष्टको ऐना कसरी बन्नसक्छौँ?**

साहसी बन्नुहोस् ।

"................................."प्रेरित ४:१३)

**प्रश्न : यदि तिम्रो एउटा गैरख्रीष्टियन साथीले तिमीलाई प्रश्न गर्‍यो, तिमी किन ख्रीष्टियन भयो वा ख्रीष्टमा विश्वास गर्छौ? तिमी के भन्छौँ?**

**प्रश्न : किन यो एउटा अप्ठ्यारो बातचित हुनसक्छ?** (तिमीलाई थाह छैन के भन्ने वा तिमी आफ्नो साथीलाई दु:खी बनाउन चाहदैनौ वा तिमीसँग साथीले सोधेको प्रश्नको जवाफ दिन सक्दैनौ )

जब पत्रुस र यूहन्ना पक्राउ परे तिनीहरुको शिक्षाको विषयमा प्रश्न सोधियो र अब उपरान्त येशूको बारेमा नबोल्नुभनीए, तिनीहरु चुपचाप आफ्नो सामान पोका पारेर आफ्नो पुरानै माछा मार्ने काममा फर्किन सक्थे ।

**प्रश्न : तिनीहरुले यसो गर्नुको सट्टा के गरे?** (तिनीहरुले आफूले सत्य भनी मानिलिएको विश्वासमा अडिग रहदै धर्मगुरुहरुले सोधेका प्रश्नको जवाफ दिए )

बाईबलले यसो भन्छ, "................................."(१पत्रुस ३:१५) ।

पत्रुस र यूहन्नाले येशूको बारेमा विश्वास गरेको कुरा सत्य हो भनी जानेको थिए । तिनीहरुले धार्मिक गुरुहरुलाई बताउनुपर्छ भनी जानेका थिए ।

यदि तिमीलाई अब कसैले किन तिमीले येशूमा विश्वास गर्‍यौं भनी प्रश्न सोधेमा पत्रुस र यूहन्नालाई सम्झौ । साहसी बनौं । तिनीहरुलाई शान्त र आदरपूर्वक जवाफ दिनुहोस् । पत्रुस र यूहन्नाले जस्तै तिमी परमेश्वरलाई महिमा दिन सक्छौं । तिमीले देखेको र सुनेको कुरा गर्दै अरुलाई सुसमाचार सुनाउ । "................................." (प्रेरित ४:१९,२०) ।

**प्रश्न : तिमीलाई राजदुत को हो थाह छ?** (राजदुत महत्वपूर्ण कामको लागि नियुक्त गरिएको व्यक्ति हो ) धेरै पटक जब नेपालको राष्ट्रपति कुनै सभामा सहभागी हुन सक्दैनन् तर सभामा नगै हुदैन त्यस्तो समयमा आफ्नो प्रतिनिधित्वको लागि आफ्नो स्थानमा राजदुतलाई पठाउँछन् ।

**प्रश्न : तिमीलाई एउटा राम्रो राजदुत हुन के गर्नुपर्छ जस्तो लाग्छ?** (आफूले बोल्नुपर्ने मानिससँग समय विताउनुहोस् र राम्ररी परिचीत हुनुहोस् ।

त्यसैले राजदुतले आफूलाई पठाउनेको प्रतिनिधित्व गर्दै उसैको तर्फबाट काम गर्छ र बोल्छ । यदि तिमी ख्रीष्टियन हौ भने परमेश्वरले तिमीलाई येशूख्रीष्टको राजदुत नियुक्त गर्नुभएको छ । तिम्रो काम भनेको उहाँको राजदुत भई आफूले गर्ने र बोल्ने सबैकूरामा उहाँको प्रतिनिधित्व गर्नु हो ।

**प्रश्न : येशुलाई अरुहरुमाझ प्रस्तुत गर्ने अरु तरिकाहरु के के हुन्?**( अरुहरु तिमी प्रति दयालु नभएता पनि तिमी सधै दयालू बन, कठीन परिस्थितिमा पनि आनान्दित बन, रिस उठेको अवस्थामा पनि आत्मसँयमित होउ )

**प्रश्न : हामी कसरी उहाँले चाहनुभएअनुसार येशूको प्रतिनिधित्व गर्न सक्छौँ?** (पवित्र आत्माले भरिएर ) जब तपाई येशूसँग उहाँको प्रतिनिधित्व गर्न सहायता माग्नुहुन्छ उहाँले आफ्नो शक्तिद्धारा ति सबै कुरा गर्नको लागि तिमीलाई सक्षम पार्नुहुनेछ ।

प्रभुयेशूलाई जीवनको प्रभु बनाउनुहोस् । “..................................”(प्रेरित ४:१३)

यहुदी धार्मिक गुरुहरुले पत्रुस र यूहन्नाले येशूसँग समय विताएको कुरा बताउनसक्थे ।

**प्रश्न : के तिम्रो वरिपरी हुने मानिसहरुले तिमीले येशूसँग समय विताएको कुरा बताउन सक्छन?**

**प्रश्न : तिमी कसरी येशूसँग समय विताउन सक्छौं?** (तिमी येशूलाई दिउसोको खाना खाने टेवलमा निम्तो गर्न सक्छौं । आफूले फुटबल खेल्दा बिताउन सक्छौं । आफू साथीको घरमा जाँदासँगै जान निम्तो दिन सक्छौं ) आफूले गर्ने सबै काम र बोल्ने सबै वचनमा सहभागी गराउन सक्छौं ।

यदि तिमी साँच्चिकै ख्रिष्टियन हौ भने तिमीले यो अचम्मको वरदान पनि पाएका छौँ । आफ्नो जीवनको लागि परमेश्वरलाई धन्यबादको पत्र लेख्नसक्छौं :

- तिमीले परमेश्वरले यस्तो बनाउनुभएकोमा कसरी धन्यवाद भन्न सक्छौं?
- के तिमीले आफ्नो मुक्तिदाता भनी स्वीकार्दा आफ्नो प्राण दिनुहुने येशूलाई धन्यवाद दिएका छौँ?
- आज तिमीले आफ्नो समय उहाँसँग विताउदै धन्यवाद दिएका छौँ?
- के तिमीले येशूलाई प्रतिनिधित्व गरी आफूले गर्ने काम र बोल्ने वचनको लागि परमेश्वरलाई धन्यबाद दिएका छौँ ?

**प्रश्न : तिमी आज परमेश्वरको लागि कसरी धन्यबादको पात्र बन्नसक्छौँ ?**

# पाठ # ९-ग्यास राख्ने भाडोमा लाग्ने खीया (भाग १)

आज्ञा # ७
तैले व्यभिचार नगर
आफ्ना शरीर, विचार र काममा शुद्ध हुनुहोस ।

समीक्षा
गएको हप्ताको प्रश्नमाला र कण्ठ गर्ने पद

आजको पाठ पद
"................................."(फिलिप्पी ४:८) ।

जीवन चरित्र
शुद्धता

भूमिका:
के तपाईलाई यस्तो अनुभव छ कि तपाईले यात्रा गर्दै गर्नुभएको कार अचानक खराब हुन्छ । सँयन्त्रमा आवाज आउन थाल्छ र कार कति पनि अगाडि बढ्दैन? तपाईको कारको इन्धन राख्ने भाँडोमा खीयाँ लागेको हुनुपर्छ । खीयाँ एक प्रकारको इन्धन राख्ने भाडामा लाग्दै थुप्रिने धुलो र प्रदुषण हो । जब कारको विभिन्न पाटपूर्जा भएर इन्धन बग्छ तब यसले यो खीयाँ पनिसँगै लैजान्छ । त्यो खीयाँले तपाईको कारको पाठपूर्जालाई मैलो परिदिन्छ र कार झनझन खराब भई दौडन छोड्छ । जब कार खराब भई दौड्न छोड्छ । यो दिक्क लाग्दो मात्र हैन तर खतरनाक पनि हुन्छ । आज हामी कसरी खीयाँ तपाईको पाठपूर्जामा जान्छ, झर्को र दिक्क लगाउँछ र खतरनाक बन्छ सो हेर्नेछौं । त्यसकारण हामी कसरी शुद्ध र खीयाँरहित रहने भनी केही चर्चा गर्नेछौं ।

परिचय :
खीष्ट येशू जन्मिनुभन्दा ६०० बर्ष अगाडि नबुकदनेसर बेबिलोनका राजाले यरुशलेम शहरमा आक्रमण गरे । राजा नबुकदले यरुशलेमका राजा साथै परमेश्वरको मन्दिरमा भएका सबै थोकलाई साथमा लिइ हिडें । जब राजा नबुकद आफ्नो देशमा आइपुगे तब ल्याइएका सबै बस्तु आफ्नो देवताको मन्दिरमा लगे । साथै राजा नबुकदले आफ्ना मुख्यअधिकारीहरुलाई राजाको परिवार र मुख्य-मुख्य परिवारबाट केही इस्राएली जवानहरुलाई पनिसँगै लाने हुकुम दिए । ति लगिएका चार जना केटाहरुको नाम दानिएल, हेनन्याह, मीसाएल र अर्जयाह (तर तिमीलाई सद्रक, मेसक र अबेदनगो भनी याद होला ) ।

तीन बर्षसम्म तिनीहरुलाई कसरी राजा नबुकदलाई सेवा गर्ने भनी बेविलोनी भाषा र चाहिने सम्पूर्ण ज्ञान सिकाइयो । तिनीहरुलाई खानको लागि राजाले खाने भोजन पनि दिइयो ।

तपाईको इन्धन राख्ने भाँडोमा लाग्ने खीयाँ (भाग १)
खण्ड : दानिएल १:८-१६

पद ८,"………………………………" ।
**प्रश्न : अशुद्ध पार्नु भनेको के हो?** (यसको अर्थ दुषित वा फोहर पार्नु हो ।

९ पद - १६ पद:: तिम्रो शरीरमा लागेको खीयाँ

**प्रश्न : दानियल र तिनका साथीहरुले सागपात र पानी मात्रै खान माग्नुको कारण के होला?** (एउटा तर्कसँगत कारण त तिनीहरुले चहिने भन्दा बढी आफूले खाने भोजनमा मात्र ध्यान नदिउन भन्ने हो ) । सागपातले तिम्रो शरीरलाई स्वास्थ राख्नुका साथै ठीक प्रकारले सन्चालन गर्न पनि सहायता पुर्याउँछ ।

**प्रश्न : आफ्नो शरीरलाई राम्रो वास्ता गर्नसकिने अरु तरिकाहरु के के हुन?** (व्यायम, विश्राम, र गर्नु अघि सोच्ने बानी )

**प्रश्न : खीयाँले किन तिम्रो शरीरलाई दिक्नुपर्छ ?**
यदि तपाईले आफ्नो शरीरमा चाहिने भन्दा बढि पौष्टिक आहार भित्र्याउनु भई प्रदुषित पार्नुभयो भने यो खीयारुपी भोजनले तपाईको शरीर भित्र काम गर्न थाल्छ । तर तपाईको शरीर शारीरिक मात्र हैन् तपाईको शरीरलाई स्वस्थ्य रहन सन्तुलित आहार र व्ययाम चाहिएजस्तै तपाईको मनलाई पनि भोजन चाहिन्छ ।

<u>तपाईको मनमा भएको खीयाँ</u>
**प्रश्न : कसरी तपाईको मन कम्प्यूटर जस्तो छ त?** (कम्प्यूटरले जे जस्तो तथ्याङ्कहरुको कार्यक्रम बनाएर तिनी भित्र राखिएको हुन्छ त्यो मात्र देखाउन सक्छ ) ।

**प्रश्न : कसरी तपाईको मन एउटा बगैचाजस्तै छ?** तपाईको मन जे रोपे पनि उमार्ने ज्यादै उर्बर भुमी जस्तै छ ।

**प्रश्न : यदि तपाईले यस उर्बरभूमीमा खरभुजाको विउँ रोप्नुभयो भने के उम्रिन्छ?** ( तपाईले खरभुजा पाउनुहुन्छ )

**प्रश्न : यदि तपाईले सत्यताको विउँ आफ्नो मनमा रोप्नुभयो भने के पाउनुहुन्छ?** (सत्यता नै पाउनुहुन्छ)

**प्रश्न : यदि तपाईले आफ्नो मनमा अशुद्धताको विउँ रोप्नुभयो भने के पाउनुहुन्छ?** (अशुद्धता नै बाहिर आउँछ )

**प्रश्न : तपाईको मनको खीया किन खतरनाक छ?** (तपाईले जे कुराले आफ्नो मन भर्नुहुन्छ त्यही नै बाहिर आउँछ ) यदि तपाईले आफ्नो मनमा अशुद्धताले भर्नुभयो भने तपाईले गर्ने र भन्ने अशुद्ध नै हुन्छ)

**प्रश्न : ठीक प्रकारका पौष्टिक आहार आफ्नो मनमा राख्ने तरिकाहरु के के हुन्?** ( धर्मशास्त्र, पुस्तकहरु, सँगीत, सकारात्मक बाइबलिय मूल्यमान्यता स्थापित गर्ने चलचित्र, मनलाई विटुलो पार्ने सामग्री र बातचितलाई इन्कार गर्नु)

किन तिम्रो शरीर र मनलाई थुप्रिएर प्रदुषित पार्ने खीयाँबाट जोगिनुपर्छ । दश आज्ञाको सातौँ आज्ञाले बाइबलमा भन्छ,तैले व्यभिचार नगर्नु (प्रस्थान २०:१४)

**प्रश्न : व्यभिचार के हो?** (व्यभिचार शब्दको अर्थ नचाहिने र अस्वभाविक बस्तुको समिश्रणद्धारा केही कुरालाई अशुद्ध पार्नु हो । ।त्यसो हो भने व्यभिचार तिमीलाई अशुद्ध पार्ने विचार वा कामलाई थाह पाएर गर्नु वा लिनु हो )

**प्रश्न : किन व्यभिचार खतरनाक अपराध हो?** (तपाईको शरीर शरीरिक शरीर मात्र हैन, यो परमेश्वरको मन्दिर हो । तपाईले येशुखीष्टलाई आफ्नो जीवनको मुक्तिदाता भनी ग्रहण गरेको क्षण पवित्रआत्मा तपाईको ह्रदय परमेश्वरको मन्दिरमा आएर बासि सक्नुभएको छ) ।

बाईबलले भन्छ, "................................"(१कोरन्थी ३:१६) ।

- त्यसो भए तपाईको मनमा खीयाँलाई राख्ने वा भर्ने विचार गर्नुहुन्छ? जस्तै कुनै शब्दहरु, विचारहरु, सँगीत, भाषा, जानकारी वा तास्विर जसले तपाईको मनलाई अशुद्ध बनाउँछ ।
- त्यसो भए तपाईको शरीरमा खीयाँलाई राख्ने वा भर्ने विचार गर्नुहुन्छ ? जस्तै मात्ने गरी रक्सी वा नशालु पदार्थ लिनु जसले तपाईको शरीरलाई नोक्सन पुर्याउँछ ?

तपाई किन परमेश्वरलाई मन नपर्ने कुरा उहाँको मन्दिर भित्र ल्याउनुहुँन्छ ? तपाई कसरी आफ्नो शरीर र मनमा यो खीया थुप्रिन देखि रोक्न सक्नुहुन्छ ?

प्रेरित पावलले हामीलाई बताएको कुरालाई सुनौं :
"................................" (फिलिप्पी ४:८) ।
प्रश्न : तपाईले सोच्नसक्ने ठीक र शुद्ध कुराहरु के के हुनसक्छ? ( प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई, विश्वस्तता, नम्रता र सँयम )

यदि तपाईले आफैलाई यि कुराहरु सोच्न तालिम दिनुभयो भने,तपाईको जीवनमा थोरै खीया मात्र रहनेछ, र येशूले तपाईको जीवनमा गुणस्तरीय जीवन चरित्र निर्माण गर्दै लैजानुहुनेछ ।

बुवाहरु हो, तपाईले व्यभिचार सम्बन्धी पहिलो पाठ सिध्याउनुभएको छ । दोस्रो पाठ तपाईको इन्धनमा लाग्ने खीया भाग २ । हामी अशुद्ध यौन व्यावहारबाट शुद्ध रहने विषयमा केन्द्रित रहदै कुरा गर्नेछौं ।

## पाठ # १०-ग्यास राख्ने भाडोमा लाग्ने खीयाँ भाग-२

आज्ञा # ७
तैले व्यभिचार नगर
आफ्ना शरीर, विचार र काममा शुद्ध हुनुहोस ।

समीक्षा
गएको हप्ताको प्रश्नमाला र कण्ठ गर्ने पद

आजको पाठ पद
"....................................." (उत्पत्ति २:२४) ।

जीवन चरित्र
शुद्धता

परिचय
व्यभिचारको एउटा परिभाषा आफ्नो जीवनको चरित्रलाई विनाष पार्ने अशुद्धतालाई आफ्नो शरीर वा मनमा भित्र्याउनु हो । आज हामी अझ स्पष्ट रुपमा व्यभिचारको परिभाषालाई हेर्नेछौं । साधारण अर्थमा व्यभिचार विवाहभन्दा पहिले र वाहिरी (आफ्नो श्रीपती वा पत्नीबाहेक) गरिने यौन व्यावहार हो । यस परिभाषाले तीन कुराहरु दर्शाउछ :

- यौन विवाहित स्त्री र पुरुष बीच मात्र हुनुपर्छ ।
- विवाह प्रतिबद्धतासहितको जीवनभरीको लागि गरिएको सम्बन्ध हो ।
- शारीरिक यौन दुर्व्यावहरद्धारा अरु कसैको विवाहलाई हस्तक्षेप गरिनुहुदैन ।

**प्रश्न : हामी किन हाम्रो बाइबल अध्ययनमा यौनको विषयमा कुरा गरिरहेका छौं?**
(हाम्रो समाजले जे परमेश्वरले विवाह अघि नखोल भन्नुभएको छ, त्यसलाई जाउँ, खोल, यो ठीकै हो भनी अनुमति दिई यो अमुल्य उपहारलाई हामीबाट खोसेको छ ।

आज हामी किन यौन शुद्धतालाई कायम् राख्नुपर्छ भनी हेर्नेछौं । यसलाई हामी यसरी शुरु गरौं जहाँ परमेश्वरले यौन विषयमा पहिलो पटक भन्नुभएको कुरातिर फर्कौं र हेरौं ।

तपाईको इन्धनमा मिसिएको खीयाँ : विवाह अघि नखोल
खण्ड : उत्पत्ति २:१९-२४

यौन परमेश्वरले विवाहित पुरुष र स्त्रीलाई दिनुभएको एउटा उत्कृष्ट उपहार हो। एउटै शरीरको अनुभव एक अर्काको लागि र एउटै हुनको लागि दिइएको हो। त्यसैकारण यौन विवाहद्धारा बाँधिएको जीवनै भरीको निम्ति गरिएको बाचा हो। बैवाहिक सम्बन्ध भन्दा बाहिरको यौन सम्बन्धले परमेश्वरको आदर्श पूरा हुदैन किनभने यो बैवाहिक प्रतिबद्धता भन्दा बाहिर गरिएको हुन्छ। जसले गर्दा परमेश्वरले इच्छा गर्नुभएको आनन्द यसबाट प्राप्त हुदैन।

**प्रश्न :हाम्रो अघिल्लो पाठ ६ मा बाइबलले सँसार भनी बताएको विषयमा छलफल गर्नेछौं** । परमेश्वरको तरिका वा मूल्यमान्यतालाई विरोध गर्न वा वेवास्ता गर्ने जुनसुकै ठाउँ पनि सँसार हो।

**प्रश्न : तिमीलाई थाह छ किन येशूले तिमी र मेरो निम्ति सँसारबाट सुरक्षित राख्नुहोस् भनी प्रार्थना गर्नुभयो?** (येशूलाई थाह छ सँसारको दृष्टि र तरिका धेरै पटक हाम्रो लागि आकर्षित हुन्छ) हामी यस्तो समाजमा जसले सधै परमेश्वरको तरिका र मूल्यमन्यातालाई विरोध गर्न उत्साह दिन्छ। दुर्भाग्यबस् आजका स्त्री र पुरुष, यूवा र यूवती यौनको निम्ति विवाहलाई पर्खन चाहदैनन्। यथार्थमा हिजोआज तिमीलाई यौन सम्पर्क राख्न ठीकै भनी बताइन्छ।

**प्रश्न : बैबाहिक सम्बन्ध भन्दा बाहिर पनि शरीरिक यौन सम्बन्ध राख्न सकिन्छ भनी कसले भन्छ?** (तिमीलाई चलचित्रमा, गीतहरुमा विज्ञापन र पत्रपत्रिकामा भनिएको छ) विद्यालयका साथी र मण्डलीका साथीहरुले यसो गर्न ठीकै हो भनी बताएका होलान्।

<u>यो झुठ हो</u>

परमेश्वरले यौन सम्बन्धलाई बैवाहिक सम्बन्धद्धारा स्थापित पति र पत्नी बिचको प्रेमलाई प्रकट गर्ने एक उत्कृष्ट उपहारको रुपमा बनाउनुभएको छ।

**प्रश्न : विवाह अघि र वैवाहिक सम्बन्ध भन्दा बाहिर गरिएको यौन व्यावहार किन खतरनाक छ?** (व्यभिचार खीयाँ हो) व्याभिचारले वैवाहिक जीवनको वरदान र जीवन चरित्रको महत्वलाई घटाइदिन्छ।

बाईबलले भन्छ, "..................................."(उत्पत्ति २:२४)

जब एउटा पुरुष र एउटा स्त्री बिच यौन सम्पर्क हुन्छ तिनीहरु एक हुन्छन्। परमेश्वरले (पती र पत्नी बिचको सम्बन्धमा दुई जनालाई शरीरिक, भावनात्मक, मानशिक र आत्मिक रुपले बाध्नको लागि यौन सम्बन्धलाई स्थापित गर्नुभयो। विवाह अगाडि गरिएको यौन सम्बन्धले परमेश्वरको इच्छा गर्नुभएको यौन उपहार भताभुङ्ग पारिदिन्छ।

बाईबलले भन्छ, "..................................."(१थेस्लोनिकी ४:३,४)।

यो धर्मशास्त्रको पद लेख्ने लेखकलाई थाह छ कि एक पटक यौन सम्बन्धमा आज्ञाकारी भएनौ भने यसले अरु थुप्रै परीणामहरुलाई निम्त्याउँछ र हाम्रो नियनत्रण त्यसमाथि हुनेछैन ।

**प्रश्न : व्याभिचारका अरु परिणामहरु के के हुनसक्छ जस्तो तपाईलाई लाग्छ?**

आउनुहोस् ति व्यभिचारका दश प्रमुख कारणहरुलाई हेरौ :

१०. यसले पुस्तौ पुस्तासम्म परिवारमा श्राप ल्याउँछ । परमेश्वरको आज्ञाकारिता तपाईको उदाहरण र नियत तपाईको सन्तानमा पनि सर्नेछ ।

९. दास बनाउँछ, । तपाई आफ्नो इच्छाको अधिनमा भई यसैले तपाईलाई डोर्याउनेछ ।

८. यो जोखिमपूर्ण छ , कि त तपाई गर्भवती हुनुहुनेछ वा तपाईले अरुलाई गर्भवती बनाउनुहुनेछ ।

७. सम्बन्ध (बैवाहिक) लाई महत्वहिन बनाउन सिक्नुहुनेछ , तपाईको विचारले ति प्रत्येक यौन अनुभवलाई सम्झनेछ र तुलना गर्नेछ । यो गर्नुभनेको आफ्नो विवाहलाई महत्वहिन बनाउदैं लैजानु हो ।

६. कुप्रसिद्धी कमाउनु , तपाईले परमेश्वर र आफ्नो परिवारमा एउटा झूठ बोल्ने व्यक्ति र विश्वास अयोग्य व्यक्तिको नामले चिनिनुहुनेछ ।

५. यो मुर्खता मात्र हो । सँगी साथीहरुले भन्छन्,जाउ गर यो ठीकै हो । यदि तपाईलाई कसैले भन्छ, जाउ र भीरबाट हामफल यो ठीकै हो तपाई भीरबाट हामफाल्नुहुन्छ? ठीक त्यस्तै व्यभिचार गर्नु र भीरबाट हामफाल्नु बिच कुनै भिन्नता छैन ।

४. आदम र हव्वा जस्ता होउः तिम्रो निम्ति खानलाई विशेष गरिएको रुखको फल जाउँ र खाउ । दोष,डर र लाँजको परिणामलाई वेवास्ता गर , त्यसले तिम्रो गलत निर्णयलाई पालन गर्नेछ ।

३. मूर्ख बन र तिम्रो समाजले भन्ने झूठमा विश्वास गर यदि तपाईले विवाह अगडि र बैबाहिक सम्बन्ध भन्दा बाहिर गरिएको यौन व्यावहारलाई राम्रो भन्नुभयो ठीक छ र इच्छा भए गरे हुन्छ भन्ने झूठमा विश्वास गर्नुभयो भने छिटो वा ढिलो त्यो तपाईले गर्नुहुनेछ र आफ्नो व्यक्तिगत र परिवरिक जीवनको महत्वलाई घटाउनुहुनेछ ।

२. रोग लेउ, व्यभिचार यौन दुरव्यावहारद्धारा प्राप्त हुने खाटिरे रोग हो जसले तपाईको शरीर र भावना साथै अरुको शरीर र भावनालाई नाष्ट गर्छ ।

१. यो कानुनीरुपमा वर्जित छ । यो राज्यको व्यवस्था अनुसार (१६ बर्ष पुग्नुभन्दा अगाडि कानुनी र परमेश्वरको नैतिक व्यवस्था अनुसार पनि ठिक छैन )

**प्रश्न : के तपाईलाई लाग्छ यसका परिणामहरु राम्रा हुन्छन्?**

शुद्ध यौन व्यावहारलाई कायम राख्नुपर्ने दश मुख्य कारणहरु :

१०. आफ्नो परिवारमा अशिषको झरी बर्षाउनुहोस् । परमेश्वरमा आज्ञाकरितापूर्वक जिउनुभएको उदाहरण र तपाईको नियत तपाईको सन्तान र अरुमा पनि सर्नेछ ।

९. शुद्ध विवेकले बाच्नुहोस् । सत्यलाई थाह गर्ने र त्यस अनुसार जिउने बानीले परमेश्वरले इच्छा गर्नुभए अनुसारको आनन्दको जीवन जिउन उत्साह दिन्छ ।

८. अनिच्छापूर्वक हुने गर्भाधारण त्याग्नुहोस् । अलग रहने बानी नै आफू वा अरु गर्भधारण गर्नबाट जोगिने १०० शत्प्रतिशत उत्तम उपाय हो ।

७. सम्बन्धलाई अझ अर्थपूर्ण बनाउँछ । यौनजन्य अशूद्ध परिणामहरुमा आफ्नो समय खर्च गर्नुभन्दा

तपाई प्रेम, भरोसा, वास्ता र इमान्दारिता जस्ता जीवनका सकारात्मक पक्षहरुलाई मजबुत बनाउन समय विताउन सक्नुहुन्छ ।

६. तपाई विवाहको उत्कृष्ट उपहार दिन सक्नुहुन्छ । तपाई आफ्नो वैवाहिक जीवनको पहिलो रात आफ्नो शुद्धताको उपहार दिन सक्नुहुन्छ । तपाईले आफ्नो पती वा पत्नीलाई अरु कसैलाई नदिएको उपहार दिन सक्नुहुन्छ ।

५. यो विवेकपूर्ण छ । परमेश्वरले तपाईको भलाईको लागि विवाह अगाडि र बैबाहिक सम्बन्ध भन्दा बाहिर गरिने यौन सम्बन्धलाई निषेध गर्नुभएको छ । यौनजन्य व्यावहारबाट शुद्ध रहनु नै परमेश्वरले तपाई र तपाईले गर्ने गलत निर्णयको कारण हुनसक्ने खराब परिणाबाट जोगाउने तरिका हो ।

४. येशूजस्तै बनिनुहोस् । उहाँलाई पूर्ण प्रेम र आदरसहित उहाँका सबै आज्ञाहरु पालन गर्नुहोस् ।

३. बुद्धिमान बन्नुहोस् र समाजले भन्ने गरेका ति झुठ कुराहरुलाई केलाउनुहोस् । यौनजन्य व्याबहारलाई शुद्ध राख्नु नै आफ्नो जीवन चरित्रलाई व्यावहारलाई शुद्ध राख्नु नै आफ्नो जीवन चरित्रलाई निर्माण गर्नु हो यो बुझ्नुपर्छ ।

२. स्वस्थ्य रहनुहोस् , तपाई आफ्नो परिवारलाई शर्रीरक र मनासिक भावनात्मक रुपमा स्वस्थ्य राख्नसक्नुहुन्छ ।

१. यो नै ठीक हो , यो राज्यको व्यावस्था अनुसार (१६बर्षभन्दा अगाडि ) कानुनी मान्यता प्राप्त छ र परमेश्वरको नैतिक नियम अनुसार पनि ठीक छ ।

व्यभिचार खीयाँ हो । यो खीया र प्रदुषणले परिवारलाई बर्बाद पारिदिन्छ । यौनजन्य व्यवहारबाट शुद्ध रहनाले जीवनका गुणस्तरलाई बढाउँछ र हाम्रो विवाह र परिवारलाई मजबुत बनाउन सहायता पुर्याउँछ ।

## पाठ # ११ ग्यास राख्ने भाडोमा लाग्ने खीयाँ (भाग-३)
## जोनले लेखेको पत्र

आज्ञा # ७
तैले व्यभिचार नगर
आफ्ना शरीर, विचार र काममा शुद्ध हुनुहोस ।

समीक्षा
गएको हप्ताको प्रश्नमाला र कण्ठ गर्ने पद

आजको पाठ पद
"..................................."(२तिमोथी १:७) ।

जीवन चरित्र
मनमा र शरीरमा शुद्धता

लेखकबाट अध्ययन अगुवाको निम्ति एक टिपोट:
यस पाठको मूलखण्ड एउटा जवान भाइले आफ्नो बुवा आमालाई लेखेको पत्रबाट लिइएको छ । यो पत्रले बताउँछ कि कसरी लागूपदार्थ र जाडरक्सीले तिनको आफ्नो साथीहरुको र परिवारिक जीवन चरित्रलाई नराम्ररी प्रभाव पारेको छ ।

यो प्रस्तुतिको निम्ति तयार गरिएको निबन्ध वा पाठ हैन तर यो हाम्रो शुद्ध रहनुको नियमित अध्ययन खण्डमा समाबेश गरिएको बाँकी भाग हो । म प्रार्थना गर्छु कि हाम्रा छोराछोरीले यस खण्ड जोनको पत्रबाट महत्वपूर्ण पाठ सिकून् ।

समीक्षा :
तपाईको कारको इन्धनमा सम्भवत् खीयाँ परेको छ । खीयाँ एक प्रकार धुलो र प्रदुषण हो जुन गएर र तपाईको इन्धन राख्ने भाँडोमा गएर थुप्रिन्छ । जब कारको पाठपुर्जा हुदै यो इन्धन बग्छ यसले खीयालाई पनि सँगसँगै लैजान्छ । यो खीयाले तपाईको कारको पाठपुर्जालाई मैलो बनाइदिन्छ र तपाईको कार विगार गरी ढिलो दौड्न थाल्छ । यसले दिक्क मात्र लगाउदैन तर यो खतरनाक पनि हुनसक्छ ।

व्यभिचार शब्द प्रदुषण फैलाउदै केही कुरालाई अशुद्ध बनाउनु भन्ने अर्थमा लिइएको शब्दबाट आएको हो । त्यसो हो भने व्यभिचार तपाईको मन र शरीरको प्रदुषण हो ।

परिचय :

आजको पाठ हाम्रो अघिल्लो पाठमा उठाइएको प्रश्न वरिपरि नै घुम्नेछ :

- तपाई आफ्नो मनमा किन खीयाँ लगाउनु वा लगाउने विचार गर्नुहुन्छ जसले तपाईको मनलाई अशुद्ध पारी दिन्छ ।
- तपाई आफ्नो शरीरमा किन खीया लगाउनु वा लगाउने विचार गर्नुहुन्छ, जस्ले तपाईको शरीरलाई हानी गर्छ ।

**प्रश्न : तपाई के कस्ता विभिन्न प्रकारका प्रदुषणबारे जान्नुहुन्छ?** (बायुप्रदुषण, जलप्रदुषण, जथाभाबीको फोहोर ) यस्ता खालका प्रदुषणले हामीले स्वासलिने हावा र पानी प्रदुषित भए जस्तै केही प्रदुषण यस्ता पनि छन् जसले तपाईको मन र शरीरलाई अशुद्ध पारीदिन्छ । व्यभिचार खीयाँ नै हो । तपाई र तपाई वरिपरि बस्ने मानिसहरुको जीवन चरित्रलाई नराम्रो प्रभाव पार्ने धुलो वा प्रदुषण मात्र हैन तर ज्यादै खतरनाक पनि हुन्छ ।

**प्रश्न : तपाईलाई आफ्नो मन वा शरीरमा खीयाँ लाग्नु दिनु किन खतरनाक हुन्छ जस्तो लाग्छ?** (यो सुन्दर तर अनौठो लाग्न सक्छ । खीया अत्यन्त आकर्षित हुन्छ र ढिलो भयो भने यो कहिल्यै नछुट्ने अम्बल बन्छ । यदि तपाईले आफ्नो बगैचामा भएको उम्रदै गरेको फूलहरुलाई ध्यानपूर्वक शुरुदेखि समय विताउनूभएको छ भने, तपाईले फूलसँगसँगै उम्रिदै बढ्दै गरेको झारपातलाई पनि देख्नुभएको छ होला । शुरुमा त झारपात पनि फूलको विरुवाजस्तै देखिन्छ तिनीहरु सानो छँदा छुट्याउनु पनि गाह्रो हुन्छ । तर तिनीहरु अलिकति ठुलो हुदै र बढ्दै जान्छ । त्यसपछि माटोमा राम्ररी जरो गाड्छ । जब तपाईलाई थाह हुन्छ कि यि सँगसँगै उम्रिएकाहरु त घाँस र इच्छा नगरिएको झारपात रहेछ । त्यसबेला यसले आफ्नो जरा जमिनमा राम्ररी गाडेको कारण उखेले र फ्याँक्नु पनि गाह्रो हुन्छ ।

बगैचाको झारपातजस्तै जब तपाईलाई थाह हुन्छ कि खीया आकर्षित छैन, र तपाईको लागि हानीकारक छ त्यसबेला यो अम्बलको विउले राम्ररी जरो गाडिसकेको हुनेछ । र तपाई यसलाई उखेलेर फाल्न समर्थ हुनुहुनेछैन ।

आजको हाम्रो पाठको मुल खण्ड एउटा जोन नाम भएका जवान भाइले लेखेको पत्रबाट लिएका छौं । जोनले आफ्नो बुवा आमालाई लेखेको पत्र हो । र यो तिनले लेखेको शब्द शब्दमा छापिएको छ । आज यो पत्र तपाई समक्ष प्रस्तुत गर्नुको उदेश्य आफ्नो शरीर र मनमा खीया लाग्न दिन किन खतरनाक छ र किन तपाई आफ्नो मन र शरीरमा शुद्ध रहनुपर्छ भनी बुझ्नलाई सहायता गर्नु हो ।

<u>जोनको पत्र :</u>

नोभेम्बर १५, १९९२
हेर्नुहोस् न यो पत्र कसरी लेख्न शूरु गर्ने मलाई नै थाह छैन । म डर, त्रास, लाज र दोषको अन्योलताको अवस्थामा छु ।

मलाई थाह छ मैले विगतमा कति पटक मलाई माफ गरिदिनुहोस्, म यो फेरी यसो गर्ने छैन इत्यादि भनिसके । मलाई यो पनि थाह छ, तपाईले यो घरिघरि सुन्दासुन्दा तपाईको कान पाकी सक्यो र तपाईले यो पत्याउनुहुने छैन । साच्चै भन्नुपर्दा म यसको दोष तपाईहरुलाई दिन चाहन्न ।

म आफ्नो बास्तविकता र यथार्थलाई स्वीकार्छु, । मैले आफ्नो स्वार्थी इच्छा र चाहनाको लागि तपाई दुबैलाई छल गरे । धोका दिए । मैले कहिल्यै पनि रक्सी खाना छोडिन । गएको २ बर्षदेखि त......मलाई माफ गर्नुहोस् । मैले यो भन्नैपर्छ मैले लागूपदार्थ लिन थालिसकेको थिए । मैले कसरी लागूपदार्थ लिन शुरु गरे । अहिले यो बताइरहनु महत्वपूर्ण छैन ।

यो पत्र लेख्नु र तपाईलाई बताउनु त केवल आत्मसंतोष र सहायता पाउने झिनो आशा मात्र हो । हुन त म कति पटक सुधार गृह पुगे तर यो मेरो लागि हो भन्ने मैले कहिल्यै सोचिन ।

हो म जड्याहा र दुर्व्यशनी हुँ । मैले आफ्नै फाईदाको लागि र आफ्नो यो रोग पालिरहनको लागि मैले चिने जानेको सबैलाई दुःख दिए । चोट पुर्याए । अब यि दुःखद र पीडादायी ३१ बर्षपछि म आफूले आफैसँग मात्र हैन तर अरुहरुसँग पनि स्वीकार्दै छु कि म रक्सी र लागूपदार्थ विना बाँच्न नसक्ने भैसकेको छु र अब मेरो जीवन पूर्णतया बर्बाद भैसकेको छ । म जाड रक्सी र लागूपदार्थबाट छुटकारा पाउन सँघर्ष गरेको तीन हप्ता भयो । मलाई ज्यादै डर लागिरहेको छ । मलाई काम ज्वरो र डरलाग्दो सपना, साथै फेरी त्यही दुर्घटना पर्छु कि जस्तो लाग्छ । म कतिपटक त छटपटाएर मरणाशन्न अवस्थामा पुगेको छु । मलाई एउटा राम्रो चिकित्सकको सहायताको खाँचो छ ।

म जान्न चाहन्छु कि म राम्रोसँग खादैछु र म आफ्नो लागि निको हुन चाहन्छु किनकि मलाई यो पनि थाह हुन छोडि सकेका थियो कि म को थिए ? मेरो लागि यो उपचार गृह बाच्ने एउटा मात्र मौका हो । म तपाईहरुलाई नयाँ बर्षको शुभकामना दिन चाहन्छु (हुन त अब बाँकी नै के छ र ) र ६ महिनापछि यो सुधारगृहको ठेगाना सहितको पत्र फेरी लेख्नेछु ।

अन्ततः तपाईहरुलाई यो थाह होस् म जिवितै छु (जे भएतापनि ) ।

तपाई छोरा : जोन

बाईबलमा दशमध्ये सातौं आज्ञाले यसो भन्छ, तैले व्यभिचार नगर्नु ( प्रस्थान २०:१४) ।
परमेश्वरले हामीलाई दश आज्ञा दिनुको एउटा कारण हामीले गरेको गलत निर्णयबाट आउने डर लाग्दो परिणामबाट हामीलाई जोगाउनु हो । एकै छिन यो सँसारको पसलमा रोकिऔं र व्यभिचार कस्तो डरलाग्दो छ हेरौं ।

## सँसारको पसल

"संसार वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर" (१यूहन्ना २:१५)

**प्रश्नः जोनले सँसारको पसलबाट रक्सी र लागूपदार्थ किन्नको लागि निर्णय गरे । तपाईलाई याद छ कि तिनले रक्सी र लागूपदार्थ लिन थालिसकेपछि के विचार गरे?** (अन्यौलता, डर, दोष, लाज )

जोनले आफ्नो परिवार र साथीहरुको जीवन खल्लो बनाउने सँसारको पसलबाट खरिद गर्ने तीन तरिकालाई हेरौं । अब तपाई कसरी सँसारको खरिद गर्नदेखि जोगिन सक्नुहुन्छ ।
खानेपिउने पर्दाथको सूचीबाट :

- सँसारको व्यनजन (खानेपिउने पर्दाथ) सूचीबाट खरीद गर्नाले तपाईको जीवन अस्तव्यस्त हुन्छ ( अव्यवस्थित ) रक्सी र लागूपदार्थले जोनको जीवनलाई नियन्त्रण गर्‍यो । तिनी रक्सी र लागूपदार्थले जे चाहन्छ त्यही गर्ने एउटा दास बने । झुठ, चोरी र अरुलाई चोट पुर्‍याउने तिनको बानीको कारण तिनले आफ्नो जीवन व्यवस्थापन गर्न सकेनन् ।
- सँसारको व्यानजन सुचीबाट खरीद गर्नाले तपाईको मन र शरीरलाई नष्ट पार्छ । जोन आफू १२ बर्षको हँदा ६ कक्षामा पढ्थे त्यसै बेलादेखि तिनले रक्सी र लागूपदाथ लिन थाले । यसको परिणाम : तिनको मनमा मस्तिष्कमा नराम्रो असर पर्‍यो । २१ बर्षपछि परमेश्वरले तिनको निम्ति के राखिदिनुभएको छ त्यो नै विर्षे । यसरी रक्सी र लागूपदार्थले तिनलाई नयाँ परिचय दियो ।: तिनी लागूपदार्थको कैदमा परे ।
- सँसारको व्यनजनसूचीबाट खरीद गर्नाले तपाईको जीवनको चरित्रमा ह्रास आउछ । तिनी कैदीको जीवन जिउन थाले । तिनको एउटा हात रक्सीको बोतलको सिक्रीले र अर्को हात लागूपदार्थको सिक्रीले बाँधिएको थियो । तिनले आफ्नो बडादिन (Christmas) डर, त्रास भय र अनिन्द्रामा सुधार गृहमा विताए तर जोनको बाबुको घरमा तिनको निम्ति ल्याएका उपहार खिष्टमस रुखको तल रहिरह्यो ।

तपाई कसरी सँसारको व्यनजन सूचीबाट मगाउन देखि बच्न सक्नुहुन्छ ।

"..................................."(गलाती ५:२२) ।

परमेश्वरको व्यनजन सूचीबाट मगाउनुहोस्

बाईबलले भन्छ, "..................................." (१यूहन्ना २:१५) ।

**प्रश्नः तपाई धर्मशास्त्रको यो पदमा खीया लाग्न सक्ने कुराबाट बचाउने के कुरा पाउनुहुन्छ?** (सँसारको व्यनजन सूचीबाट केही पनि नमगाउनुहोस् ) हुन त पहिलो चोटी हेर्दा सँसारको व्यनजन सूची राम्रो देखिन्छ तै पनि यसले जे सुकै प्रभाव पारे तापनि यसबाट छान्नुहुन्न ।

**प्रश्न : त्यसो भए, तपाईले के छान्ने त?** (परमेश्वरको व्यनजन सूचीबाट)

**प्रश्न : परमेश्वरको व्यनजन सूचीले के छान्ने अवसर दिन्छ?** (फल)
बाइबलले बताउँछ कि परमेश्वरको आत्मालाई अगुवाई गर्न दियो भने उहाँको आत्माले तपाईको जीवनमा प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई, विश्वस्तता, नम्रता र संयमको फल फलाउँछ । परमेश्वरको वचनलाई बिउ मानौँ र तपाईको मनलाई उर्बरभुमि । यदि तपाईले परमेश्वरको वचन आफ्नो मनमा रोप्नुभयो । यदि तपाईले यसलाई घरि घरि विचार गर्नुभयो त त्यसै अनुरुप जिउन थाल्नुभयो भने अहिले हामीले पढेजस्तै यसले जरो पनि गाड्नेछ र फल पनि फलाउँछ ।

परमेश्वरले तपाईलाई शुद्ध र खीयारहित जीवन जिउन सहायता गर्ने शक्ति दिनुभएको छ । तर निर्णय गर्ने जिम्मा तपाईकै हो । तपाई सँसरको व्यनजन (menu)सूचीबाट व्यभिचारको छनौट गरी अन्धकार र साङ्लाले बाँधिएको कैदमा बाच्न सक्नुहुन्छ । वा तपाई परमेश्वरको व्यनजनसूचीबाट उहाँले दिनुहुने उत्कृष्ट कुरा पाउन सक्नुहुन्छ । यो उहाँले तपाईलाई छनौट गर्ने अवसर दिनुहुन्छ ।

**प्रश्न : तपाई कुन व्यनजनसूचीबाट किन्नुहुन्छ?**

## पाठ # १२ -परमेश्वर साँच्चीनै हुनुहुन्छ भनी कसरी थाहा गर्ने? (भाग १)

आज्ञा # १
मेरो सामने तैले अरु कुनै देवतादेवीहरु नमान्नु
(अरुलाई भन्दा परमेश्वरलाई प्रशन्न पार्नुहोस)

समीक्षा

गत हप्ताको प्रश्नमाला र कण्ठगर्ने पद

आजको पाठ पद

"..................................." (रोमी १:१९,२०)।

जीवन चरित्र

परमेश्वरमथिको विश्वास

छलफलका लागि प्रश्न

**तपाई किन बाइबल अध्ययनमा आउनुभयो?** (परमेश्वर र उहाँ हामीले कसरी जिउनुभएको चाहनुहुन्छ सो सिक्न )

परिचय :

परमेश्वरले पहिलो आज्ञामा भन्नुभयो, "..................................."(प्रस्थान २०:३)।

केही मानिसहरु भन्छन् म जबसम्म परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण भेटाउदिन उहाँमा विश्वास गर्दिनँ। चार्ल्स डारविन, जसले प्रकृतिक छनौट वा क्रम विकाशको सिद्धान्तलाई विकास गरे। तिनले भने : "पहिले मलाई यो नै सत्य हो जस्तो लाग्ने पुराने प्रकृतिकमाथिको बहस अब असफल भएको छ, अब त प्राकृतिक छनौटको सिद्धान्तको उदय भएको छ।"
"विराट दृष्य (भव्य प्राकृतिक दृष्य ) जसले सधै मेरो मनलाई रोमान्चित बनायो, र यो घनिष्ट रुपमा परमेश्वरमथिको विश्वासमा आधारित थियो, यो भव्य अवर्णिय दृष्य भन्दा फरक थिएन हुन त यो हाम्रो बौद्धिक ज्ञानको हिसाबले व्याख्या गर्नु कठिन छ, न त परमेश्वरको अस्तित्वको विषयमा यो भन्दा बढी तर्क नै गर्न सकिन्छ।

### परमेश्वर हुनुहुन्छ भनी तपाई कसरी थाह गर्नुहुन्छ ?

खण्ड : प्रस्थान १९:१६-१९, २०:१-३

परमेश्वरलाई देखेर विश्वास गर्नु त सजिलै हुन्छ। अकाशको गर्जन र विजुली चम्काहट, बाक्लो बादल र धुवाँ अनि पहाडको डरलाग्दो भुकम्प र तुरहीको ठुलो गर्जन। आफ्नो मध्यमा परमेश्वरको उपस्थिति

र शाक्तिको गवाही दिने इस्राएलीहरुको लागि परमेश्वरमा विश्वास गर्ने यो नै पर्याप्त कारण थियो । इस्राएलका मानिसहरुले आफ्नै आँखाले परमेश्वरको प्रमाण दिएका थिए ।

**प्रश्न : आजको दिन यदि कसैले तपाईलाई परमेश्वर हुनुहुन्छ भने त्यसको गवाही देउ भनी प्रश्न सोधे तपाई के भन्नुहुन्छ?**
परमेश्वर हुनुहुन्छ भन्ने कुराको तर्किक प्रमाण :
"..................................."(रोमी १:१९,२०) ।

**प्रश्नः परमेश्वरले आफैलाई स्पष्टसँग प्रकट गराउनु भएको छ भनी बाईबलले के बताउँछ?** (हामीले जे देख्न सक्छौं त्योद्वारा ) बाईबलले भन्छ आफ्नो वरिपरि भएका सबैथोक हेर, परमेश्वर हुनुहुन्न भनी विश्वास नगर्ने तिम्रो निम्ति वहाना छैन ।

तार्किक प्रमाणका केही ठोस यात्रालाई हेरौं :

विश्व जगत
"..................................."(भजनसँग्रह १९:१-४) ।

**प्रश्न : विश्व जगतमा परमेश्वर हुनुहुन्छ भन्ने तपाई कुन प्रमाण पाउनुहुन्छ?** (विश्व जगतमा भएका देखिने व्यवस्थित प्रणालीः तारा, नक्षत्र, ग्रहहरु )

- विश्व जगतमा घट्ने श्रृखलाबद्ध घटनाक्रमहरु । तारा वरिपरि निरन्तर घुमिरहने ग्रह, ग्रह वरिपरि निरन्तर घुमिरहने चन्द्रमा, घरीघरी नक्षत्रमा देखिने लाम्पुच्छे तारा, नयाँ ताराको जन्म र पुरानो ताराको मृत्यु
- यि प्रत्येक घटनाहरुको कारण र शुरुवात छ
- त्यसैकारण विश्व जतको पनि कारण र शुरुआत छ
- विश्व जगतको शुरुआतको पनि कारण छ - श्रृष्टिकर्ता परमेश्वर

पृथ्वीको बनौट :
"..................................."( हितोपदेश ८:२५-२९) ।

**प्रश्न : पृथ्वीको बनौटको कुन प्रमाणले परमेश्वर हुनुहुन्छ भनि बताउँछ?** (पृथ्वीको बनौटले जीवनलाई सम्भव बनाएको छ )

- अद्बितिय पानीको मात्राले जीवनलाई सम्भव तुल्याएको छ
- पृथ्वीको आकारले हामी बस्ने बातावरणलाई राम्ररी मिलाएको छ । यदि पृथ्वीको आकार अलिकति पनि सानो भएको भए पनि बस्ने वातावरण असम्भव हुनेथियो ।

- यदि पृथ्वी अलिकति ठुलो भएको भए, अत्याधिक तापको कारण पृथ्वीमा जीवन असम्भव हुने थियो ।
- पृथ्वी र सूर्यको सन्तुलित दुरीको कारणमात्र सम्भावित जीवन भन्दा न ता ज्यादै चिसो न त ज्यादै तातो छ ।

<u>मानिस :</u>
"………………………………"(भजनसँग्रह ४६:१०) ।

**प्रश्न : परमेश्वर हुनुहुन्छ भनी बताउने मानिसहरुले गर्ने विश्वासहरु के के हुन्?** ( परमेश्वर हुनुहुन्छ भन्ने विश्वव्यापी मान्यता विश्वास आधारित छ) । विश्व भरि गरिएको एक अध्ययनले, एक लास ठाउँमा बस्ने जनजाती लगायत सबैमा एउटा समान विश्वास गर्छन र एउटा शक्तिशाली परमेश्वर हुनुहुन्छ भन्ने पुरानो परम्परा रहिआएको छ ।

<u>नैतिक शिक्षा, व्यवस्था र कानुन :</u>
"………………………………"(होशे १४:९) ।

- सँसारको कुनै पनि सँस्कृति बिना नियम जन्मिएको छैन । केही नियमहरु विश्वव्यापी छन् । उदाहरणको लागि हत्याको विरुद्धमा कानुन वा बालबालिका विरुद्धको हिँसा बिरोधी कानून
- विभिन्न सँस्कृतिमा विभिन्न कालखण्डदेखि मानिदै आएका नैतिक कानून छ भने पहिले त यो नैतिक कानुन दिने कोही एक जना हुनुपर्छ, र यो मानिसको पहिले नैतिक कानून नै हुनुपर्छ ।

## <u>जीवनको सृष्टि</u>

(उत्पत्ति १:२१)

(भजनसँग्रह १३९:१३,१४)

**प्रश्न: जीवनमा परमेश्वर हुनुहुन्छ भनी बताउने कुन प्रमाण तपाई पाउनुहुन्छ?** ( जीवनको आफ्नै नमूना र जटिलता छ )

- सानो बच्चा हुर्कदैं जाँदा प्रत्येक कोषहरुले फरक भूमिका खेल्छ । लाखौ करोडौं कोषहरुलाई म कहाँ <u>बस्नुपर्छ र के गर्नुपर्छ थाह हुन्छ ।</u> पहिले नशा कोषको निर्माण हुन्छ जसले अरु कोषहरुलाई कहाँ र के गर्नुपर्छ भनी निर्देशन दिन्छ ।

- अणुहरुको समिश्रणले परमाणु बन्छ । लगभग ३००० अणुहरुको समिश्रणबाट एउटा विशेष रसायनिक परमाणु बन्छ । यसरी यि ३००० अणुहरु एकआपसमा ठोकिन्दा सँयोग बस २.०२ गुण १० (२३१) अनुपातमा परमाणुको सिर्जना हुन्छ ।

- ठीक मात्रामा समिश्रण मिलोस भनी तिनीहरुलाई एकआपसमा ठोकिने अत्याधिक मौका होस भन्दै अणुहरुलाई एउटा भाँडोमा हाली प्रकाशको गतिमा थर्काउदै हल्लाउने हो भने पनि जीवनको लागि चाहिने रसायनिक परमाणु बनिन १० (२३४) लाख बर्ष लाग्छ ।
- पृथ्वी कति बर्ष भयो भनि अनुमान गरिएको मध्ये धेरैले २ देखि ५ खर्ब बर्ष भनि मान्छन् । कतिले भने यो भन्दा कम समय हुनुपर्छ भनी मान्छन् । पृथ्वी जति सुकै बर्षको किन नहोस तर एउटा तथ्य भने निश्चित छ, एउटै परमाणु बनिन पनि निश्चित नभएको अवस्थामा ति खरबौं परमाणुको समिश्रण र ठक्कर खाने प्रक्रियाले जीवनको शुरुवातलाई एउटा सँयोग मात्र मान्न सकिन्न ।

धेरै बर्ष भएको छैन, धेरैले जीवन बिना कुनै कारण स्त्रस्फूर्तरुपमा शुरु भएको भनी विश्वास गर्छन् । तर लुइस पाश्चरको बैज्ञानिक खोजले जीवनबाट मात्र जीवनको शुरुवात हुनसक्छ भनी देखाएको छ । यसको अर्थ एउटा बौद्धिक जीवनले मात्र अर्को जीवनको आरम्भ हुनसक्छ । जसरी विश्वजगतको पहिलो घट्ना हुनुमा एउटा कारण थियो, त्यसै गरी पहिलो जीवन पनि श्रृष्टिकर्ताद्धारा हुनअयो ।

## येशू ख्रीष्ट

“…………………………………………………………” (यूहन्ना १:१४)

परमेश्वर हुनुहुन्छ भनी स्पष्टसँग जान्ने एउटै मात्र प्रमाण येशूखीष्ट हुनुहुन्छ । यि अरु सबै भर्खरै हामीले गरेका कूराहरु हुन आउने कुराको सँकेत मात्र हो । यि सत्यतालाई निश्चित गराउने प्रमाण येशूको जन्म, जीवन मृत्यु र पुनरुत्थान नै हो ।

**प्रश्नः यदि कसैले तपाईलाई किन परमेश्वरमाथि विश्वास गर्नुहुन्छ भनी सोध्यो भने तपाई के जवाफ दिनुहुन्छ?** (प्राकृतिक बनौट र श्रृष्टि , विश्वजगत्मा भएको प्रणाली सबै मानिसमा भएको परमेश्वरप्रतिको विश्वाब्यापी विश्वास, विश्वब्यापी नैतिक शिक्षा, कानुन जीवन आफै पनि )

**प्रश्नः परमेश्वर हुनुहुन्छ भनि प्रमाण दिने हाम्रो उत्कृष्ट जवाफ के हुनसक्छ?** ( येशूखीष्ट स्वयँम )

येशूले परमेश्वर हुँ भनि घोषण गर्नुभयो । के उहाँ हो र? हामी हाम्रो आउने पाठमा येशूको घोषणलाई बिस्तार रुपमा हेर्नेछौं ।

## पाठ # १३-के येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ?

आज्ञा # २

### मेरो सामने तैले अरु कुनै देवतादेवीहरु नमान्नु

(अरुलाई भन्दा परमेश्वरलाई प्रशन्न पार्नुहोस)

गृहकार्य समीक्षा

**प्रश्नमाला र काण्ठ गर्नुपर्ने पद**

आजको पाठ पदः "..........................................................." (१पत्रुस ३:१५)

जीबनको चरित्र

**सत्यतामाथिको आस्था र विश्वास**

**परिचयः**

धेरै बर्ष पहिले श्रद्धेय विल्ली ग्राहमद्धारा मेरो ह्दयमा निर्णयको विउँ रोपिएको थियो । उहाँ माइने हामी बस्ने गृहनगरमा गर्मीको सप्ताहिक छुट्टी बिताउन हामी कहाँ आउनुभयो । एक दिन मैले उहाँलाई समुन्द्र किनारमा अवस्थित सन्त आनको मण्डलीमा प्रचार गरेको देखे । एक दिन हामीले समुन्द्रको उष्ण तापमा निथ्रुकै भिज्दै खाना खाएका थियौं । एक दिन मेरो बुवाले विललाई हाम्रो सप्ताह अन्तको ठूलो पारिवरिक भेटघाट हुँदा प्रश्न सोध्ने र उत्तर दिने गरौं हैं भनि अग्रह गर्नुभयो । तिनी त्यस बेलुकी आगोको नजिक बस्नु भई बोल्न थाल्नुभयो । तिनले भनेको कुराले मेरो ह्रदयमा परिवर्तनको झिल्का बल्यो । मलाई ठ्याकै त्यही शब्द त थाह छैन तर तिनको उदाहरणमा शक्ति थियो । तिनको नम्र र प्रेमिलो ब्याबहारले प्रभु स्पष्टसँग झल्कीनुभयो ।

अर्को दिन हामी हिड्दै कुराकानी गर्दै एउटा स्थलसम्मा पुग्यौ र मलाई थाहभयो कि म कुनै महान् ब्याक्तिको उपास्थितिमा थिए । तिनी चुम्बक जस्तै थिए, म केही फरक कुराको खोजमा भएझै तिनीतर्फ खिचिदैं गए । तिनले प्रशँसाको प्रबचन मात्र दिएनन्, तर तिनले न्यानेपन र वास्ता देखाए । विल्लीग्रहमले मेरो प्राणमा रायोको विउँ छरिदिनुभयो, र त्यो विउँ बर्षै पिच्छे बढ्दै गयो । तिनले मलाई मार्गमा डोर्याए, र म हिड्न थाले । यो मेरो जीवनको परिवर्तनको आरम्भ थियो । म एउटा धार्मिक ब्याक्ति थिए, मैले नियमित मण्डलीमा उपस्थित हुन्थे, शनिबारे बालसँगतिमा पढाए, र बेदीमा सेवा गर्ने केटाको भूमिका पनि निभाए । तर त्यो हप्ता मेरो विश्वासले नयाँ अर्थ पायो । यो मेरो जीवनको नयाँ आध्याय थियो, तबदेखि मैले आफ्नो हृदय येशू ख्रीष्टलाई समर्पण गरे ।

(यो खण्ड जर्ज डब्लू ब्रुसको पुस्तक ''बचाउने आदेश''(मोरो),अध्याय १०,पृष्ठ १३६ बाट लिइएको हो ।)

## पृष्ठभूमि

**के सबै धर्म उस्तै हुन्?** (हैन)

**प्रश्नः ईसाइयत वा खीष्टियान विश्वासलाई केले अरु सबै धर्महरु भन्दा फरक बनाउँछ?** (येशुले आफैलाई परमेश्वर घोषणा गर्ने कुराले ) धर्महरु परमेश्वरलाई रिझाउने प्रयास हो, आफ्नै प्रयासमा स्वर्ग पुग्ने विश्वास गर्नु हो । ईसाइयत येशू खीष्टसँग गरिएको नितान्त व्यक्तिगत सम्बन्ध हो । एउटा खिष्टियानको हैसियतले तपाई र म येशूको शिक्षा पालन गर्न बोलाइएका हौं ।

**प्रश्नःके कूराले येशूलाई अरु धार्मिक अगुवाहरु भन्दा फरक बनाउँछ?** (येशूले आफैंलाई ईश्वर भनी घोषण गर्नुभयो ) विश्वका प्राय सबै मुख्य धर्महरुमा धर्म प्रबर्तकहरुले परमेश्वरको शिक्षाहरुलाई पच्छ्याऔं भनी सिकाए । तर येशूले मात्र आफैलाई परमेश्वर हुँ भनि बताए ।

<u>येशूले आफैलाई परमेश्वरको पुत्र भनि घोषणा गर्नुभयो ।</u>

येशू पक्राउ पर्नुभयो र प्रधानपुजाहारी केफास कहाँ लगियो, त्यहाँ अरु थप्रै ब्यबस्थापकहरु, शिक्षकहरु र धर्मगुरुहरु जम्मा भएका थिए । प्रधानपुजाहारीहरु र सान्हेद्रिन (यहूदीहरुको सर्बोच्च अदालत) ले पनि येशूको विरुद्धमा कुनै प्रमाणहरु जुटाउन खोजी गरेका थिए ताकि येशूलाई मृत्युदण्ड मिलोस् ।

"......................................................" (मत्ती २६:६३-६४)

येशूले आफैलाई परमेश्वरसँग सम्बन्ध स्थापनाको एउटै मात्र मार्ग, पाप पश्चातपको एउटै मात्र श्रोत,र मुक्तिको एउटा मात्र बाटो भनी प्रस्तुत गर्नुभयो । त्यसैकरण पनि यहूदी धर्मगुरुहरु येशूसँग डराउथैं, साथै उहाँलाई तुच्छ ठान्थे । त्यसैकरण तिनीहरुले उहाँलाई मारे । हामीले पढ्ने धर्मशास्त्रको अर्को पदमा, येशूको अपराध भनेकै आफैलाई परमेश्वर भनी घोषणा गरी ईश्वर निन्दाको दोष पाइएको कूरालाई हेर्नेछौं ।

येशू आफूले गरेको कूराले हैन तर जो हुनुहुन्थ्यो त्यही भएको कारणले मारिनुभएको हो ।

<u>येशूले आफैलाई परमेश्वर समान तुल्याउनुभयो ।</u>

"...........................................................................।" ( येहून्ना १०:३०-३३ )

<u>येशूले परमेश्वर हुँ भनि घोषणा गर्नुभयो ।</u>

याद गर्नुहोस् त, जब उजाड. स्थानमा परमेश्वर बलिरहेको पोथ्राद्धारा देखापर्नुभयो र मोशासँग बातचित गर्नुभएको थियो ? मोशाले परमेश्वरलाई भने, "....................................।" ( प्रस्थान ३:१३ र १४ )

परमेश्वरले मेरो नाम " म हुँ " भनी बताउनुभएको कूरालाई याद गर्नुहोस् त, यहाँ येशूले पनि ति यहूदी धर्मगुरुहरुलाई आफ्नो यो वचनद्धारा म नै परमेश्वर हुँ भनी बताईरहेका छन्,
"..............................." ( यहून्ना ८:५८ ) ।

**प्रश्नःयेशूले उहाँको कुन् कुरामा स्पष्ट भएको चाहनुहुन्छ?** ( उहाँ परमेश्वर हुनुहुन्छ )।

**प्रश्नःयेशूले आफैलाई परमेश्वर भनी घोषणा गर्नूभएको कुरा सत्य हो भनी तपाई कसरी थाह गर्नुहुन्छ?** येशूले हामीलाई दुईवटा विकल्प छोडीदिनुभएको छ :

१. उहाँको घोषणाहरु असत्य छन्

२. उहाँको घोषणाहरु सत्य छन्

**<u>यदि येशूको घोषणाहरु असत्य हुन् भने :</u>**

यदि येशूका घोषणाहरु असत्य वा झुटा हुन् भने उहाँ परेश्वर नै हुनुभएन, यदि यसो हो भने यहाँ दुई विकल्पहरु छन् :

१. येशूलाई आफ्नो घोषणाहरु असत्य हुन् भनी थाहा थियो ।

२. येशूलाई आफ्नो घोषणाहरु असत्य वा झुटा हुन भनी थाह थियो ।

१. येशूले म परमेश्वर हुँ भनी गर्नुभएको घोषणा असत्य हो भनी येशूलाई थाह थियो । यदि यो सत्य हो भने :

**प्रश्नः यसले येशूलाई कसरी झुठा भनी साबित गर्छ?** (येशूलाई थाह थियो, उहाँ परमेश्वर हुनुहुन्थ्यो । )

**प्रश्नः यसले येशूलाई कसरी कपटी भनी साबित गर्छ?** (उहाँले अरुहरुलाई इमान्दारिताको शिक्षा दिनुभयो तर आफैले भनी झूठ बोल्नुभयो )

यसले येशूलाई कसरी दुष्ट भनी साबित गर्छ ? येशूले अरुहरुलाई आनन्त राज्यको हकदार बन्नु आफूमाथि भरोसा गर्नुपर्छ भनी सिकाउनुभयो । यदि म परमेश्वर हुँ भन्ने उहाँको दाबी असत्य थियो र यो उहाँलाई थाह थियो भने, यो अत्यन्त दुष्टकार्य बाहेक केही होइन ।

**प्रश्नः यसले येशूलाई कसरी मूर्ख भनी साबित गर्छ ?** येशूले म परमेश्वर हुँ भनी गरेको घोषणाले आफैलाई क्रूसको मृत्युमा पुर्‍यायो ।

२. येशूलाई आफ्नो घोषणा असत्य हो भनी थाह थिएन । यदि यसो हो भनेः

**प्रश्नः यसले येशूलाई कस्ता खालको बौलाहापन भनि साबित् गर्छ?** ( तपाई परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नु एउटा कुरा हो, तर परमेश्वरमा हुनुपर्ने सबै गुणहरु पाइनु र निरन्तर येशुले जस्तै ति सबै गुणहरुलाई देखाईदिनु अर्को कुरा हो । हामी येशूको कुनै पनि त्यस्तो चरित्र पाउदैनौं जसले येशूलाई बौलाहा भनि साबित् गरोस् ।

यदि येशूका घोषणाहरु सत्य हुन भने :

यदि येशूले म परमेश्वर हुँ भनी गर्नुभएको घोषणा सत्य हुन भने उहाँ जे हुँ भनी भन्नुभयो उहाँ त्यही हुनुहुन्छ । उहाँ परमेश्वर हुनुहुन्छ । यदि यसो हो भने, हाम्रा निम्ति विश्वासका दुई विकल्पहरु छन् :

१. येशूलाई प्रभु र मुक्तिदाता भनी स्वीकार्नु

२. उहाँलाई इन्कार गर्नु र यसका परिणामलाई भोग्न तयार रहनु

**प्रश्नः तपाई येशूलाई को हो भनी विश्वास गर्नुहुन्छ?** के तपाई येशूलाई झुठा भनी मानी लिनुहुन्छ? तपाई येशूलाई एक बौलाहा मानिस भनी मान्नुहुन्छ? अथवा उहाँले आफ्नो बारेमा जे भन्नुभयो त्यही हो भनि विश्वास गर्नुहुन्छ?

म विश्वास गर्छु अहिलेसम्माका सबै प्रमाणहरुले येशू परमेश्वरको पुत्र हो भनी प्रमाणित गर्छ,, येशू परमेश्वर समान् हुनुहुन्छ येशू नै परमेश्वर हुनुहुन्छ । के यसका कुनै अरु प्रमाणहरु पनि छन् तँ ? छ येशूको पुनरुत्थान ।

## पाठ # १३-के येशू खीष्ट परमेश्वर हुनुहुन्छ?

आज्ञा # २

## मेरो सामने तैले अरु कुनै देवतादेवीहरु नमान्नु

(अरुलाई भन्दा परमेश्वरलाई प्रशन्न पार्नुहोस)

गृहकार्य समीक्षा

**प्रश्नमाला र काण्ठ गर्नुपर्ने पद**

आजको पाठ पदः "..........................................................................." (१पत्रुस ३:१५)

जीबनको चरित्र

**सत्यतामाथिको आस्था र विश्वास**

**परिचयः**

धेरै बर्ष पहिले श्रद्धेय विल्ली ग्राहमद्धारा मेरो ह्दयमा निर्णयको विउँ रोपिएको थियो । उहाँ माइने हामी बस्ने गृहनगरमा गर्मीको सप्ताहिक छुट्टी बिताउन हामी कहाँ आउनुभयो । एक दिन मैले उहाँलाई समुन्द्र किनारमा अवस्थित सन्त आनको मण्डलीमा प्रचार गरेको देखे । एक दिन हामीले समुन्द्रको उष्ण तापमा निथ्रुकै भिज्दै खाना खाएका थियौं । एक दिन मेरो बुवाले विललाई हाम्रो सप्ताह अन्तको ठूलो पारिवरिक भेटघाट हुँदा प्रश्न सोध्ने र उत्तर दिने गरौं हैं भनि अग्रह गर्नुभयो । तिनी त्यस बेलुकी आगोको नजिक बस्नु भई बोल्न थाल्नुभयो । तिनले भनेको कुराले मेरो ह्रदयमा परिवर्तनको झिल्का बल्यो । मलाई ठ्याकै त्यही शब्द त थाह छैन तर तिनको उदाहरणमा शक्ति थियो । तिनको नम्र र प्रेमिलो ब्याबहारले प्रभु स्पष्टसँग झल्कीनुभयो ।

अर्को दिन हामी हिड्दै कुराकानी गर्दै एउटा स्थलसम्मा पुग्यौ र मलाई थाहभयो कि म कुनै महान् ब्याक्तिको उपास्थितिमा थिए । तिनी चुम्बक जस्तै थिए, म केही फरक कुराको खोजमा भएझै तिनीतर्फ खिचिदैं गए । तिनले प्रशँसाको प्रबचन मात्र दिएनन्, तर तिनले न्यानेपन र वास्ता देखाए ।

विल्लीग्रहमले मेरो प्राणमा रायोको विउँ छरिदिनुभयो, र त्यो विउँ बर्षै पिच्छे बढ्दै गयो । तिनले मलाई मार्गमा डोऱ्याए, र म हिड्न थाले । यो मेरो जीवनको परिवर्तनको आरम्भ थियो । म एउटा धार्मिक ब्याक्ति थिए, मैले नियमित मण्डलीमा उपस्थित हुन्थे, शनिबारे बालसँगतिमा पढाए, र बेदीमा सेवा गर्ने केटाको भूमिका पनि निभाए । तर त्यो हप्ता मेरो विश्वासले नयाँ अर्थ पायो । यो मेरो जीवनको नयाँ आध्याय थियो, तबदेखि मैले आफ्नो हृदय येशू खीष्टलाई समर्पण गरे ।

(यो खण्ड जर्ज डब्लू ब्रुसको पुस्तक ‘‘बचाउने आदेश’’(मोरो),अध्याय १०,पृष्ठ १३६ बाट लिइएको हो ।)

## पृष्ठभूमि

**के सबै धर्म उस्तै हुन्?** (हैन)

**प्रश्नः ईसाइयत वा खीष्टियान विश्वासलाई केले अरु सबै धर्महरु भन्दा फरक बनाउँछ?** (येशुले आफैलाई परमेश्वर घोषणा गर्ने कुराले ) धर्महरु परमेश्वरलाई रिझाउने प्रयास हो, आफ्नै प्रयासमा स्वर्ग पुग्ने विश्वास गर्नु हो । ईसाइयत येशू खीष्टसँग गरिएको नितान्त व्यक्तिगत सम्बन्ध हो । एउटा खिष्टियानको हैसियतले तपाई र म येशूको शिक्षा पालन गर्न बोलाइएका हौं ।

**प्रश्नःके कूराले येशूलाई अरु धार्मिक अगुवाहरु भन्दा फरक बनाउँछ?** (येशूले आफैंलाई ईश्वर भनी घोषण गर्नुभयो ) विश्वका प्राय सबै मुख्य धर्महरुमा धर्म प्रबर्तकहरुले परमेश्वरको शिक्षाहरुलाई पच्छ्याऔं भनी सिकाए । तर येशूले मात्र आफैलाई परमेश्वर हुँ भनि बताए ।

<u>येशूले आफैलाई परमेश्वरको पुत्र भनि घोषणा गर्नुभयो ।</u>
येशू पक्राउ पर्नुभयो र प्रधानपुजाहारी केफास कहाँ लगियो, त्यहाँ अरु थप्रै ब्यबस्थापकहरु, शिक्षकहरु र धर्मगुरुहरु जम्मा भएका थिए । प्रधानपुजाहारीहरु र सान्हेद्रिन (यहूदीहरुको सर्बोच्च अदालत) ले पनि येशूको विरुद्धमा कुनै प्रमाणहरु जुटाउन खोजी गरेका थिए ताकि येशूलाई मृत्युदण्ड मिलोस् ।
"......................................................" (मत्ती २६:६३-६४)
येशूले आफैलाई परमेश्वरसँग सम्बन्ध स्थापनाको एउटै मात्र मार्ग, पाप पश्चातपको एउटै मात्र श्रोत,र मुक्तिको एउटा मात्र बाटो भनी प्रस्तुत गर्नुभयो । त्यसैकरण पनि यहूदी धर्मगुरुहरु येशूसँग डराउथेँ, साथै उहाँलाई तुच्छ ठान्थे । त्यसैकरण तिनीहरुले उहाँलाई मारे । हामीले पढ्ने धर्मशास्त्रको अर्को पदमा, येशूको अपराध भनेकै आफैलाई परमेश्वर भनी घोषणा गरी ईश्वर निन्दाको दोष पाइएको कूरालाई हेर्नेछौं ।
येशू आफूले गरेको कूराले हैन तर जो हुनुहुन्थ्यो त्यही भएको कारणले मारिनुभएको हो ।

<u>येशूले आफैलाई परमेश्वर समान तुल्याउनुभयो ।</u>
"........................................................................।" ( येहून्ना १०:३०-३३ )

<u>येशूले परमेश्वर हुँ भनि घोषणा गर्नुभयो ।</u>
याद गर्नुहोस् त, जब उजाड. स्थानमा परमेश्वर बलिरहेको पोथ्राद्धारा देखापर्नुभयो र मोशासँग बातचित गर्नुभएको थियो ? मोशाले परमेश्वरलाई भने, "....................................।" ( प्रस्थान ३:१३ र १४ ) परमेश्वरले मेरो नाम " म हुँ " भनी बताउनुभएको कूरालाई याद गर्नुहोस् त, यहाँ येशूले पनि ति यहूदी धर्मगुरुहरुलाई आफ्नो यो वचनद्धारा म नै परमेश्वर हुँ भनी बताईरहेका छन्,
"..............................." ( यहून्ना ८:५८ ) ।

**प्रश्नःयेशूले उहाँको कुन् कुरामा स्पष्ट भएको चाहनुहुन्छ?** ( उहाँ परमेश्वर हुनुहुन्छ )।

**प्रश्नःयेशूले आफैलाई परमेश्वर भनी घोषणा गर्नूभएको कुरा सत्य हो भनी तपाई कसरी थाह गर्नुहुन्छ?** येशूले हामीलाई दुईवटा विकल्प छोडीदिनुभएको छ :

१. उहाँको घोषणाहरु असत्य छन्
२. उहाँको घोषणाहरु सत्य छन्

**<u>यदि येशूको घोषणाहरु असत्य हुन् भने :</u>**

यदि येशूका घोषणाहरु असत्य वा झुटा हुन् भने उहाँ परेश्वर नै हुनुभएन, यदि यसो हो भने यहाँ दुई विकल्पहरु छन् :

१. येशूलाई आफ्नो घोषणाहरु असत्य हुन् भनी थाहा थियो ।
२. येशूलाई आफ्नो घोषणाहरु असत्य वा झुटा हुन भनी थाह थियो ।

१. येशूले म परमेश्वर हुँ भनी गर्नुभएको घोषणा असत्य हो भनी येशूलाई थाह थियो । यदि यो सत्य हो भने :

**प्रश्नः यसले येशूलाई कसरी झुठा भनी साबित गर्छ?** (येशूलाई थाह थियो, उहाँ परमेश्वर हुनुहुन्थ्यो । )

**प्रश्नः यसले येशूलाई कसरी कपटी भनी साबित गर्छ?** (उहाँले अरुहरुलाई इमान्दारिताको शिक्षा दिनुभयो तर आफैले भनी झूठ बोल्नुभयो )
यसले येशूलाई कसरी दुष्ट भनी साबित गर्छ ? येशूले अरुहरुलाई आनन्त राज्यको हकदार बन्नु आफूमाथि भरोसा गर्नुपर्छ भनी सिकाउनुभयो । यदि म परमेश्वर हुँ भन्ने उहाँको दाबी असत्य थियो र यो उहाँलाई थाह थियो भने, यो अत्यन्त दुष्टकार्य बाहेक केही होइन ।
**प्रश्नः यसले येशूलाई कसरी मूर्ख भनी साबित गर्छ ?** येशूले म परमेश्वर हुँ भनी गरेको घोषणाले आफैलाई क्रूसको मृत्युमा पुर्‍यायो ।
२. येशूलाई आफ्नो घोषणा असत्य हो भनी थाह थिएन । यदि यसो हो भने:

**प्रश्नः यसले येशूलाई कस्ता खालको बौलाहापन भनि साबित् गर्छ?** ( तपाई परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नु एउटा कुरा हो, तर परमेश्वरमा हुनुपर्ने सबै गुणहरु पाइनु र निरन्तर येशुले जस्तै ति सबै गुणहरुलाई देखाईदिनु अर्को कुरा हो । हामी येशूको कुनै पनि त्यस्तो चरित्र पाउदैनौं जसले येशूलाई बौलाहा भनि साबित् गरोस् ।

यदि येशूका घोषणाहरु सत्य हुन भने :

यदि येशूले म परमेश्वर हुँ भनी गर्नुभएको घोषणा सत्य हुन भने उहाँ जे हुँ भनी भन्नुभयो उहाँ त्यही हुनुहुन्छ। उहाँ परमेश्वर हुनुहुन्छ। यदि यसो हो भने, हाम्रा निम्ति विश्वासका दुई विकल्पहरु छन् :

१. येशूलाई प्रभु र मुक्तिदाता भनी स्वीकार्नु

२. उहाँलाई इन्कार गर्नु र यसका परिणामलाई भोग्न तयार रहनु

**प्रश्नः तपाई येशूलाई को हो भनी विश्वास गर्नुहुन्छ?** के तपाई येशूलाई झुठा भनी मानी लिनुहुन्छ? तपाई येशूलाई एक बौलाहा मानिस भनी मान्नुहुन्छ? अथवा उहाँले आफ्नो बारेमा जे भन्नुभयो त्यही हो भनि विश्वास गर्नुहुन्छ?

म विश्वास गर्छु अहिलेसम्माका सबै प्रमाणहरुले येशू परमेश्वरको पुत्र हो भनी प्रमाणित गर्छ,, येशू परमेश्वर समान् हुनुहुन्छ येशू नै परमेश्वर हुनुहुन्छ। के यसका कुनै अरु प्रमाणहरु पनि छन् तँ ? छ येशूको पुनरुत्थान।

## पाठ # १४ के येशू ख्रीष्ट परमेश्वर कहाँ पुग्ने एक मात्र बाटो हुनुहुन्छ?

आज्ञा # २

**मेरो सामने तैले अरु कुनै देवतादेवीहरु नमान्नु**

(अरुलाई भन्दा परमेश्वरलाई प्रशन्न पार्नुहोस)

यो पाठ रिक बेस्लीको सम्झानामा लेखिएको हो, जसले जीवनका थुप्रै सवालहरुको जवाफ खोज्न सहायता गरे ।

गृहकार्य समीक्षा

प्रश्नमाला  र कण्ठ गर्नुपर्ने पद.

आजको पाठ पद.

“............................................................” (यहून्ना १४:६ ) ।

जीवन चरित्र

सत्यता आधारित आस्था वा विश्वास

समीक्षा

यदि तपाईले येशूले आफ्नो विषयमा गर्नुभएको घोषणालाई नियाल्नुभयो भने उहाँले तपाईलाई आफ्ना् विषयमा जे बोल्नुभयो त्यही हो भनी विश्वास गर्नुहोस भनी चाहनुभएको पाउँछौं । येशूले म परमेश्वर हूँ भनी घोषणा गर्नुभयो ।

यस कूराले हामीलाई छनौट गर्नुपर्ने दुई विश्वासका आधारहरु छोडिराख्छ :

१. उहाँका घोषणाहरु झुठा हुन्

२. उहाँका घोषणाहरु सत्य हुन्

यदि येशूका घोषणाहरु असत्य झुठा मान्ने हो भने :

१. येशूलाई थाहा थियो, उहाँका आफ्ना घोषणाहरु झुठा हुन र म झुठ मात्र बोल्दैछु ।

२. येशूलाई म परमेश्वर हुँ भन्ने सोचले भ्रमित (बौलाहा ) बनाएको थियो ।

यही येशूका घोषणाहरु सत्य हुन् भने येशुले, “म जे हुँ” भनी बोल्नुभयो उहाँ त्यही हुनुहुन्छ । उहाँ परमेश्वर हुनुहुन्छ ।

**परिचय :**

**प्रश्नः पुनरुत्थान किन यति महत्वपूर्ण छ?** ( किनभने, येशू ख्रीष्टको पुनरुत्थानमा नै इसाइयत विश्वास स्थिर रहन्छ वा पतन हुन्छ ) ।

येशूले आफ्नो विषयमा धेरै घोषणाहरु गर्नुभयो । धेरै पटक येशूले आफ्नै मृत्यू र तेस्रो दिनमा बौरि उठ्ने विषयमा बताउनुभयो । यदि येशू आफूले भने जस्तै मृत्यूबाट बौरि उठ्नु नभएको भए, येशूले आफ्नो विषयमा सिकाउनुभएको शिक्षा र गर्नुभएको घोषणामा प्रशस्त शँकाहरु उब्जनु स्वभाबिक हुनेथियो । उहाँको पुनरुत्थान येशूले म परमेश्वरको पुत्र हुँ भनी गर्नुभएको घोषणा सत्य हो भनी लगाइएको परमेश्वरको छाप हो ।

## के येशू परमेश्वरसम्म पुग्ने एउटै मात्र बाटो हुनुहुन्छ ?

(खण्ड : १कोरन्थी १५:१७३-२०)

अब हामी पुनरुत्थानका पृष्ठभूमीलाई केलाउँनेछौ,जसले गर्दा बाइबलले बताए अनुसार नै पुनरुत्थान भएको हो भनी विश्वास गर्ने प्रशस्त प्रमाणहरु दिन सक्छौं ।

## चिहान

(खण्ड : यहून्ना १९:३८-४२)

यहूदीहरुको परम्परा अनुसार उहाँको शरीरलाई एउटा लामो मिहिन बस्त्रले सम्पूर्ण शरीरलाई बेह्रीएको र झण्डै तीस देखि चालिस कीलोसम्म विभिन्न सुगन्धित अत्तर र मसालाको प्रयोग गरि येशूको मृत शरीरलाई गाड्नको लागि तयार गरिएको थियो । टाउकोमा बेह्रनको लागि एउटा भिन्दै कपडा प्रयोग गरिएको थियो । युसूफ र निकोदेमसले येशूको शरीरलाई तयार गरी चिहानमा सुताएर राखे र चिहानको मूखमा एउटा ठूलो ढुङ्गाले छोपिदिए । त्यो चिहानको मुखमा राखिएको ढुङ्गाको तौल लगभग दुई टन र चार वा पाँच फिट अग्लो आकारको थियो । त्यहाँ एउटा चारैकुनामा पुग्नेगरी फित्ता लगाई त्यसमाथि सरकारी मोहर वा छाप लगाइएको थियो ।

## चिहानमा पहरादिने पहरेदरहरु

(खण्ड : मत्ती २७ :६२-६६ )

झण्डै चार वा पाँच जना रोमी सिपाहीहरुलाई पहराको निम्ति खटाइएको थियो । रोमी सिपाहीहरु ज्यादै अनुशासित थिए र आउने दण्डका डरका कारण तिनीहरु आफ्ना कर्तब्य कामप्रति सजक थिए । यदि दिइएको काम कर्तब्य पूरा नगर्न सक्दा वा काम गर्दा निदाउनू वा अनुमति विना नै आफ्नो काम छोडि जानु भनेको ज्यानै जानेसम्मको अपराध मानिन्थ्यो ।

## पुनरुत्थान

(खण्ड :मत्ती २८: १-७, यूहन्ना २०:२-७)

प्रश्नः यदि त्यो पहिलो इष्टरको विहानी तपाई त्यस चिहानमा पुग्ने पहिलो व्यक्ति हुनुभएको भए के देख्नुहुन्थ्यो होला? (केही पनि देख्नुहुनेछैन, यात बेह्रीएका केही कपडाहरुको टुक्रा पाउनुहुन्छ वा एक वा दुई स्वर्गदुतहरु भेट्नुहुनेछ)

**प्रश्नः तपाईले देख्न नपाउने एउटा कूरा के हुन्छ होला त?** ( तपाईले देख्न नपाउने एउटा कूरा येशूको शरीर हो । )

**प्रश्नः किन ? (किनभने उहाँ आफूले भन्नुभए अनुसार पुनरुत्थान हुनुभएको छ)**
धेरै मानिसहरुको लागि येशूको पुनरुत्थानको बाइबलिय अभिलेख उहाँ पुनरुत्थान हुनुभएको हो र येशूले आफ्नो विषयमा जे बोल्नेभयो उहाँ त्यही हुनुहुन्छ भन्ने कुराको प्रयाप्त प्रमाण हो ।
तर केही मनिसहरु येशू खीष्ट मृत्यूबाट बौरि उठ्नुभएको हो भन्ने तथ्यमाथि विश्वास गर्न वा स्वीकार गर्न सक्दैनन् । तिनीहरु भन्छन्,"यो कसरी हुनसक्छ? "यसको पछाडि निश्चय नै बाईबलले बताएको करण भन्दा फरक हुनुपर्छ । म स- प्रमाण नपाएसम्मा विश्वास गर्न सक्दिन ।

केही मानिसहरुले पहिलो इष्टरको विहानी किन चिहान रित्तो थियो भनि केही सम्भावित ब्याख्याहरुलाई अगाडि सारेका छन् । पहिले यि मानिसहरुका ब्याख्या के हुन् ति सुनौं र त्यसको चित्त बुझ्दो जवाफ दिऔं

गलत चिहानको ब्याख्या र सिद्धान्त

यो ब्याख्याले मरियम अर्कै चिहानमा पुगेकी थिइन् भनी मानिलिन्छ ।

अब पहिलो इष्टरको बिहनीको बाईबलीय अभिलेखको समीक्षा गरौं ।
.......................................................(यूहन्ना २०:१ देखि ३ )

प्रश्नः मरियम अर्कै चिहानमा पुगेकी थिइन भन्ने ब्याख्याको कमजोर पक्ष के हुन् ?

१.यदि यसो हो भने, यहून्ना र पत्रुस पछि दौड्दै उही चिहानमा पुगे, तिनीहरु पनि अर्कै चिहानमा पुगेको हुनुपर्छ ।
२. साथै रोमी सिपाहीहरु पनि अर्कै चिहानमा पहरा दिइरहेका थिए, किनकी तिनीहरु पनि त्यही थिए।
३. यदि अर्कै चिहानको ब्याब्या सत्य मानिलिने हो भने, निश्चय नै ति यहूदी धर्मगुरुहरुले येशू गडिएको चिहान पत्तो लगाइ सत्यलाई सबित गरिदिने थिए ।

मूर्छा वा बेहोस हुनुभएको ब्याख्या र सिद्धान्त
येशू मर्नु भएको थिएन तर, अति थकित् र अत्याधिक रक्तश्राब र रगत बगेको कारण मूर्छा पर्नूभएको थियो । उहाँ पछि बिउतानुभयो र चिहानबाट निस्कनुभयो ।
यस पुनरुत्थानका दृस्यलाई नियालौं ।
“...............................................” (यूहन्ना १९:३३देखि३५)

**प्रश्नः येशू क्रूसमा मर्नुभएको हैन भन्ने ब्याख्याका कमजोरी पक्षहरु के हुन्?**

१. येशू क्रूसमा मर्नुभएको थियो भन्ने कूरामा त्यहाँ हुनेहरु निश्चित थिए। एकजना सिपाहीले येशू साँच्चै मर्नुभएको छ कि छैन भनी निश्चित गर्न उहाँको कोखामा भाला रोपे।

२. यतिका कुटाई खाईसकेपछि, क्रूसमा चढाईपछि र झण्डै चालिस किलो बराबर अत्तर, मसला र कपडाले बेह्रिएपछि, के येशूमा त्यो निस्कने ढोकामा राखिएको चार वा पाँच फीट अग्लो र दुई टनको ढुङ्गा गुडाउने शक्ति थियो होला त ?

**येशूका चेलाहरुले मृत शरीर र चोरी लगे भन्ने ब्याख्या**

यस ब्याख्याले चेलाहरु चिहानमा गई मृत शरीर चोरी लगे भनी बताउँछ।

येशू टाँगिएको घटनालाई प्रत्यक्षरुपमा दर्शाउने धर्मशास्त्रको खण्डलाई हेरौं।

"............................................." (यूहन्ना २०:१९)

प्रश्नः येशूका चेलाहरुले मृत शरीरलाई चोरी लगे भन्ने ब्याख्याका कमजोर पक्षहरु के के हून्?

१. येशूका चेलाहरु अब हामीमाथि के सँकष्ट आईपर्ने हो भनी डर र कम्पसाथ एउटै कोठामा थुनिएर बसेका थिए। किनकी तिनीहरु भर्खरै टाँगिएका येशू चेला हुन् भनी अरुहरुलाई पनि थाह थियो।

२. रोमी सिपाहीहरु त्यही थिए। के यि डराएका चेलाहरु लडाइका निम्ति प्रशिक्षित सिपाहीहरुसँग लड्न र मृत शरीर लैजान सक्थे ?

३. चिहानको बेह्रीएको लुगाहरु त्यही थिए।

रोमी वा यहूदी शासकहरुले मृत शरीरलाई अन्तै लगे भन्ने ब्याख्या र सिद्धान्त

प्रश्नः यस ब्याख्याका कमजोर पक्षहरु के के हुन्?

यदि यसो हो भने किन ति शासकहरुले येशूको मृत शरीरलाई देखाएनन् त? यस कार्यले इसाइयत शुरु हुनुभन्दा पहिल्यै सधैंको निम्ति चकनाचुर परिसक्न्थ्यो।

बाईबलका यस खण्डलाई एक क्षण विचार गरौं :

"............................................." (मत्ती २८:३३ देखि ३५)।

तिनीहरुसँग प्रमाण दिने मृत शरीर थिएन।

येशू खीष्टका पुनरुत्थानका अरु प्रमाणहरुलाई पनि हेरौं :

प्रश्नः छोडिएका कपडा विषयमा के भन्ने? ति कपडाहरु जस्ताको तस्तै चिहानभित्र छोडिएका थिए।

**प्रश्नः कानुनको दृष्टिमा सबैभन्दा भरपर्दो प्रमाण केलाई मानिन्छ?** (प्रत्यक्षदर्शी वा आफ्ना आँखाले देख्ने मानिसहरु )

१. भिन्दा भिन्दै गवाहीहरुको माझ १० पटक देखा पर्नुभयो ।

२. पावल आफ्ना पत्रमा लेख्छन्, येशू एकपटक ५०० जना भन्दा बढि मानिसहरु कहाँ देखा पर्नुभयो र यि देख्ने मानिसहरु पावलले पत्र लेख्दाको समयमा पनि जिवित्तै थिए ।

**प्रश्नः चेलाहरुको विषयमा के भन्ने?**

१. पुनरुत्थान भन्दा अगाडि जब येशू गेतसमनीको बगैंचामा पक्राउ पर्नुभयो, येशूको सबै चेलाहरु भागे ।

२. पत्रुसले तीन पटकसम्म येशूलाई चिन्न इन्कार गरे

३. क्रूसमा टाँगिनुभएपछि चेलाहरु लुक्दै हिडें र उदास भई आफ्नो पूरानै पेशामा फर्किने कोसिस गरे ।

४. यदि पुनरुत्थान नभएको भए आफैलाई बन्द कोठामा थुनेर राख्ने ति डरपोक मानिसहरु एकाएक येशू नै बौरिउठ्नुभएको खीष्ट हुनुहुन्छ भनी निर्भयतापूर्वक घोषणा गर्ने साहस तिनीहरुमा कहाँबाट आयो ?

**प्रश्नः यदि यो तपाईलाई थाह छ यो सत्य हैन त्यस्तो अवस्थामा तपाई यो सत्य हो भनि मर्नेसम्मको आँट गर्नुहुन्छ?**

(नता येशूका चेलाहरुले त्यसो गर्ला, बाह्र जना मध्ये एघाह्र जना येशू नै परमेश्वर हुनुहुन्छ भन्ने अवस्थाको करण मारिएका थिए । के तिनीहरुले आफू सत्य हैन भनी विश्वास गरेको कूराको लागि मारिएका थिए त?

१. चिहानका लूगा त्यहाँ थिए

२. येशू धेरै कहाँ देखापर्नुभएको थियो

३. चेलाहरुको जीवन रुपान्तरण भएका थिए

**प्रश्नः तपाई के भन्नुहुन्छ ? येशू मृत्युबाट बौरिउठ्नुभएको थियो भनि तपाई विश्वास गर्नुहुन्छ?** वा तपाई थोमा जस्तै हुनुहुन्छ, जसलाई येशूले भन्नुभयो,
“.................................................................” (यूहन्ना २०:२७,२८)

विश्वका महान् धार्मिक अगुवाहरुमध्ये येशू खीष्टले मात्र म परमेश्वर हुँ भनी घोषणा गर्नुभयो । येशूखीष्टको पुनरुत्थान एक बास्तविक घटना हो । उहाँको पुनरुत्थानको कारण येशूले म परमेश्वर हुँ भनी बताउनुभएको घोषण सत्य हो । र येशू खीष्ट परमेश्वर हुनुभएको कारण बाईबल सत्य हो भनी हामी थाह गर्नसक्छौं, बाईबलको अँशमात्र हैन, तर सम्पूर्ण बाईबल सत्य हो ।
के येशू खीष्ट परमेश्वर कहाँ पुग्ने एकमात्र बाटो हुनुहुन्छ? हैन । बाईबलले बताउँछ की एकदिन सबै मानिस स्त्री, पुरुष परमेश्वरको अगाडि खडा हुनुपर्नेछ । तर येशू भन्नुहुन्छ, ......................(यूहन्ना

१४:६)। येशू खीष्ट परमेश्वरसँगको सम्बन्धमा गाँसिने एकमात्र प्रबेशद्धार हुनुहुन्छ, र तपाईको पापको लागि क्षमा पाइने एउटै मात्र श्रोत ब्यक्ति हुनुहुन्छ, उहाँ मुक्तिको एकमात्र मार्ग हुनुहुन्छ ।

# पाठ # १५-लौरो र ढुङ्गा

आज्ञा # ६:

## तैले हत्या नगर

(उत्साह दिनुहोस र अरुलाई सहायता गर्नुहोस)

समीक्षा

गएको गृहकार्यको प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद.

आजको पाठ पद.:

"..............................................." (एफिसी ४:२९)

जीवनको चरित्र

उत्साह

सामूहिक सिकाई

तपाईलाई एउटा टुथपेष्ट र केही पूराना खबरकागज चाहिन्छ । अब ट्यूबमा भएको सबै टुथपेष्ट निचोरेर बाहिर कागजमा राख्नुहोस् । अव त्यहाँ भएका केटाकेटीहरुलाई भन्नुहोस् कि जसले यो फेरी ट्यूबमा हाल्छ त्यसलाई पाँच सय रुपैयाँ पुरस्कार दिन्छु (तपाई चिन्ता न लिनुहोस् तपाईको पैसा जादैन र यो गर्न पनि सकिदैन) । यो उदाहरणको अर्थ बोलिएको चोटपूर्ण बचन फिर्ता लिन सकिदैन भनी देखाउँनु हो ।

लौरो र ढुंगा

(खण्ड : मत्ती ५:२१-२२)

".............................", येशूले यो कूरा उहाँका शिक्षा सुन्न भेला भएका एउटा ठूलो भीड.लाई भन्नुभएको थियो ।

**प्रश्नः येशूले यसो भन्नुभएको अर्थ के थियो होला जस्तो लाग्छ?** (सँगै हेरौं है त) कल्पना गर्नुहोस् त, तपाई येशूको समयमा बाँचिरहेको एक इस्राएली हुनुहुन्छ र येशू येरुशलेम भएर जाँदैहुनुहुन्छ । एकदिन एउटा ठूलो भीड. शहरदेखि बाहिरको डाँडामा भेला भएका छन् । तपाई पनि उत्सुकतापूर्बक त्यो डाँडामा के भएको होला भनी जानुहुन्छ । जब तपाई त्यहाँ पुग्नुहुन्छ तब देख्नुहुन्छ कि येशू डाँडामा उभिएर आफ्ना वरिपरि जम्मा भएको भीडलाई शिक्षा दिइरहनुभएको छ ।

शिक्षा दिदै गर्दा येशू भन्नुहुन्छ, "यदि तिमीले कसैलाई हत्या गर्‍यो भने, मानिसहरुले तिमीलाई पक्रेर अदालतको न्यायधिस कहाँ पुर्‍याउनेछ ।" यसैसमय, तपाई नजिकै भएको एउटा मानिस काने खुसी गर्दै

भन्छ, “हो ल, तिमी मेरो विषयमा बोलिरहेका छैनौ ।” येशू भन्दै जानुहुनेछ, “तर तपाई कसैसँग रिसाउनुभएको छ? कसैलाई घृणा गर्नुहुन्छ र कसैको अपमान गर्नुहुन्छ भने यो हत्या भन्दा पनि डरलाग्दो अपराध हो ।”
**प्रश्नः येशू कोसँग कुरा गर्दैहुनुहुन्छ जस्तो लाग्छ?** के येशू तपाई र तपाईसँग कानेखुसी गर्नेसँग कुरा गर्दै हुनुहुन्छ ? (निश्चय नै तपाई र म हामी दुबै कुनै न कूनै समय कसै न कसैसँग अवश्य रिसाएका थियौँ)

**प्रश्नः तर येशूले किन कसैसँग रिस गर्नु झनै डरलाग्दो अपराध हो भन्नुभयो?** (किनभने येशूलाई थाह छ कि, हाम्रो सोच वा विचारले कुनै काम गर्न प्ररित गर्छ । येशूलाई यो पनि थाह छ कि हाम्रो क्रोधपूर्ण विचार वा सोचले अरुहरुलाई चोट पुर्‍याउने काम गर्दछ।)

के तपाईले कहिल्यै सुन्नुभएको छ,लौरो र ढुङ्गाले मेरो हड्डी भाँच्न सक्छ, तर बचनले मलाई कहिल्यै चोट पुर्‍याउन सक्दैन? मलाई लाग्छ, यसका आधा भनाई मात्र सत्यता छ । लौरो र ढुङ्गाले मेरो हड्डी भाँच्चीन सक्छ तर केही बचनले चोट पर्‍याउँछ, हैन रँ? कस्ता वचन बोल्दा बोलिएको बचनले मानिसलाइ चोट पुग्दछ? (अपमान, कसैलाई खिल्लि उडाएको, रिसाएर बोलिएको बचन) । कसैलाई सजिलै रिस उठाउने एउटा तरिका तिनको भावनासँग खेलवाड गर्नु हो ।

इस्राएलको राजा सुलेमान, सबैभन्दा ज्ञानी पुरुष तिनलाई यो थाह थियो । राजा सुलेमानले बाईबलको एउटा पस्तक हितोपदेश लेखेका हुन् । तिनले आफ्नो एउटा हितोपदेशमा यसरी लेखेका छन्,“नमिठो बचनले रीस उठाउँछ ।” (हितोपदेश १५:१)

**प्रश्नः के तपाईलाई कसैले सधैँ रीस उठाएको घटना याद छ?** तपाईलाई केले त्यस्तो रिस उठाएको थियो? (धेरै पटक तपाईलाई कसैले बोलेको बचनले ज्यादै रिस उठाएको हुनुपर्छ)

**प्रश्नः तपाईलाई कसैप्रति रिस उठ्दै जाँदा के गर्नुपर्ला?** यस्तो अवस्थामा रिस उठ्न नदिन सहायता गर्नुहोस् भनी परमेवरसँग प्रार्थना गर्नुहोस् । यसो गर्नु सजिलो हुदैन, तर यसले तपाईलाई परमेश्वरले चाहनुभए अनुसारको जीवन जिउन सहयता पुर्‍याउनेछ)
एउटा व्यावहारिक पक्षः भनेको त्यसो गर्ने बानीले थुप्रै आउने अवस्थामा बचाउनेछ ।

जब म ६ कक्षामा थिए, एउटा ४ कक्षामा पढ्ने पावल फिलिप नाम गरेको केटोसँग मेरो झगडा भयो । मैले अरु पनि शारीरिक व्यायम सम्बन्धि प्रशिक्षण लिएको थिए, तर पावलले कुनै प्रशिक्षण पाएको थिएन । भनाभन् बढ्दै गयो, अब कुस्ति खेलेर मात्र समस्या समाधन हुनेभयो । अर्को दिन हामी छिमेकीको घरको बाहिर भेट्यौं । कुस्ति शुरु भयो हामीलाई हेर्ने दर्शाकहरु पनि थप्पिदै गए । (मेरो छिमेकीले नदेख्ने ठाउँमा यो गर्नुपर्छ भन्ने मलाई थाहै भएन) यति भएपछि छिमेकी बाहिर निस्कि आइन्

तिनी झण्डै १०० बर्षकी थिइन् र हामी दुबैलाई लखेट्न थालिन् । फेरी हामी अझ परतिर विधालयको चौरमा पुग्यौं । भीडले हामीलाई पछ्याउदै आयो साथै पावलका साथीहरु जो झगडा गर्न तम्सिनेहरुमध्येका थिए । अब यो कुस्ति एकजनासँग तीनजना भीडना आए अनुमान गर्नुहोस् त, कसले जित्यो होला ? ति १०० बर्ष बृद्ध महिलाले गएर मेरो बुवा र परिवारलाई बताइदिइन र उहाँहरु दौडदै आउनुहुँदा ४ कक्षामा पढ्ने विद्यार्थीले ६ कक्षामा पढ्ने विद्यार्थीलाई कुट्दै गरेको भेटाए ।

बाईबलले बताउँछ कि हामीले घृणा, अपमान र कसैलाई खसालेर कुरा गर्ने व्यावहार गरेको परमेश्वरले चाहनुहुन्न । कारण अपमानित् र खसाल्ने शब्दले यति साह्रो चोट् पुर्याउँछ, त्यो गएर हाम्रो मनमा बसिरहन्छ । र समय समयमा सम्झना आइरहन्छ । हामीले हाम्रो वचन र कामले कसैलाई चोट् पुर्याउँनुहुदैन ।

त्यो टुथपेष्टलाई सम्झानुहोस् त? भनिएका ति चोट्पूर्ण शब्दहरु फेरी फिर्ता लिन सकिन्न । साथै त्यो तपाईको मनमा लामो समयसम्मा रहि नै रहन्छ ।

**प्रश्नः हाम्रो वचन वा कामले मानिसलाई चोट् पुर्याउनु भन्दा बरु अरु के गर्न सक्छौं होला?** (हामीले आफ्नो बचन र कामद्धारा मानिसहरुलाई उत्साह र हौसला दिनुपर्छ ।) उत्साह शब्दको अर्थ कसैलाइै आशा, हौसला वा आन्य विश्वास दिनु हो । बाईबलले बताउँछ कि,“……………………………”(एफिसी ४:२९)।

**प्रश्नः यस्ता उत्साह चाएिको मानिसलाई तपाई चिन्नुहुन्छ?** तिनको निम्ति तपाई उत्साहका कुन बचन बोल्नुहुन्छ ?

## पाठ # १६-यो रित्तो स्थान परमेश्वरको लागि साचिएको छ ।

आज्ञा # २

### तैले आफनो निम्ति खोपेर कुनै किसिमको मूर्ती नबनाउनु,

(परमेश्वर कसरी आराधना गरिएको चाहनुहुन्छ सो थाह गर्नुहुनेछ)

समीक्षा

गएको हप्ताको गृहकार्य प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद.

आजको पाठ पद. :

"......................................." (कलस्सी १:१७,१८)।

जीवन चरित्र

आराधना

छलफलको निम्ति प्रश्न :

तपाईसँग भएको सबैभन्दा मूल्यावान वा महत्वपूर्ण सम्पत्ति के हो ?

परिचयः

स्टुआर्ट ब्रिस्को एउटा पाष्टर हो, जसले युवा-युवती पाष्टरहरु र मिसनरीहरुसँग १०० भन्दा बढी देशमा काम गर्नुभयो । उहाँले यो एउटा कथा भन्नुभयो,"मेरो एउटा भारत यात्रामा एउटा पाष्टरको साथी र म सँगसँगै एउटा कारमा चढ्यौं । बस्नको निम्ति मैले त्यहाँको एउटा सानो झोला हटाए, झोलामा भएको बस्तु बज्यो र मैले झोलामा के छ भनि सोधे । तिनले जवाफ दिदै भन्यो,"केही फाल्नुपर्ने कुरा छ ।"

ठीकै छ, मैले फाल्ने बस्तु के होला भनी झोलाबाट झिके, यो तामाबाट बनेको भारतीय हस्तकला थियो । मैले प्रश्न सोधे,"यो किन फाल्नु थाल्नुभएको हो ?"
मेरो साथीले जवाफ दिदै भन्यो,"यो हिन्दुहरुको मूर्ति हो । अहिले भर्खरै आएको परिवार आजबाट खीष्टियान बन्नुभयो, त्यसैले मैले यो मूर्ति फाल्नूलैजादैं छु । तिनीहरुले मलाई दिए, अब म गएर नष्ट गरिदिन्छू ।"

त्यसपछि मैले भने,"यो एउटा म लैजान सक्छु ?"मेरो विचारमा यो एउटा कारिगरको सुन्दर शिल्पकला हो । यो त्यो बेला मात्र मूर्ति बन्न सक्छ, जब म यसलाई ढोग्छु र आराधना गर्छु । (यो कथा दश आज्ञामा पाईन्छ,स्टुआर्ट ब्रिस्को, पृष्ठ २० -२९)

# परमेश्वरको निम्ति अलग गरिएको स्थान

(खण्ड : कलस्सी १:१५-२०)

"..........................................................................।"

**दोस्रो आज्ञाले भन्छ,"आफ्नो निम्ति कुनै प्रतिमा नबनाओ" किन? हेरौं :**
**प्रश्नः मूर्ति र प्रतिमा के हो?** परमेश्वर भन्दा पनि महत्वपूर्ण मानिएका जुनसुकै कुरा पनि मूर्ति हुन् । के मूर्तिले तपाईलाई सहायता गर्नसक्छ ?

बाइबलले यसको विषयमा बताइएका कुरा सुनौं :
"................................................"(भजनसँग्रह ११५:४ देखि ७)

उदाहरणको लागि, एकजोर नाइक जुत्तालाई लिऔं । यो जुत्ता आफैले नता बोल्छ, न हेर्छ, न सुन्छ, न सुँघ्छ, न छुन्छ, र नता हिड्छ । न ता हाम्रो ३०,००० रुपैयाँ आफैले केही गर्छ ।

त्यसकारण सर्बप्रथम परमेश्वर भन्नुहुन्छ, "आफ्नो निम्ति कुनै प्रतिमा वा मूर्ति नबनाऔ ,किनभने मूर्ति आफैले तिमीलाई कुनै सहायता गर्न सक्दैन ।" दोस्रो कुरा परमेश्वरले "आफ्नो निम्ति मूर्ति नबनाऔं" मात्र भन्नुहुन्न तर कुनै कुरालाई वा मानिसलाई परमेश्वरको भन्दा महत्वपूर्ण नबनाउन चेताउनी दिन्छ ।

**प्रश्नः कहिले यस्ता चेतावनी दिएका छन् ?** (खतरनाक अवस्था छँदा )

**प्रश्नः किन परमेश्वरले कुनै बस्तु वा व्यक्तिलाई उहाँभन्दा महत्वपूर्ण नबनाउनको लागि चेतावनी दिनुहुन्छ?** (परमेश्वरले बस्तु वा व्यक्तिलाई उहाँभन्दा महत्वपूर्ण नबनाउने चेतावनी दिनुहुन्छ किनभने यो खतरनाक हुन्छ ।)

**प्रश्नः परमेश्वरले कहिले नाइके जुत्ता वा रुपैयाँ ३०,००० लाई खतरनाक मान्नुहुन्छ ?** (जब तपाई एक जोर नाइके जुत्ता वा रु.३०,००० प्राप्त गर्न जे गर्न पनि तयार छु मान्नुहुन्छ ।)

तपाईको निम्ति त्यो जति सुकै महत्वपूर्ण किन नहोस् तर परमेश्वर चाहनुहुन्छ, उहाँ तपाईको निम्ति सर्वाधिक महत्वपूर्ण होस् ।

**प्रश्नः कुनै व्यक्ति वा बस्तुभन्दा परमेश्वर तपाईको निम्ति महत्वपूर्ण भएको उहाँ किन चाहनुहुन्छ ?** (किनकी तपाईलाई उहाँले त्यसैको निम्ति बनाउनु भएको हो )

परमेश्वरले प्रत्येक व्यक्तिमा एउटा सँरक्षित रित्तो स्थान बनाउनू भएको छ, उहाँले मात्र त्यो सँरक्षित र रित्तो स्थान भर्नुहुन्छ । जब तपाई आफ्नो जीवनको सँरक्षित वा रित्तो स्थान उहाँलाई भर्न दिनुहुन्छ तब मात्र तपाई उत्कृष्ट काम गर्नसक्नूहुन्छ ।

**प्रश्नः किन परमेश्वरले तपाईलाई सँरक्षित वा रित्तो स्थान सहित बनाउनुभयो ?**
हाम्रो धर्मशास्त्रको खण्डखोली यसले के भन्छ सुनौं :
"........................................................."( कलस्सी १:१५-१८)
बाईबलले बताउँछ कि परमेश्वरले तपाईलाई बनाउनु भएको हो । बाईबलले यो पनि बताउछ कि समयको शुरुसँगै यो तपाईको सँरक्षित वा रित्तो स्थान केवल तपाईकै लागि भनी एउटा उदेश्यसहित श्रृष्टि गर्नुभएको छ । परमेश्वरले तपाई आउने दिनको प्रतिक्षा गर्नुहुन्छ किनभने तपाईले यो विशेष काम गर्नुहोस भन्ने उहाँको इच्छा छ ।
तपाईलाई बनाउनुको उदेश्य यही हो कि :आफ्नो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिई, आफूले गर्ने सबै कुरामा परमेश्वरलाई आदर गर्नु

तपाईको सँरक्षित रित्तो स्थान पवित्रआत्माले भरिएको होस् भन्ने उदेश्यले श्रृष्टि गरिएको थियो किनभने तपाईले गर्ने सबै कुराद्धारा परमेश्वरलाई आदर दिन उहाँको सहायता तपाईलाई चाहिन्छ ।

दुर्भाग्यबस् कहिलेकही तपाई र म परमेश्वरको लागि सँरक्षित स्थानमा अरु नै कूराहरुलाई आउने र बस्ने अनुमति दिन्छौ । हामी हाम्रो पहिलो महत्वपूर्ण स्थानबाट परमेश्वरलाई निस्कि जाने अनुमति दिन्छौँ । र जुन कुरालाई त्यहाँ आउने अनुमति दिन्छौँ, त्यही नै हाम्रो लागि मूर्ती हो ।

**प्रश्नः परमेश्वरको निम्ति सँरक्षित स्थानमा मानिसहरु केले भर्ने कोशिष गर्छन्?** ( ख्याती, लुगा, लागुपदार्थ, उत्कृष्ट खेलाडी, अरुहरुको लागि लोकप्रिय पात्र ) जब तपाईको जीवनमा महत्वपूर्ण पहिलो स्थानबाट परमेश्वरलाई निकालिदिनुहुन्छ, तब यि कूरा तपाईका निम्ति महत्वपूर्ण बन्दैजान्छ ।

**प्रश्नः मूर्तिहरुबाट हुनसक्ने बास्तविक खतरा के हो?** जब तपाई परमेश्वरको निम्ति सँरक्षित रित्तो क्षेत्रमा यि कूराहरुलाई अनुमति दिनुहुन्छ, तब मूर्तिबाट हुन सक्ने खतरा यहि हुन्छ कि तिनीहरु नै तपाईका निम्ति ईश्वर बन्छन् । जब जब यस्तो हुन्छ तपाई झन् भन्दा झन् धेरै आफ्नो नक्काली ईश्वरमा ध्यान केन्द्रित गर्दैजानुहुन्छ र आफ्नो श्रृष्टिकर्ता परमेश्वरमा तपाईको ध्यान झन्

भन्दा झन् कम हुदै जान्छ । तपाई आफ्नो नक्कली ईश्वरले जे भन्छ त्यही गर्न थाल्नुहुन्छ  तर तपाइको श्रृष्टिकर्ता परमेश्वरले भनेको कुरा गर्नुहुन्न ।

धनसम्पत्ति, बस्तुभाब, सम्मान र दैनिक क्रियाकलाप सँरक्षित रित्तो स्थान भर्ना प्रयाप्त छैन । सायद केही समयको लागि यो त्यस्तो पनि लाग्न सक्छ तर ति पर्याप्त छैन । ति सबै तपाईको रित्तो स्थान भने अपर्याप्त छ, किनभने ति परमेश्वर हैन । जस्ता असल कूरा :
**प्रश्नः कसरी तपाई खेलकुद, परिवार र साथीभाइलाई परमेश्वर भन्दा महत्वपूर्ण बनाउदै लैजान सक्नुहुन्छ?** (आफ्नो जीवनमा परमेश्वरको लागि सुरक्षित रित्तो स्थानमा उहाँलाई नै राखिराख्नुहोस् । तपाईले आफ्नो रित्तो स्थानमा परमेश्वरलाई बस्ने अनुमति दिनुभएपछि मात्र येशूले तपाईको साथीभाइ, तपाईको सम्पत्ति, तपाईको दैनिक क्रियाकलाप र तपाईको योजनाहरुलाई आफ्नो जीवनको महत्वपूर्ण स्थान दिदै सफल तुल्याउनुहुनेछ ।
पहिले उहाँलाई उचित स्थान दिनुहोस् ।

## पाठ # १७-निशानालाई पच्छयाउनु

आज्ञा # २

### तैले आफनो निम्ति खोपेर कुनै किसिमको मूर्ती नबनाउनु,

(परमेश्वर कसरी आराधना गरिएको चाहनुहुन्छ सो थाह गर्नुहुनेछ)

समीक्षा

गएको हप्ताको गृहकार्य प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद.

आजको पाठ पद.

"........................................................" (यहोशू २४:१५)

जीवन चरित्र

आराधना

छलफलका लागि प्रश्न

**कस्ता खालका क्रियाकलाप वा उपलव्धिहरु तपाईको लागि महत्वपूर्ण छन् ?**

पृष्ठभूमि

परमेश्वरले मोशालाई मिश्रादेशबाट निकालेर ल्याउने आज्ञा दिनु अगाडि इस्राएलीहरु ४०० बर्ष भन्दा धेरै मिश्रादेशको दासत्वमा थिए । मिश्रदेश छोडिसकेपछि कसरी इस्राएलीहरुले परमेश्वरको आराधना गर्ने र कसरी एउटाले अर्कोसँग व्यावहार गर्ने भन्ने परमेश्वरको आज्ञालाई घरी-घरी र पटक पटक उल्लँघन गरी रहे । यि आज्ञाहरु उहाँले तिनीहरुका भलाईको निम्ति दिनुभएको थियो । तिनीहरुको अनाज्ञाकरीताको कारण, परमेश्वरले ४० बर्ष नवित्दासम्म तिनीहरुलाई दिन्छू भनी प्रतिज्ञा गर्नेभएको देशमा तिनीहरुलाई प्रबेश गर्न दिनुभएन । जब समय आयो यहोशूको नेतृत्वमा इस्राएलीहरु कनान भूमी प्रतिज्ञाको मुलुकमा प्रबेश गरे । परमेश्वरले त्यहाँ बसोबस गर्ने मानिसहरुलाई धपाउनका लागि इस्राएलीहरुलाई मदत गर्नुभयो र त्यो भूमि तिनीहरुलाई दिनुभयो । जब तिनीहरु परमेश्वरले दिनुभएका नयाँ मुलुकमा आई बसोबस गर्न थाले तब परमेश्वरले येहोशूलाई मानिसहरुलाई यो चेतावनी दिन भन्नुभयो :

निशानालाई पच्छ्याउनु

(खण्ड : यहोशू २३:६ देखि ८)

**प्रश्नः परमेश्वरले दाहिने देब्रेतिर नलाग भन्नुभएको अर्थ के हो जस्तो लाग्छ?**

(तपाईको अघि राखिदिएको मार्गमा हिड. तब मात्र बाटो नबिराईकन आफ्नो गनतब्यमा सुरक्षित पुग्नेछौं ।

हाम्रो ग्रीष्मको विदामा हामी केही परिवार टेक्सस डाँडाको चौरमा भेला भयौँ । हाम्रा थुप्रै क्रियाकलाप मध्ये एउटा गोरेटो बाटो हुदै हामी बस्ने ठाउँसम्म पुग्नु थियो । हामी हिड्ने गोरेटो बाटो अ-अग्ला रुखहरु र बाक्लो झाडीहरु भएर जान्थ्यो । हाम्रा पथप्रदर्शकले हामीलाई निरन्तर गोरेटो बाटो नविराईकन हिड्नुभनी स्पष्ट बताइदिनुभएको थियो । हिड्दै गर्दा एउटा केटाले आफ्ना साथीलाई भन्यौ, मलाई हामी बस्ने ठाउँसम्मा पुग्ने एउटा छोटो बाटो मलाई थाह छ । आउ हामी त्यही बाटो जाउ । तब त्यो साथी तिनीसँगै गए । २ घण्टा पछि ति दुबै हराए र साँझ पनि पर्‍यो । तिनीहरु गोरेटो बाटो विराए ।

**प्रश्नः पथप्रदर्शक किन सबैले गोरेटो बाटो नविराएको चाहन्थ्यो?** (ताकी कोही पनि नअल्मलियोस् र नहराओस् ) पथप्रदर्शकले तिनीहरुको भलाईको लागि नै गोरेटो बाटो नछोड्न सल्लाह दिएका थिए । जब यहोशूले इस्राएलीहरुलाई प्रतिज्ञाको मुलुकमा ल्याए त्यस बेला त्यहाँ बसोबस गर्ने मानिसहरुले विभिन्ना देवी-देवताको पूजा गर्थे । तब परमेश्वरले इस्राएलीहरुलाई स्पष्टसँग भन्नुभयो ति मानिसहरुसग तिमीहरुले कुनै सम्बन्ध नराख्नु ।

**प्रश्नः किन परमेश्वरले इस्राएलीहरुलाई त्यहाँ बसोबस गर्ने मनिसहरुसँग कुनै सम्बन्ध नगाँस्नु भनी स्पष्ट आज्ञा दिनुभएको होला ?** (किनभने परमेश्वरलाई थाह थियो कि इस्राएलीहरुको भलाईको निम्ति दिएको आज्ञाबाट तिनीहरु तर्कि जानेछन् । तिनहरुले परमेश्वरलाई विर्सनेछन् र बाटो विराउनेछन् अनि पुग्नुपर्ने ठाउँमा पुग्नेछैनन् ।
प्रश्नः आज तपाईको लगि यो कथाबाट सिक्न सक्ने पाठ के हो ? (परमेश्वर वा उहाँको वचनबाट तर्काएर लैजाने व्यक्ति, प्रभाव वा दैनिक कार्यबाट अलग बस्नुपर्छ )

**प्रश्नः यहोशू २३:८ ले भन्छ," तर तिमीहरुले आजको दिनसम्म गरेजस्तै परमप्रभु तिमीहरुका परमेश्वरमै लिन भैरहनू" यदि तपाईले परमेश्वरमा लिन हुनुभएन वा परमेश्वरसँग समय विताउनु भएन भने के हुन्छ होला त?** (तपाईले चाँडै नै परमेश्वरलाई विर्सनुहुन्छ)

यही नै इस्राएलीहरुको जीवनमा भएको थियो । सम्पूर्ण देशले नै परमेश्वरलाई विर्से ।
प्रश्नः सम्पूर्ण देशले नै परमेश्वरलाई विर्सदाँ त्यसको परिणाम के भयो? (आउने पुस्ताले परमेश्वरलाई चिनेन )

**प्रश्नः तपाईको वुवा आमाले परमेश्वर वा उहाँको वचन सिकाउने कुरा किन यति साह्रै महत्वपूर्ण छ ?** (ताकी तपाईले परमेश्वरलाई चिन्न सकुन र एकदिन आउने पुस्ताले पनि परमेश्वरलाई चिन्न सकून् ।

जब इस्राएलीहरु पहिलो पटक प्रतिज्ञाको मुलुकमा आए त्यहाँ बासोबस गर्ने मानिसहरुले विभिन्न देवी-देवताहरुको पूजा गर्थे । इस्राएलीहरु एकमात्र सत्य परमेश्वरमा विश्वास गर्थे । यहि कारण तिनीहरु अरुहरु भन्दा भिन्न थिए । परमेश्वरले चाहनुभए  अनुसार नै तिनीहरु ति मानिसहरु माफ्न पनि आफ्ना अस्था र विश्वासमा अडिग थिए । जब इस्राएलीहरु ति वरिपरीका मानिसहरुसँग सम्बन्ध गाँस्न थाले तब तिनीहरुले परमेश्वरका कुरा सुनेन र उहाँको आज्ञापलान पनि गरेन साथै ति मानिसहरुका देवी देवतालई पूजा गर्न थाले ।

**प्रश्नःजब तपाई आफ्ना् जीवनमा परमेश्वरलाई पहिले स्थान दिने निर्णय गर्नुहुन्छ तब के हुन्छ ?** (जब तपाई पथप्रदर्शकको निर्देशन सुन्नुहुन्छ तिनमा ध्यान दिनुहुन्छ र त्यहि गोरेटोम हिड्नुहुन्छ तब तपाईमा आत्मविश्वास आउँछ र म ठिकै बाटोमा हिड्दैछु भन्ने सुरक्षित भावना आउँछ ।

**प्रश्नः यदि तपाईले आफ्नो जीवनमा परमेश्वरलाई पहिलो स्थान नदिन् निर्णय गरेन भने के हुन्छ होला?** (तिनीहरुले बाटो विराउँनेछन् र आफ्नै बाटोमा हिड्नेछन्)

**प्रश्नः आजको हाम्रो सँसारमा हाम्रा समुदयका मानिसहरुले अफ्नो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिदैनन् । तर तपाई आजको यस यूगमा पनि कसरी परमेश्वरले देखाउनुभएको बाटोमा लागिरहनुहुन्छ?** (यहोशूले के भनेका छन् सून्नुहोस् तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछ (यहोशू २४:१५)।
आजको यस यूगमा पनि यहोशूको यो बचन कसरी तपाईको जीवनमा जीवन्त हुनसक्छ हेरौं ।
बाईबलले भन्छ, "........................................................" (मत्ती ५:९३)

नुनले के काम गर्छ ? (नुनले सड्न दिन्न, शुद्ध पार्छ, स्वाद दिन्छ र नूनिलो बनाईदिन्छ)
प्रश्नः किन येशूले तपाईलाई नूनसँग तुलना गर्नुभयो? (नून जेमा मिसाइएको भए तापनि त्यसले स्वादमा परिवर्तन गरिदिन्छ ) येशू तपाईमा वरीपरिको साँस्कृतिक छाप परेको नभै बरु तपाइले आफ्नो वरिपरिको परिबेश र सँस्कृतिकमा प्रभाब पारेको चाहनुहुन्छ)

**प्रश्न : तपाई नून बन्ने तरिकाहरु के के हुन्?** (येशूले यस परिस्थितिमा के गर्नुहुन्थ्यो भन्ने विचार गरी त्यसै अनुसार जिउनुहोस् )।

**प्रश्नः येशूले के गर्नूहुन्थ्यो तपाईले कसरी थाह गर्ने त?**
(पहिले त तपाईका सम्बन्ध उहाँसँग राम्रो हुनुपर्दछ, दोस्रो तपाईले आफ्नो प्रार्थना र अध्यायनद्धारा उहाँलाई चिन्दै जानुपर्छ । एउटा सुसमाचारका पुस्तकबाट पढ्न शुरु गर्नूहोस ,तस्रो उहाँले के गर्नु र सुन्न हुन्थ्यो भनी प्रार्थना गर्नुहोस् ।

बाईबलले भन्छ, "................................................" (मत्ती ५:१४देखि १६) ।

**प्रश्नः ज्योतिले के गर्छ ?**(ज्योतिले अँध्यारोलाई हटाउँछ वा अँध्यारोमा चम्कन्छ ) जति धेरै अँध्यारो भयो ज्योति त्यत्तिनै चहकिलो हुन्छ । अँध्यारोमा ज्योति मधुरो हुदैन बरु ज्योतिले अँध्यारोलाई हटाउँछ ।

**प्रश्नः तपाई आफ्नो समुदयमा चम्किलो ज्योति बन्ने तरिकाहरु के के हुन्?**( तपाईको ज्योति चम्कियोस्) अरुहरुलाई पनि थाह होस् कि तपाई आफ्नो पथप्रदर्शकको कुरा सुन्नुहुन्छ जो असल र राम्रो छ र आफ्नो वचन र काममा इमान्दर हुनुहुन्छ ।

**प्रश्नः तपाईले ज्योति चम्काउनुभयो भने यसको परिणाम के हुन्छ?**
(अरुहरुले परमेश्वर बत्ती हुनुहुन्छ, र तपाई त्यस बत्तीबाट निस्कने ज्योति हुनुहुन्छ भन्ने थाह गर्नेछन् ।

**प्रश्नः तपाईका लागि के कस्ता क्रियाकलाप र उपलब्धीहरु महत्वपूर्ण छन्?**
तपाईले आफ्नो जीवनमा ख्याति, खेलकुद वा शैक्षिक उपलब्धीलाई महत्वपूर्ण मान्नुभएको भएतापनिः

- तपाईको निम्ति बाटो नविराउनू किन महत्वपूर्ण छ विचार गर्नुहोस्
- तपाईको पथप्रदर्शक येशूलाई बनाउनुहोस् । आफूले अरु मानिसहरुसँग सम्बन्ध बनाउँदा वा कुनै पनि क्रियाकलापमा सहयोगी हुदा राम्रो निर्णय गर्ने जिम्मा येशूलाई दिनुहोस् ।
- म कसरी ज्योति र नुन भै कन मेरो परिवार, साथी, विद्यालय र मेरो समूदायमा प्रभाव पार्न सक्छु भनी निर्णय गर्नहोस् ।

# पाठ # १८: सुन जस्तै निखुर

आज्ञा # ५

**आफना बाबुआमालाई आदर गर**

(आदर दिदै आदर पाउने योग्य बन्नुहोस)

समीक्षा

गएको हप्ताको गृहकार्य प्रश्नमाला र काण्ठ गर्नुपर्ने पद.

आजको पाठ पदः

"........................................................." (हितोपदेश १:५)

जीवन चरित्र

बुद्धि

छलफलका लागि प्रश्न

**तपाईलले मन भित्रैबाट चाहेको कूरा के हो?**

सुनजस्तै असल

खण्ड : हितोपदेश ३:१३ देखि १५

**प्रश्नः हाम्रो बुद्धीको परिभाषा तपाईलाई याद छ ?** (ठीक र सत्यताको गहिरो ज्ञान वा समझ बास्तविक बुद्धि सरल र सहज हुनुपर्छ। बाईबलले बताउँछ कि जे कुरा ठीक छ र जे कुरा सत्य हो त्यो जान्नुभन्दा महत्वपूर्ण इच्छा र चाहना अरु हुन सक्दैन।

**प्रश्नः बुद्धि किन यति महत्वपूर्ण छ?** (यसले के ठीक हो र सत्य हो बताउँछ यसले जे ठीक र उचित छ त्यो गर्न सहयता गर्छ साथै यसले ठीक निर्णय गर्न पनि सघाउँछ।)

बुद्धिका सदगुण

यदि तपाईलाई याद भए सद्गुण भनेको परमेश्वरले ठीक छ भनी ठहर्‍याउनु भएको कुरा हो। मूल्य भन्ने कुरा जहिल्यै पनि मानिसहरु र समाजको महत्वमा निर्धारण गरिएको हुन्छ। बुद्धिले परमेश्वरको दृष्टिमा के ठीक (सत्य)छ र के बठीक  छ भनी बताउँछ।

- **प्रश्नः तपाईलाई ठीक छ भनी थाह भएको एउटा सदगुणको उदाहरण के हो?** (इमान्दारीता, दया,प्रेम ) ठीक हैन भने

- **प्रश्नः तपाईलाई थाह भएको नियतको एउटा उदाहरण के हो?** (घृणा, स्वर्थीपन )

**प्रश्नः यो ठीक नियत हो भनी कसरी सिक्न सकिन्छ ?** (धर्मशास्त्रका पदहरु सिक्नुहोस परमेश्वरका बचन पालन गर्ने वुवा आमा र अरुबाटको उदाहरणबाट र खीष्टियान गीत (सँगीतकार) यस पूस्तिकाको अन्त्यमा दिइएको ठीक नियत विचारको सूची ठीक नियत वा विचारबारे यस पूस्तिकाको अन्त्यमा दिइएको निदिष्ट धर्मशास्त्रका पढहरु दिनुहोस् ।

बुद्धि जे ठीक छ र न्यायसँगत छ त्यो गर्न सहायता गर्छ :
**प्रश्न : न्यायसँगतको एउटा उदाहरण के हो?** (सीप र क्षमता जे जस्तो भएतापनि प्रत्येक खेलाडीलाई समान समय र अवसर दिनु, परमेश्वरले दिनुभएको कुरामा धन्यवादी उहाँलाई धन्यवाद फर्काउनु ।

बुद्धीले तपाईलाई ठीक निर्णय गर्न सहायता गर्छ
**प्रश्नः ठीक निर्णय गरेको एउटा उदाहरण के हो ?** (परीक्षाको लागि अध्ययन गर्नु गाडिमा बस्दा सुरक्षित बेल्ट बाँध्नु बा आमाको आज्ञापालन गर्नु आफ्नो प्रशिक्षकको आदेश मान्नु, बाटो काटनु अघि दायाँ बायाँ दुबैतिर हेर्नु ।

बुद्धि कसरी प्राप्त गर्ने

परमेश्वरलाई आदर गर्न सिक्नु
"………………" (हितोपदेश १:७)। बाईबलमा प्रयोग गरिएको वाक्याँश, परमप्रभुको भयको अर्थ परमेश्वरलाई आदर गर्नु हो । बाईबल अनुसार परमप्रभूलाई आदर नगर्नु भनेको मूर्खता हो ।

**प्रश्नः तपाई अरुहरुप्रति कसरी सम्मान वा आदर प्रकट गर्नुहुन्छ?**
(एउटा तरिका भनेको बोल्ने मानिसको कूरा सुन्नु हो ) परमेश्वरप्रति आदर प्रकट गर्नु भनेको उहाँले भन्नुभएको कूरालाई सुन्नु र ध्यान दिनु हो । आफ्ना बा आमालाई आदर गर्न सिक्नु "…………………" (व्यवस्था ६:५ देखि ७)।

परमेश्वरले उहाँको वचन तपाईहरुलाई सिकाउने प्राथमिक तरिका भनेको बुवा आमाद्धारा हो । त्यसै कारण पनि आफ्नो वा-आमाको कुरा सुन्नु र मान्नु अति महत्वपूर्ण छ ।
भर्खरै हामीले पढेको बाईबलको पदले कसरी बा-आमाले परमेश्वरको वचन सिकाउन सक्छन् भनी बताउछ ।
घरमा बस्दा :

प्रश्नः तपाईले घरमा आफ्ना बा-आमाबाट के सिक्नुहुन्छ? कसरी एक अर्कासँग मिलेर बस्ने, इमान्दर हुने, जिम्मेवारी बहन गर्ने, शिष्टता सिक्ने गृहकार्यमा सघाउने र दशाँश दिने ।

बाटोमा हिड्दाः
प्रश्नः तपाई आफ्नो बा-आमासँग घरभन्दा बाहिर कसरी समय बिताउनुहुन्छ? (विदामा क्याम्पमा प्रचार गर्न जाँदा खेलकुद अभ्यासमा वा मण्डलीको सँगतिमा )

ढल्कदाँ :
प्रश्नः प्रायः बेलुकी सुत्नजानु अघि के गर्नुहुन्छ?( आरोग्य रहने अभ्यास आज के भयो भनि भलाकुसारी, बाईबल अध्यायन र प्रार्थना )

उठ्दा :
**प्रश्नः दिनको विहानीमा कुन महत्वपूर्ण पाठ सिक्न सक्छौं?**
(योजना गर्नु र दैनिक क्रियाकलाप र जिम्मेवारीको काम गर्न तयार हुनु, समयमा तयारी गर्नु, प्रार्थना वा बाईबल अध्यायनमा परमेश्वरसँग समय बिताउनु)

यो बाईबलको पदले स्पष्ट र सिधा यो नबताएको भएतापनि तपाईले आफ्ना बा-आमाको अर्ती र सल्लाहलाई मानिलिदै सिकाउँन अवसर दिनुपर्छ भनि बताउँदछ । यहाँ बाईबलका दुई पदहरु छन् जसले आफ्ना बा-आमाको शिक्षा लिनु कति महत्वपूर्ण छ भनि सिकाउँछ ।
१. "................." (हितोपदेश १:८)। याद गर्नुहोस् परमेश्वरले तपाईको बा- आमालाई कुन ठीक र कुन बेठीक हो भनी सिकाउने जिम्मेबारी दिनुभएको छ । आफ्ना बा-आमाबाट सुन्नु र सिक्नु तपाईको जिम्मेवारी हो ।
२. "...................." (हितोपदेश १०:१)। एउटा जवान जसले के ठीक हो र के गलत हो भनी सून्छ र सिक्छ र ठीक काम गर्छ भने त्यसले बा-आमाको जीवनमा आनन्द ल्याउँछ । एउटा जवान जसले के ठीक हो र के गलत हो भनी थाहा गर्छ तर जे गलत हो त्यो गर्छ भने त्यो मूर्खता मात्र हो । र यस कामले बा-आमालाई लज्जीत पार्छ । तपाईले चाहना गर्न सक्ने बुद्धि भन्दा महत्वपूर्णअरु केही छैन । बुद्धिलाई प्राप्त गर्ने एउटा उपाय भनेको आफ्ना बा-आमाको शिक्षालाई मान्नु हो ।

बाईबलले स्पष्टसँग बताएको छ कि परमेश्वरको वचन सिकाउने तपाईको बा- आमा ,विशेषगरी तपाईको वुवाको जिम्मेबारी हो । धर्मशास्त्रले यो पनि भन्दछ कि, आफ्ना बा-आमाको कुरा र शिक्षा सुन्न र पालन गर्ने जिम्मेवारी तपाईको हो, तब मात्र तपाईले के ठीक हो र के गलत हो छुट्याउन सक्नुहुन्छ र जे ठीक हो त्यो गर्नसक्नुहुन्छ ।

- **प्रश्नः छोराछोरी हो, तपाई आज कसरी आफ्ने बा-आमासँग समय विताउन सक्नुहुन्छ?**
- **प्रश्नः बुवाहरु हो, तपाई आज कसरी आफ्नो छोराछोरीसँग समय विताउन सक्नुहुन्छ?**
- 

तपाईमा यो विचार होस् भनी परमेश्वर ईच्छा गर्नुहुन्छ यसका केही पदहरु यहाँ दिइएको छ :

- येशूले जवाफ दिदै भन्नुभयो,"..........."(मत्ति२२:३७-३९)।
- येशूले जवाफ दिदै भन्नुभयो,"..........."(गलती५:२२,२३)।
- येशूले जवाफ दिदै भन्नुभयो,"..........."(एफीसी ४:३२)।
- येशूले जवाफ दिदै भन्नुभयो,"..........."(एफीसी ६:९) ।
- येशूले जवाफ दिदै भन्नुभयो,"..........."(फिलिप्पी२:३,४)।

# पाठ # १९-तपाईबाट सुन्नु असल छ

आज्ञा # ६

**तैले हत्या नगर**

उत्साह दिनुहोस र अरुलाई सहायता गर्नुहोस ।

समीक्षा

गएको हप्ताको गृहकार्य प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद

आजको पाठ पद

“......................................” (एफिसी ४:२९)।

जीवन चरित्र

उत्साह

छलफल

**हालसालै तपाईको निम्ति कसैले कुनै राम्रो काम गरिदिएको छ?** त्यो गरिदिदा तपाईलाई कस्तो अनुभव भयो?

**हालसालै तपाईले अरुको निम्ति कुन् राम्रो काम गरिदिनुभयो?** त्यो गर्दा तपाईलाई कस्तो अनुभव भयो ?

परिचयः

तल दिइएको ईमेल ठेगाना केहि समय देखि प्रख्यात् छ यसको श्रोत र शुद्धता Truthorfication.com भनी दिइएको छ ।

एकदिन मध्यान्ह साया आफ्नो बुवासँग एउटा खेलकुद मैदन भएर जाँदा तिनले चिनेका साथीहरु बेसबल खेलिरहेका थिए । सायाले आफ्नो बुवालाई सोधे, तिनीहरुले मलाई खेल्न देला? सायाको वुवालाई थाह थियो की मेरो छोरा त्यत्ति राम्रो खेलाडी होइन । त्यसैले तिनीहरुको टोलीमा सायालाई सामेल गर्ने छैन । सायाको बुवालाई यो पनि राम्रो थाह थियो कि यदि साया टोली छनौटमा मात्र पर्‍योभने पनि यसले सायालाई सान्त्वना दिनेछ ।

त्यसर्थ सायाको बुवा एउटा ठिटोतिर गए र साया पनि तिमीहरुसँग खेल्न सक्छ भनी निबेदन गरे । ति ठिटा पनि आफ्नो टोलीका लागि निर्देशन दिने व्यक्तिको खोजीमा थिए । तिनले कसैलाई नपाउँदा,

तिनले जिम्मेवारी लिदै भने, हामी यसैपनि ६ रनले पछि परेका छौं, र खेल आठौं खेलाडीको अन्त्यमा आईपुगेको छ। मलाई लाग्छ तिनी हाम्रो टोलीबाट खेल्न सक्छ र नवौं खेलाडीको स्थानमा जान सक्छ। साया यो सुनेर मुस्कुराउँदा तिनका बुवा पनि उत्साहित थिए। सायालाई हातमा लगाउने पञ्जा लगाई अभ्यास गर्न एउटा कुनामा पठाइयो। आठौं पालीको अन्त्यतिर आइपुग्दा, सायाको टोलीले केही थप रन बनाए तापनि तीन रनले पछाडि नै थिए। नवौं पालीको अन्त्यतिर आइपुग्दा सायाको टोलीले केही थप रन जोडे साथै आफ्ना टोलीका दुई खेलाडी गुमाइसकेका थिए। अब सम्भावित जित दिलाउने पालो आउने नयाँ खेलाडीको थियो। र नयाँ खेलाडीको रुपमा सायालाई टोलीमा समाबेश गरी पठाइएको थियो। के यो टोलीका लागि सायालाई खेल्न पठाउन र खेल जित्ने मौका दिन ठीक छ त? तै पनि आश्चर्य पार्दै तिनलाई ब्याट दिइयो। सबैजनालाई थाह थियो की यो असम्भव थियो किनकी सायालाई राम्ररी ब्याट पनि समात्न आउदैनथ्यो। न त राम्ररी बलपूर्वक हिर्काउनै सम्भव थियो। तै पनि साया तोकिएको स्थानमा गयो तिनी तर्फ बल फ्याक्ने ठिटो पनि आफ्नो स्थानमा आइ साया तर्फ बल फ्याक्न तम्तयार  थियो।

पहिलो बल साया तर्फ फ्याकियो तिनले पनि हिर्काउने प्रयास गरे तर बलमा लाग्न सकेन। सायाको एकजना साथी तिनी कहाँ आए र ति दुबैले ब्याटलाई राम्ररी समाते जब बल तिनी तर्फ फ्याँकियो, साया र साथीले त्यस बललाई आफ्नो ब्याट घुमाउदै हिर्काए र बल गुड्दै पर पुग्यो। तिनका प्रतिद्धन्द्धी खेलाडीले आए बल समाते र सहजै पहिलो आधारमा भएको खेलाडी कहाँ बल फ्याक्न सक्थे। यदि तिनले त्यो गरेको भए तिनी खेलबाट बाह्रिरिन्थे र हार जितको निर्णय हुन्थ्यो। तर तिनले बललाई समाति पहिलो आधारमा खडाभएको खेलाडी भन्दा टाढा बल फ्याँकिदिए। सबैजना एकसाथ कराउन थाले साया पहिले रनका लागि दौड. दौड। साया आफ्नो जीवनमा नै रनको लागि दौडिएका थिए। तिनी झस्कदै बेपर्वाहसँग रन बटुल्नको लागि दौडन थाले। तिनी पहिलो अधारमा पुग्दा नपुग्दै तिनका प्रतिद्धन्द्धीले बललाई समाति सकेका थिए र तिनले त्यो बल दोस्रो अधारमा फ्याँकी दौडिरहेका सायालाई बाहिर पठाउदै खेल अन्त्य गर्न सक्थे। तर त्यस खेलाडीले आफ्नो साथीको मनसायलाई बुझेका थिए र बल तेस्रो अधारका खेलाडी भन्दा टाढा बल फ्याँकिदिए। तब सवैजना एकपटक फेरी चिच्याउन थाले, साया दोस्रो रनका लागि दौड. दौड। साया स्फूतसार्थ आफू अगाडिको दौड पूरा गर्न दौड्न थाले। साया सफलतापूर्वक आफ्नो दोस्रो रन पूरा गरी सक्दा भीड फेरी कराउन थाले साया तेस्रो रनका लागि दौड. दौड। सायाले तेस्रो रन लिदै दौड पूरा गर्दा दुबै टोलीका खेलाडीहरु तिनी तर्फ दौडिदै आए, र सायाले दौड पूरा गरे भनी कराए।

साया आफ्नो दौड पूरा गरी फर्किएपछि दुबै टोलीका १८ खेलाडीले तिनलाई आफ्नो काँधमा बोके र तिनलाई खेलका नायक बनाए। मानौ तिनी विश्व विजेता र टोलीका महान् नायक भएका थिए।

<u>तपाईबाट सुन्न पाउँदा खुशी लाग्छ</u>

खण्ड : प्रेरित ३:१-१०

यि मानिस जन्मदैदेखि अहिले ४० बर्षसम्मै ल॰डो थियो र सून्दर भन्ने मन्दिरको ढोकामा माग्न बस्थ्यो । तिनी आफ्नो जीवनभरि न त हिडे न दौडे न त उफ्रीए । तिनी प्रत्येक दिन मन्दिरको प्रवेशद्धारमा बस्थे र आउने-जाने मनिसहरुसँग भिख माग्थे ।

तपाई आफैलाई यि लङ्गडो मानिसको स्थानमा राख्नुहोस् । प्रत्येक शनिवार मानिसहरु सेवाको निम्ति आउँदा तपाइको परिवारले तपाईलाई मण्डली ढोकाको प्रवेशद्धारमा राखिदिन्थे ।

**प्रश्नः विचार गर्नुहोस त यदि तपाई शनिवार मण्डली घरको द्धारमा बसी मण्डलीमा आउने जतिहरुसँग भिख माग्नुहुन्छ तब मनिसहरुले तपाईलाई कस्तो व्यावहार गर्छ होला?** (तपाईले तिनीहरुबाट केही सिक्का पाउनूहुन्छ कसैले तपाईलाई बेवस्ता गर्छ कोही कोही तपाईबाट तर्किएला वा कसै कसैले तपाईलाई हेर्ने पनि छैन)

मनौ एक शनिवार तपाई आफ्नै स्थानमा भिख माग्न बस्नुभएको छ, दुई जना बटुवा पाहुना तपाईबाट भएर जादैहुनुहुन्छ तपाई केही पाउने आशामा तिनीहरुसँग भिख माग्नुहुन्छ । तब तिनीहरु तपाईको कूरामा ध्यान दिदै त्यही रोकिन्छ ।

**प्रश्नः यि दुई मनिसहरु तपाई कूरामा ध्यान दिन्छ र तपाईसँग कुरा गर्न रोकिदाँ तपाई कस्तो महासुस गर्नुहुन्छ ?** (कसैले मेरो वास्ता गर्छ, आशावादी, खुशीको अनुभव) उत्साहको वचन र काम जहिल्यै शक्तिशाली हुन्छन् । त्यसले निको पार्छ, त्यसले मानिसको मनोबललाई उठाउँछ त्यसले मानिसको जीवन परिवर्तन ल्याउन सक्छ।

**प्रश्नः कसैलाई उत्साह दिने ३ तरिकाहरु छन । तिनीहरु के के हुन?**
(तपाई अरुलाई आफ्नो वचन, प्रार्थना र कामद्धारा उत्साह दिन सक्नुहुन्छ)।

<u>बचनले उत्साह दिन्छ</u>

"........................................................." (हितोपदेश १२:२५)।

प्रश्नः त्यस्तो को होला जसलाई तपाई आज खुसी पार्नसक्नुहुन्छ? (घरमा थला परेको एउटा विरामी, खेलबाट घाइते भई खेल्न नसक्ने खेलाडी, विछोड हुन लागेको एक व्याक्ति)

प्रार्थनाले उत्साह दिन्छ

"......................................................." (प्रेरित १६:२५)

पावल र सिलास येशूको विषयमा मानिसहरुलाई बताएको कारण झ्याँलखानमा थुनिएका थिए । मध्यरातको समय सुत्नुपर्ने अवस्थामा तिनीहरु गाउँदै र प्रशँसा गर्दै परमेश्वरमा पुकारा चढाईरहेका थिए । तिनीहरुको प्रार्थनाले अरु झ्यालखानाका कैदीहरुलाई तिनीहरुको कूरा सुन्न उत्साह मिलेको थियो ।

प्रशनः आज तपाई कसको लागि प्रार्थना गर्न सक्नुहुन्छ? (तपाईका परिवारका, सदस्य, साथी, मिशनरी ( पावल र सिलासजस्तै), तपाईको पाष्टर, तपाईको शिक्षक, तपाईको प्रधानमन्त्री)

कामले उत्साह दिन्छ :

"......................................................." (हिब्रू ४:१२)।

तपाईको जीवनद्धारा उत्साह दिन कसरी परमेश्वरको जीवन जिवित र दईधारे हुनसक्छ हेरौँ । असल सामरीको दृष्टान्तलाई नविर्षौ ?

"......................................................." (लूका १०:३०देखि ३५)।

**प्रश्नः सामरीले के गरेर घाइते व्याक्तिलाई उत्साह दिन सक्थे?** (तिनी सहायताको निम्ति रोकिन सक्थे, औषधी उपाचरको निम्ति तिनलाई लानसक्थे, र पौवामा बस्ने खर्च तिरी दिन सक्थ्यो )

प्रश्नः आज तपाई कसरी उत्साह दिन सक्नुहुन्छ?

- तिनलाई जो आजै पहिलोपटक विद्यालय आएका छन् जसको कोही पनि साथी छैन (खाना खान बोलाउनुहोस् )
- तिनलाई जो अति गरीब छन् (तिनीहरुको अधारभूत खाँचो भोजन र कपडा जुटाउन सहायता गर्नुहोस् )
- तिनलाई जो टोली छनौटमा सधै अन्तिममा पर्छ, पहिल्यै छनौट गर्नुहोस् ।
- तिनी जो सिक्नमा कमजोर छिन् (गृहकार्य गर्न सहायता गर्नुहोस्)

तपाईको बचन र काम मानिसहरुलाई उत्साह दिन सामर्थ्यी छन् । तर याद गर्नुहोस् व्यर्थको बकबक, विभाजन र उस्काने वचन मानिसलाई ज्यादै निराष पार्न उत्तिकै सामर्थ्य छन् । बाईबलले भन्छ, "........................." (एफिसी ४:२९)।

तपाई निश्चित हुनुहोस् तपाईको बचन र कामले मानिसहरुलाई कमजोर बनाउँछ, कि उत्साह र निर्माण गर्छ । एकपटक तपाई वरिपरि बस्ने मानिसहरुको खाँचोलाई नियाल्नुहोस् । जब तपाईले उत्साह दिने मौका पाउनुहुन्छ, मानिसको जीवनलाई अझ राम्रो बनाउन सहायता गर्नुहोस् । यसले तपाई खाँचोमा परेको मानिसहरुलाई सहायता गर्न पाएकोमा प्रशन्न पार्नेछ । आज तपाई आफ्नो प्रार्थनामा आफ्नो बचन र आफ्नो कामद्धारा कसैलाई उत्साह दिनुहोस् ।

## पाठ # २०-अचम्मको जीवन

आज्ञा # ६

### तैले हत्या नगर

(उत्साह दिनुहोस र अरुलाई सहायता गर्नुहोस)

गृहकार्य समीक्षा

प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद.

आजको पाठ पद.

"......................................................." (१कोरन्थी १२:२८)।

जीवन चरित्र

मानव जीवनको मूल्यलाई महत्व दिनुहोस्

छलफलको लागि प्रश्न

**तपाईको जीवनको अश्चार्य पक्ष के हो?**

परिचय

यो अचम्मको जीवन नामक चलचित्रमा जर्ज वेश्लीलाई यदि तिनी नजन्मिएको भए यो सानो शहर वेडफोर्डको मानिसहरुका जीवनमा के आईपर्थ्यो होलान भनी हेर्ने मौका दिइएको थियो। तिनले यस शहरका प्रत्येक मानिसहरुको जीवनमा खेलेको भूमिका र प्रभाव देख्न पाएका थिए। जब तिनले आफ्नो जीवनद्धार मानिसहरुलाई प्रभाब पार्न सकेको थाह गरे तब जर्ज वेश्लीले अफ्नो जीवन अचाम्मको भएको स्वीकार गरे।

भ्यान्डर विल्टमा भएको डा. जोसेफको प्रसिद्ध फोटो जुन २१ हप्ताको समुएल अरमासको मेरुदण्ड सोझ्याउने गरिएको शल्यक्रियामा तिनको सानो हात समात्दा लिइएको थियो ( यो तस्विर एक स्वतन्त्र फोटोग्राफर मिचेन क्लन्सी सल्यक्रिया हुँदा यू.एस.ए. टुडे नामक सँस्थाले यो कामको लागि नियुक्त गरेका थिए।)

यो अचाम्मको जीवन

खण्ड : भजनसँग्रह १३९:१३-१६

हामीले भर्खरै पढेको अनुच्छेदमा भएको शब्दबारे चर्चा गरौं:

................. तपाई बनाउनुभयो

**प्रश्नः यदि तपाईले आफ्ना बा-आमाके जन्मदिनको कार्ड बनाउनुपर्ने भयो । तपाई यो जन्मदिनको कार्ड कसरी बनाउनुहुन्छ?** (तपाईले कार्डमा के सन्देश लेख्ने विचार गर्नुहुन्छ, त्यसको अकारप्रकारमा ध्यान दिनुहुन्छ र कार्ड तयार पार्नुहुन्छ ) ।

जसरी तपाईको बा-आमाको जन्मदिनको कार्ड बनाउन यि सबै कूरालाई विचार पुर्‍यउनुपर्छ त्यसै गरी परमेश्वर ब्रह्माण्डका श्रृष्टिकर्ताले मैले कस्तो बनाउने भनी बिचार गर्नुभयो यो कस्तो होला भनी आकार र योजना बनाउनूभयो तब तपाईलाई बनाउनुभयो ।

<u>रच्नु</u>

,,,,,,,,,,,,,,,,तपाले मलाई रच्नुभयो ।

**प्रश्नः तपाईले सुइटर बुन्दा उनको धागोलाई के गर्नुहुन्छ?** (सुइटरलाई सुन्दर र आकर्षक बनाउन तपाईले विभिन्न रङ्ग र प्रकारका धागो छन्नुहुन्छ त्यसपछि यसका आकार-प्रकार, आकर्षण, तौल, टिकाउपन, उपयोगिता र अनुभवलाई यो बनाउन समय खर्चनुहुन्छ ।)

तपाईका सम्पूर्ण शरीरिक बनौट : तपाईको कपालको रङ्ग तपाईको चाहना, भाषगत सिप, सँयोजन पक्ष तपाईको सुक्ष्मअणुसँग मिलाईएको हुन्छ । तपाईको सुक्ष्मअणु नै तपाईको शरीरमा भएको प्रत्येक कोषको लागि परमेश्वरको सन्देश हो । त्यले भन्छ तपाई कहाँ जाने र तपाईले के गर्ने । परमेश्वरले तपाईको जीवनमा गर्न चाहनुभएको यो सन्देशलाई तपाईको शरीर भरीको कोषहरुमा पुर्‍याइन्छ ।

तपाईको यो रचनाले प्रत्येक आत्मिक दान बरदानलाई निर्धारण गर्छ : तपाईलाई दिएको आत्मिक नाप आत्मिक बरदान तपाईको ह्रदय जुन परमेश्वरको मान्दिर हौ ।

जसरी एउटा स्विटर बुन्न उनका विभिन्न रङ्गका डल्लाहरु प्रयोग गरिन्छ त्यसैगरि परमेश्वरले तपाईलाई रचना गर्दा प्रत्येक शरीरिक अँङ्ग र आत्मिक पक्षहरुलाई मिलाएर अकार दिनुहुन्छ । तपाईको शरीर, प्राण र आत्मालाई अलग गर्न नसकिने गरि एउटा पूर्ण अद्धितिय मानिस बनाउनलाई जोड्नुहुन्छ ।

<u>बनाउनु</u>

म भयानक र अचाम्म रीतिले बनिएको छु । एउटा चित्रकार वा शिल्पकारले काँठमा कुदेर आफ्नो कलाकारिताको कथा भन्छ । एउटा लेखकले आफ्नो शब्दहरु बुनेर एउटा कथा भन्छ । दुवैले एउटा कथा भन्नाको लागि नियम पालन गर्छ । तपाई पनि उहाँको अलौकिक निर्देशन बमोजिम् एउटा कलाकार र एउटा लेखकजस्तै नियम पालन गर्न बनिनुभएको हो ।

हाड

मेरो हड्डी तपाईबाट लूकेको थिएन । तपाईका प्रत्येक शरीरिक बनौट श्रृष्टिको आरम्भमा नै सोचिएको र योजना गरिएको थियो तपाईको उचाई र तपाईको हातको निपूणता, तपाइको आँखाको र॰ तपाईको बोली र तपाईको दृष्टि शक्ति । तपाईका कमजोर शरीरिक अँ॰ प्रत्य॰को योजना गर्नुहुदा एउटा योजना राख्नुभएको थियो ताकि तपाईको जीवनद्धारा उहाँको सुन्दर कार्य प्रकाट होस् ।

अन्तस्करण

तपाईले मेरो अन्तस्करण बनाउनुभयो ।

**प्रश्नः बाईबलले बताएको तपाईको अन्तस्करण के हो?**

(तपाईको प्राण र आत्मा) परमेश्वरले तपाईको शरीरिक अ॰ा मात्र बनाउनु भएन तर उहाँले तपाईको प्राण र आत्मालाई पनि बनाउनुभयो र दिनुभयो । तपाई यो जीवन सँसारमा विताउनको लागि मात्र बनिनुभएको होइन तर अनन्तमा सधै परमेश्वरसँग रहनको लागि पनि बनिनुभएको हो । परमेश्वरले तपाईको नाशवान शरीर मात्र हैन तर स्वर्गमा जिउनको लागि सुहाउदो आत्मिक अविनाशी शरीर पनि बनाउनुभयो ।

लेखिएको

ती बनाइदै तपाईको पुस्तकमा ती लेखिएका थिए ।

**प्रश्नः तपाईको मनपर्ने बाईबलको कथा कुन् हो ?** (मोशा र बलिरहेको पोथ्रा,दाउद र गोल्यत, दानिएल र सिँहको खोर र पहिलो इष्टरको विहानी)

**प्रश्नः उदाहरणको लागि मानौँ यदि दाउद वा येशूको कथा निकालिएको भए के हुन्थ्यो होला?** (कथाले पूर्णता पाउनेथिएन) तपाई पनि परमेश्वरको कथाको एक महत्वपूर्ण भाग हुनुहुन्छ । तपाइ विना उहाँको कथा अपूर्ण हुनेछ । परमेश्वरले तपाईलाई बनाउनुको उदेश्य छ । उहाँले तपाईलाई बनाउनको लागि एउटा कथा दिनुभएको छ ।

**प्रश्नः कुन उदेश्यका लगि परमेश्वरले तपाईलाई बनाउनू भएको हो?**

बाईबलले भन्छ, "......................................................." (एफिसी २:१०)।

तपाई परमेश्वरको काम गर्नको निम्ति बनाइनुभएको हो । जे असल छ त्यही गर्दै उहाँको र अरुको सेवा गर्न । उहाँले तपाईबाट आफ्नो सेवा गराउनको लागि समय र स्थान पनि निर्धारण गर्नुभएको छ । त्यसैकारण त तपाई न त १०० बर्ष पहिले जन्मिनुभयो न त १०० बषपछि जन्मिनुहुनेछ । त्यसैकारण तपाई जस्तो हुनुहुन्छ त्यस्तै र तपाई हुर्कनुभएको परिवारको सदस्यकै रुपमा बनाउनुभयो ।

**प्रश्न: किन परमेश्वरले हामीलाई असल कामको निम्ति बनाउनुभयो ?** (अरुहरुको खाँचो पूरा गर्न ) बाईबलले भन्छ, "…………………………………………………………",
(१कोरन्थी १२:१४देखि २१) परमेश्वरले तपाईलाई बताउनु भनि दिनुभएको कथा कुन हो? (तपाई स्वयम नै परमेश्वरले सवैलाई वास्ता गर्नुहुन्छ भन्ने सन्देश बोकेको कथा हुनुहुन्छ) तपाई कसैको मुहार हेरेर मलाई तिम्रो खाँचो छैन भनी भन्न सक्नुहुन्न ।

यसको बारेमा विचार गर्नुहोस् तपाईको आमा वुवाले तपाईलाई अर्ती उपदेश दिनुहुन्छ । शिक्षकले सिकाउन सहायता गर्नुहुन्छ । प्रशिक्षकले टोलीमा कसरी साथी खेलाडीसँग मिलेर खेल्न सिकाउँछ । किसानले खेतीपाती लगाई हामीलाई खुवाउँछ । सिकर्मीले घरको छनो लगाउन मदत गर्दछ । प्रभुको दासले परमेश्वरको वचन सिक्न सहायता गर्छ । हाम्रो आफ्नो भलाईकै लागि पनि एउटालाई अर्को चाहिन्छ ।
छैठौ आज्ञा तैले हत्या नगर्नु हो (प्रस्थान २०:१३) । यसलाई अर्को शब्दमा भन्नुपर्दा अरुहरुको जीवनलाई आदर गर्नु हो ।

**प्रश्न: किन परमेश्वरले अरुहरुलाई आदर गर भनी आज्ञा गर्नुहुन्छ?** आऔ एक पटक हाम्रो पहिलेका धर्मशास्त्र खण्ड हेरौं :
"…………………………………………………" (भजनसँग्रह १३९:१३-१६)।
हामीले पहिल्यै छलफल गरिसकेका केही मुख्य शब्दहारुलाई हेरौं र बुझौं **किन परमेश्वर अरुहरुलाई आदर गर भन्नुहुन्छ?**

तपाईले मेरो अन्तस्करणलाई बनाउनुभयो । हत्याराले परमेश्वरको श्रृष्टिलाई नष्ट गर्छ । नबनिदै ती तपाईको पुस्तकमा ती लेखिएका थिए।

- हत्याराले अनन्तसम्म हुने त्यसको परिणाम भोग्नुपर्छ । हत्याराले आफ्नो यस जीवनमा मात्र दण्ड पाउदैन तर आउने जीवनलाई पनि प्रभावित पार्छ । हत्याराले आफ्नो प्राणले स्वर्गमा बस्न पाउने अवशरलाई गुमाउँछ ।
- सन्देश बाहकले इच्छा गरिएको सन्देशलाई ठीक तरिकाले पुर्याउन नसकेको कारण हत्याराले परमेश्वरको कथालाई अधुरै छोड्छ । गर्भपतनको सवालमा एउटा बलाक जसले कथा नै भन्ने मौका पाउदैन ।

प्रत्येक मानिसको खाँचो छ । परमेश्वरले तपाईलाई अस्को खाँचो पूरा गर्नको निम्ति बनाउनुभएको हो । परमेश्वरले अरुहरुलाई तपाईको खाँचो पूरा गर्नलाई बनाउनुभएको हो । जब कसैले अर्काको हत्या गर्छ त्यसको कारण अर्को मानिसको खाँचो पूरा हुन पाउदैन ।

**प्रश्न: मानव जीवन किन बहुमुल्य छ?** बाईबलले भन्छ,..............(उत्पत्ति २:७) । चरा र माछा र जनावर र अन्य जीवित पशूप्रणीहरु परमेश्वरले बनाउनुभयो तर मानिस परमेश्वरको स्वरुप र चरित्रमा सिर्जना गरिएको छ । किनभने परमेश्वरले मानिसलाई ...............(भजनसँग्रह ८:५) । बाईबलले यो पनि भन्छ,: उत्पत्ति ९:६) ।

परमेश्वरले मानिसलाई उहाँसँग र उहाँको श्रृष्टिमा रहदै उहाँकै चरित्रलाई दर्शाउन र आनन्द लिन बनाउनुभयो । तपाईलाई अजम्मरी आत्मा दिइएको छ । तपाईलाई परमेश्वरले स्वर्गमा अनन्तसम्मै सँगै रहनका लगि बनाउनुभएको हो अरु सबै जीवित प्राणीहरुबाट तपाईलाई अलग गर्नुभयो र उच्च पार्नुभयो ।

परमेश्वरले यस सँसारका सबै मानिसहरुलाई उहाँको प्रतिरुपमा बनाउनुभएको छ र अरु मानिसको खाँचो भएको चाहनुहुन्छ । त्यसैकारण परमेश्वरको श्रृष्टिमा मानब जीवन बहूमुल्य छ । त्यसैकरण परमेश्वर अरुहरुलाई आदर गर भनी आज्ञा दिनुहुन्छ ।

हाम्रो अर्को पाठमा  हामी रिस वा क्रोधको विषयमा चर्चा गर्नेछौ. साथै यो किन खतरनाक छ र तपाई अनि म कसरी शान्तपूर्वक रहनसक्छौं त्यो पनि सँगसँगै हेर्नेछौं ।

## पाठ # २१-रक्षात्मक उपाय भाग १

आज्ञा # ६

### तैले हत्या नगर

(उत्साह दिनुहोस र अरुलाई सहायता गर्नुहोस)

गृहकार्य समीक्षा

प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद.

आजको पाठ पदः

"........................................................." (एफिसी ४:२६,२७) ।

जीवन चरित्र

आत्मसँयम

छलफलका लागि प्रश्न

**तपाईलाई के ले रिस उठाउँछ ?**

परिचय :

जोन पार्किन्स सन् १९३० देखि ४० दशकमा मिसिसिस्पिका अरु थुप्रै कालाजातिहरु जस्तै अधियामा खेती गर्ने किसान थिए । जब तिनका दाज्यू एउटा चलचित्र भवन अगाडि गोरा जातिका जनप्रतिनिधिद्धारा गोली ठोकी मारिए तब तिनीहरुको परिवार क्यलिफार्नियामा बसाई सरे । त्यहाँ तिनले आफ्नो जीवनमा येशू खीष्टलाई ग्रहण गरे र गोरा जाति र कालाजाति दुबैका मण्डलीहरुमा प्रचार गर्न थाले । एक दिन परमेश्वरले तिनलाई मिसिसिप्पिमा फर्कि जवानहरुलाई सहायता गर्न भनी बोलावट दिनुभयो जहाँ फर्किए र तिनले कलभरीको आवाज र मेनडेन भवनमा सेवाकाई शुरु गरे ।

एकरात १९६९ मा, जोनले फोनद्धारा पक्राउ परेका र जेल पठाइएका विद्यार्थीहरुको खवर थाह पाए । त्यसपछि  जोनले मेनडेन भवनको बहिस्कारको कार्यक्राम अघि बढाए । प्रायः गोराजातिहरु सबै कूराको मालिक थिए तर, किन्नेहरु कलाजातिका थिए । यदि कलाहरुले किन्न अस्वीकार गरेको भए गोराहरुले तिनीहरुको माग "न्याय र समानता" लाई सुन्ने थिए, तर बहिष्कार कार्यक्रामले भिन्दै परिणाम निम्त्यायो । कालाजातिमाथि झूटा दोष लगाई तिनीहरुलाई पक्राउ गरियो र निर्ममतापूर्वक पिटियो । अब भने एउटा स्थानिय विद्यालयका विद्यार्थीहरुलाई बहिष्कारको पाठ पढाउन पक्राउ गरियो र थुनामा निर्ममतापूर्वक पिटियो ।

जोनले आफ्ना केही मित्रहरुलाई लिई विद्यार्थीलाई थुनिएको शहरमा गई तिनीहरुप्रति समर्थन जनाए । जोन र तिनका साथीहरुको गालामा थप्पड लगाइयो । मुक्का र लात लगाइयो । जोनले ति अधिकृत र हाकिमहरुका आँखामा भएका घृणा र क्रोधलाई देखे । तर बद्लामा उनी तिनीहरुलाई घृणा गर्न सक्दैनथे । उनीमथि अत्याचार र अन्याय हुँदा पनि बदलामा तिनीहरुजस्तो हुनसक्दैनथे । समय आयो उनले ति गोराहरुलाई क्षमा गरिदिए । (डेभ र नेता ज्याकसनद्धारा लिखित नामकहरुको कथाबाट साभार गरिएको हो बेगानी हाउस १९९७ पृष्ठ १२९-१३६ )।
तपाई समान्य अवस्थामा हुँदा वा शान्त रहदा जे निर्णय गर्नुहुन्न क्रोध वा रिसले तपाईलाई काम वा बचनद्धारा त्यही गर्न बाध्य पार्छ । तर जोन पार्किन्सले आफ्ना भावनालाई राम्ररी बुझे र रिसमा केही नगर्ने निर्णय गरे ।

आज, हामी रिस र क्रोध तर्फ धकेल्ने काम र भावनाको बारेमा चर्चा गर्नेछौं । साथै हामीलाइ सहजै क्रोधमा पुर्‍याउने अवस्थामा पनि कसरी शान्तपूर्वक ठीक कूराको छनौट गर्न सकिन्छ सो पनि चर्चा गर्नेछौं ।

रक्षात्मक उपाय (भाग ३)

(खण्ड : मत्ती ५:२१-२४)

प्रश्नः यस अनुच्छेदमा दिइएको तपाई वा मलाई सजिलै रिस उठाउने दुई उदाहरणहरु के के हुन् ? ( कुनै बचन जसले तपाई वा मलाई सहजै निरास पार्छ वा केही काम जसले तपाई वा मलाई रिस उठाउँछ )

**प्रश्नः किन येशूले कसैसँग रिस गर्नु खतरनाक हुन्छ भनि बताउँनुभयो?** (येशूलाई यो कूरा थाह थियो कि हाम्रो क्रोधपूर्ण विचारले आफैलाई वा अरुलाई चोट पुर्‍याउने वचन वा काम तर्फ डोर्‍याउन सक्छ ।
अब हामी यस्ता परिस्थितिलाई हेर्नेछौं जसको जवाफ रिसाएर वा शान्तपूर्वक दूई तरिकाले दिन सक्छौं । एउटा कुरा याद गर्नुहोस् हामीले हेर्न लागेको धर्मशास्त्रको यो खण्डले हामीले सामना गर्ने हरेक परिस्थितिको जवाफ दिनेछ :................(१कोरन्थी १३:४-७)

**परिस्थिति :**

तपाई पनि सहभगि हुनुहुन्थ्यो, जित्ने कोशिष गर्नुभयो तर तपाईको साथीले जित्यो :

**प्रश्नः यदि तपाईले मनमा कूरा खेलाउनुभयो र साथीको विरुद्ध रिस उठ्ने कुनै भावना तपाईमा आउँछ ?** (ईष्या)

**प्रश्नः तपाईको भित्रबाट व्यावहार कस्तो हुनुपर्छ ?** (साथीसँग आनन्द मनाउनुपर्दछ )

**परिस्थिति :**
एउटा विज्ञान प्रतियोगितामा तपाईको साथीले पहिलो स्थान पायोः

**प्रश्नः तपाईको साथीले प्रतियोगिता जितिसकेपछि तपाईलाई जिस्कउन कस्तो व्याबहार गर्न सक्छ ?**(घमण्ड वा सेखी गर्न सक्छ)

**प्रश्नः तपाईलाई चिन्ता दिने भावनालाई कसरी सहज बनाउन सकिन्छ?** (तिनको उपलब्धीको प्रशँसा गर्नुहोस् )

**परिस्थितिः**
तपाईले विद्यालयको बास्केटबलको खेलमा सबैभन्दा उच्चा अँक प्राप्त गर्नुभयो र अन्तरबार्ताको लागि निम्तो पाउनुभयो :

**प्रश्नः तपाईले कस्तो व्याबहार वा विचार व्यक्त गर्‍यो भने तपाइका साथी तपाईसँग रिसाउछ होला?** (मैले मात्र राम्रो खेल भन्दै सम्पूर्ण श्रेयआफैले लिने "घमण्डी सुँगुर" बन्नुहुनेछ)।

**प्रश्नः तपाईले टोलीका सवै खेलाडीलाई समेट्ने खालको जवाफ कस्तो हुनसक्छ ?** (नम्रता वा अरुलाई पनि श्रेय दिने )अरु साथीहरुले पनि राम्रो खेलेर मलाई बल दिई अवसर सिर्जना गरि दिए)।

परिस्थिति :
तपाईका साथीहरुले कक्षामा भएको अर्को साथीको ठट्टा गर्दै हाँसोमा उडायो :

**प्रश्नः तपाईको कक्षाको अर्को साथीलाई चोट पर्‍याउने प्रतिक्रिया कस्तो हुनसक्छ ?** (तपाई निर्दयितापूर्बक आफ्नो साथीहरुले गरेको ठट्टामा हाँस्नुहुनेछ )

**प्रश्नः तपाईको कक्षाको मित्र नरिसओस भनी तपाई के गर्नसक्नुहुन्छ?** (तपाई आफ्नो साथीहरुको ठट्टामा नरमाउनुहोस् तर साथीले गरेको दुर्व्यवहारप्रति क्षमा माग्नुहोस् )

परिस्थिति :
तपाईको बा-आमाले छोराछोरीको लागि भनी नयाँ कम्प्यूटर किन्नुभयो :

**प्रश्नः तपाईको दाई वा दिदी कसरी रिसाउन सक्छ ?** (स्वार्थीपन : कम्प्यूटरमा झुण्डीरहन्छ )

**प्रश्नः कसरी कलह शान्त राख्न सकिन्छ ?** (समय छुट्याउनुहोस् पहिले दाजु वा दिदीलाई प्रयोग गर्ने मौका दिनुहोस् )

परिस्थिति :

जब तपाई साथीसँग कुनै काम गर्नुहुन्छ तिनी जहिल्यै ढिलो हुन्छ र तपाईलाई पर्खाइरहन्छ :

**प्रश्नः तपाई आफ्नो साथीसँग रिसाउनु ठीकै हो भनी कसरी प्रमाणित गर्नुहुन्छ?** ( तपाईको साथीले अहिलेसम्म कति पटक पर्खीएको छ भनी त्यसको लेखा राख्नुहुन्छ )

**प्रश्नः तपाई आफ्नो रिस वा अप्रशन्नतालाई कसरी रोक्न सक्नुहुन्छ ?** (क्षमा दिई ) हामी अरु केही थप हामीलाई रिस वा क्रोध उत्पन्न गराउने हाम्रो सोच वा कामको उदाहरणलाई हेर्नेछौं साथै त्यस्ता क्रोध आइ रहनबाट रोकथाम गर्ने धर्मशास्त्रले दिएको सल्लाहरुपी जवाफलाई पनि हेर्नेछौं ।

झुठ :

"........................................................" (एफिसी ४:२०)

नमिठो वचन

"........................................................" (हितोपदेश १५:१)

समाधन नगरिएको विवाद

"........................................................" (एफिसी ४:२५,२६)

अहँकार वा घमण्ड

"........................................................" (फिलिप्पी २:३,४)

झगडालु

"........................................................" (हितोपदेश २९:११)

**प्रश्नः के रिसाउनु ठीक हो?**(हो यदि यो ठीक धर्मी क्रोध वा रिस हो भने )

**प्रश्नः धर्मी क्रोध के हो?** ( जे कूरा ठीक छैन त्यसमा क्रोध गर्नु )

**प्रश्नः तपाईलाई याद छ जब येशू येरुशलेम प्रवेश गर्नुभयो र मन्दिरमा जानुभयो?** बाईबलले यस दृष्यलाई यसरी वर्णन गरेको छ :

"........................................................" (मत्ती २१:१२,१३)

येशूले धार्मिक रिस प्रस्तुत गर्नुभयो । मन्दिरका पूजाहारीहरुले बलिदान दिने चलनलाई गरीवबाट शोषण गर्ने माध्यम बनाएका थिए । येशूको लागि यो स्वीकार्य थिएन । न त ठीक कूरा बोल्नका लागि उहाँले डर मान्नुभयो ।

**प्रश्नः धार्मिक क्रोध दर्शाउने धर्मशास्त्रका अरु उदाहरणहरु कुन कुन हुन्?** (अन्याय, दुष्टता, खराबी, गरीब र कमजोरहरुबाट फाईदा लिने चल विरुद्धको क्रोध वा रिस )

**प्रश्नः तपाईको विद्यालय वा मण्डली अखवार समाचार र घरमा नै भइरहेको यस्ता कूराहरुको उदाहरण के के हुन् र कसले गर्छन्?** (आफ्नै कक्षाको मित्रलाई होच्याउने साथीहरु आफ्नो पैसा, समय र योग्यता मण्डलीमा नदिने साथी हाम्रा जनप्रतिनिधि जसले जानीजानी खराब निर्णय गर्छ । परिवारमा गरिने शरीरिक र मौखिक दुरुपयोग) ।

हाम्रो अर्को पाठमा हामी आफ्नो क्रोधलाई शान्त गर्ने र रोकथाम गर्ने मौलिक तरिका हेर्नेछौं ।

# पाठ # २२-रक्षात्मक उपाय (भाग २)

आज्ञा # ६

## तैले हत्या नगर

(उत्साह दिनुहोस र अरुलाई सहायता गर्नुहोस)

गृहकार्य समीक्षा

प्रश्नमाला र कण्ठ गर्नूपर्ने पद

आजको पाठ पद :

"........................................................" (मत्ती ४:४)

जीवन चरित्र

प्रेम

छलफलको लागि प्रश्न

**तपाईलाई के ले रिस उठाउने गर्छ?**

समीक्षा

बाईबल थुप्रै दृष्टिकोणले हेर्दा खेलकुदको निर्देशिका पुस्तक जस्तै छ। यो कसरी अक्रामक बन्नुपर्छ भन्ने रणनीतिले भरिएको छ ताकि तपाईले परमेश्वरलाई मन पर्ने जीवन जिउन सक्नुहोस्। साथै यो कसरी रक्षात्मक बन्नुपर्छ भन्ने रणनीतिले पक्ति भरिएको छ, कि तपाई सँसारकाो दुष्ट प्रभावबाट जोगिन सक्नुहोस्।

परमेश्वरको योजनानुसार तपाईको निम्ति राखिएको भावानात्मक सुरक्षा कवच क्रोध हो। क्रोध शाक्तिसाली भवानात्मक अभिव्यक्ति हो। तपाई समान्य अवस्थामा हुदाँ वा शान्त रहदा जे निर्णय गर्नुहुन्न क्रोध वा रिसले तपाईलाई काम वा वचनद्धारा त्यही गर्ने बाध्य पर्छ। हाम्रो गएको पाठमा हामीले हामीलाई रिस उठाउने हाम्रा काम वा भावनाको बारेमा चर्चा गर्‍यो र साथै त्यस्तो अवास्थामा पनि कसरी शान्त स्वभाबलाई कायम राख्ने वा समधानको लागि जवाफ दिने हेर्‍यो।

परिचय :

आजको पाठमा हामी क्रोध वा रिस उठिरहने बानीबाट कसरी बाँच्ने भन्ने उपायलाई निरन्तरता दिनेछौं र साथै आउन लागेको क्रोधलाई मौलिक तरिकाले कसरी नियन्त्रण गर्ने भनी चर्चा पनि गर्नेछौं

## रक्षात्मक उपाय (भाग २)

**खण्ड :** मत्ती ४:१-११)

बाईबलले हामी रिसाएर सहजै जवाफ फार्काउने अवस्थामा पनि क्रोधको रोकथामको लागि रक्षात्मक प्रणली बनाउनमा सहायतता गर्छ ।

**प्रश्नः हामीले भर्खरै पढेको अनुच्छेदमा आउन लागेको रिसबाट जोगिन येशूले अपनाउनुभएका तीन निर्दिष्ट रक्षात्मक रणनीतिहरु के के हुन् ?**
(धर्मशास्त्र आत्मसँयम र सामान्यज्ञान) क्रोधमाथि नियन्त्रण पाउने परमेश्वरको रक्षात्मक उपायलाई हेरौं।

धर्मशास्त्र :

"........................................................" (मत्ती ४:४)

परमेश्वर तपाईको श्रृष्टिकर्ता मात्र हैन तर पालनहार पनि हुनुहुन्छ । तपाइको निम्ति जे ठीक छ त्यो उहाँले तपाईलाई दिनुहुन्छ ।

**प्रश्नः जब येशू उजाडस्थानमा भोको हुनुहुन्थ्यो र शैतानद्धारा परीक्षित हुनुभयो तब उहाँले के जवाफ दिनुभयो?** (धर्मशास्त्र वा परमेश्वरको वचनद्धारा बोल्नुभयो ) येशूलाई राम्ररी थाह थियो रिसाउनबाट बच्न र क्रोधलाई नियन्त्रण गर्न परमेश्वरको वचनले भरिनुपर्छ तब मात्र क्रोध मनबाट हाटेर जान्छ ।

प्रश्नः येशूले मानिस परमेश्वरको मुखबाट निस्किएको हरेक वचनले बाँच्नेछ भन्नुको अर्थ के थियो ? ( परमेश्वरको इच्छा गर्नुभएको अनुसारको जीवन जिउनको लागि उहाँको प्रत्येक वचनले तपाईलाई अगुवाई गर्नेछ, र सिकाउनेछ ) ।

आत्मसँयम :

"........................................................" (गलाती ५:२२,२३) ।

**प्रश्नः तपाई रिसाउनु हुदा कसरी आफ्नो रिसलाई नियन्त्रण गर्नुहुन्छ?**
(फलका टुक्रा खाँदै) जब तपाई परमेश्वरको सत्यताको विउँ आफ्नो ह्रदयमा रोपिनलाई अनुमति दिनुहुन्छ तब आत्माको फल : प्रेम, आनन्द, शान्ति ,धीरज, दया, भलाई, विश्वस्तता, नम्रता र सँयम तपाईमा फल्छ । जब तपाईलाई लाग्छ म अब रिसाउने अवस्थामा पुग्न लागे तब फलको एउटा टुक्रा खानुहोस । यसले तपाईमाथि आउन लागेको क्रोध सहजै नियन्त्रण गर्न सक्षम बनाउँछ ।

सामान्यज्ञान :

"........................................................" (फिलिप्पी ४:८,९) ।

**प्रश्नः धर्मशास्त्रका यो अनुच्छेद अनुसार रिसबाट बच्ने उत्तम उपाय के हो?** (ति कूराहरुमा मात्र ध्यान लगाउनुहोस् जसले तपाईको मनलाई रिसाएर जवाफ नदिई शान्तपूर्वक जवाफ दिन डोर्याउँछ। तपाई रिसाएको अवस्थामा पनि शान्तपूर्वक जवाफ दिन सक्ने कूराका केही उदाहरणहरु के के हुन्? (तपाईले कुन ठीक जवाफ हो विचार गर्नुहोस् कुन अवस्थामा के भन्नु असल छ भनी विचार गर्नुहोस र आफू सधैं नम्र, दयालू बनिनुहोस् )।

अब तपाईको क्रोधलाई नियन्त्रण गर्ने मौलिक उपायलाई हेरौं : प्रेम

<u>मौलिक प्रेम (वास्तबिक ) :</u>
"........................................................" (मत्ती ५:३८,३९)।
(द्रष्टव्य : खीष्टियानहरु मात्र प्राय यो पदलाई गलत रुपमा बुझिएको छ।
तपाई ढोकामा विच्छाइने गलैंचा जस्तै बनिनुपर्छ र मानिसहरु तपाईलाई टेकेर हिड्नु। बरु यसको बस्तविक अर्थ अरुहरुले तपाईलाई जे जस्तो व्यवहार गरे त्यसैगरि तपाईले पनि तिनीसँग बदला लिनुहोस् भनेको हैन तर प्रेममा ठीक व्यावहार गर्नुहोस् भनेको हो)
"........................................................" (मत्ती ५:४० दखि ४८)।
(अर्को द्रष्टव्य : यो अनुच्छेद पनि पायः गलत रुपमा बुझिएका छन्। परमेश्वर हामीहरु दिन प्रतिदिन येशूको स्वरुपमा बनिदै जानुभएको चाहनुहुन्छ। हामी असफल हुँदाको समयमा पनि हामीले यो उदेश्यसहितको दृष्टिलाई नगुमाएको परमेश्वर चाहनुहुन्छ )

**प्रश्नः सँसारको मापदण्ड अनुसार तपाईलाई नराम्रो गर्ने ब्यक्तिलाई कस्तो व्यवहार गर्नपर्छ भनी सिकाउँछ?** (खरावको बदला खराब र आफूलाई नराम्रो गर्नेलाई घृण गर )

**प्रश्नः परमेश्वरको मापदण्ड अनुसार तपाईलाई नराम्रो गर्ने व्याक्तिलाई कस्तो व्यावहार गर्नुपर्छ भनी सिकाउँछ ?** (तपाईलाई मन पर्ने र मन नपर्ने दुवैलाई प्रेम गर )

**प्रश्नः मौलिक र वास्तविक प्रेममा के भिन्नता छ?** (यसले तपाइलाई क्रोधबाट स्वतन्त्र गराउँछ )

**प्रश्नः यो अनुच्छेदले तपाई आफ्नो क्रोधलाई कसरी नियन्त्रण गर्नुहोस् भनी सल्लाह दिन्छ ?** (घृणाको साटो प्रेम, श्रापको बदला प्रार्थना , आक्रमणको साटो सहायता, क्रोधको बदला क्षमा, कसैबाट तर्कनुभन्दा दिनु )

**प्रश्नः एक जना मानिसलाई सम्झानुहोस् जसले तपाईलाई साह्रै रिस उठाउँछः?** त्यो मान्छेलाई देख्ने वित्तिकै तपाईलाई रिस उठ्छ भनी विचार गर्नुहोस्। अव यो मानिससँग नरिसाउनको

लागि मत्ती ५:३८ देखि ४८ सम्मको अनुच्छेदबाट सिक्नुपर्ने रणनीतिको रुपरेखा तयार गर्नुहोस् । (प्रेममा दया, र समझदारीपूर्वक जवाफ फर्काउनेछ, र म एउटा उदाहरणीय व्यक्ति बन्नेछू )

प्रश्नः तपाईलाई रिस उठाउने अवस्थाको बारेमा विचार गर्नुहोस् । **तपाई कसरी रिसाएर जवाफ दिनुपर्ने ठाउँमा शान्तपूर्वक जवाफ फार्काउन सक्नुहुन्छ?**

## पाठ # २३-टि.भि. हेर्ने समय सिद्धियो

आज्ञा # ४

**विश्राम दिन पबित्र मान्नु**

परमेश्वरसंग बिताउने समय निकाल्नुहोस ।

गृहकार्य समीक्षा

प्रश्नमाला र कण्ठ गर्नूपर्ने पद

आजको पाठ पद

“.........................................................” (कलस्सी ३:४) ।

जीवन चरित्र

आफ्नो मन र ह्रदयलाई माथिको कूरामा लगाउनू ।

परिचय :

लेखकको टिपोट : म अधुरो अवाजमा लगाई भर्खरै शुरु भएको हिड्दै ओलम्पिक खेल टिभीमा हेर्दै थिए । मेरो हत्केलामा १२ दिनको छोरी शान्तपूर्बक ढल्किएकी थिइन् । तिनले आफ्नो दिउँसोको खाना खाई सिध्याएकी थिइन् र म पनि तिनी कहिले सुत्ला र म तिनलाई तिनको ओछ्यानमा लैजउला भनि पर्खीरहेको थिए । टिभीको समयमा विचमा केही व्यापरिक विज्ञापन आयो, फेरी खेल नआउदसम्म मैले अरु च्यानलहरु पनि भ्याए । यसरी च्यानल फेर्दै गर्दा म एउटा राम्रो चलचित्रको दृष्यमा पुगे । जहाँ दुई योद्धहरु एउटा पिजडामा थुनिएका थिए र जित्ने मात्र बाच्न पाउथ्यो । छक्कपार्दो चलचित्र ।
त्यस समय मैले आफ्नो टिभी निभाए र आफ्नो हातमा भएको निश्चल र निर्दोष सानी नानीलाई नियालेर हेरे । मलाई अचम्म लाग्छ तिनले कस्ता कूराहरु हेर्दै छिन् र कस्ता कूराहरु सुन्दैछिन् । कस्ता छापहरुले तिनको सानो मस्तिष्कलाई प्रभावित पार्दै होलान्?

**प्रश्नः तपाईको ह्रदय र मनमा हेर्ने र सुन्ने इच्छाको कस्तो प्रभाव छ होला?**

टिभीको विश्राम

खण्ड : कलस्सी ३:१- ६

बाईबलले बताउँछ कि एक दिन तपाई येशूसँग स्वर्गमा हुनुहुनेछ । तपाई येशूसँग सर्वशक्तिमान परमेश्वर पिता स्वर्ग र पृथ्वीको श्रृष्टिकर्ताको सन्मुखमा उभिनुपर्नेछ । कल्पना गर्नुहोस् त, तपाई महिमित भूमिमा जानू केहि दिन अघि परमप्रभुको दुत तपाईको अघि देखापर्छ र एउटा ठूलो झोला

तपाईलाई दिन्छ। यि झोलामा तपाईको जीवनभरिकै सबै विचार र सम्झनाहरु छन्। तपाईले बोलेका सबै वचन र तपाई बाचुञ्जेल गर्नुभएको काम यहि भित्र छ। जब तपाई परमेश्वर अघि खडा हुनुहुनेछ तब तपाईले आफ्नो यो झोला खोली उहाँ समक्ष चढाउनुपर्नेछ।

**प्रश्नः तपाई परमेश्वरको अगाडि खडा हुँदा तपाईको कुन विचार वचन र कामहरु यस झोलाभित्र हुन्छ होला ?**

<u>तपाईले हेर्ने टिभी कार्यक्राम र चलचित्रको मूल्याङ्कनको महत्व :</u>

**प्रश्नः परमेश्वरको अघि खडा भएकोदिन तपाईले हेरेका टिभी कार्यक्रम र चलचित्रको के हुन्छ?** (तपाईले हेर्ने र सुन्ने प्रत्येक कुराको प्रत्यक्ष प्रभाब तपाईको विचार वचन र काममा पर्छ ) तिनीहरु तपाईको झोलामा राखिएको हुनेछ।

मानौं तपाईले आफ्नो अँग्रेजी कक्षाको लागि प्रतिबेदन तयार गर्नुछ तपाईले आफूलाई प्रतिबेदनको लागि चाहिने सम्पूर्ण जानकारीहरु कम्प्यूटरमा लेख्नुहुन्छ र राख्नुहुन्छ त्यो गएर यसको सम्झनाकोषमा रहन्छ। जब तपाईलाई कुनै जानकारी चाहिन्छ तपाई कम्प्यूटरमा गई हेर्नुहुन्छ तब कम्प्यूटरले तपाईको प्रतिबेदनको लागि दिन्छ।

कम्प्यूटर जस्तै तपाईको मनले तपाईको सम्झानामा थुप्रै तस्विरहरुलाई सँकलन गरेको हुन्छ। तपाईले भनेको बेला ति जानकारी उपलब्ध हुन्छ। जब उही कुरा तपाईको जीवनमा घरी-घरी दोहोरिन्छ चाहे सकारात्मक होस् वा नकारात्मक त्यसले तपाईको सोच वा व्यावहारमा पनि सकारात्मक वा नकारात्मक प्रभाव पार्छ।

**प्रश्नः तपाईले हेर्ने टिभी कार्यक्रम वा चलचित्र मूल्याङ्कन गर्न किन महत्वपूर्ण छ?** ताकि तपाईको मनमा धेरै भन्दा धेरै सकारात्मक मूल्य-मान्यताले भर्न सकियोस्।

**प्रश्नः तपाईलाई कसरी थाह हुन्छ कि कुन मूल्य-मान्यता सकारात्मक हुन् र कुन मूल्य-मान्यता नकारात्मक हुन्?**

(बाईबलका २ अनुच्छेदलाई हेरौं यसले तपाईलाई कुन सकारात्मक र कुन् नकारात्मक मूल्य-मान्यता हुन भनि बुझ्न सहायता गर्नेछ )।

१. "........................................................" (एफिसी ५:१-७)

**प्रश्नः तपाईले भर्खरै पढ्नुभएको अनुच्छेद अनुसार टिभी कार्यक्रम वा चलचित्रका के कस्ता नकारात्मक प्रभावलाई त्याग्नुपर्छ ?** परमेश्वरको जनलाई मन नपर्ने मूल्य-मान्यता,

यौनजन्य, अनैतिकता, अशुद्धता, अश्लीलता र फोहोरी दृश्य धर्मशास्त्रको अनुच्छेदले यस्ता मूल्य-मान्यतामा सहभागी नहोऔं र नअँगालौ भनि बताउँछ।

२. "........................................................" (फिलिप्पी ४:८,९ )।

**प्रश्नः तपाईले भर्खरै पढ्नुभएको अनुच्छेद अनुसार चलचित्र वा टिभी कार्यक्रममा देखाइने के कस्ता सकारात्मक मूल्य-मान्यतालाई अँगाल्नुपर्छ ?**

(जे कुरा सत्य, शुद्ध, ठीक र प्रशँसाको योग्य छन्) यि ति मूल्य-मान्यताहरु जसमा सहभागी हुनुपर्छ।

**टिभीका चुनौतिहरु : तपाई आफ्नो मन पर्ने टिभी कार्यक्रम र चलचित्रलाई कसरी निर्धारण गर्नुहुन्छ?**

हामी विश्वका प्रसिद्ध टिभी कार्यक्रम र चलचित्रले सिकाउने मूल्य-मान्यता र बाईबलको स्तरअनुरुप ठीक र शुद्ध छ भन्ने मान्यतामा अधारित मुल्य-मान्यता विच तुलना गर्नेछौँ।

नकारात्मक मूल्य र मान्यता :

नकारात्मक मूल्य र मान्यता ति मूल्य र मान्यता हुन जसलाई बाईबलले हाम्रो जीवनमा हुनुहुदैन भनी बताउँछ। प्रशिद्ध टिभी कार्यक्रम र चलचित्रले देखाउने गरेको नकारात्कम मूल्य र मान्यताको केही सूचीलाई हेरौं :

- अनैतिकता उदाहरणको लागि झूठ, मतवालीपन, पती-पत्नी भन्दा बाहिर गरिएको यौन सम्बन्ध
- रिस उदाहरण लडाई र बदला
- अभिलाषा उदाहरण यौनजन्य चाहनाको लागि अनियन्त्रित मन, शक्ति, सम्पत्ति
- दुष्ट इच्छा उदाहरण चोरी अपराध
- लोभ, उदाहरण धुर्त हुनु, सुखी हुनुको लागि रुपियाँ पैसा, नमै हुन्न भन्ने व्यक्ति
- अश्लील उदाहरण मानिसलाई उपहास गर्ने वा खसाल्ने प्रकारका ठट्टा फोहरी वा गिल्ला

सकारात्मक मूल्य र मान्यता :

समरात्मक मूल्य र मान्यता ति मूल्य र मान्यताहरु हुन जुन हाम्रो जीवनमा हुनुपर्छ।
यहाँ हामीले टिभी कार्यक्रम वा चलचित्रमा हेर्नुपर्ने सकारात्मक मूल्य र मान्यताहरु के के हुन् सो हेर्नेछौं :

- ईमान्दरीता
- प्रेम, नम्रता, शान्ति र आनन्द
- यौनजन्य शुद्धता र आत्म-सँयम
- दया र भलाई
- दिनु वा बाँड्नु
- धन्यबादी ह्रदय
- उत्साहका बचन र प्रार्थना
- राम्रो र सफा भाषा

यस पाठमा भएको बाईबलीय मूल्य र मान्यतामा आधारित सूचीले बाईबलीय मापदण्ड अनुसार हामीले हेर्ने टिभी कार्यक्रम र चलचित्रको नैतिक जाँच गर्न तपाई र तपाईको परिवारलाई सघाउनेछ ।

यस पाठको उदेश्य टिभी कार्यक्रम र चलचित्रलाई हेर्नबाट रोक्नु हैन । तपाईले हेर्ने टिभी कार्यक्रम र चलचित्रको मूल्याङ्कन गर्नुको उदेश्य तपाईको मन र विचारमा के कस्ता सन्देशहरु सँग्रह भईरहेको छ भनी अवगत गराउनु हो ।

याद गर्नुहोस् बाईबलले भन्छ एक दिन तपाई येशूसँगै परमेश्वर पिताको सामने खडा हुनुपर्नेछ । तपाई जे हेर्नु हुन्छ र सुन्नुहुन्छ त्यसले हाम्रो विचार मन र कामलाई निश्चय नै प्रभाव पार्छ । टिभी हेर्दा पनि फुर्सद निकाल्नुहोस् । परमेश्वरको मापदण्ड अनुसार आफ्नो विचारमा सकारात्मक कुराहरुले भर्नुहोस् किनकि एकदिन ती तपाईको झोलामा राखिनेछन् ।

## **पाठ # २४-म परमेश्वरको लागि विश्राम लिन्छु**

आज्ञा # ३

**विश्राम दिन पबित्र मान्नु**

(परमेश्वरसंग बिताउने समय निकाल्नुहोस)

गृहकार्य समीक्षा

प्रश्नमाला र काण्ठ गर्नुपर्ने पद

आजको पाठ पद :

"........................................................" (भजनसँग्रह १४५:५)।

जीवन चरित्र

आराधनाको आत्मा

परिचय :

"........................................................" (प्रस्थान २०:८-११) ।

चौथो आज्ञा शबाथ अर्थात विश्राम दिनमा हाम्रो विचार कस्तो हुनुपर्छ र कसरी विश्राम दिन पवित्र मान्नुपर्छ भनि बताईएको छ ।

**प्रश्नः विश्राम दिन के हो ?** (विश्राम र परमेश्वरलाई आराधना गर्ने दिन )

**प्रश्नः पवित्रको अर्थ के हो ?** (परमेश्वरको प्रयोगको लागि अलग हुनु)

**प्रश्नः त्यसो हो भने विश्राम दिनलाई पवित्र मान्नु भनेको के हो ?** (परमेश्वरलाई अराधना र आदर गर्ने विशेष दिन छुट्याउनु )

**एस. त्रष्ट काँथीको विषयमा तपाईले कहिल्यै सून्नुभएको छ ?** त्यसो तपाईलाई पशुहरु र धेरै कुखुरा खाऔं भन्ने ठू-ठुला विज्ञापन थाह होला ? chick-fil –A देशव्यपी सवैभन्दा सफल भोजनलाय हो । तपाई यसको सफलताको कारण जान्न चाहनुहुन्छ?

श्रीमान् ट्रष्टले १९६७ मा आफ्नो पहिलो पसल एउटा ठूलो खरिद-विक्री केन्द्रमा खोले । तिनी आईतबार विश्राम लिई परमेश्वरलाई आदर गर्न चाहन्थे त्यसकरण प्रत्येक आईतबार हप्ताको पहिलो

दिन आफ्नो पसल बन्द गर्न निर्णय गरे । तथ्याङ्कलाई हेर्ने हो भने भोजनालयमा आइतबार ज्यादै विक्रि हुने गर्छ । तर chick-fil –A भोजनालय सधै बन्द हुन्छ । यो नीतिको बावजुद पनि (वा यसको कारण पनि ) अरु पसलहरुले सातौं दिन काम गरेर जे जति कमाउँछ, chick-fil –A ले ६ दिनमा नै कमाउँछ ।

समय वित्दै जान्छ, chick-fil –A का कार्यनीति बनाउने समूहले आफ्नो आइतबार बन्द राख्ने नितिलाई मूल्याङ्कन गर्छ र प्रत्येक पटक परमेश्वरलाई आदर गर्ने विचारलाई निरन्तरता दिने निष्कर्ष निकाल्छ । सबै काम गर्ने सहयोगीहरु पनि सँस्थाको मान्यतालाई निरन्तरता दिन राजी हुन्छन् : परमेश्वरले भरोसा गरेर दिनुभएको सबैकुरामा विश्वासयोग्य सेवक बन्ने र chick-fil –A भोजनलायमा खान आउने प्रत्येक ग्राहकमा सकारात्मक प्रभाव छोड्दै परमेश्वरलाई महिमा दिने गर्छ । हामीले प्रत्येक दिन परमेश्वरलाई आदर गर्नुपर्छ तर शबाथ अर्थात विश्राम दिनलाई परमेश्वरलाई आदर र आराधना गर्ने विशेष उदेश्यसहित हप्ताको एक दिनलाई अलग गर्नुपर्छ ।

<u>म परमेश्वरको लागि विश्राम लिन्छु</u>

(खण्ड : भजनसँग्रह १४५)

**प्रश्नः विश्राम दिन पालन गर्नले कसरी परमेश्वरको आदर हुन्छ?** (आफ्नो आज्ञाकरिता उहाँप्रति प्रकट गरेर आफ्नो भरोसा उहाँमा राखेर र उहाँमा आफ्नो मन लगाएर विश्राम दिनको पालनाले परमेश्वरलाई आदर दिन्छ ।

शाबथ वा विश्राम दिन पालना गर्नले परमेश्वरप्रतिको भक्ति वा आज्ञाकारितालाई प्रकट गर्छ । "........................................................" (व्यबस्था १०:१२,१३ )।

**प्रश्नः विश्राम दिन पालन गर्ने कामले कसरी परमेश्वरप्रतिको भक्ति वा आज्ञाकरितालई प्रकट गर्छ?** (किनकि यो गरेर तपाई उहाँको आज्ञापालन गर्नुहुन्छ )

**प्रश्नः किन परमेश्वरले विश्राम लिने आज्ञा दिनुभयो?** (तपाईको भलाईको लागि ) परमेश्वरलाई थाह छ, मानिसलाई विश्राम चाहिन्छ । बास्तबमा भन्नुपर्दा परमेश्वरलाई थाह छ, तपाईको भलाईको लागि पनि विश्राम चाहिन्छ र तपाईलाई विश्राम लिने आज्ञा दिनुहुन्छ । अध्ययनले पनि देखाएको छ कि यदि तपाईले आफ्नो दिन दिनको काम र क्रियाकलापबाट विश्राम लिनु भए मात्र तपाईको शरीरले राम्रो काम गर्छ । हामी सधैँ फूर्तिलो हुने खरायो होइनौं । यदि तपाई लगातार काम काम काम भन्नु र गर्नुथाल्नुहुन्छ तपाई थकित हुनुहुन्छ विरामी पर्न सक्नुहुन्छ वा मर्नै अवस्थामा

पुग्नुहुन्छ। वा तपाई जे गर्दै हुनुहुन्छ त्यो पनि राम्रोसँग गर्नसक्नुहुन्न। त्यसैले परमेश्वरले तपाई विश्राम लिने आज्ञा दिनुहुन्छ किनभने उहाँले तपाईको वास्ता गर्नुहुन्छ।

<u>विश्राम दिन पालना गर्ने कामले परमेश्वरमाथिको भरोसालाई प्रकट गर्छ :</u>
"......................................................." (भजनसँग्रह १४५:१३-१६)।

<u>विश्राम दिनको आरम्भ :</u>
प्रश्नः मिश्रबाट इस्राएलीहरु निस्कि आएपछि इस्राएलीहरुले मरुभूमीमा विताएको कुरालाई विचार गर्नुहोस्। **तपाईलाई थाह छ तिनीहरु कति बर्षसम्म आफ्नो पालमा बस्नुपर्‍यो ?** ( ४० बर्ष )

**प्रश्नः यि ४० बर्षभरि परमेश्वरले तिनीहरुलाई कसरी भोजन खुवाउनुभयो तपाईलाई याद छ ?** (परमेश्वरले मरुभूमिमा खानाको लागि इस्राएलीहरुलाई मन्न दिनुभयो )

- बाईबलले भन्छ, "........................................", (प्रस्थान १६:४,५)।
- "........................................................", ( प्रस्थान १६:२९,३०)।

पछि जब इस्राएलीहरु त्यस ठाउँमा बसोबास गर्नथाले र किसान भए तब परमप्रभुले मानिसहरुलाई भने, ".............................................." ( प्रस्थान ३४:२१)।

**प्रश्नः एउटा किसानको लागि बर्षको सबैभन्दा महत्वपूर्ण समय कुन हो?** (रोप्ने र कटनी गर्ने समय ) तापनि परमेश्वरले बर्षको महत्वपूर्ण समयमा पनि विश्राम लिन भनी इस्राएलीहरुलाई विश्राम लिने आज्ञा दिनुभयो।

अनि इस्राएलीहरु मरुभूमिमा आई बसोबस गरेका बर्षौं भइसक्दा र तिनीहरुले कृषि साथै अन्य पेशा गर्दा पनि तिनीहरुले गर्ने सबै काममा उही सिद्धान्त लागू गर्नुभयो। ६ दिन काम गर्ने र सातौं दिन विश्राम लिने।

**प्रश्नः विश्राम दिन पालन गर्ने कामले परमेश्वरमा भएको तपाईको भरोसालई कसरी प्रकट गर्छ?**
(तपाईले सातौं दिन विश्राम लिनुभयो भने पनि तपाईको खाँचोलाई पूरा गर्नुहुन्छ भनी भरोसा गर्न सक्नुहुन्छ।
बाईबलले भन्छ, "................................................" (हितोपदेश ३:९,१०)।

म विश्वास गर्छु परमेश्वर तपाईले पहिले आफ्नो सबै सम्पत्ती र श्रोतले र आफ्नो समयले उहाँलाई आदर गरेको चाहनुहुन्छ । विश्राम दिन हप्ताको सातौं दिन शनिबार मौलिक रुपमा र अहिले पनि यहूदी र केही खिष्टियानहरुले पालन गर्छन् तर पहिले खीष्टियानहरुले विश्राम पालन गर्ने दिनलाई आइतबार येशू पुनरुत्थान भएको दिनमा बदली गरि दिए । अनि यसैकारण पनि धेरै खीष्टियानहरु हाप्तको पहिलो दिन आइतबार विश्राम दिनको पालना गर्दछन् । हप्ताको पहिलो दिन समर्पण गर्नुभनेको परमेश्वरलाई आदर दिने विशेष दिन मान्नु हो । तपाईको पहिलो समय उहाँलाई दिनुहोस्  र तपाईले उहाँमा भरोसा गर्नुभएकोमा उहाँले तपाईलाई उठाउनुहुनेछ ।

<u>विश्राम दिन पालन गर्दा तपाई परमेश्वरको नजिक आउनुहुनेछ</u>
"....................................................." (भजनसँग्रह १४५:५) ।
भजनसँग्रह १४५ मा परमेश्वरले तपाईको निम्ति के गर्नुभयो त्यो दर्शाउने सहयोगी खण्ड हो ।

**प्रश्नः यो भजनसँग्रहको खण्डले परमेश्वरको प्रशँसा गर्नुपर्ने कारण के हो भनी बताउँछ ?** (उहाँ तपाईको समिपमा हुनुहुन्छ उहाँले तपाईको प्रार्थना सुन्नुहुन्छ तपाईको कठिन समयमा उहाँले सामर्थ्यले भर्नुहुन्छ उहाँले तपाईका सबै खाँचोहरु पूरा गरिदिनुहुन्छ )

**प्रश्नः एउटा परिवारको रुपमा परमेश्वरलाई पुकार्ने साधारण तरिकाहरु के के हुन्?** खाना खाने समय, परिवरिक भक्तिको समयमा पालैपालो सिकाउने )

यदि चौथो आज्ञा हाम्रा लागि लेखिएको भए यो यस्तो हुनेथियो :
हप्ताको ६ दिन कार्यालयमा जाउ, फूटबल अभ्यास गर्न जाउ, आफ्ने दिइएको गृहकार्य गर र सबै किनमेल गर । किनभने हप्ताको सातौं दिन बाहेक मैले तिमीहरुलाई ६ दिन सबै कूराहरु गर्न दिएको छु । तर सातौ दिन मैले तिमीहरुको निम्ति जे गरेको छू त्यो याद गर र धन्याबादी हुन अलग गरेको हुँ । हाम्रो समजमा विश्राम दिन ज्यादै गह्रो छ । हाम्रो निम्ति सहभागी हुनुपर्ने थुप्रै कार्यक्रमहरु छन् र हामीले पूरा गर्नुपर्ने कामहरु पनि छन् । यस्ता पूरा गर्ने काम आइतबारको दिन पनि आइपर्छ । यद्यपि परमेश्वरको निम्ति अलग गर्नूपर्ने दिन र समय छुट्याउन गाह्रो छ तर असम्भव भने हैन । अनि फेरि परमेश्वरको आज्ञा बदली पनि हुदैन । आराधनाको दिन र विश्राम पालना गर्नुपर्ने आज्ञा यथावत् नै छ । परिवार सँगसँगै बस्नुहोस् र कसरी विश्राम दिन पालन गर्न सकिन्छ निर्णय गर्नुहोस् । आइतबारको मध्यान्हमा खानाको समय ठीक हुन सक्छ की ।

# पाठ # २५-ध्यानपूर्वक प्रयोग गरौं

आज्ञा # ८

**तैले चोरी नगर**

अरुको निम्ती जे असल छ त्यही गर्नुहोस ।

गृहकार्य समीक्षा

प्रश्नमाला र काण्ड गर्नुपर्ने पद

आजको पाठ पद

"........................................................" (रोमी १३:१०) ।

जीवन चरित्र :

अरुलाई आदर गर्नु

छलफलको लागि प्रश्न

- तपाईको परिवारमा तपाईले वा परिवारका अन्य कसैले अरुको केही कूरा चोर्नुभएको छ ?
- यो चोर्ने कामले तपाईलाई कस्तो प्रभाव पर्‍यो ?

परिचय :

तपाईको कामहरु तपाईको सोचको प्रत्यक्ष परिणाम हो । यसकारण तपाईले जहिल्यै पनि ठीक सोच राख्नुपर्छ र यो महत्वपूर्ण छ ।

आज हामी परमेश्वरले जे अरुको लागि ठीक छ त्यही गर भन्ने थाह हुदाहुदै पनि हामी कसरी मानिसहरुबाट केही कूराहरु चोर्ने तरिकालाई हेर्नेछौं ।

सावधानीपूर्वक उचाल्नुहोस्

खण्ड : दिइएका पदहरु

**प्रश्नः किन मानिसले चोर्छ विचार गर्दा तपाईको मनमा के कस्ता करणहरु आयो?**

(मानिसले विभिन्न फरक कारणले गर्दा चोरी गर्छ तर त्यो जुनसुकै कारण भएता पनि ठीक हुदैन । )

- हाम्रा हृदय सफा छैन । बाईबलले भन्छ, "................." (यर्मिया १७:९) ।

  हाम्रो स्वभाविक चारित्रले खराब काम गर्न बताउँछ ।
- मानिसहरु आफूसँग भएको कुरामा सन्तुष्टि हुदैन न त धीरज गर्ने मन तिनीहरुमा छ न त काम नै गर्न रुचाउछन् ।

- कोही मानिसहरु परमेश्वरको आज्ञाबाट तर्कि गएका छन् ।
- कोही अरुको भावनाप्रति वास्ता राख्दैनन्
- कोही मानिस आफ्नो खाँचो परमेश्वरले पूरा गर्नुहुन्छ भनी विश्वास गर्दैनन् ।

**प्रश्नः मानिसहरुले अरुको कूरा चोर्ने तीन तरिकाहरु के के हुन् ?**

- अनुमति विना सम्पत्ति लानु
- आधिकार वा आदर नगर्नु (चोर्नु)
- समय वा अवसर चोर्नु

यसका केही उदाहरणहरु हेरौं :

**प्रश्नः विद्यार्थीले शिक्षकबाट चोर्ने उदाहरण के हुनसक्छ ?** (शिक्षकले पढाएको कुरा नसुन्नु)

एउटा शिक्षकले तपाईको कक्षामा पढाउनुभन्दा अघि तयारीमा धेरै समय खर्चिन्छ । यदि रामले शिक्षिका पढाउदै गर्दा आफ्नो साथीसँग गफ गर्छ र पढाइमा बाधा दिन्छ । शिक्षिकाले रामलई गफ नगर भन्छ भने रामले शिक्षिका र अरु विद्यार्थी  साथीहरुको समय चोरेको मानिन्छ ।

**प्रश्नः कसरी एउटा विद्यार्थीले आफ्नो साथीहरुको समय चोर्ने उदाहरण के हो ?** ( अध्ययनमा बाधा पुर्‍याए ) जब शिक्षकले रामलाई तिनको अनादरको लागि सम्झाउछ यो गर्दा अरु साथीहरुको पढ्न पाउने अवसर गुम्छ  भने, यो नै समयको चोरी हो ।

**प्रश्नः तपाईले आफ्नो बा-आमाबाट चोर्ने कूराको उदाहरण के हो ?** (आज्ञापालन नगर्नु)
सरीतालाई तिनका बा-आमाले टिभी बन्द गर्न र आफ्नो गृहकार्य पूरा गर्न भन्छन् । यदि तिनले भनेको मान्दैन भने तिनले आफ्नो बा-आमाले पाउनुपर्ने अधिकार प्रति तिनले अनादर देखाइन् । (आफ्नो बा-आमालाई आदर गर्नुभन्ने आज्ञा हेर्नुहोस्)

**प्रश्नः एउटै समूहका खेलाडीले कसरी एउटाको समय अर्को खेलाडीले चोर्ने एक उदाहरण के हो?**
(समयमा अभ्यास गर्न नआएर )
यदि सरोज आफ्ना नियमित खेल अभ्यासमा आएन किनकि तिनलाई आउन मन लागेन । यसरी तिनले आफ्नो समूहको क्षमता र सीप विकास गर्ने अवसर खोसे वा चोरे किनकि प्रशिक्षकलाई समूहिक खेल भावना विकास र अभ्यासका निम्ति सबै खेलाडी चाहिन्छ ।
प्रश्नः चोरी गर्दा आइपर्ने खतरा के के हुन्?

- अरुको सम्पत्ति चोर्दा कानूनी समस्यामा परिन्छ ।

- चोरी थाह भयो भने मित्रता टुट्छ ।
- चोरी गर्दा थाह पाउनेले तपाईमाथि विश्वास गर्दैन ।
- चोरी गर्दा थाह नपाओस् भन्नाको लागि अनावश्यक झुठ बोल्नुपर्ने हुन्छ ।
- एउटा चोरी गर्ने बानीले सधैको चोर बनाउँछ ।

**प्रश्न: बाईबलको कुन पदहरुले अरुको आदर गर्न र अरुको भलाई गर्न तपाईलाई सहायता गर्छ?** "....................................................." (फिलिप्पी ४:११) ।

तपाई आफूले पाएको आषिशमा सन्तुस्ट हुनुहोस् ।

"..........................................................." (भजनसँग्रह ११९:९) ।

परमेश्वरको वचनलाई आफ्नो मनमा राख ।

"..........................................................." (फिलिप्पी २:४) ।

केही गर्न अघि आफूले गर्न लागेको इच्छ अरुको लागि पनि सहयोगी छ कि छैन जाँच गर्नुहोस् ।

"..........................................................." (रोमी १२:९) ।

चोरी गर्नु खराब हो र यसलाई त्यागनु पर्छ  भनी थाह गर्नुहोस् ।

**प्रश्न: यदि तपाईको केही कुरा अर्कोले चोरेमा तपाई कस्तो प्रतिक्रिया जनाउनुहुन्छ?**

(बदला लिनुको सट्टा दयालू बन्नुहोस् ) । बाईबलले भन्छ, "..............................
..........................."(१थेस्लोनिकी ५:१५) ।

परमेश्वर चोरी गर्ने कामलाई घृणा गर्नुहुन्छ किनभने यसले हाम्रो सम्बन्ध तोड्दछ । खीष्टियानको हैसियतले हामीलाई भनिएको छ,................................
...........(रोमी १३:९,१० )।

# पाठ # २६-धन्यवाद दिनु

आज्ञा # ८

**तैले चोरी नगर**

(अरुको निम्ती जे असल छ त्यही गर्नुहोस)

गृहकार्य समीक्षा

प्रश्नमाला र कण्ठ गर्नुपर्ने पद

आजको पाठ पद :

"........................................................" (व्याबस्था ८:१०) ।

जीवन चरित्र

परमेश्वरको आदर

छलफलका लागि प्रश्न :

**के तपाईले कहिल्यै धन्यबादको पत्र लेख्नुभएको छ? तपाईले कसलाई यो लेख्नुभयो र किन लेख्नुभयो?**

परिचय :

आज हामी परमेश्वरले पाउनुपर्ने आदर र महिमा कसरी मनिसले चोर्छ भन्ने विषयमा हेर्नेछौं ।

पृष्ठभुमी :

इस्राएलीहरु मिश्रादेशबाट निस्कि आएको ४० बर्षपछि उजाडस्थानमा भौतारिदै परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशमा प्रबेश गर्न तयार छन् । मोशाले कसरी परमेश्वरले ४० बर्षसम्म तिनीहरुका सबै खाँचो परमेश्वरले पूरा गरिदिनुभएको थियो त्यो नविर्सन चेतावनी दिन्छ ।

एउटा धन्यवादको पत्र

खण्ड : व्यावस्था ८:१-१४

"........................................................" ( व्यवस्था ८:१देखि ९) ।

प्रश्नः कसरी परमेश्वरले मरुभुमिमा पनि इसाएलीहरुको वास्ता गर्नुभयो? (त्यो लामो यात्राभरि मरुभुमिमा परमेश्वरले नै डोर्याउनुभयो, मन्न खान दिनुभयो लुगाफाटा च्यातिन दिनुभएन र कुनै चोटपटक पनि लागेन)

**प्रश्नः इस्राएलीहरु प्रतिज्ञाको मुलुकमा प्रवेश गरिसकेपछि मोशालाई के कुराको चिन्ता लागेको थियो?**
इस्राएलीहरु प्रतिज्ञाको मुलुकमा प्रवेश गरिसकेपछि परमेश्वरले गर्नुभएको सबै उपकारहरु तिनीहरुले विर्षेलन कि भनी चिन्ता लागेको थियो तिनीहरुले पाउन लागेको सबै आशिषको श्रेय परमेश्वरलाई दिन विर्सन सक्थे ।

**प्रश्नः प्रतिज्ञाको मुलुकमा पुगिसकेपछि तिनीहरुले परमेश्वरबाट पाउन लागेका आशिषहरु के के थिए?**
(पानीको मुहान, ताल र छहरा, भोजन, प्राकृतिक श्रोतहरु ) तिनीहरुको लागि बाच्नको लागि चाहिने सबै कूरा तिनीहरुले पाउथे ।

फेरी कथालाई हेरौं : ........................................................" (व्यावस्था ८:१०-१४) ।

**प्रश्नः बाईबलको कथाबाट तपाई कुन महत्वपूर्ण पद सिक्न सक्नुहुन्छ?** (परमेश्वरलाई धन्याबाद दिनु विर्सनु नै चोरी गर्नुहो किनभने सबैकुरा परमेश्वरबाट आउँछ ) ।

धर्मशास्त्रले भन्छ, "............................................." (भजनसँग्रह २४:१) ।
उहाँ तपाईले सबै कुराका लागि धन्याबाद दिएको चाहनुहुन्छ ।हामीले स्वास-प्रस्वास गर्ने हावा, पिउने पानी साथै उहाँले हामीलाई दिने हरेक असल दान र बरदानहरु जसद्धारा हाम्रा शरिर आनन्दित हून्छ । प्रश्नः हामीले परमेश्वरबाट चोर्ने तीन तरिकाहरु छन् । तपाईलाई थाह होला ति के के हुन्? (हाम्रो क्षमताद्धारा, हाम्रो रुपैयाँपैसाद्धारा र हाम्रो कामद्धारा र वचनद्धारा )

**प्रश्नः तपाईलाई परमेश्वरले दिनुभएको क्षमतामा परमेश्वरलाई कसरी ठग्नुहुन्छ, त्यसको उदाहरण के हो?** (तपाईलाई दिनुभएको सीप र योग्यताको निम्ति उहाँलाई धन्यबाद दिनु )

इस्राएलीहरु जस्तै परमेश्वरले हिसाब सिक्ने वा पढ्ने क्षमता दिनुहुन्छ , खेलकुदको क्षमता, संगीत बजाउने क्षमता तर हामी परमेश्वरलई धन्यबाद दिन बिर्सनछौ ,यो चोरी गर्नुजस्तै हो किनकि उहाँले सबै कुरा दिनुभयो र यसको श्रेय र आदर पनि उहाँले नै पाउनुपर्छ । परमेश्वरलाई आफूले पाएको क्षमताको निम्ति धन्याबद दिन नविर्सनुहोस् । र तिनीहरुको सदुपयोग गर्नुहोस् ।

**प्रश्नः तपाई आफूसँग भएको रुपियाँ-पैसामा कसरी परमेश्वरलाई ठग्नुहुन्छ, त्यसको उदहरण के हो?**

(दशाँश र भेटी नदिनु)

धर्मशास्त्रले भन्छ,“(परमेश्वर भन्नुहुन्छ)..................तिमीहरुले मलाई दशाँश र भेटीहरुमा ठग्यो । (मलाकी ३:८) । उहाँले तपाईलाई दिनुभएको सानो भन्दा सानो कुरामा पनि उहाँलाई दिएको चाहनुहुन्छ । जब तपाई दिनुहुन्न, तब तपाईले परमेश्वरलाई लुट्नुभयो किनकि तपाईले पाएर पनि अरुलाई खाँचो पर्दा सहायता गर्ने मौका चुकाउनुभयो । तपाईलाई परमेश्वरले प्रशास्तपूर्वक दिनुभएको हरेक कुराबाट परमेश्वरलाई दिनुहोस् ।

**प्रश्नः तपाई आफ्नो वचन र काममा परमेश्वरलाई नठग्ने उदाहरण के हो?** परमेश्वरलाई आदर दिने तरिकाले बोल्नु )

बाईबलले भन्छ, “....................................................” (यशैया २९:१३) ।
तपाई परमेश्वरलाई आदर हुने कुरा बोल्नुहुन्छ, तब अर्को तर्फ पुकार्नुहुन्छ र परमेश्वरलाई मन नपर्ने आदर नदिने कुरा गर्नुहुन्छ भने तपाईले परमेश्वरको कीर्ति र नामलाई बदनाम गर्नुभयो । तपाई अरुको लागि परमेश्वरको कम महत्व पाउने व्यक्ति हुनुभयो । आफ्नो बचन र कामले परमेश्वरलाई आदर दिनुहोस् ।

**प्रश्नः परमेश्वरले तपाई र तपाईको परिवारलाई दिनुभएको असल कुराहरु के के हुन्?** (घर, कपडा, स्वास्थ्य, साथी, मण्डली उहाँको पुत्र येशू )

**प्रश्नः तपाई कसरी प्रत्येक दिन यि कुराहरुको लागि उहाँलाई धन्यबाद दिन सक्नुहुन्छ?** (आफ्नो सीप र योग्यताकोद्धारा परमेश्वरलाई आदर दिने धन्याबादको पत्र लेख्नुहोस् ।

## पाठ # २७- पाउने भन्दा दिने धन्यको हो

आज्ञा # ८

**तैले चोरी नगर**

(अरुको निम्ती जे असल छ त्यही गर्नुहोस)

गृहकार्य समीक्षा

प्रश्नमाला र काण्ठ गर्नुपर्ने पद

आजको पाठ पद :

"........................................................." (रोमी १२:८) ।

जीवन चरित्र

दिनु

छलफलका लागि प्रश्न

**तपाई कुन काम राम्ररी गर्न सक्नुहुन्छ ?**

**तपाईले राम्ररी जान्नुभएको कामद्धारा अरुहरुलाई कसरी सहयोग गर्न सक्नुहुन्छ?**

समीक्षा

यहाँसम्म हामीहरुले हेर्‍यौं कि दुई तरिकाले मानिसहरु चोरी गर्छन् :
मानिसबाट र परमेश्वरबाट

**प्रश्नः कसरी एउटा मानिसले अर्को मानिसबाट चोर्छ?** (सहमति विना कुनै मानिसको सम्पत्ति लैजान्छ, अरु मानिसले पाउनुपर्ने सम्मान वा अधिकारलाई दिदैन ) ।

**प्रश्नः मानिसले कसरी परमेश्वरबाट चोर्छ?** (हामीलाई दिइएको योग्यतानुसार जिम्मेवार नबनेर, हामीलाई दिएको सीप वा क्षमताअनुसार जिम्मेवार नबनेर र परमेश्वरलाई दिनुपर्ने आदर र महिमा नदिएर ) ।

परिचय :

एन्ड्रयू कारनेगी सन् १८३५ मा स्कटल्याण्डमा जन्मेका थिए । तिनको पारिवरिक दरिद्रताले तिनलाई राम्रो पाठ सिकाएको थियो । जब कारनेगी सन् १८४८ मा अमेरिका आइपुगे, एन्ड्रयूले परिवारमा सम्पन्नता ल्याउने निधो गरे ।

कारनेगी पिटर्सवर्गको झुपडी बस्तीदेखि न्यूयोर्कको गगन चुम्बिभवनहरुमा यात्रा गरे । सन् १८६८ सम्म आईपुग्दा कारनेगीले चार लाख डलर (आजको समयको ५० लाख डलर अर्थात ३६ करोड नेपाली रुपैयाँ) कमाईसकेका थिए । तीन दशकमा तिनी फलाम खानीको प्रख्यात मालिक भइसकेका थिए । सन् १९०० ताका तिनको फलाम कम्पनी एक्लैले मात्र ब्रिटिस सम्राज्यको कुल उत्पादन भन्दा बढी फलाम उत्पादन गर्थे । जब १९०१ मा तिनले आफ्नो फलाम कम्पनी जे.पी. मोर्गनलाई बेचे, कारनेगीले व्यक्तिगत रुपमा २५करोड डलर (लगभग साढे चार अरब अमेरिकी डलर अर्थात ३२४ अरब नेपाली रुपैयाँ) कमाई सकेका थिए ।

यस पाठमा कसरी मानिसले कसरी आफ्नो कुरा आफैले चोरी गर्छन त्यो हेर्नेछौं ।

<u>लिनुभन्दा दिनुअसल हो</u>

खण्ड : मर्कूस १२:४१-४४

यस विधवा स्त्रीले विना गन्गन् तिनीसँग भएका आफ्नो जिविका सबै कुरा चुपचापसँग चढाईन् । तर अर्को तर्फ व्यवस्थाका गुरु, इस्राएलका अगुवा, आफै तर्फ ध्यान खिच्दै झूम्का भएको बस्त्रमा सजिएर हिड्दै सबैले देखिने गरी मण्डलीको मुख्य कुर्सी र विवाह भोजको प्रमुख आसनहरुमा बस्दथे ।

**प्रश्नः भेटी दिएकामध्ये विधवाको सानो दान सबैभन्दा धेरै छ भनी येशूले के भन्नुभएको थियो?**
(तिनले आफ्नो सारा जिविकाबाट दिएकी थिईन् ) तिनलाई तिनको निश्चल दिने मनको कारण तिनको दान सबै भन्दा धेरै थियो ।

आज हामी उदारपूर्वक दान दिने मनको विषय अझ धेरै बुझ्नेछौं ।
**प्रश्नः के परमेश्वरले भन्दा उदारपूर्वक दिने कोही छ त?** (छैन)

**प्रश्नः परमेश्वरले हामीलाई कति दिनुभएको छ?** बाईबलले भन्छ,“.............”(भजनसँग्रह २४:१) । हामीसँग भएका सबै कुराहरु परमेश्वरबाट नै आउछ । “.........................”(भजनसँग्रह २४:१) ।
हामीसँग भएका सबै थोकहरु पनि परमेश्वरले नै दिनुभएको हो ।..........”(यूहन्ना ३:१६)
परमेश्वरले उपहारको रुपमा अनन्त जीवन दिनुहुन्छ । .........................”(१कोरन्थी २:९)
परमेश्वरले हामीले सोचेको भन्दा बढ्ता असल कुरा दिनुहुन्छ ।

**प्रश्नः के कुराले मानिसलाई दिने बनाउँछ?** (मानिसले दिन्छन् किनकी परमेश्वरले हामीमा दिने मन हाली दिनुहुन्छ। यसले परमेश्वरलाई प्रशन्न पार्छ, किनकी यसबाट मानिसहरुले सहायता पाउछन्)

अब हामी केही समय हामीले किन दिने, के दिने, कसरी दिने र कहिले दिने भन्नेबारे हेरौँ।

**प्रश्नः तपाईले किन दिने?**

बाईबलले भन्छ, "..............................................."(मत्ती १०:८)

देउ किनभने तपाईले अरुबाट प्रशस्त पाउनुभएको छ।

बाईबलले भन्छ, "..............................................."(प्ररित २०:२५)

हाम्रो लागि केही पाउनु वा कसैले केही गरी दिदा राम्रो लाग्छ, तर परमेश्वर भन्नुहुन्छ, जब तपाईले केही दिनुहुन्छ यसले तपाईलाई र अरुहरुलाई सहायता पुग्छ।

प्रश्नः हामीले के दिने ?

बाईबलले भन्छ, "............................................."(२कोरन्थी ९:६,७)

तपाईलाई इच्छा लागेअनुसार नै दिनुहोस्।

बाईबलले भन्छ, "..........................................."(हितोपदेश २३:२६)

आफ्नो मन परमेश्वरमा लगउनुहोस् र जीवनलाई पूर्ण र अर्थपूर्ण बनाउन सिक्दै जानुहोस्।

**प्रश्नः हामीले कसरी दिने ?**

बाईबलले भन्छ, ".........................................."(हितोपदेश २१:२६)

तपाई आफ्नो क्षमता अनुसार दिनुहोस्। याद गर्नुहोस् त विधवाले धेरै दिएकी थिईनन् तर आफूसँग भएकोबाट दिएकी थिईन्।

**प्रश्नः हामीले कहिले दिने?**

बाईबलले भन्छ, "..........."(रोमी १२:१३) खाँचोमा परेको देख्नुभयो भने दिने पनि गर्नुहोस्।

बाईबलले भन्छ, "....................."(एफिसी ६:८) खाँचो पर्दा तिमीहरुले प्रार्थना गर

बाईबलले भन्छ, "..........."(२थेस्लोनी ३:१३) सधै दिने सामर्थ दिउन भनी परमेश्वरसँ प्रार्थना गर्नुहोस्।

**प्रश्नः तपाईलाई परमेश्वरले दिनुभएका मानिसहरु को हुन्?**

(परमेश्वरको प्रेम देखाउनुहुने बाबा आमा विद्यालयमा पढाउनुहुने शिक्षक शिक्षिका, खेलकुदका सिप र कला सिकाउने प्रशिक्षक, देशलाई सुरक्षा गर्ने हाम्रा विर सिपाही एकक्षण विचार गर्नुहोस् त, जब कसैले सहाता गर्नुहुन्छ तपाईलाई कस्तो लाग्छ।

**प्रश्नः तपाई आफ्नो क्रूस आफैबाट कसरी चोरी गर्नुहुन्छ?** (उदारतापुर्वक नदिएर ) परमेश्वरले दिनुभएको सानो ठुला हरेक कूरा उहाँलाई दिएको परमेश्वर चाहनुहुन्छ ।जब तपाई दिनुहुन्न, तब अरुलाई सहायोग दिएर पाउने आनन्दबाट बन्चित हुनुहुनेछ र आफैलाई ठग्नुहुनेछ

**प्रश्नः तपाई आज कसलाईआफ्नो समय सिप, क्षमता, र रुपैयाँपैसा दिएर सहायता गर्नसक्नुहुन्छ?**

## पाठ # २८-स्वर्गको धन

आज्ञा # १०

**तैले लोभ नगर्नु**

(राम्रो तरिकाद्धारा प्राप्त गर्ने इच्छा गर)

समीक्षा

गएको हप्ताको गृहकार्य प्रश्नमाला र कण्ठगर्ने पद

आजको पाठ

“................................................”(मत्ती ६:२०)

जीवन चरित्र

सन्तुष्टता

परिचय

सन् १९९८ मा अमेरिकन धरोहर नामको अखवारले १९९८ को डलरको अधारमा अमेरिकन इतिहासमा भएको ४० धनाढ्य व्याक्तिहरुको सूची प्रकाशित गऱ्यो । सूचीमा ३९ जना पुरुष र ९जना महिला थिए । अमेरिकाको ति धानढ्य महिलाको नाम हेटटी ग्रीन थियो । तिनी १९१६ मा मरिन् तिनले आर्जन गरेको सम्पत्तीको मूल्याङ्कन गर्दा १० करोड डलर भन्दा बढी (आजको दिनमा भन्नुपर्दा १ अर्ब ७० करोड डलर अर्थात १२ खर्ब २४० करोड नेपाली मुद्रा) थियो । तर तिनी आफ्नो धनसम्पत्ती भन्दा पनि आफ्नो कन्जुसपनको लागि प्रसिद्ध थिइन् । तपाई तिनको बारेमा के विचार गर्नुहुन्छ? तिनले आफ्नो २१ औं जन्मदिनमा केकमा बल्ने मैनबत्ती बाल्न इन्कार गरिन् र यो वाहियात खर्च भनी बताइन् ।अर्को दिन मोमवतीमा लागेको केकलाई राम्ररी सफा गरीन र पैसा फिर्ता लिन तिनले किनेको पसले कहाँ फर्काइन् ।

सन् १९०२ मा तिनको पतिको मृत्यू भएपछि तिनी आफ्नो पतिको गृहनगर वेलोस फल्सबाट भरमोन्ट होवोकेन न्युजर्सी न्यूयोर्क शहर आफ्नो रुपैयाँपैसा भएको ठाउँमा सरिन् । तिनले कहिल्यै पनि घर किनिनन् तर लगातार झुम्रे भाडाको घरमा हप्तामा ५ डलरभन्दा कम खर्च गरी बसिन् । तिनी जहिल्यै पनि एउटै कपडा प्वाल नपरिन्जेल लाउथिन् । तिनको खाना कुटेको जौ हुन्थ्यो जुन कार्यालयको थोत्रो विद्युतीय चुल्हामा पाक्थ्यो । मेरो विचारमा तिनले उदारतापूर्वक नदिएको कारण थुप्रै भलाईको काम हुनसकेन ।

परिचय :

हेटटी ग्रीन लोभीहरु मध्ये पनि महा कँजुस थिईन् । तिनले आफ्नो मनलाई कहिल्यै बदल्न सकिनन् । पहिलो नौ आज्ञाहरु कामसँग सम्बन्धित छन् : जुन के गर्ने र के सोच्नेमा आधारित छ । तर लोभ गर्ने कुरा हाम्रो मन सित सम्बन्धित छ । लोभ गर्नु भनेको गलत तरिकाले प्राप्त गर्ने इच्छा गर्नु हो ।

**प्रश्नः तपाई कस्ता खालका कुराहरु जम्मा गर्न मन पराउनुहुन्छ?**
(वेसबल कार्ड, हस्त लेखन, सिक्काहरु, टिकटहरु) तपाईले जुन कुराहरु सफा छैन, असल छैन र आकर्षक छैन त्यो इच्छा गर्नुहुन्न । तपाईले ति कुराहरुको सँकलन गर्नु पर्छ जुन तपाईलाई मन पर्छ र आकार्षित छ ।

**प्रश्न : तपाईलाई ह्दयबाट गर्न मन लाग्ने कुरा के हो?**
(खेलकुद, कला, साथी, संगीत ) तपाईमा सफल बन्ने इच्छा हुन्छा नै । तपाई खेलकुदमा राम्रो गर्दै हुनुहुन्छ भने त्यही खेल्न चाहनुहुन्छ । तपाई आफ्नो विद्यालयको पढाईमा राम्रो गर्न र उत्कृष्ट अंक प्राप्त गर्नचाहनुहुन्छ । परमेश्वरले हामीलाई बनाउनुभयो त्यसैकारण हामी त्यसलाई प्राप्त गर्न र त्यसमा राम्रो गर्न चाहन्छौं ।

**प्रश्नः तपाइलाई बनाउन मन लाग्ने कुरा के हो?**
(विभिन्न आकृति, रुखमा घर, चित्रकाला, खाना बनाउन ) तपाईमा सिर्जना गर्ने वा बनाउने चाहना हुन्छ किनकी परमेश्वरले हामीमा सिर्जना गर्ने इच्छा हालि दिनुभएको छ ।

**प्रंश्नः बाईबलमा भएका यस्ता केही नाम छन् जसलाई तपाई ईच्छा गरेको चाहनुहुन्छ?** (प्रेम, आनन्द, शन्ति, भलाई र ज्ञान बुद्धि )
यो सुन्नुहोस् है त, "……………………"(भजनसँग्रह १९:९,१०) ।
परमेश्वर भन्नुहुनछ, बाईबलमा तपाईले इच्छा गर्नुहुने जीवनका उत्तम कुराहरु राखिएका छन् । लोभ शब्द "प्रशन्न, हर्ष" वा इच्छा जस्ता अर्थ जनाउने शब्दबाट आएको हो । कुनै कुरा प्राप्त गर्ने इच्छा गर्नु नराम्रो हैन । हामीले कुरा गरेजस्तै परमेश्वरले हाम्रो आनन्दको लागि हामीमा इच्छा र चाहना हलिदिनुभएको छ । परमेश्वरले हामीलाई दिनुहुने इच्छा र थुप्रै राम्रा कुराहरुमध्ये हाम्रै भलाईको लागि सीमा पनि तोकि दिनुहुन्छ ।

**प्रश्नः यस पाठको शुरुमा हामीले भनेका थियौ लोभ भनेको गलत तरिकाले प्रंाप्त गर्ने इच्छा हो । तपाई कसरी गलत तरिकाले प्राप्त गर्ने इच्छा गर्नसक्नुहुन्छ?** (केही कुरा प्राप्त गर्नको लागि जे पनि गर्नुहुन्छ,,कानुन विपरित इच्छा गर्नुहुन्छ र यो इच्छाले तपाईलाई गलत काम गर्न डोर्याउँछ )

हामी बाईबलमा कसरी एउटा व्याक्तिको इच्छा गलत हुन्छ र कसरी ठीक इच्छा गर्ने भन्ने विषयमा हेर्नेछौं ।

धनी जवान मानिस

खण्ड : लूका १८ः १८-२३

**प्रश्न : येशूले जवान धनी मानिसलाई के गर्नु आवश्यक छ भनी बताउनुभयो?** ( येशूले त्यस मानिसलाई अनन्त जीवन प्राप्तिका लागि अझ धनसम्पत्ति थुपार भन्नुभएन, येशूले तिनलाई अरुनै केही गर्न भन्नुभयो : अझ सम्पत्ति नथुपार तर देउ )

**प्रश्न : किन त्यो जवान धनी मानिस येशूले सबै सम्पत्ति बेच भन्नुहुदा दुखी भएन?** (तिनले आफ्नो धनसम्पत्तिलाई परमेश्वरभन्दा पनि महत्वपूर्ण बनाएका थिए । येशूले तिनको सबै खाँचोहरु पूरा गर्नसक्नुहुन्थ्यो,तर धनी मानिसले यो विश्वास गर्न सकेन । तिनी आफ्नो सम्पत्तिलाई औधि माया गर्थे ।

**प्रश्न : किन येशूले त्यस धनी मनिसलाई अनन्त जीवन पाउनका लागि आफ्ना सबै धनसम्पत्ति बेच भनी बताउनुभयो?** किन येशूले ममा विश्वास गर र अनन्त जीवन पाउनेछौं भन्नुभएन? (किनभने येशूलाई थाह थियो त्यो मानिस आफ्नो सम्पत्तिलाई कति धेरै माया गर्‌थ्यो । यदि त्यो मानिसले आफ्नो सबै सम्पत्ति बेचेको भए येशूलाई थाह हुने थियो कि यस जवान धनी मानिसले येशूलाई साचो विश्वास गरेको र आफ्नो जीवनको प्रभु र मुक्तिदाता भनी मानेको हुनेथियो ।

लूकाको सुसमाचारले हामीलाई के भन्छ सुनौ :"........................................"(लूका १२:१५) । धनी मानिसले आफ्नो सम्पत्तिको राम्रो मूल्याङ्कन गरेन अनि गलत तरिकाले प्राप्त गर्ने इच्छाले लोभ तर्फ डोर्‌यायो ।

**प्रश्न : सम्पत्ति भन्नाले रुपियाँपैसा मात्र हो त? के तपाई रुपैयापैसा भन्दा अरु कुराको पनि लोभ गर्नुहुन्छ?**
(ध्यानाकर्षण, प्रशसा, पद, योग्यता, शिक्षा, सम्पत्ति ) हामी लोभ नगरि राम्रो तरिकाले प्राप्त गर्ने इच्छा कसरी गर्न सकिनछ त्यसका उदाहरण हेरौं :
"................................................"(रोमी १२:१३) खाँचोमा परेकालाई सहायता गरेर
"................................................"(हितोपदेश २९:२६) आफ्नो क्षमता अनुसार दिएर

**प्रश्न : तपाईले दिने अवसरहरु के के हुन्?** (मण्डली दशाँश, दया भलाईको काम, अखवार, टिभी र रेडियोमा सुनिने कथाहरु सन्डे स्कूल वा कक्षाको काम )
"................................................"(मत्ति १०:८)

तपाईले पाउनुभएको कारण दिनुहोस् । हामीसँग भएका सबै कुराहरु परमेश्वरबाट आएको हो, खाचोमा परेकाहरुलाई सहयोग गर्न परमेश्वर हामीलाई दिनुभएको कुरा प्रयोग गर्न चाहनुहुन्छ ।

**प्रश्न : धनसम्पत्ति हुन नराम्रो हो?** (हैन)

**प्रश्न : खाचोमा परेको मानिसलाई देखेर पनि सहयोग नगर्नु नराम्रो हो?**
(हो), येशूले भन्नुभयो , "…………………"(मत्ति ६:२०)

**तपाई पृथ्वीमा दिएर स्वर्गमा धन थुपार्न सक्नुहुन्छ?**

## पाठ # २९- यो पहिले खोजी गर्नुहोस ।

आज्ञा # १०

**तैले लोभ नगर्नु**

(राम्रो तरिकाद्धारा प्राप्त गर्ने इच्छा गर)

समीक्षा

गएको हप्ताको र्गहकार्य प्रश्नमाला र कण्ठ गर्ने पद

आजको पाठ पद

“..........................................”(मत्ती ६:३३) ।

जीवन चरित्र

सन्तष्टि

छलफलको लागि प्रश्न

**तपाईको बा-आमाले के कस्ता कुरामा नगर्नु भन्ने प्रतिबन्ध लगाएका छन्?** ( खानाखान अघि चाउचाउ, बस गाडी गुडने सडकमा बाटो काट्दा, केही भिडियो खेल, चलचित्र, बुबाको आवश्यक औजार

समीक्षा

हाम्रो गएको बाइबल अध्ययन पाठमा हामीले लोभी हुनाले अरुलाई दिदा प्राप्त हुने आनन्द पाउन सकिदैन भनी हेर्‍यौ । आफूसँग भएको कुरा बाँड्ने वा दिने बानीले हामीसँग भएका कूराहरु जस्तै खेलौना, रुपैयापैसा र महत्वपूर्ण कुराप्रति सकारात्मक विचारको विकासमा सहयता पुर्‍याउछ । आज हामी परमेश्वरले निषेध गर्नुभएको कुरालाई मानिसले इच्छा गरेको बाइबलीय कथाबाट हेर्नेछौं । त्यसपछि हाम्रा लागि प्रतिबन्ध लगाइएका कुरामा पनि कसरी ठीक छनौट गर्नसक्छौं त्यस विषयमा कुरा गर्नेछौं ।

पहिले खोजी गर

खण्ड : उत्पत्ति२:४-९,१५-१८, ३:१-७)

हाम्रो परमेश्वर उही परमेश्वर जसले आदमको नाकमा जीवनको स्वास फुकि दिनुभयो, उही परमेश्वर जसले आदम र हव्वाको निम्ति बगैंचा लगाउनुभयो उही परमेश्वर जसले तपाईलाई प्रेम गर्नुहुन्छ ।

**प्रश्न : परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भनी जान्ने एउटा तरिका के हो?** ( परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भनी जान्ने एउटा उपाय भनेको उहाँले तपाईलाई छनौट गर्ने अवसर दिनुहुन्छ ।

**परमेश्वरलाई तपाई प्रेम गर्नुहुन्छ भनी जान्ने एउटा तरिका के हो?** तपाई परमेश्वरलाई प्रेम गर्नुहुन्छ भनी देखाउने एउटा तरिका तपाइ उहाँको आज्ञापालन गर्नुहुन्छ ।

**प्रश्न : किन परमेश्वरले पहिले आज्ञा दिनुहुन्छ?** (हाम्रो भलाईको लागि )
बाईबलले भन्छ,"......................................."(व्यावस्था १०:१२,१३) ।

तपाईलाई थाहैं होला, दशआज्ञा भरी नै दिइएको एउटा सन्देश चाहि हामी परमेश्वरले अर्ती दिनुभए अनुसार असल काम गर्न बनिएका हौ । उहाँको ज्ञानले भरिएर हाम्रो मनले असल काम गर्छ । परमेश्वर हामीलाई भन्नुहुन्छ,"मैले तपाईलाई मेरो आज्ञापालन गर्नका लागि विशेष रीतिले र असल कामको निम्ति बनाएको छ, तर आज्ञापालन गर्नु वा नगर्नु तपाई आफैँ रोज्नुहोस । एउटा कुरा जानी राख्नुहोस तपाईको प्रत्येक रोजाइको एउटा निश्चित परिणाम हुनेछ । ( तपाईको निर्णयको परिणम ) । तपाई निर्णय गर्नको लागि स्वतन्त्र हुनुहुन्छ तर तपाईले गरेको निर्णयबाट प्राप्त हुने परिणमबाट स्वतन्त्र हुनुहुन्न ।

**प्रश्नः परमेश्वरले आदम र हव्वालाई बगैँचामा भएको रुखको बिषयमा के भन्नुभएको थियो?** (परमेश्वरले आदम र हव्वालाई बगैचाको विचमा रोपिएको रुखको फल नखानु भन्नुभएको थियो)
फल खानलाई असल र हेर्नमा रहरलाग्दो थियो, परमेश्वरले जुनसुकै कारणले त्यो रुख लगाउनुभएको भएतापनि आदम र हव्वाको निम्ति सीमा राखिदिनुभएको थिया । तर आदम र हव्वाले परमेश्वरले भन्नुभएको कुरालाई वास्ता गरेन र स्पष्ट रुपमा उहाँको आज्ञा उल्लँघन गरे । तिनीहरुको अनाज्ञाकारिताले एउटा निश्चित परिणामलाई निम्त्यायो ।

**प्रश्नः आदम र हव्वाले राखीदिएको सीमालाई तोडी आफ्नो इच्छा अनुसार गरेको कामको परिणाम के थियो र हो?** (सबैभन्दा ठुलो परिणाम पाप सँसारमा प्रवेश भयो )
बाईबलले भन्छ,"................................"(रोमी ५:१२) ।

**प्रश्न : तिम्रो बा-आमाले तिमीलाई ज्यादै मनपर्ने कुराहरुमा सीमा तोकिदिनुहुँदा तिमीलाई कस्तो लाग्ला?** (फेरि पनि यो त तिम्रै भलाईको लागि, तिम्रो सुरक्षाको लागि तिम्रो हित र तिमीमा महत्वपूर्ण चरित्र र मूल्य-मान्यता स्थापना गर्नको लागि हो)

त्यसैगरी तिम्रो बा-आमाले असल कारण र तिम्रो निम्ति उत्कृष्ट कुराको विचार गरेर नै केही निश्चित सीमाहरु निर्धाण गरेको हुन्छ । सीमा निर्धारण गरिएको कुराको चाहना गर्नु राम्रो हैन भनि परमेश्वर भन्नुहुन्छ । धेरै पटक जब हामी आफ्नो गलत इच्छा अनुसार गर्छौ यसले हामीलाई समस्यामा पार्छ । प्रश्न : आफ्नो निम्ति सीमा तोकिएको (नगर्नुभनिएको ) कुराको विषयमा कसरी राम्रो चाहना (छनौट) गर्नसकिन्छ?

बाईबलले भन्छ, पहिले जे असल र राम्रो छ त्यसैको खोजी गर र सबै (तिमीहरुलाई चाहिएको ) तिमीलाई दिईनेछ । (मत्ति ६:३३) केही कुरा गर्नुअगाडि कुन कुरा ठीक हो विचार गर ।

**प्रश्नः कुनै कुरा गर्नु अगाडि सोच्नु किन महत्वपूर्ण छ?** (यदि यो खतरनाक अवस्था हो भने सोच्ने कुराले तिमीलाई सुरक्षित राख्छ, यदि यो गैर-कानुनी काम हो भने पहिल्यै विचार गर्दा समस्यामा पर्नबाट जोगिन्छ ) ।
बाईबलले भन्छ, "..............................................." (भजनसँग्रह १:२) ।

बाईबल पढ्नुहोस् र धर्मशास्त्र के ठीक हो र के ठीक होइन भनी बताउँछ थाह गर्नुहोस् ।
**प्रश्नः ठीक कूरामा ध्यान दिदा यसबाट के के फाईदा हुन्छ?**
(जे कुरा ठीक छ त्यसमा ध्यान दिदा ठीक कुरा गर्ने बानी बस्छ, र जे ठीक छ त्यसमा ध्यान केन्द्रित गर्नाले ध्यान गलत कुरामा जादैन ।
बाईबलले भन्छ, "................................................" (हितोपदेश ३०:८,९) ।
आफूसँग भएको कुरामा सन्तुष्ट हुनुपर्छ ।

**प्रश्नः किन लेखकले चाहिने भन्दा न त धेरै  न त कम दिनुहोस् भनी बताउँछन्?**
(यदि तपाईसँग चहिने भन्दा धेरै भयो भने प्रभुमा भरोसा गर्न छोड्नुहुन्छ । यदि तपाईसँग चाहिने भन्दा कम भयो भने तपाईको सबै ध्यान आफनो आवश्यकतामा केन्द्रित हुन्छ ।
"......................................................" (फिलिप्पी ४:१९ ) याद गर्नुहोस् परमेश्वरले तपाइको सबै खाँचोहरुलाई पूरा गरिदिनुहुन्छ ।

**प्रश्नः परमेश्वरले तपाईको खाँचो कसरी पूरा गर्नुहुन्छ ?** ( तपाइको बा-आमाद्धारा तपाइको क्षमतालाई प्रयोग गरेर अरु मानिसहरुद्धारा, तर कहिलेकहि हामी सीमा तोकिएका कुराको चाहना गर्छौ । यो किन भन्दा आदमको आनाज्ञाकारिताकोद्धारा पाप सँसारमा प्रबेशभयो र तिनको इच्छाको परिणाम तपाइ र म पनि  पापी भयौं । हाम्रो लागि शुभखवर यो छ कि येशूले हामीलाई सीमा तोकिएका कुराहरुबारे पनि राम्रो छनौट गर्नको लागि शाक्ति दिनुहुन्छ । आफूसँग भएको कुराहरुमा सन्तुष्ट हुनको लागि येशूसँग सहायता माग्नुहोस् र सधैं याद गर्नु होस् परमेश्वरले हाम्रा सबै खाँचोहरु पूरा गरिदिनुहुन्छ ।

# पाठ # ३०-इमानदारिता नै उत्तम नीति हो

आज्ञा # ९

**भुठा गवाही नदे**

(सत्यतापूर्वक जिउनुहोस)

समीक्षा

गएको हप्ताको गृहकार्य प्रश्नमाला र कण्ठ गर्ने पद

आजको पाठ पद

“..............................................” (रोमी १३:१०)

जीवन चरित्र

इमान्दरिता

परिचय

नवौं आज्ञाले भन्छ,तैले आफ्नो छिमेकीको विरुद्धमा भुठा गवाही नदे । (प्रस्थान २०:१६) साधारण रुपमा भन्ने हो भने सत्य बोलेर बाँच ।

**प्रश्न: तिम्रो विचारमा यो परमेश्वरले किन दश आज्ञा राख्नुभयो होला ?** किन परमेश्वरले सत्य बोलेर जिउने माग गर्नुहुन्छ ? यसको जवाफ परमेश्वर को हुनुहुन्छ भन्ने कुराले दिन्छ।

ईमान्दरीता नै उत्तम निति हो

खण्ड : रोमी १३:८-१०

नवौं आज्ञाले भन्छ,....................................(प्रस्थान २०:१६) ।

साधारण रुपमा भन्नुपर्दा सत्य बोलेर बाँच ।

**प्रश्न: तपाईको विचारमा किन परमेश्वरले भूठ नबोल भनी दशआज्ञामा राख्नुभयो?** यसको जवाफ परमेश्वरको स्वभावमा उहाँ को हुनुहुन्छ भन्ने कुरामा आधारित छ, ।

परमेश्वर सत्य हुनुहुन्छ ।

परमेश्वरको वस्ताविक चरित्र सत्य हो । येशू अदृश्य परमेश्वरको स्वरुप हुनुहुन्छ  (कलस्सी १:१५) र भन्नुहुन्छ, बाटो सत्य र जीवन म नै हुँ (यूहन्ना १४:१६) ।

परमेश्वर ज्योति हुनुहुन्छ :

धर्मशास्त्रमा ज्योतिलाई सत्य समान मानिएको छ। धर्मशास्त्रले भन्छ,........................(१यूहन्ना १:५) परमेश्वर पूर्ण सत्य हुनुहुन्छ। उहाँमा सत्यता बाहेक केही छैन।

<u>परमेश्वरले मानिसलाई उहाँजस्तै हुनलाई बनाउनुभयो</u>

............................(भजनसँग्रह ५१:६) तपाई परमेश्वरको स्वरुपमा बनिएको कारण तपाईले आफ्नो जीवनमा उहाँको स्वभावलाई प्रकट गरेको परमेश्वर चाहनुहुन्छ। परमेश्वर तपाई सत्यतापूर्वक बाचेको चाहनुहुन्छ।

<u>झुठ सत्यको विपरित हो</u>

"........................................................" (कलस्सी ३:८-१०)।

**प्रश्न: किन बाईबलले झूठ नबोल भनी बताउँछ ?**
(किनभने झूठले मानिसलाई चोट् पुर्‍याउँछ )। हाम्रो शुरुको धर्मशास्त्रको खण्डले भन्छ कि प्रेमले जे ठीक छ त्यो गर्छ र प्रेमले कसैको खराबी गर्दैन भनी बताउँछ। जानी जानी सत्य नै नभएको कुरालाई बताउँदा मानिसलाई चोट पुग्छ।

झुठले निम्त्याउने र गर्ने तीन कुरालाई हेरौं :

१.) झुठले कुनै मानिसको नाम र ख्यातिमा चोट पुर्‍याउछ
"........................................................" (हितोपदेश १२:२२)।

**दानियल र सिँहको खोरको कथा याद गरौँ त (दानियल ६ अध्याय)**? यो कथाको शुरुको खण्डलाई हेरौं :

"........................................................" (दानियल ६:३-५)।

**प्रश्न: किन ति अधिकारीहरुले दानियलको विरुद्धमा कुनै पनि दोष भेट्टाउन सकेनन्?** (दानिएल इमान्दार थिए र तिनलाई दिइएको कुनै पनि कूरामा भरोसा गर्न सकिन्थ्यो )।

**प्रश्न : दानियल सत्यतापूर्वक जिएकोमा तिनलाई के इनाम दिइएको थियो?** (तिनी सम्पूर्ण देशको उच्चअधिकारी बनाइएको थियो )

**प्रश्न: तिमीलाई थाह छ दानियलको विरुद्धमा राजालाई झुठ बोल्ने अधिकारीलाई के गरियो?** (दानिएल निर्दोष पाइएपछि राजाले ति नराम्रा अधिकारीहरुलाई सिहको खोरमा फ्याकिदिए )निश्चय पनि दानियलको जीवनमा इमान्दरीता सर्बेत्तम निति थियो।

२.) झुठले मानिसलाई गह्रुगौं भारी बोकाउँछ।     "..........................." (हितोपदेश ११:१)।
जक्कैलाई याद गरौं त ? जक्कैले कसरी आफ्नो अइमान्दरीताको बोझ मानिसहरुमाथि बोकाएका थिए र कसरी परमेश्वरको शक्तिले जक्कैको जीवनलाई परिवर्तन गरिदियो, एक पटक हेरौ है त।
"....................................................." (लूका १९:१-९)।

जक्कै कर उठाउने मानिस थिए कर उठाउनेहरु तिनिहरुले तिर्नुपर्ने भन्दा बढ्ता लिने कुराको लागि बदनाम थिए र यसरी बढ्ता उठाएको रकम आफ्नै लागि राख्दथे, स्पष्ट छ।

**प्रश्न : कसरी जक्कैको अइमानदरीताको बोझ मानिसहरुमाथि थियो?**
(मानिसहरुले तिर्नुपर्ने भन्दा बढ्ता कर तिर्नुपर्दथ्यो )

**प्रश्न : कसरी जक्कै परिवर्तन भए ?** (येशूलाई भेटेर )
परमेश्वरको शक्तिले जक्कैको जीवनमा काम गरेको कारण नै जक्कै सत्यतापुर्वक बाँच्न सक्नेभयो। जक्कैको लागि इमान्दरीता सर्बोत्तम निति सावित भयो।

३.) झुठले मानिसको भावनामा चोट् पुर्याउँछ। "................................." (हितोपदेश १५:९)।
हाम्रो गएको पाठलाई सम्झौ ( पाठ-२२) हामीले एउटा दन्तमन्जनको दात सफा गर्ने सेतोपेष्ट एउटा कागजमा निचोरेर निकाल्यौं र भन्यौ जसले फेरी यो त्यहि खोलमा भित्र पसाउँछ त्यसले रु ५०० पाउँछ? के हामीमध्ये कसैले यो गर्न सकेर रु ५०० पायो? पाएनौ।

**प्रश्नः तपाईलाई थाह छ यो गरेर हामीले के देखाउन खोजेका थियौ?** (एकपटक भनिएको चोट पूर्ण शब्द फेरी फिर्ता ल्याउनसकिदैन)

**प्रश्नः किन अपमानपूर्ण र जिस्क्याइएको शब्द र झूठले यति धेरै चोट पुर्याउँछ?** ( जब ति बोलिएका शब्द एकपटक मनमा बस्छ त्यो त्यही रहन्छ र लामो समयपछि पनि याद आइरहन्छ ।

**प्रश्नः मानिसलाई अपमान गर्नको सट्टा हाम्रो वचन कस्तो हुनुपर्छ?** (हाम्रो वचन मानिसलाई उत्साह दिने हुनुपर्छ )
उत्साहको अर्थ सहायता गर्नु हो जसले कसैलाई आशा, साहस र आत्मविश्वास दिनु हो। बाइबलले भन्छ, "................................................" (एफिसी ४:२९) इमान्दरिता मेरो उतम नीति हुनेछ भनी निश्चित गर्नुहोस्। यहाँसम्म हामीले मानिसलाई चोट पुर्याउने तीन झूठ वा अइमान्दरीतालाई हेर्यौः

- झूठले मानिसको नाम वा ख्यातिमा चोट पुऱ्याउँछ।

- झूठले मानिसलाई गह्रुगाँ भारी बोकाउँछ ।
- झूठले मानिसको भावनालाई चोट पुऱ्याउँछ ।

**प्रश्नः परमेश्वरले किन सत्यतापूर्वक बाँच भन्नुभयो? यसका अरु कारणहरु भन्नसक्छौं ?**

- झूठले झुठबोल्ने व्याक्तिमाथि विश्वास गर्न सजिलो हुदैन
- झूठले पहिलेको झुठमाथि ढाकछोप गर्नको लागि अर्को झुठमा डोऱ्याउँछ,
- झूठले मित्रता तोड्छ । झुठ बोल्नेसँग साथी बन्न गाह्रो हुन्छ ।

**प्रश्नः परमेश्वरले दश आज्ञा दिने अरु कारणहरु के होला?**

(कसरी परमेश्वरलाई प्रेम गर्ने, कसरी हामी सँगसँगै जिउने, हामी आफै र अरुलाई हानी हुने निर्णय र छनौट गर्ने कुराबाट बचाउन सिकाउनलाई दिनुभयो )

परमेश्वरको बचनले हामीलाई भन्छ :

“.........................................................” (रोमी १३:१०)

जब हामी झूठ बोल्छौं हामी अरुलाई र आफैलाई पनि चोट पुर्याउँछौ । तर जब हामी सत्यतापूर्वक बाँच्छौ हामी परमेश्वरको चरित्रलाई प्रकट गर्छौ । त्यसैकारण परमेश्वर सत्यतापूर्वक बाँच भन्नुहुन्छ । त्यसैकारण पनि इमान्दरीता सर्बोत्तम नीति हो ।

# धन्यवादको चाड

धन्यवादको समय र दिने समय

परमेशवरलाई धन्यवाद चढाओ, उहाँका नाउँको पुकार गर, जातिहरुका बीचमा उहाँले गर्नुभएका कार्यहरु प्रचार गर । उहाँको निम्ति गाओ, उहाँको निम्ति प्रशंसाको स्तुति गाओ, उहाँका सबै आश्चर्यकर्महरुको बयान गर । । ( भजनसंग्रह १०५ : १ - २ )

धन्यवाद ज्ञापन चाँही हामीलाई दिईएका कुराहरुप्रति कृतज्ञ हुने बारे हो । एकछिनको लागि आऔं हामीले के पायौं भन्ने बारे सोचौं । निम्न लिखित पदहरु पढ्नुहोस् :

पृथ्वी र त्यसमा भएका जो - जति छन् सबै परमप्रभु हुन् .... ( भजनसंग्रह २४ : १ )

प्रश्न : तपाईसँग भएका सबै कुराहरु कहाँबाट आए ? ( हामीसँग भएका सबै कुराहरु परमेश्वरले दिनुभएका कुराहरुबाट आउँदछन् । )

**प्रश्न : के कसैले परमेश्वरभन्दा बढी उद्धारचित्तले दिएको छ ?**

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आ।ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् । ( युहन्ना ३ : १६ ) परमेश्वरले हामीलाई उपकारको रुपमा अनन्त जीवन दिनुहुन्छ ।

आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ । । ( १ कोरन्थी २ : ९ ) परमेश्वरले हामीले सोचेको भन्दा पनि बढी दिनुहुनेछ ।

परमेश्वरले ईसाईहरुलाई यो निश्चय गर्नुहुन्छ ( ती व्यक्तिहरु जसले येशु ख्रिष्टलाई उनीहरुको जीवनमा मुक्तिदाता र प्रभुको रुपमा बोलाईएका छन् ) कि एकदिन उनीहरु परमेश्वरसँग उहाँको घर स्वर्गमा सदासर्वदाको लागि जिउनेछन् । तर .... कहिलेकाँही हामी परमेश्वरले हामीलाई गर्नुभएको अर्को अनौठो प्रतिज्ञा बारे विर्सिन्छौं ।

।म त तिनीहरुले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा ....... । ( युहन्ना १० : १० ) येशुले यो भन्नुहुन्छ कि उहाँले तपाईलाई स्वर्गमा नागरिकता मात्र दिनुहुने होइन तर स्वर्गको यतापी तपाईले अति उत्तम जीवन पाउन सक्नुहुन्छ । परमेश्वरले हामीलाई दुवै संसारको उत्तम प्रदान गर्नुहुन्छ ।

**प्रश्न : तपाईलाई दिईएका मानिसहरु को - को हुन् ?** (अविभावकहरु जसले तपाईलाई परमेश्वरको प्रेम देखाउनुहुन्छ, शिक्षकहरु जसले तपाईलाई विद्यालयमा सिक्नको लागि सहायता गर्नुहुन्छ, तालिम दिने शिक्षक जसले तपाईलाई खेलहरु खेल्न सिक्नको लागि सहायता गर्नुहुन्छ, ती व्यक्तिहरु जो हाम्रो देश सुरक्षित राख्न शैनिक फौजमा सेवा गर्छन् । ) सोच्नुहोस् जव कसैले तपाईलाई दिनको निम्ति समय लिन्छ तव कस्तो राम्रो अनुभव हुन्छ ।

हामीलाई पक्कै पनि धेरै दिईएको छ, त्यसैले हामी धन्यवादी हुनुपर्ने धेरै प्रशस्त कुराहरु हामीसँग छन् । यो पाठको अन्त्यमा एउटा रमाइलो खेल भन्दा अघि एउटा सानो कसरत गरौं ।

**प्रश्न : सेप्टेम्बर ११, २००१ -**

न्यूयोर्कको विश्व व्यवसाय केन्द्रमा मानिसहरुले हवाईजहाजमा उडाईएको दिन - त्यहाँ धन्यवादी हुनुपर्ने के छ र ? ( कि परमेश्वरले त्यहाँ हुन सक्नेभन्दा कम विनाश हुन दिनुभयो, धेरै मानिसहरुले उनीहरुको विश्वाश र भरोसा मुक्तिदाताको रुपमा येशुमाथि रोखेका छन् , स्वदेशभक्ति र दिने कुराको बहाव, नयाँ गरिएको प्रार्थनामय जीवन र मण्डलीको सेवा ।

**प्रश्न : तपाईको परिवारमा गम्भीर विमार छ । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ ?** ( तपाईले आनन्द लिनुहुने स्वस्थ्य एउटा उत्तम भविष्यको लागि आशा, मानिसहरुको सहायताको रुपमा येशुको प्रेम व्यवहारमा उतार्नु )

**प्रश्न : संघटनमा तपाईको खेल दल हार्छ । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ ?** ( खेल्न सक्षम हुनको लागि शारिरीक स्वास्थ्य, खेलको

जान्नुपर्ने कुरामा सिक्दै र बढ्दै जानु, खेल बाहिर तपाईले प्रयोग गर्न सक्नुहुने राम्रा पाठहरु सिक्ने : आत्म संयम, धैर्य , दया । )

**प्रश्न : तपाईको घर वर पर हेर्नुहोस् । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउनु सक्नु हुन्छ ?** (परिवार तपाई सगँ एउटा घर, कपडाहरु, खाना, इत्यादी छन् ।)

**प्रश्न : तपाईको चर्च वरी परी हेर्नुहोस् । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ** । (येशु खीष्ट, तपाईको पास्टर, स्वतन्त्र र खुला रुपमा आराधना गर्नको लागि ठाउँ । )

**प्रश्न : भनौं तपाईलाईले एउटा घर विहिन व्यक्तिलाई भेट्नु हुन्छ र उसले तपाईलाई सोध्छ, । म के कुराको लागि धन्यवादी हुनु पर्छ ?।** (परमेश्वरले तपाईको आवश्यकताहरु जुटाउनु हुन्छ, मानिसहरुले वास्ता गर्छन् र मद्दत गर्छन् - तपाई बिर्सिनु हुदैन, तपाई आानो खुा फेरी उभिन तपाई सगँ अवसरहरु छन् । ) धन्यवादी हुनकोलागि हामीसगँ धेरै कुराहरु छन् । तर धन्यवाद ज्ञापनको दोस्रो भाग दिनु हो । त्यसैले दिने बारे कुरा गरौं ।

प्रश्न : तपाईले दिन सक्ने तीन उपायहरु यहाँ छन् । ती के हुन् भनेर विचार गर्नुहुन्छ ?

१. हामीले समय दिन सक्छौं ।

२. हामीले हाम्रा क्षमताहरुद्धारा दिन सक्छौं ।

३. हामीले हाम्रो समय दिन सक्छौं ।

**प्रश्न : किन तपाईले दिनुपर्छ** ? बाईबल भन्छ : । तिमीहरुले सित्तैमा पायौ, सित्तैमा देओ । ( मत्ती १० : ८ ) (दिनुहोस् किनकी तपाईलाई दिईएको छ । ) बाइबल भन्छ, । तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्त सँग कटनी गर्छ । अनि हरेक मानिसले आानो मनमा साल्प गरे बमोजिम दिओस् , इच्छा नभई होइन, नता करकापमा परेर ( किनकी तपाईले दिनुपर्छ ), किनभने खुसीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ । । ( १ कोरन्थी ९ : ६ - ७ ) तपाईसँग भएको कुरा दिनुहोस् किनभने तपाईले दिन चाहनुहुन्छ ।

**प्रश्न : हामीले कहिले दिनुपर्छ ?** ( अवसर आउने बेलामा बाड्नुहोस् । ) बाईबल भन्छ, । सन्तहरुको खाँचोमा सहायता देओ ........ । ( रोमी १२ : १३ ) कुनै पनि समय ठीक समय हो ।

धन्यवादज्ञापनले । छुीको मौसम । खोल्दछ, यो त्यो समय हो जव हामी स्वत : दिनको लागि उपायहरु खोज्छौं ।

**प्रश्न : कसरी तपाईले तपाईका क्षमताहरु, तपाईको समय र तपाईको पैसा दिनको लागि प्रयोग गरी व्यवहारमा उतार्न सक्नुहुन्छ ?**

म मेरा क्षमताहरु प्रयोग गर्न सक्छु :

घरमा - पारिवारिक कार्यको योजना बनाउन सहायता गरेर

स्कूलमा - कक्षाको साथीलाई विज्ञान योजनामा सहायता गरेर

चर्चमा - क्वायरमा गित गाएर

समुदायमा - आफूभन्दा ठूलाबडा छिमेकीलाई पात मिलाउन सहायता गरेर म मेरो समय प्रयोग गर्नसक्छु :

घरमा - टि. भी. भन्दा अघि घरको काम गरेर

स्कूलमा - सञ्चय उठाउने योजनालाई मद्दत गरेर

समुदायमा - च्यारीटी वा सामुदायिक सेवा योजनामा भाग लिएर म मेरो पैसा प्रयोग गर्न सक्छु

घरमा - सम्पूर्ण परिवारको लागि विशेष उपहार किनेर

स्कूलमा - साथीको खाजा किनेर

चर्चमा - चर्चमा दशांश दिएर

समुदायमा - सहायता चाहिएको परिवारलाई आर्थिक सहयोग गरेर

े **- को हुन् ?** (अविभावकहरु जसले तपाईलाई परमेश्वरको प्रेम देखाउनुहुन्छ, शिक्षकहरु जसले तपाईलाई विद्यालयमा सिक्नको लागि सहायता गर्नुहुन्छ, तालिम दिने शिक्षक जसले तपाईलाई खेलहरु खेल्न सिक्नको लागि सहायता गर्नुहुन्छ, ती व्यक्तिहरु जो हाम्रो देश सुरक्षित राख्न शैनिक फौजमा सेवा गर्छन् । ) सोच्नुहोस् जव कसैले तपाईलाई दिनको निम्ति समय लिन्छ तव कस्तो राम्रो अनुभव हुन्छ ।

हामीलाई पक्कै पनि धेरै दिईएको छ, त्यसैले हामी धन्यवादी हुनुपर्ने धेरै प्रशस्त कुराहरु हामीसँग छन् । यो पाठको अन्त्यमा एउटा रमाइलो खेल भन्दा अघि एउटा सानो कसरत गरौं ।

**प्रश्न : सेप्टेम्बर ११, २००१ - न्यूयोर्कको विश्व व्यवसाय केन्द्रलाई मानिसहरुले हवाईजहाजमा उडाईएको दिन - त्यहाँ धन्यवादी हुनुपर्ने के छ र ?** ( कि परमेश्वरले त्यहाँ हुन सक्नेभन्दा कम विनाश हुन दिनुभयो, धेरै मानिसहरुले उनीहरुको विश्वाश र भरोसा

विशेष क्रिसमस पाठ

**आजको पाठ पद**

अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौं र एउटा छोरो जन्माउनेछ्यौं र तिमीले उहाँको नाउँ येशु राख्नेछ्यौं । (लुका १ः३१ )

**छलफल गर्ने प्रश्न**

तपाईको केही मनपर्दो क्रिसमसका यादगार क्षणहरु के हुन् ?

**क्रिसमसको कथा (लुका २ः१-७)**

ती दिनहरुमा कैसर अगस्प्सले तिनको सारा साम्राज्यमा जजनगणना लिनु भन्ने हुकुमजारी गरे । कुरेनियस सिरियाका हाकिम हुँदा यो पहिलो पल्टको जनगणना थियो । सबै जना नाउँ दर्ता गराउन आा़नो - आा़नो शहर गए ।

योसेफले पनि गालिलको नासरतबाट यहुदियाको बेथलेहेम भन्ने दाउदको शहरमा गए, किनभने तिनी दाउदका कुटुम्ब र वंशका थिए । नाउँ दर्ता गराउन तिनी आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर गए । मरियम गर्भवती थिइन् । तिनीहरु त्यहाँ भएकै बेला गए । मरियमको बालक जन्माउने बेला आयो । तिनले आा़नो जेठो छोरो जन्माईन् र उहाँलाई लुगाले बेह्रेर डुँडमा राखिन्, किनकी तिनीहरुका निम्ति पौवामा ठाउँ थिएन ।।

यो क्रिसमस कथा, यो अद्भुत जीवन हो , ३४ औं गल्लीको चमत्कार । क्रिसमसको साँचो अर्थबाट चुक्न सजिलो छ । यदी तपाईले टि. भी.मा, अथवा भण्डारहरुमा जे देख्नुहुन्छ त्यत्ति नै तपाईलाई क्रिसमसको बारेमा थाहा छ भने तपाईले यो सोच्न सक्नुहुन्छ कि क्रिसमस चाँही उपहारहरु किन्ने र लिने, पार्टीहरु गर्ने र स्यान्टा क्लज इत्यादी बारे हो । तर क्रिसमस यतिमात्र होइन, यो अझ अझ धेरै हो ।

**प्रश्न : क्रिसमस के हो ?** ( क्रिसमस लगभग २००० वर्ष अगाडी घटेको ऐतिहासिक घटनाको उत्सव हो । )

**प्रश्न : साँचो रुपमा त्रिसमस कहिले सुरु भयो ?** ( वास्तवमा क्रिसमस कथा पृथ्वी ग्रह सृष्टि गर्नुभन्दा पहिल्यै परमेश्वरको हृदयमा सुरु हुन्छ । ) आदीमा परमेश्वरले पृथ्वी सृष्टि गर्नुभयो र यो राम्रो थियो भन्नुभयो । अनि परमेश्वरले प्रथम पुरुष - आदम र प्रथम स्त्री - हब्बा सृष्टि गर्नुभयो । तिनीहरु उहाँका सृष्टिका बहुमुल्य रत्नहरु थिए । सुरुमा तिनीहरु सिद्ध थिए - परमेश्वरले चाहनु भएकाहरु जस्तै।

**प्रश्न : परमेश्वरसँग आदम र हब्बाको प्रेमको लागि जाँच थियो । त्यो के थियो ?** ( उहाँको निम्ति मानिसहरुको प्रेमको जाँच चाँही आज्ञाकरता थियो । तर आदम परमेश्वरले चाहनुभएको जस्तो बन्न छनौट गरेन । उसले परमेश्वरप्रति अनाज्ञाकारी हुने निर्णय गा्यो र त्यो समय सिद्धताभन्दा कम भयो । अब आदम सँधै उसले चाहेको तरीका सोच्ने थियो । ऊ अब परमेश्वरले मौलिक रुपमा सोच्नुभएको भैँ थिएन ।

**प्रश्न : आदमको अनाज्ञाकारीताले के भयो ?** ( आदमको अनाज्ञाकारीताको कारणले तपाई र म परमेश्वरदेखी अलग भयौं । ) बाइबल यो भन्छ कि, । एउटा मानिसद्धारा ( आदम ) संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो । । ( रोमी ५ : १२ ) हरेक व्यक्तिमा आदमले परमेश्वरप्रति अनाज्ञाकारी हुनुको दोस्रो नाम । पाप । हो र हाम्रा परमेश्वर पवित्र हुनाको कारण - पाप उहाँबाट टाढा भयो - एउटा पापी व्यक्ति परमेश्वरको उपस्थितिमा उभिन सक्दैन । अनि परमेश्वरले सृष्टि गर्नभएको पृथ्वीले पनि त्यसको मौलिक सुन्दरता र राम्रोपना हरायो ।

**प्रश्न : परमेश्वरले के गर्नुभयो ?** परमेश्वरले एउटा प्रतिज्ञा गर्नुभयो । त्यो प्रतिज्ञा यो हो, । म तिमीलाई यो परिस्थितिमा छोड्नेछैन - सँधै - पाप र मबाट अलग हुनुबाट छुटकारा दिने बाटोविना म तिमीलाई कहिल्यै छोड्ने छैन । म एउटा बाटो बनाउँछु त्यसैले यो ठूलो खालीपना जसले तिमीलाई मबाट अलग गा्यो पुल बन्नेछ र तिमी मकहाँ आउन सक्छौ । मैले बनाएको यो बाटोले तिम्रो लागि भएको प्रेम तिमीलाई देखाउँछ साथै यस बाटोले मेरो र एक अर्काको लागि जुन तिमीसँग भएको चाहन्छु , त्यो प्रेम देखाउँछ । )

परमेश्वरले यो पहिलो प्रतिज्ञा गर्नु भएदेखि, त्यहाँ ती व्यक्तिहरु पनि रहेका थिए जसले त्यो विश्वास गरेका थिए । यी ती व्यक्तिहरु हुन् जसले तिनीहरुका विश्वास र भरोसा परमेश्वरको वचनमा थिए ।

लगभग २००० वर्ष अगाडी जव परिस्थिति ठिकै थियो गालीलले नासरत भन्ने सानो गाउँमा मरिमय नाम गरेकी एउटी सानी केटी बस्थिन् । मरिमय कन्या र विवाह नगरेकी थिइन् तर युसुफ नाम गरेको व्यक्तिसँग मगनीमा बाँधिएकी थिइन् ।

मरिमयले परमेश्वरले गर्नुभएको प्रतिज्ञामाथि विश्वास गरिन् । उसले परमेश्वरमाथि भरोसा गरिन् । एकदिन जव ऊ प्रार्थना गरिन्, तव एउटा स्वर्गदुत परमेश्वरको दुत मरिमय कहाँ आयो ।

**प्रश्न : यो दुतले उसलाई के भन्यो ?** ( त्यो स्वर्गदुतले उसलाई नडराउन भन्यो परमेश्वरको आत्माको शक्तिद्धारा उ भित्र रचना गरिने बालक ऊसँग हुनेछ । उसले त्यो बालकलाई येशु नाम दिनुपर्ने थियो जसको अर्थ उद्धारकर्ता अथवा परमेश्वरले बचाउनुहुन्छ हो । )

यो नै उहाँले प्रतिज्ञा गर्नु भए अनुसार उहाँतर्फ फर्किने । बाटो । बनाउनु उहाँको योजना थियो । त्यो स्वर्णदूत युसुफद्धारा पनि देखा पा़यो । मरिमय र युसुफ यो बालक येशुका अभिावकको रुपमा छानिएकाले खुसिले भरिए - जसले परमेश्वरले हामीलाई कति प्रेम गर्नुहुन्छ भनेर देखाउनुहुन्छ ।

जब मरिमयले यस बालकलाई जन्म दिन पर्खिदै थिइन् तव त्यस ठाउँका शासकले हरेकलाई आ।नो शहरमा गएर जनगणना लिनु भने । मरिमय र युसुफ बेथलेहेमतिर यात्रा गरे र जब तिनीहरु बेथलेहेम पुगे मरियमको लागि उसको बच्चा जन्माउने बेला भयो । बेथलेहम धेरै भिड थियो कि सबै यात्रीहरुको निम्ति बस्ने ठाउँहरु र पौवाहरु भरि थिए तर मरिमय र युसुफले शरण पाए र मरिमयले बालक जन्माइन् र डुंडमा लेटाइन् ।

**प्रश्न : डुंड के हो ?** ( डुंड जनावरहरुले दाना खाने ठेकी हो । )

**प्रश्न : येशु भनिने यो बालक को हो ?** ( यो बालक संसारको लागि परमेश्वरको उपहशार थियो - एउटा साँचो जिवित मानिस एउटा स्त्रीदेखी जन्मेको तर पनि परमेश्वरका पुत्र हुनुहुन्थ्यो । येशु १००। परमेश्वर, १००। परमेश्वर मानिस हुनुहुन्थ्यो । परमेश्वरले निर्देशन दिए अनुसार मरिमय र युसुफले उहाँको नाम येशु राखे ( आज येशुको लागि प्रख्यात नाम यहोशू । हुनसक्छ । अर्थ परमेश्वरले बचाउनुहुन्छ र परमेश्वर हामीसँग हुनुहुन्छ । ) किनकी उहाँ स.सारको  उद्धारकर्ता हुनु थियो । यस समयमा बेथलेहमको बाहीरी खेतहरुमा गोठालाहरु आ।ना भेडाहरुको हेरचाह गर्दै थिए । अचानक राति आकाशमा विशाल उज्यालो देखे र एउटा स्वर्गदूत तिनीहरुकहाँ देखा परे ।

**प्रश्न : त्यो स्वर्गदूतले तिनीहरुलाई के भने ?** ( धर्मशास्त्र भन्छ, । नडराओ किनभने हेर म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु जो सबै मानिसहरुका निम्ति हुनेछ । आज दाउदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ जो ख्रिष्ट प्रभु हुनुहुन्छ । तिमीहरुलाई चिन्हचाँही यो हुन्छ : तिमीहरुले एउटा बालकलाई लुगाले बेह्रेको र डुँडमा सुताईराखेको भे।उनेछौ । । ( लुका २ : १० - १२ )

अचानक स्वर्गदूतको ठूलो संख्या एउटा स्वर्गदूत देखा परे परमेश्वरको प्रसंशा गर्दै र भन्दै, । सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिसहरुसँग उहाँ प्रसन्न हुनहुन्छ । तिनीहरुलाई शान्ति । । ती गोठालाहरु ईसाई चरित्र बाइबल अध्ययनको

परमेश्वरको प्रतिज्ञा माथि विश्वास गर्ने मध्येका थिए त्यसैले तिनीहरु डुँडमा जान हतारिए र निहुरिएर बालक दण्डवत् गरे ।

**प्रश्न : येशु जन्मिनुभएको रात तपाईले के विचार गर्नुहुन्छ किनकी राजाहरु अथवा राजकिय कर्मचारीहरु अथवा धार्मिक अगुवाहरुको स।। ती स्वर्गदूतहरु गोठालाहरु विच देखा परे ?** ( तपाई देख्नुहुन्छ, उनीहरुका फोहोर, घिनलाग्दो कामको कारणले गर्दा गोठालाहरुलाई समाजबाट बाहिर हटाईएका थिए । कोही पनि तिनीहरुसँग मिल्न खोज्दैन थिए - तिनीहरु आजका घरविहिनजस्ता थिए । येशु गरीबहरुसँग रहन आउनुभयो - ती व्यक्तिहरु जसलाई सबैभन्दा आवश्यक थियो । येशुको लागि उहाँकहाँ आउन कोही पनि व्यक्ति सानो होइन । ) के तपाईले कल्पना गर्न सक्नुहुन्छ जव स्वर्गदूतहरु येशु ख्रिष्ट जन्मिनु भएको त्यस रातमा तिनीहरुकहाँ सबैभन्दा पहिले देखा परे तव ती गोठालाहरु कति हर्षित भए ?

संसारको अर्को भागमा त्यसबेला पर्सिया भनिन्थ्यो, अहिले इरान अथवा इराक त्यहाँ ज्योतिषीहरु थिए , उनीहरुका राजाका सल्लाहकार जसले ताराहरु अध्ययन गर्दै थिए । आश्चर्यमा एउटा चम्किलो नयाँ तारा अचानक देखाप।यो । तिनीहरुले परमेश्वरले गर्नुभएको प्रतिज्ञाको बारेमा पनि सुनेका थिए ।

त्यसैले तिनीहरुले आ।नो यात्रा त्यस ताराले तिनीहरुलाई कहाँ डो।याउँछ भनेर हेर्न त्यो तारालाई पछ्याउँदै सुरु गरे । हामीलाई पक्का गरी थाहा छैन कि येशुलाई हेर्न कतिजना ज्योतिषीहरु आए र हामीलाई यो थाहा छ कि तिनीहरुले तीनवटा उपहारहरु ल्याएका थिए । तिनीहरुले तीनवटा उपहारहरु ल्याएका थिए ।

**प्रश्न : ती ज्योतिषिहरुले ल्याएका उपहारहरु के थिए ?** ( सुन, सुगन्धित धुप र मुर्र )

**प्रश्न : यी उपहारहरुले के वर्णन गर्छ ?** ( हरेक उपहारले येशुको जिवनको भाग र परमेश्वर राजाको लागि उपहार हुनुहुन्छ जसरी येशु हाम्रो स्वर्गीय राजा हुनहुन्छ । सुगन्धित धुप परमेश्वरको दण्डवत् गर्नमा प्रयोग गरिन्छ जसरी परमेश्वरले आफैलाई येशु ख्रिष्टमा प्रकट गर्नुभयो । मुर्र एउटा सुगन्धित द्रव्य हो जुन गाड्नलाई लाश तयार पार्नको लागि प्रयोग गरिन्छ जसरी येशु मर्नको लागि आउनुभएको हो र उहाँको मृत्युद्धारा परमेश्वर विरुद्ध हामीले गरेको पापको क्षमादानको लागि आवश्यक पूरा मूल्य तिर्नुभयो ।

तपाईले आजसम्म सुन्नुभएको क्रिसमसमा बताइने कथामात्र हो । तर यसमा अरु भागहरुविना थोरै अर्थ हुनुपर्छ । मरिमय र युसुफ आ।नो बालकसँग फेरी नासरतमा फर्के । येशु परमेश्वरको आत्माले भरिनुभएको थियो । उहाँले सिद्ध जीवन बिताउनुभयो । उहाँ परमेश्वरप्रति सदा आज्ञाकारी हुनुहुन्थ्यो ।

**प्रश्न : येशुले परमेश्वरलाई के भनेर बोलाउनु हुन्थ्यो ?** ( येशुले परमेश्वरलाई बुबा भनेर बोलाउनु हुन्थ्यो । ) येशुले यो कुरा हामीलाई याद दिलाउनुहुन्छ कि परमेश्वरले चाहनुभएको कुरा चाँही तपाईसँगको साँचो व्यक्तिगत सम्बन्ध एउटा प्यारो बुबाले आ।नो छोरा अथवा छोरीसँग चाहेको जस्तै । येशुले हामीलाई यो पनि याद दिलाउनुहुन्छ कि परमेश्वरले तपाई जस्तो हुनुहुन्छ त्यस्तै रुपमा तपाईलाई प्रेम गर्नृहुन्छ र ग्रहण गर्नुहुन्छ । यो जीवन जुन येशुले दिनुहुन्छ अनन्तको हो - र यो जीवन तपाईको भरोसा उहाँमाथि राख्ने समयदेखि सुरु हुन्छ । ३३ वर्षको उमेरमा उहाँले धेरै कुराहरु सिकाउनुभए पछि र गर्नुभएपछि येशुलाई उहाँ जो हुनुहुन्थ्यो त्यसरी ग्रहण नगर्ने मानिसहरुद्धारा ऋुसमा मार्नलाई राखियो । यी तीनै मानिसहरु थिए जसले एकचोटी फेरी परमेश्वरको प्रेमलाई अस्वीकार गरे ।

**प्रश्न : येशु के को लागि मर्नुभयो ?** ( येशु उहाँको भागमा पर्ने अनआज्ञाकारीताको कुनै कामको लागि मर्नुभएन - उहाँको जीवन पूर्ण सिद्धान्तको थियो । अफ उहाँ परमेश्वरप्रति आज्ञाकारीताको कामको रुपमा मर्नुभयो - परमेश्वर उहाँको बुबा । ) येशु मर्नुभयो ताकि पाप र परमेश्वरबाट टाढा भएको कुरादेखी छुटकारा पाउन रोज्ने जोसुकैको लागि पनि एउटा बाटो बनाउन सक्नुभएको होस् ।

जव हामी पाप गर्छौं तव हामीले परमेश्वर विरुद्ध अपराध गर्दछौं । हामी मानिस भएको कारणले एउटा मानिसले मात्रै सजाय चुकाउन सक्छ । तर यो अपराध असिमित परमेश्वर विरुद्ध भएको कारण परमेश्वर आफैले मात्र सजाय चुकाउन सक्नुहुन्थ्यो । त्यसैले परमेश्वरले हामीकहाँ उहाँको पुत्र येशु पठाउनुभयो । येशु, १००। मानव, पाप रहित- सिद्ध जीवन जीउनु भयो । येशु, १००। परमेश्वर, उहाँसँग हामीबाट सबैका पापहरु लिने र हटाईदिने क्षमता छ । । किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । ( २ कोरिन्थी ५:२१)

जव येशु मर्नुभयो, तव उहाँले तपाई र मैले गरेका अथवा गर्ने सबै गल्तीहरु आफूमाथि लिनुभयो । ती गल्तीहरुले तपाईलाई परमेश्वरबाट अलग राखेको थियो । तर तपाईले उहाँलाई तपाईको जीवनमा आउनको लागि सोध्न निर्णय लिनुभएको समय देखी अव तपाई परमेश्वर देखि अलग हुनुभएको छैन । येशु परमेश्वर तर्फ फेरी फर्कने । बाटो । हुनुहुन्छ । जुन तपाईलाई धेरै लामो समय अघि देखि प्रतिज्ञा गरिएको थियो ।

उहाँ मर्नुभएको र गाडिनु भएको तीन दिनपछि, येशु मृतकहरुबाट बिउतनुभयो र एउटा जीवित व्यक्ति झै यस पृथ्वीमा फेरी एकपटक हिड्नुभयो । येशुको पुनरुत्थान नै यो कुराको प्रमाण हो की परमेश्वरले सबै मानिसहरुका लागि येशुको बलिदान ग्रहण गर्नुभयो ।

यो कथामा अझ धेरै कुराहरु छन् । तर अहिले, यस क्रिसमसमा विशेषगरी जव उपहारहरु साटासाट गरीन्छ, तपाईलाई दिईएको सबैभन्दा ठूलो उपहार सम्झनुहुनेछ - हामी सबैलाई परमेश्वरबाट दिईएको - येशु ख्रिष्ट उहाँ नै हामीले क्रिस्मस मनाउने कारण हुनुहुन्छ ।

# ईस्टर : ऋुसिकरण

## आजको पाठ्य पद

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आ।ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नमश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।। (यूहन्ना ३:१६)

## परिचय

किन ईसाईहरुले ईस्टर मनाउँछन् भन्ने कारण बु।नको लागि तपाईले क्रिस्मसको अर्थ बु।नुपर्छ । त्यसैले क्रिस्मस हाम्रो अघिल्लो

## पाठ पुनर्विचार गरौं ।

आदीमा परमेश्वरले पृथ्वी सृष्टी गर्नुभयो । अनि परमेश्वरले एउटा पुरुष र एउटा स्त्री सृष्टी गर्नुभयो । अनदीमा तिनीहरु सिद्ध थिए - परमेश्वरले तिनीहरु भएको चाहनु भए भ्कैं । तर आदमले परमेश्वरप्रति अनाज्ञाकारी हुन रोज्यो र त्यसै समय ऊ सिद्धभन्दा कम भयो । त्यतिखेर पाप संसारमा आयो । बाइबलले भन्दछ कि । एउटा मानिसद्धारा संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।। ( रोमी ५ : १२ )

आदमदेखि हरेक व्यक्तिले पाप गरेको छ किनकी हामीमा आदमबाट पाप सा।यो । त्यस छनौटको कारणले तपाई र म परमेश्वरबाट छु।िएका हौं र परमेश्वरतर्फ फर्केर जानको लागि हामीसँग कुनै बाटो भएन । हामीलाई हाम्रो पापबाट छुटाउन आवश्यक थियो ।

जव समय ठिक थियो, परमेश्वरले गाब्रियल नाम गरेको एउटा स्वर्गदूतलाई मरिमय नाम गरेकी स्त्रीकहाँ पठाउनुभयो । गाब्रियलले यो घोषणा गा।यो कि उसलाई एउटा बालक हुनेछ जुन परमेश्वरको आत्माको शक्तिद्धारा उसभित्र सृजना गरियो । उहाँले यसको नाउँ येशु बोलाउनुपर्थ्यौ, जसले मुक्तिदाता अथवा परमेश्वरले बचाउनुहुन्छ भन्ने अर्थ दिन्छ । उहाँतर्फ फर्किनको लागि उहाँले तयार गर्नका लागि यो परमेश्वरको योजना थियो ।

परमेश्वरसँग सँधै एउटा योजना हुन्छ । र हाम्रो उद्धारको लागि यो योजना बलिदानमा समाप्त हुन्छ र यो चाँही यो हो जहाँ ईस्टरले क्रिस्मसबाट उठाउँदछ ।

**ऋुसिकरणका लागि स्थिति तयार गर्नु**

**प्रश्न : बचाइनु भन्नाले के अर्थ दिन्छ ?** ( छुटकारा पाउनु )

**प्रश्न : हामी के कुराबाट छुटकारा पाउनु पर्छ ?** ( पाप )

**प्रश्न : पाप के हो ?** ( पाप परमेश्वरप्रति गरिने कुनै पनि अनाज्ञाकारी व्यवहार हो । )

**प्रश्न : किन हामी पापबाट छुटकारा प्राप्त गर्नुपर्छ ?** ( जब हामी पाप गर्छौं, हामीले परमेश्वर विरुद्ध अपराध गर्छौं । हामी मानिस भएको कारण एउटा व्यक्तिले मात्र सजाय चुकाउन सक्छ । तर अपराध असिमित परमेश्वर विरुद्ध असिमित भएको कारणले परमेश्वर आफैले मात्र सजाय चुकाउन सक्नुहुन्थ्यो । त्यसैले परमेश्वरले उहाँको पुत्र येशु हामी कहाँ पठाउनुभयो । येशु १००। मानिस पापरहित - सिद्ध जीवन जिउनुभयो । येशुसँग १००। परमेश्वर, हामी सबैका पापहरु लिनसक्ने र हामीबाट ती पापहरु हटाउन सक्ने क्षमता छ । किनकी हामी उहाँसँग परमेश्वरको धार्मिकतामा बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । । ( २ कोरिन्थी ५ : २१ )

सु - समाचार के हो भने परमेश्वरले यसो भन्नुहुन्छ कि तपाईले तपाईको पापहरुबाट छुटकारा पाउन सक्नुहुन्छ यदि तपाईले परमेश्वरले येशुलाई मृत्युबाट उठाउनुभयो ( जीवनमा फेरि ल्याउनुभयो ) भनेर विश्वास गर्नुहुन्छ र येशुलाई तपाईको जीवनमा आउन निमन्त्रणा दिनुहुन्छ ।

परमेश्वरको आ।नै पुत्र येशुलाई के भन्यो भनेर विवरण सुन्नुहोस् त्यसैले उहाँले तपाईलाई पापबाट छुटाउन सक्नुहुन्थ्यो र परमेश्वरतिर फर्किने बाटो खोल्न सक्नुहुन्थ्यो । अन्तिम भोजको राति, येशुले रोटी भाँचेर आ।ना चेलाहरुलाई दिदनुभयो र कचौरा लिनुभएर धन्यवाद दिनुभयो र तिनीहरुलाई दिनुभएपछि, उहाँहरु जैतुन डाँडामा निस्केर जानुभयो ।

**ऋुसिकरण**

(मत्ती २६:३६-३९ र लुका २२:४३-४४)

**गेतसमनी**

तव येशु गेतसमनी भन्ने ठाउँमा तिनीहरुसँग जानुभयो र चेलाहरुलाई भन्नुभयो, । तिमीहरु यही बस, म चाँही अलि पर गएर प्रार्थना गर्छु । । र आफूकहाँ र जब्दियामा दुई छोराहरुलाई लिएर उहाँ शोकित

र व्याकुल हुन लाग्नुभयो । तव उहाँले तिनीहरुलाई भन्नुभयो, । मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ । तिमीहरु यही बस, र मसँग जागा रहो । । अनि उहाँले अलि अगाडी गएर लम्पसार परी प्रार्थना गर्नुभयो , । हे मेरा पिता , हुन सक्छ भने यो कचौरा म बाट हटोस् । तरै पनि मैले ईच्छा गरेबमोजिम होइन, तर तपाईले इच्छा गर्नुभए बमोजिम होस् । । ( मत्ती २६ : ३६ - ३९ )

तव सवर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे । अत्यन्त स।ष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो र उहाँको पसिना रगतको ठूला ठूला थोप्लाजस्तै जमीनमा असिरहेका थिए । । ( लुका २२ : ४३ - ४४ ) क्रुसमा टाँग्नुभन्दा अगाडी पनि, येशुले गेतसमनीमा हामीलाई छुटकारा दिनको लागि उहाँ कस्तो शारीरिक र आत्मिक भयद्धारा जाँदै हुनुहुन्थ्यो भनेर अनुभव गर्न सुरु गर्दै हुनुहुन्थयो - तपाई र मेरो लागि परमेश्वरको मुक्तिको योजना पूरा गर्नको लागि । येशु भावुक रुपमा यति मलिन हुनुभएको थियो कि परमेश्वरले एउटा स्वर्णदूत उहाँलाई बल दिनको लागि पठाउनुभएको थियो । येशुले तीनचोटी प्रार्थना गर्नुभयो कि उहाँ क्रुसीकरणको अनुभवबाट नजानुपरेको होस् - तर अझै पनि उहाँले आ।नो इच्छा होइन तर उहाँको पिताको इच्छा पूरा भएको होस् भनेर प्रार्थना गर्नुभयो ।

## येशुको पक्राउ

त्यस रात येशुका चेलाहरुमध्ये एक यहुदा नाउँ गरेको चेला येशुको विरुद्ध गयो र मानिसहरुको रिसाहा भिडलाई उहाँपछि लग्यो । तिनीहरुले येशुलाई पक्रे र उहाँलाई कैयाफास, प्रधान पुजाहारी र क)ब)ल)ज)भ)म)च)ष)ल) )का सदस्यहरु यहुदी उच्च राजसभाकहाँ लगे । त्यहाँ तिनीहरुले उहाँको मुखमा थुके र तिनीहरुका मुठीले हाने । ( मत्ती २६ : ६७ )

“विहान सवेरै, सबै मुख्य पुजाहारीहरु र जनताका धर्म - गुरुहरुले येशुलाई मृत्युदण्ड दिन भनी उहाँको विरुद्धमा सरसल्लाह गरे । अनि तिनीहरुले उहाँलाई बाँधेर लगे र हाकिम पिलातसकहाँ सुम्पिदिए । । ( मत्ती २७ :१-२)

त्यसपछि पिलातसले येशुलाई कोर्रा लगाएर क्रुसमा टाँगिनका लागि आज्ञा दिए । कोर्रा हान्ने सजायमा प्रयोग गरीएको औजारलाई । ।यग्रा । भनिन्थ्यो । यस औजारमा लगभग १२ वटा छालाका कप्टेरोहरु र प्रत्येक कप्टेरोको अन्त्यमा तिरको धातुका अथवा हड्डीका टुक्राहरु अड्काईन्थ्यो । येशुलाई एउटा लामो लौरीमा बाँधियो र त्यसपछि यस औजारले उहाँको ढाडमा कमसेकम ३९ पटक कोर्रा हानियो ।

“तव हाकिमका सिपाहीहरुले येशुलाई महलमा लगे र जँम्मै पल्टनलाई उहाँको सामुन्ने भेला गराए । तिनीहरुले उहाँको बस्त्र लगाईदिए । तिनीहरुले काँडाको मुकुट गाँथेर उहाँको शिरमा लगाईदिए र उहाँको दाहिने हातमा निगालो दिए र उहाँको गिल्ला गरे, । हे यहुदीहरुका राजा, प्रणाम । । तव तिनीहरुले उहाँलाई थुके र त्यो निगालो ईसाई चरित्र बाइबल अध्ययनको व्यवहारिक सेवाकाई

लिएर उहाँको शिरमा हिर्काए । उहाँको गिल्ला गरिसकेपछि तिनीहरुले त्यो वस्त्र फुकालिदिए र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रुसमा झुण्ड्याउन लगे ॥ (मत्ती २७:२७- ३१)

## क्रुसिकरण

यसपछि रोमी सिपाहीहरुले येशुलाई क्रुसमा टाँग्नको लागि गल्गाथा भनिने ठाउँमा लग्दै गर्दा उहाँलाई ती सिपाहीहरुले रगतको कमी र पिटाईहरुले र उहाँको आफ्नै क्रुसमा बोकाउनाले कमजोर बनाए । जव उहाँ अझ पर जान सक्नुभएन तव तिनीहरुले सिमोन नाउँ गरेको मानिसलाई साईररेनीबाट पक्रे र उसलाई येशुको क्रुसमा बोक्न जवरजस्ती गरे (युहन्ना १९ :१६-१७ , मर्कुस १५:२१)

अन्त्यमा जव तिनीहरु गल्गाथामा पुगे तिनीहरुले येशुलाई क्रुसको आड लिने दलिनमाथि राखेर तन्काए र एउटा लामो धातुको तीखो किल्ला लिएर हत्केलाको तल्लो भागमा त्यो किल्ला गोपे । त्यसपछि तिनीहरुले अर्को हात लिएर क्रुसमा उने । घन ठोक्ने प्रत्येक समय म येशुले भन्नुभएको, । पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, किनकी यिनीहरुले के गर्दैछन् सो जान्दैनन् । यो कुरा कल्पना गर्छु ।

त्यसपछि ती सिपाहीहरुले उहाँको खुट्टा लिएर तन्काए तर चाँही घुँडा हल्का खुम्चाएर छोडिदिए किनकी यो भाग चाँही रोमीको क्रुसिकरणको एउटा तरीका हो । त्यसपछि अरु किल्लाहरु उहाँका खुट्टाहरुमा पनि गोपे । येशुलाई क्रुसमा ठोकेपछि तिनीहरुले क्रुसलाई सिधा माथि उठाए र भूईमा भएको एउटा प्वालमा खसाले । यो धक्काले पक्कै पनि येशुको काँधलाई विस्थापित गर्‍यो । छिट्टै नै क्रुसिकरणको भय र पिडा सुरु भयो । तपाई हेर्नुहोस् क्रुसिकरणको समय येशुले सास भित्र लिन सक्नुहुनथ्यो तर शारीरिक रुपमा उहाँलाई सास बाहिर फाल्न असम्भव थियो - उहाँले आफ्नो फोक्सोबाट हावा बाहिर फाल्न सक्नुहुन्थेन ।

तव रोमीले के गर्दै थिए भनेर तिनीहरुलाई थाहा थियो । त्यसैले त तिनीहरुले येशुको घुँडा हल्का खुम्चाएर छोडिदिएका थिए । तव येशुलाई सास लिन आवश्यक हुन्थ्यो तव उहाँले आफ्नो सास बाहिर फाल्नको लागि आफैलाई माथि धकल्नुहुन्थ्यो । त्यसपछि फेरी तल झर्नुहुन्थ्यो र उहाँ त्यहाँ धेरै घण्टौसम्म संघर्ष गर्नुभयो । इतिहास लेखकहरुले भन्छन् कि क्रुसमा टाँगिएका मानिसहरुले उनीहरुका वरपर भएका मानिसहरुलाई असाध्यै मन नपर्ने शब्दहरु भन्थे । बाइबल भन्दछ, । उहाँका दुई जना डाँकुहरु क्रुसमा झुण्ड्याइएका थिए एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टि । त्यहाँबाट आउने - जानेहरुले आ- आफ्नो मुण्टो हल्लाएर उहाँको गिल्ला गरे र भने । ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा र परमेश्वरको पुत्र होस् भने क्रुसबाट ओर्लेर तल आइज ।। मुख्य पुजाहारीले पनि शास्त्रीहरु र धर्म गुरुहरुका सँगसँगै उहाँको गिल्ला गर्दै भने । यसले अरुलाई त बचायो, आफूलाई चाँही बचाउन सक्दैन । यो इस्राएलको राजा हो । अहिले क्रुसबाट आर्लेर तल आओस् र हामी यसलाई विश्वास गर्नेछौं । यसले परमेश्वरमा भरोसा राख्छ । परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले

यसलाई अहिले छुटकारा दिऊन् किनकी यसले म परमेश्वरको पुत्र हुँ भनी भन्थ्यो ।। अनि उहाँसँग क्रुसमा भ्रुण्ड्याईएका ती डाँकुहरुले पनि यही किसिमले उहाँको अपमान गरे ।। (मत्ती २७:३८-४४)

**प्रश्न : बलिदान के हो ?** ( बलिदान अरुको भलाईको लागि जव केही मुल्यवान् कुरा दिइन्छ । ) येशुले तपाई र मेरो लागि आ।नो जीवन वलि गर्नुभयो ताकि हामी पापबाट छुटकारा पाउन सकौं ।

**प्रश्न : तपाईलाई के लाग्छ येशुलाई पिट्नु, उहाँमाथि थुक्नु र उहाँको अपमान गर्नुको कारण के थियो हालो ?** ( यो चाँही तपाई र म लगायत सम्पूर्ण मानिसहरुका लागि परमेश्वरको मुक्तिको योजना परास्त गर्नको लागि शैतानको ( राक्षसको ) अन्तिम थियो । ) शैतानले पिटाई, थुकाई, अपमान, निन्दा, ठट्टा र तिरस्करहरुको ठट्टा गा।यो । येशुको केवल एउटा रिसाहा विचार, एउटा रिसाहा शब्द र तपाई र मेरो लागि त्यो मुक्ति हराउने थियो ।

**प्रश्न : यदि येशु उहाँलाई पिट्ने अथवा उहाँमाथि थुक्ने अथवा उहाँको अपमान गर्ने मानिसहरुसँग रिसाउनु भएर पाप गर्नुभएको भए किन परमेशवरको मुक्तिको येशु - सिद्ध हुनुप।थ्यो - दागरहित - पापरहित ।**

शैतानको लागि समय गैरहेको थियो । त्यसैले त्यसले आगो दन्कायो । पिडायुक्त कोर्रा, अभ्र बढी अपमानहरु, अभ्र बढी निन्दा गर्ने, सराप्ने, क्रुसिकरणको असाध्यै पिरोल्ने पिडा, उहाँको वरिपरि उनीहरुका अपमानहरुले चिच्याउँदै गरेको भीड । पक्के पनि येशु एकचोटी मात्र भूए पनि रिसाउनुहुन्थ्यो । तर यसको स।।मा, । येशुले भन्नुभयो, । पिता यिनीहरुलाई क्षमा गर्नुहोस् किनकी यिनीहरुले के गर्दैछन् जान्दैनन् ।। (लुका २३ : ३४ ) तर येशु डराउनुभएको भयानक कुरा पिटाईहरु, अपमानहरु अथवा क्रुसिकरण पनि थिएन । त्यो चाँही हुन गईहरेको बारे थियो । यो चाँही त्यही हो जुन येशुले गेतसमनीको बगैचामा आ।ना पितासँग सोध्नुभएको थियो कि उहाँलाई यसबाट भएर जान नपरेको होस्।

**प्रश्न : तपाईलाई के लाग्छ येशु यति साह्रो डराउनुभएको कुरा के थियो होला ?** । अव मध्यान्हदेखी तीन बजेसम्म सारा देशमा अन्धकार भयो । तीन बजेतिर येशु यसो भनेर ठूलो स्वरले कराउनुभयो, । इलोई, इलोई, लामा सबरवथनी ? । अथवा । हे मेरा परामेश्वर, हे मेरा परमेश्वर , तपाईले मलाई किन त्याग्नुभएको छ ? । ( मत्ती २७ :४५-४६)

अव येशु उहाँको पिता - परमेश्वरबाट अलग हुनुभयो । समयको सुरुवात हुन अघिबाटै येशु आ।ना पितासँग सिद्ध सम्बन्धमा रहनुभएको थियो । तर याद राख्नुहोस् कि पाप पवित्र परमेश्वरको उपस्थितिमा खडा हुन सक्दैन । येशु परमेश्वरको बलिदान परमेश्वरको सिद्ध थुमाले सबै मानवजातिको पापको

सजाय भोग्नुभयो - परमेश्वरको क्रोधको पूरा नाप उहाँको शरीरमाथि र येशुले चर्को स्वरमा कराउनुभयो, । अव सिद्धियो । । ( यूहन्ना १९ : ३० )

**प्रश्न : किन येशुलाई परमेश्वरको थुमा भनिन्छ ?** ( येशुले जीवनको समयमा यरुशेलमको मन्दिरमा त्यहाँ दिनहुँ बलिदान हुन्थ्यो । बलिदान धेरैजसो थुमा दिउँसोको ३ : ०० बजे काटिन्थ्यो ( तयारीको दिनमा पनि ) । त्यसबेला पूजाहारी चाँही मन्दिरको सबैभन्दा अग्लो स्थानमा उभिन्थ्यो र तिनीहरुले थुमाको वलि चढाउन लागेका छौं भनेर चिन्हको रुपमा भेडाको सिा अथवा एउटा Shotor फुक्यो । जव येशु क्रुसमा झुण्डिनुभयो, उहाँले शहरभरी गुञ्जेको सिाको आवाज सुन्नुभयो । येशुले उहाँको बलिदानको समय आयो भनेर जान्नुभयो । जव पूजाहारीले त्यो एबककयखभच थुमा मारे तव येशुले माथि स्वर्गतिर हेर्नुभयो र भन्नुभयो, । अव सिद्धियो । । । त्यस समयमा, Passover थुमा र परमेश्वरको साटो - येशु - हाम्रा Passover थुमा ३ : ०० बजे मर्नुभयो ।

बाइबल भन्छ जव येशुले आानो प्राण त्याग्नुभयो, तव मन्दिरको टुप्पा देखी फेदसम्म दुई भागमा भएर च्यातियो । इतिहास लेखकहरुले हामीलाई यो कुरा बताउँदछन् कि मन्दिरको त्यो पर्दा यति राम्रोसँग बुनिउको र यति बाक्लो थियो कि चारवटा घोडाहरुलाई त्यो पर्दाको कुनाहरुमा बाने पनि ती घोडाहरुले च्यात्न सक्ने थिएनन् । त्यो मन्दिरको पर्दाले एउटा साधारण मानिसलाई पवित्रको पवित्र भनिने भित्री शरणस्थानबाट अलग गायो जहाँ परमेश्वरको उपस्तिति आउथ्यो ।

**प्रश्न : तपाईलाई के लाग्छ किन त्यो मन्दिरको पर्दा दुई भागमा च्यातियो होला ?** ( परमेश्वरले त्यो पर्दा दुई भागमा च्यात्नुभयो, हरेकले यो जानुन् कि पापको कारणले गर्दा अव मानिस परमेश्वरदेखि अलग हुनु पर्ने छैन । ) येशुले भन्नुभयो, । अव सिद्धियो । । र सिद्धियो पनि । तपाईले परमेश्वरको मुक्तिमा जोड्न सक्ने त्यहाँ केही छैन । यो तपाईलाई परमेश्वरको उपहार हो । येशु परमेश्वरका थूमा हुनुहुन्छ जसले तपाईको पाप र ती सबै मानिसहरुका पाप लैजानुहुन्छ जसले येशुलाई परमेश्वरका पुत्र भनेर विश्वास गर्छन् र उहाँलाई उद्धारकर्ताको रुपमा तिनीहरुको जीवन बोलाउँदछन् ।

**प्रश्न : के तपाईले परमेश्वरको पुत्रलाई तपाईको पापबाट छुटाउनको लागि अनुरोध गर्नुभएको छ ?** के तपाईले येशुलाई तपाईको जीवनमा तपाईको उद्धारकर्ताको रुपमा निमण्त्रणा दिनुभएको छ ? यदि यो नै तपाईले गर्न खोज्नुभएको कुरा हो भने तपाईको हृदयमा चुपचाप अथवा सानो स्वरमा मसँग कृपया यो प्रार्थना गर्नुहोस् : प्यारो येशु, म तपाईसँग यो स्वीकार गर्छु म पापी हुँ । कृपया मेरा सबै पापहरुको मलाई क्षमा दिनुहोस् । म अहिल्यै तपाईलाई मेरो व्यक्तिगत मुक्तिदाताको रुपमा ग्रहण गर्न चाहन्छु । कृपया मेरो जीवनमा आउनुहोस् र सबैलाई तपाईले चाहनुभएको व्यक्ति बनाउन सुरु गर्नुहोस् । आमिन ।

# विशेष प्रार्थना पाठ

## प्रार्थनाको राष्टिय दिवसको लागि

यदि मेरो आ।नै नाउँ दिईएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आ।ना दुष्ट चालहरुबाट फर्कन्छ, तव म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु र तिनीहरुका पाप क्षमा गर्नेछु, र तिनीहरुको देशलाई म स्वस्थ्य पार्नेछु ।

सन् १९५२ मा युनाईटेड स्टेट्स का।ग्रेसले । प्रार्थनाको राष्टि।य दिवस । भनिने दिन राखेको थियो । यो राखिएको त्यो दिन हो जहाँ सबै अमेरिकीहरुलाई हाम्रो देशको लागि प्रार्थना गर्न भनिएको थियो : यहाँका अगुवाहरु र यहाँका मानिसहरु ।

आज, हामी ५ समूहहरुमा मानिसहरुका लागि प्रार्थना गर्न जाँदैछौं :

सरकार

चर्चहरु र मिनीस्टी। संस्थाहरु

व्यापारहरु र उद्योगहरु

परिवारहरु

हामी आ।नै निम्ति

हरेक समूहका व्यक्तिहरुका सुझावहरु अथवा उदाहरणहरु, तपाईले प्रार्थना गर्नका लागि मानिसहरु सोच्नलाई मद्दत गर्न दिइएका छन् । साथै उनीहरुका लागि के को बारेमा प्रार्थना गर्ने भनेर तपाईलाई सोच्न मद्दत गर्नका लागि एउटा अथवा दुई वटा धर्मशास्त्रका पदहरुले हरेक समुहलाई सँगसँगै राख्दछन्। जसरी तपाई व्यक्तिगत रुपमा तपाईको छोरा अथवा छोरीसँग भेला हुनुहुन्छ, अथवा परिवारको समुहको रुपमा हामी आफैलाई नम्र बनाऔं , गलत कुराबाट फर्कौ र राम्रोतर्फ लागौं र उहाँलाई पुकारौं कि उहाँले स्वर्गबाट सुन्नुहुनेछ र हाम्रा पापहरु क्षमा गर्नुहुनेछ र हाम्रो देशलाई निको पार्नुहुनेछ ।

हे परमप्रभु मेरा वचनहरुमा कान थाप्नुहोस् ................ । ( भजनसंग्रह ५ : १ )

## हाम्रो सरकार

धन्य हो त्यो मानिस जो दुष्टहरुको सल्लाहमा हिड्दैन, जो पापीहरुको मार्गमा खडा हुँदैन । अनि गिल्ला गर्नेहरुको सा।तमा बस्दैन । तर परमप्रभुको व्यवसाय नै त्यो खुसी रहन्छ र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ । । ( भजनसंग्रह १:१-२)

प्रार्थना गर्नुहोस् कि हाम्रा मार्गदर्शकहरुले परमेश्वरले तिनीहरुलाई राम्रा निर्णयहरु लिन र उनीहरु प्रसिद्ध नभए पनि उनीहरुसँग खडा हुनको लागि उहाँसँग विन्ति गरेका हुन् ।

संघिय लिडरहरु : राष्टापति, युनाईटेड स्टेटस् मन्त्री सभासद् र प्रतिनिधीहरु नियुक्त गरेका लिडरहरु ।

स्थानीय लिडरहरु : शासक, राज्य, मन्त्रसभासद् र प्रतिनीधिहरु, मेयरहरु निर्वाचित पदहरु

अदालती र पद्धति : ग्क सर्वोच्च अदालत राज्य सर्वोच्च अदालत न्याय

शसस्त्र सेवाहरु : एयर फोर्स, नौकासमूह, समुद्र जहाजहरु सुरक्षित राख्ने ठाउँहरुमा । तर पत्रुस र प्रेरितहरुले भने, । हामीले मानिसहरुको होइन तर परमेश्वरको आज्ञा पालन गनैपर्छ । । (प्रेरित ५:२९)

## चर्चहरु र मिनिस्टाी संस्थाहरु

भलाई गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं । । (गलाती ६:९)

हाम्रो राष्टाले यो जान्न अति नै आवश्यक छ कि एक परमेश्वर हुनुहुन्छ र यो पनि उहाँले हामी सबैको लागि सत्यताको सिद्धान्त दर्शाउनुभएको छ । निम्न कुराको लागि प्रार्थना गर्नुहोस् :

तपाईको पास्टर, तपाईका चर्च अगुवाहरु र शिक्षकहरु तपाईको समुह, तपाईको श्रेण, कि परमेश्वरको वचन स्पष्ट रुपमा र निर्लज्जासाथ बोल्नुभएको होस् र कि चर्च अध्यारो संसारमा पनि शुद्ध र चम्किलो ज्योति भएको होस् । मिनिष्टाी संस्थाहरु तपाई पक्ष लिनुहुन्छ र जसले तपाईको परिवारलाई मद्दत गर्छ, त्यो हो : मुक्ति सेना, परिवारमा ध्यान दिने इसाई क्याम्पहरु, अभ्यास संस्थाहरु कि जीवनहरु परिवर्तन भएका होउन् परमेश्वरका वचनहरु हरेक दिन व्यवहारमा लागू भएको होस् । **कैद गरिएका र सताईएकाहरु**

बलिया र साहसी हाओ । यिनीहरुसित नडराओ र त्रसित नहोओ । किनभने परमप्रभु तिमीहरुका परमेश्वर नै तिमीहरुसँग जानुहुन्छ । उहाँले तिमीहरुलाई कहिल्यै छोड्नुहुँदैन नता त्याग्नुहुनेछ । । ( व्यवस्था ३१:६)

१) धेरै चोटी गलत कामको कारणले गर्दा झ्येलखानाका परेका मानिसहरुलाई तिनीहरुका हृदयहरु ( तिनीहरुका विचारहरु र व्यवहारहरु ) शुद्ध बनाउनु आवश्यक छ ताकि तिनीहरुले फेरी अपराध नगरेका हुन् । येशुले मात्र एउटा व्यक्तिको हृदयमा परिवर्तन गर्न सक्नुहुन्छ । तिनीहरुका हृदय परिवर्तन हुनको लागि प्रार्थना हर्नुहोस् ।

२) कोही मानिसहरु गैर - कानुनी लागू पदार्थ, अधिक मदिरा सेवन परमेश्वर बारे गलत विश्वासहरु, ईत्यादी कुराहरुमा दास भएका छन् र तिनीहरु ती कुराहरुमा कैद गरिएका र आफूलाई सुम्पेका छन् ।

येशुसँग मात्र ती सा।लाहरु खोल्ने साँचो छ जुन सा।लाले ती मानिसहरुलाई पक्रेका छन् । ती मानिसहरुको छुटकाराको निम्ति प्रार्थना गर्नुहोस् ।

३) कहिलेकाँही , ईसाईहरुको मजाक उडाईन्छ अथवा ईसाईहरुलाई कहिलेकाँही जेलमा हालिन्छ, शारीरिक रुपमा हानि पु।याईन्छ अथवा तिनीहरुबाट कामहरु घरहरु अथवा परिवारका सदस्यहरु पनि टाढा लगिन्छ । तिनीहरुको सुरक्षाको लागि र परमेश्वर उनीहरुका वचनहरु र स्वभावहरुद्धारा सम्मानित हुनुभएको होस् भनेर प्रार्थना गर्नुहोस् ।

## हाम्रो समाज र संस्कृतिहरु

धन्यका हुन् तिनीहरु, जसले उहाँका कानून पालन गर्दछन्. र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन् । तिनीहरुले कुनै अधर्म गर्दैनन्, उहाँका मार्गमा तिनीहरु हिड्दछन् । तपाईले आदेशहरु यस हेतुले दिनुभयो कि हामी तिनलाई पूरा- पूरा पालन गरौं ।। ( भजन संग्रह ११९ : २ - ४ ) हरेक दिन हामीहरु हामीले देख्ने, सुन्ने, पढ्ने अथवा हामीलाई भनिएका कुराहरुबाट प्रभावित हुन्छौं चाहे ती ठिक हुन् अथवा वेठीक, राम्रो अथवा नराम्रो, परमेश्वरीय अथवा अपरमेश्वरीय । नराम्रो कुरा परमेश्वरीय कुराहरु रोकिएका होऊन् भनेर प्रार्थना गर्नुहोस् र जुन कुरा ठिक र राम्रा र परमेश्वरीय छन् , ती कुराहरु देखिएका, सुनिएका, पढिएका र बताइएका होऊन् । निम्न सुचीबाट एउटा अथवा दुईवटा समुहहरु उठाउनुहोस् र यी क्षेत्रहरुमा संलग्न मानिसहरुका लागि तपाईको प्रार्थनाहरु प्रयोग गर्नुहोस् :

१) व्यापार र उद्योग सञ्चारहरु, धनसम्पत्ति, कानुन, कलकारखाना

२) सामुदायिक सेवाहरु च्यारिटेवल, संस्थाहरु, प्रहरी

३) शैक्षिक पद्धति तालिम दिने शिक्षकहरु विद्यार्थीहरु, शिक्षकहरु

४) वैज्ञानिक समूदाय अनुसन्धान र विकास

५) मिडिया टि.भी, रेडियो, पत्र पत्रिकाहरु

६) मनोरञ्जन व्यवसाय फिल्म, संगित, छाप, खेलकुँदहरु

## परिवार

तिमीहरुले परमप्रभु आ।ना परमेश्वरलाई आ।नो सारा हृदयले आ।नो सारा प्राणले र आ।नो सारा शक्तिले प्रेम गर । मैले आज तिमीहरुलाई सुनाएका आज्ञाहरु आ।नो मनमा राख । ती तिमीहरुले आ।ना छोराछोरीहरुलाई होशियारीसाथ सिकाओ । घरमा बस्दा बाटोमा हिड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर । (व्यवस्था ६:५-७)

१) परमेश्वरले परिवार बनाउनुयो । जहाँ उहाँका सत्याताहरु र बाटोहरु र बाटोहरु सिकाईन्छ । अभिभावकहरुका लागि प्रार्थना गर्नुहोस् , विशेषगरी बुबाहरुले उनीहरुका परिवारहरु उदाहरणद्धारा अगाडी बढाएका होऊन् जुन बाइबलमा परमेश्वर र हिरोहरुले हाम्रो लागि बनाएका छन् ।

२) तपाईका परिवारमा सदस्यहरु, तपाईका साथीहरु तपाईका छिमेकीहरु तपाईका समूहका साथीहरु टुक्रिएका परिवारहरुका लागि जसको कुनै परिवार नै छैन यी सबैका लागि प्रार्थना गर्नुहोस् ।

**हे परमेश्वर मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाच्नुहोस् र मेरा चिन्ताहरुलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराव चाल छ कि र मलाई अनन्तको मार्गमा डो।याईदिनुहोस् । (भजनस(ग्रह १३९:२३-२४)**

३) प्रार्थना गर्नुहोस् कि परमेश्वरले तपाईलाई तपाईका ती भागहरु देखाउनुभएको होस् जसले परमेश्वरलाई मुस्कुराउन दिदैन र उहाँलाई ती भागहरु बनाउन सहायता गर्नका लागि अनुमति दिनुहोस् ।

४) हाम्रो देशका सबै मानिसहरुका लागि प्रार्थना गर्नुहोस् कि तिनीहरुले परमेश्वरलाई खोजेका होऊन् र नराम्रो सोच्न र गर्नबाट फर्केका होऊन् र जे कुरा ठिक छ त्यही कुरा सोचेका र गरेका होऊन् । परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छा बमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ ।। ( १ युहन्ना ५ : १४ )

यो पाठ डालास प्रार्थना बेकफास्ट गाईडबाट लिईएको हो, सन् १९९७ ।

## कथाको समय

आजको पाठ्य पद

। ........... एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिए तर अव देख्दछु ।। ( यूहन्ना ९ : २५ )

### परिचय

सन् २००१ मा मैले डालास, त्ह मा एउटा एउटा स्थानिय चर्चको लागि । कथा बताउने । भनिने एउटा कोर्स बनाउन सहायता गरे - कसरी तिनीहरुले आाना कथाहरु बाड्न सक्छन् भन्ने कुरा बनाउन र सिक्नको लागि सहायता गर्न साथै कसरी तिनीहरु येशु खिष्टसँगको सम्बन्धमा आए । कथा समय यस कोर्सको बदल्न सक्ने शक्तिबारे साक्षी दिनको लागि सहायता गर्न । तपाई र तपाईका बालबालिकाहरुले तपाईको बाइबल अध्ययनमा अनुभव गर्नुहुने सबैभन्दा शक्तिशाली र आत्मिय क्षणहरुमध्ये एउटा यो हो जव एउटा बुबाले अथवा एउटा छोराले अथवा एउटा छोरीले तिनीहरुको कथा बताउँदछ । कुनै पनि समयमा तपाईले समुहको रुपमा गर्न निर्णय लिनुहुन्छ, यो समय बाइबलहरु र पुस्तिकाहरु एकापा राख्ने समय हो र सुन्नुहोस् मात्र । यो समय एकसाथ विताउने एउटा अति नै अद्भुत समय हो । ( यो पाठको अन्त्यमा तपाईको समूहसँग कसरी अगाडी लाने भन्ने कुराको नोट हेर्नुहोस् । )

### कथाको समय

(यूहन्ना ९:१-२५)

त्यहाबाट जाँदै गर्दा येशुले एकजना जन्मैको अन्धालाई देख्नुभयो । उहाँका चेलाहरुले उहाँलाई सोधे, । रब्बी कसले पाप गायो यसले कि यसका आमा बुबाले र यो अन्धो जन्म्यो ? । येशुले जवाफ दिनुभयो, नता यसले पाप गायो न यसका आमा बाबुले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस् । मलाई पठाउनुहुनेका कामहरु हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ तव कसैले काम गर्न सक्दैन । म संसारमा रहुन्जेल म संसारको ज्योति हुँ ।। यी कुरा भनेर उहाँले भूईमा थुक्नुभयो र थुकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाईदिनुभयो । अनि उहाँले त्यसलाई भन्नुभयो, । जाऊ सिलोआमको ( जसको अर्थ हो पठाईएको ) तलाउमा गएर पखाल ।। त्यसले गएर पखाल्यो र देख्ने भएर फर्क्यो ।

त्यसका छिमेकीहरु र त्यसले भिख मागेको देख्नेहरुले भने, । बसेर भिख माग्ने मान्छे के यही होइन ? । कसै - कसैले भने, । यो त्यही हो ।। अरुले भने, । हाईन यो त्यही जस्तो देखिन्छ ।। त्यसले भन्यो, । म त्यही हुँ ।। तव तिनीहरुले त्यसलाई सोधे, । तेरा आँखा कसरी खोलिए त ? । त्यसले जवाफ दियो, । येशु भन्ने एउटा मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाईदिएर मलाई भन्नुभयो, ।

सिलोआममा जाऊ र पखाल । तव गएर मैले पखाले र म देख्ने भएँ । । तिनीहरुले त्यसलाई भने, । तिनी कहाँ छन् त ? । त्यसले भन्यो, । म जान्दिन । । अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरुले फरिसीहरुकहाँ ल्याए । जुन दिन येशुले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शवाथ दिन थियो । फरिसीहरुले त्यसलाई सोधे, । तँ कसरी देख्ने भइस् ? । त्यसले तिनीहरुलाई भन्यो, । उहाँले मेरा आँखामा माटोको लेप लगाईदिनुभयो , अनि मैले पखाले र देख्ने भएँ । ।

फरिसीहरुमध्ये कुनै - कुनैले भने, । मै त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकी त्यसले शवाथ दिन पालन गर्दैन । । तर अरुहरुले भने, । कसरी पापी मानिसले यस्ता चिन्हहरु गर्न सक्तछ ? । र तिनीहरुका विचमा फाटो हुन गयो । तिनीहरुले त्यस अन्धालाई फेरि सोधे, । यसले तेरा आँखा खोलिदिएछ, अव उसको विषयमा तँ के भन्छस् ? । त्यसले जवाफ दियो, ।उहाँ अगमवक्ता हुनुहुन्छ । । दृष्टि पाउने मानिसका आमा बाबुलाई बोलाएर नसोधुन्जेल यहुदीहरुले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन् । तव तिनीहरुले उनीहरुलाई सोधे, ।के यो तिमीहरुका छोरा हो जो अन्धो जन्मेको थियो भनी तिमीहरु भन्छौं ? त अव कसरी त्यो देख्न सक्ने भयो ? ।

त्यसका आमा बाबुले तिनीहरुलाई भने, । हामी जान्दछौं यो हाम्रो छोरो हो र अन्धो जन्मेको थियो । तर अव यो कसरी देख्ने भयो हामी जन्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं । यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस् । आ।नो विषयमा त्यो आफै बोल्नेछ । । त्यसका आमा बाबुले यी कुरा भने, । किनकी उनीहरु यहुदीहरुदेखि डराउँथे । किनभने कसैले उहाँलाई खिष्ट भनि स्वीकार ग।यो भने त्यसलाई ईसाई चरित्र बाइबल अध्ययनको व्यवहारिक सेवाकाई सभाघरबाट निकाल्नुपर्छ भनी यहुदीहरु अघि नै सहात भएका थिए । यसैकारण त्यसका आमा बाबुले भने, । यसको उमेर पुगेको छ यसैलाई सोध्नुहोस् । । तव तिनीहरुले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर भने, । परमेश्वरलाई महिमा दे । हामी जान्दछौं यो मान्छे पापी हो । । त्यसले जवाफ दियो, । उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न म जान्दिन । एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ तर अव म देख्तछु । ।

तपाईको कथा बताउनु । तपाईको कथा बताउने। विचार अलि असजिलो हुनसक्छ । हुनसक्छ, तपाई असफल हुनमा अथवा तपाईले के भन्ने भनेर थाहा नभएर डराउनुभएको छ । त्यसैले मैले यो खण्ड एकसाथ । कथाको समयमा । राखेको हो । हरेकसँग बताउनको लागि एउटा कथा छ र तपाईको कथा कसरी बताउने भनेर सिक्नु कसैको जीवनमा येशु खिष्टको सु - समाचार ल्याउनु हुनसक्छ । त्यसैले ............. तपाईको कथा के हो ? । त्यसैले ........... मलाई तपाईको कथा बताउनुहोस् । यदी तपाईलाई यो प्रश्न सोधिएको भए तपाईको जवाफ के हुन सक्थ्यो ? । मलाई लाग्दैन, मसँग बताउनको लागि धेरै कथाहरु छन् । । .......... । मलाई लाग्छ मसँग एउटा कथा छ तर यो त्यत्ति रोचक छैन । । यस प्रकार अनुभव गर्नु स्वभाविक हो तर यो सत्यताभन्दा टाढाको कुरा हो । हामी सबैसँग बताउनका

लागि एउटा विशेष, अद्धितीय र अर्थपूर्ण कथा छ। जुन सबैभन्दा फरक छ। यदी तपाईले येशुलाई भेट्नुभएको छ भने तपाईसँग बताउनको लागि एउटा कथा छ।

हुनसक्छ तपाईलाई पहिल्यै यो कुरा थाहा छ। तर यसलाई अझै विकाश गर्न तपाईलाई आवश्यक छ। अर्को उपाय तपाईको कथा लेख्नु र बाट्नु कसरी तपाईको जीवनमा परमेश्वरले काम गर्दै हुनुहुन्छ भन्ने कुराको एउटा शक्तिशाली समझना गराउने माध्यम हुन सक्छ। यसले ती जो जतिले यसलाई सुन्छन् - विशेषगरी तपाईको छोरा अथवा छोरीको लागि एउटा शक्तिशाली गवाही जुटाउँदछ।

त्यो नै तपाईको कथा बाट्नुको उद्देश्य हो - तपाईको जीवनमा परमेश्वरको परिवर्तन गर्ने शक्तिको बारेमा बताउनु। जव तपाईले तपाईको कथा बाट्नुहुन्छ तव तपाईले तपाईको जीवनद्धारा सु - समाचार बताउँदै हुनुहुन्छ तपाईको जीवनमा साँचो र व्यक्त गर्न सकिने सु - समाचार। त्यसैले यहाँ आओं।

यदी तपाईले कसैलाई तपाईको कथा कसरी बताउने भन्ने बारे कहिल्यै पनि सोच्नुभएको छैन अथवा तपाईको कथा कागजमा लेख्ने अद्भुत अनुभव गर्नुभएको छ भने तपाईको कथा एकसाथ राख्नका लागि यहाँ केही विचारहरु र सुझावहरु छन् :

परिवर्तन

यदी तपाईले तपाईको जीवनमा येशु ख्रिष्टलाई स्वीकार गर्नुभएको कुनै निश्चित समय, ठाउँ अथवा घटना सम्झनुहुन्छ भने ।परिवर्तन। भन्ने शब्द उत्तम हुन्छ। यदी परिवर्तन उत्तम छ भने तपाईको कथा यी प्रश्नहरुमाथि अटाउन कोशिश गर्नुहोस् :

१) )येशु तपाईको जीवनमा आमन्त्रण गनु अघि तपाईको जीवन कस्तो थियो ?

२) येशुलाई मुक्तिदाताको रुपमा ग्रहण गर्न के कुराले ( घटनाहरु, कुराकानी इत्यादी ) डो।यायो ?

३) तपाईले ख्रिष्टलाई मुक्तिदाताको रुपमा कसरी र कहिले लिनुभयो ? प्रभुको रुपमा ?

४) कसरी येशुले तपाईको जीवन परिवर्तन गर्नुभएको छ ?

**यात्रा**

यदी तपाईको विश्वास एउटा यात्राजस्तो देखिन्छ भने। आत्मिकी यात्रा। उत्तम हुन्छ। यी प्रश्नहरु कोशिश गर्नुहोस् ?

१) परमेश्वरले तपाईको जीवनमा गनुभएको कामको कुनै मुख्य घटनाहरु के के भएका छन् ?

२) येशु ख्रिष्टमा तपाईको विश्वास विकास गर्न के के परिस्थितिहरु ,अनुभवहरु अथवा मानिसहरुले सहायता गा्यो ?

३) येशुविनाको तपाईको जीवन कसरी फरक हुन्थ्यो ? ( त्यो हो : जीवनशैली, बानीव्यवहार, प्राथमिकताहरु, सम्बन्धहरु इत्यादी )

**तपाईको जीवनद्धारा सु-समाचार बाट्नु** । ........... ख्रिष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो ......... । ( २ कोरिन्थी ५: १९ ) सु - समाचार येशुको कथा हो । येशुको कथा धर्मशास्त्रको ठूलो कथाको भाग हो, सृष्टिको फैलावट झर्ने कुरादेखि लिएर छुटकारासम्म जुन येशुले ल्याउनु हुन्छ । त्यो एउटा ठूलो कथा हो, अझै पनि त्यहाँ एउटा प्रसंग छ । जुन त्यो कथाभरि हिड्छ : मिलाप । येशु ख्रिष्टको सु - समाचार बाट्ने एउटा शक्तिशाली उपाय तपाईको आ्नै कथामा सु-समाचार बुन्नु हो ।

**तपाईको कथामा यी प्रश्नहरु अटाउन कोशिश गर्नुहोस् :**

**सृष्टि**

१) कसरी तपाईले सृष्टिमा परमेश्वरको उद्देश्य बु्न सक्नुहुन्छ ? । ............. ख्रिष्ट येशुद्धारा प्रेममा उहाँले हामीलाई आ्ना सन्तान हुनलाई ............. । ( एफिसी १ : ५ )

२) कसरी तपाईले जीवनमा तपाईको उद्देश्य बु्न सक्नुहुन्छ ? । ......... तैले परमप्रभु आ्ना परमेश्वरलाई आ्नो सारा हृदयले र आ्नो सारा प्राणले र आ्नो सारा समझले प्रेम गर्नु, .......... छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नु । (मत्ति २२ : ३७ - ३९ )

**पतन**

१) कसरी तपाईले तपाईको जीवनमा पाप अनुभव गर्नुभएको छ ? । तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्ने छौं । । ( यूहन्ना १४ : १५ )

२) ती पापहरुको परिणामहरु के छन् ( थिए ) ? । तर तिमीहरुका अधर्मले तिमीहरुलाई आ्ना परमेश्वरबाट अलग गरेका छन् ......... । ( यशैया ५९ : २ )

३) कसरी तपाईले येशु खिष्टमा तपाईको विश्वास राख्नुभयो ( समाधान ) ? । सकभने अनुग्रहबाट विश्वासद्धारा तिमीहरुले उद्धार पाएका छौं र यो तिमीहरु आफैबाट होइन । यो त परमेश्वरको वरदान हो - कर्महरुद्धारा होइन, नत्रता मानिसले घमण्ड गर्ने छ । । ( एफिसी २ : ८ - ९ )

४) कसरी तपाई परमेश्वरसँग फेरी मिलापमा आउनु भयो ? ( परिणामहरु के थिए ? ) । ......... हाम्रो प्रभु येशु खिष्ठद्धार परमेश्वरलाई हामी रमाउँदै पनि छौं । उहाँ द्धारा अव हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ । । ( रोमी ५ : ११ )

५) तपाईको लागि मण्डली वा अरु केही कुराहरुले के भूमिका खेल्यो ? । तिमीहरु खिष्टका शरीर हो र रहेक त्यसका अंगहरु हो । । ( १ कोरिन्थी १२ : २७ )

## तपाईको कथा एकसाथ राख्नु

१) तपाईको जीवनको कुन कुरा अरु कसैको लागि रोचक हुन सक्ला ?

२) अगाडीका हरेक प्रश्नहरुमा तपाईले के कस्ता बाइबलका पद हरु राख्नुहुन्छ होला ?

३) तपाईको कथा बनाउन मद्दत गर्नको लागि तपाईको जीवनका के कस्ता अनुभवहरुले व्याख्याहरु बनाउन सक्छ ?

४) तपाईले अरु कसैलाई बताउँदै गर्नु भएको जस्तै गरी तपाईको कथा लेख्नुहोस् ।

५) ३ - ५ मिनट विच लेख्नुहोस् ।

## ईसाई चरित्र बाइबल अध्ययनको व्यवहारिक सेवाकाई

तपाईको जिवनमा तपाईको व्यक्तिगत प्रभु र मुक्तिदाताको रुपमा येशू कसरी आएको चाहानुहुन्छ तलको पृष्टमा तपाईको आफ्नो साक्षी अर्थात तपाईको कथा लेख्नुहोस्

**बाईबलिय खोजीका लागि अध्ययन अगुवानिर्देशिका :**

यो बाईबल खोजीका लागि अध्यायन अगुवानिर्देशिका दुई कारणको लागि तयार गरिएको छ :
१. निर्दिष्ट धर्मशास्त्रको खण्ड सहित दिइएको बाइबलिय खोज अन्तरगत पानामा सोधिएको प्रश्नहरुको जवाफ दिनु
२.) केही सान्दर्भिक खण्ड प्रति लक्षित सोधिएको प्रश्नको जवाफ दिनु

सान्दर्भिक जवाफको अर्थ सबै प्रश्नको सन्तोषप्रद जवाफ दिन खोजिएको भन्ने होईन  तर तपाईले आफ्नो अध्ययन समूहलाई निरन्तरता दिदा आउन सक्ने सम्भावित विचार र छलफल र बुझाउन सजिलो बनाउने सहयोगी खण्ड भनी बुझ्नुपर्छ ।

बाईबलको खोजी छोराछोरी र बुवाले सँगसँगै बाइबलबाट सिक्ने एउटा राम्रो तरिका हो र यसले सम्पूर्ण परिवारलाई नै परमेश्वरको वचनको गहन बुझाईमा डोर्‍याउँछ ।

# पाठ # १- सिकाईका दश उतकृण्ठ तरिकाहरु

पठ पदः (प्रस्थान २०:३-१७)

बाईबलमा खोजी गर्ने अवसर :

- ठीक, असल र स्वीकार्य हुने दुई प्रतिस्पर्धी मापदण्ड के के हुन् ?
  १. सँसार (२कोरिन्थी १०:२)
  २. परमेश्वरको वचन (भजनसँग्रह ११९:१६०)
- तिनीहरु कसरी फरक छन्?

ठीक र स्वीकार्यको सँसारिक परिभाषाले परमेश्वरको तरिकालाई प्रत्यक्ष विरोध गर्छ। सँसारको तरिका परिवर्तन भै रहन्छ तर परमेश्वरको तरिका सधै सत्य छ।

- आज्ञापालनका यि दश नियमहरुलाई यसको अर्थसँग जोडा मिलाउनुहोस्।

च मेरो सामुन्ने तैँले अरु कुनै देवी देवता नमान्नु
ङ तैले आफ्नो निम्ति खोपेर कुनै मूर्ति नबनाउनू
ञ तैले आफ्नो परमेश्वरको नाम व्यर्थैमा नलिनू
छ विश्राम दिन पवित्र मान्नु
ख आफ्नो बाबु र आमालाई आदर गर
क तैले हत्या नगर्नु
झ तैले व्याभिचार नगर्नु
ज तैले चोरी नगर्नु
छ झूठ नबोल्नू
ग तैले आफ्नो छिमेकीको कुनैपनि सम्पत्तिको लोभ नगर

क) अरुलाई उत्साह देउ र सहायता गर
ख) अरुलाई आदर गर र तिम्रो आदर हुनेछ
ग) धन्यबादी होउ
घ) विश्राम लेउ र आफ्नो काम राम्रोसँग गर्नसक्नेछौं
ङ) परमेश्वरसँग समय विताउ र उहाँलाई चिन
च) अरुलाई भन्दा परमेश्वरलाई खुशी पार्ने कुरा रोज
छ) सत्यतापूर्वक बाँच
ज) अरुको निम्ति जे असल छ त्यही गर
झ) आफ्नो शरीर, विचार, वचन र काममा शुद्ध होउ
ञ) आफूले गर्ने सबैकुरामा येशूको प्रतिनिधि बन

के दश आज्ञाले मात्र तिमीलाई परमेश्वरले भन्नुभए अनुसारको जीवन जिउन सहायता गर्छ ? गर्दैन दशआज्ञा त ऐना मात्र हो। तिनीहरु मापदण्ड हुन।

- दश आज्ञाले भने अनुसारको जीवन तिमी कसरी बाच्न सक्छौं?
  येशूले शक्तिद्धारा मात्र तिमी सँसारिक जीवन भन्दा फरक जीवन जिउन सक्छौं (कलस्सी ३:१६)।

याद गर्नुपर्ने असल बचन

“...............................................” (कलस्सी ३:१६)।

## पाठ # २ यसरी घमण्ड गर्नुहोस ।

"आफूले गर्ने सबै कुरामा येशूको व्यक्तिगत प्रतिनिधि बन ।"

पाठ पदहरुः यर्मिया ९:२३,२४ ,हितोपदेश २:९-२० पढ्नुहोस् ।

बाईबलबाट खोजी गर्ने अवसर :

**१. बुद्धि के हो?**

के ठीक र के गल्ती हो भन्ने ज्ञान नै बुद्धि हो ।

**२. बुद्धि कहाँबाट आउँछ?**

बुद्धि परमप्रभुबाट आउँछ (हितोपदेश २:६)

**३. बुद्धि चाह गर्नुपर्ने दुई कारणहरु के के हुन?**

सुहाउदो व्यवहार गर्ने जान्ने र असल साथी छान्न सहायता पर्याउँन

**४. शक्ति कहाँबाट आउँछ ?**

शक्ति येशूबाट आउँछ (फिलिप्पी ४:१३)

**५. धर्मशास्त्रले तपाई के कुरामा धनी बन भन्छ?**

परमेश्वर र बाईबलीय ज्ञानमा धनी बन (कलस्सी ३:१६)

**६. यदि तपाईले घमण्ड गर्ने कुरा छन् भने ति घमण्ड गर्ने कुरा के हुन?**

तपाईले परमेश्वरलाई थाह गर्नुहोस र चिन्नुहोस (यर्मिया ९:२४)

**७. परमेश्वरलाई अझ राम्रोसँग उहाको को हुनुहुन्छ भनी चिन्न सहायता पुर्याउने तीन गुणहरु के के हुन्?**

दया, न्याय र धार्मिकता (यर्मिया ९:२४)

**८. दयालाई बुझाउने अर्को शब्द के हो?**

कोमल मनको हुनु (एफिसी ४:३२)

**९. न्यायको साँचो अर्थ के हो?**

दया र कृपा (जकरिया ७:९)

**१०. धर्मी हुनको अर्थ के हो?**

परमेश्वरको दृष्टिमा जे ठीक छ त्यही गर्नु (प्रस्थान १५:२६)

**११. यस हप्तामा तपाई कसरी परमेश्वरलाई आदर दिने अभ्यास गर्नसक्नुहुन्छ?**

दया प्रकट : मिठो बचन बोलेर प्रार्थना चढाएर खाँचोमा परेकालाई सहायता गरेर न्याय प्रकट गरेर : तपाई चोट पुर्याउँने ब्यक्तिलाई क्षमा दिएर धर्मी भएर : इमान्दर भएर अरुको विचार भावनालाई आदर गरेर

याद गर्नुपर्ने असल वचन : **२ कोरन्थि १०:१८**

## पाठ # ३- उदाहरणको जीवन

"परमेश्वर तपाईबाट कस्तो आराधना चढाएको चाहनुहुन्छ सो जान्नुपर्छ"

पाठ पद : रोमी१२:९, कलस्सी ३:१७

बाईबलबाट खोजी गर्ने अवसर

**१. आराधना के हो?**

आराधना परमेश्वरलाई चढाइएको तपाईको प्रेम र भक्ति हो?

**२. तपाईले किन आराधना गर्नुपर्छ?**

एउटा कारण चाहि परमेश्वरले तिम्रो निम्ति के गर्नुभयो त्यो अरुलाई बताउनु हो (१कोरन्थी १६:८)

**३. तपाईको खेलकुदप्रतिको रुचि र दक्षताले कसरी परमेश्वरलाई खुशी पार्नसक्नुहुन्छ?**

आफ्नो क्षमतालाई पूर्ण प्रयोग गरेर (कलस्सी ३:१६) हामी शरीरिक बनौट क्षमतालाई अति महत्वदिने समाजमा बाचिरहेका छौं त्यो चाहे देखिने बल वा सौन्दर्यता नै किन नहोस् । तर परमेश्वर तपाईको भित्री सुन्दरता प्रति बास्ता राख्नुहुन्छ ।

**४. भित्री सौन्दर्यता के हो?**

वास्ता करुण नम्र ह्दय भलाई कृपा (गलाती ५:२२)

**५. तपाई किन बाहिरी देखिने ख्याती वा प्रसिद्धीमा भर पर्नुपर्दैन?**

परमेश्वरले तपाईलाई बनाउनु हुँदा उहाँको सुन्दर श्रृष्टिसँगै तपाईको शरीर, मन, व्यक्तित्व र गुणहरुले पनि भरि दिनुभयो (भजनसँग्रह ११९:७३)।

**६. परमेश्वरले तपाईलाई दिनुभएको अरु कला र योग्यताहरु के के हुन?**

तपाईको आफ्नो कला, सिप र योग्यताताहरुद्धारा कसरी परमेश्वरप्रतिको प्रेम र भक्तिलाई प्रकट गर्न सक्नुहुन्छ:

परमेश्वरमा ...परिवारिक भक्तिको समयमा नेतृत्व गरेर, रुपियाँपैसा कमाएर सहायता पुर्‍याएर

विद्यालयमा ..बाईबल अध्ययन समूह बनाएर, खेलकुद र अन्य गतिविधिमा भाग लिएर

मण्डलीमा...सन्डे स्कुलमा नाटक लेखेर, गाउन सिकाएर

अरु काममा...आफूले पूर्ण मेहनत लगाएर अभ्यास गर्दा र अरुलाई सिक्न सहायता पुर्‍याएर

याद पर्ने असल वचन :

**(कलस्सी ३:२३)**

## पाठ # ४ बिशेषाधिकार र जिम्मेवारी (भाग १)

"अरुलाई आदर गर र तिम्रो पनि आदर हुनेछ"

पाठ पद: **मत्ती २५:१४-२९**

बाईबलबाट खोजी गर्ने अवसर

**१. यसकथामा नोकरहरुलाई दिइएको अवसर के हो?**
मालिकले धेरै रुपैया पैसा दिएर तिनीहरुलाई भरोसा गर्नु (मत्ती २५:१४,१५)

**२. यस कथामा नोकरहरुको जिम्मेवारी के हो?** त्यस दिइएको रुपैयापैसालाई राम्ररी लगानी गर्नू (मत्ती२५:१६) नोकरहरुका लागि मूल्यावन रुपैयाँ पैसा दिएर मालिकले तिनीहरुलाई अवसर दिएका थिए। परमेश्वर भन्नुहुन्छ, । अवसार सँगसँगै जिम्मेवरी पनि आउँछ।

**३. तपाईको वास्ताको लागि तिम्रो बा-आमालाई परमेश्वरले कुन् जिम्मेवारी दिनुभएको छ ?** परमेश्वर तपाईको बा-आमालाई तपाईको वास्ता गर्न दिनुभएको काम राम्रो प्रकारले गरोस् भनि आज्ञा गर्नुहुन्छ।

**४. तपाईको बा-आमाले तपाईको अरु कुन कुराहरुमा वास्ता गर्नुहुन्छ?** घर, भोजन, कपडा, शिक्षा

**पाठ पद : व्यावस्था ६:५- ७**

**५. परमेश्वरले तपाईको बा-आमालाई तपाईलाई शिक्षा दिनु भनि आदेश दिनुभएको अरु कुराहरु के के हन्?** इमान्दरीता, आदर, शुद्धता, राम्रो काम, अरुलाई उत्साह ( प्रस्थान २०:३-१७)।

**६. तपाईको बा-आमाले परमेश्वरको शिक्षा सिकाउने तरिकाहरु के के हुन?** उहाँहरुको आफ्नै उदाहरणद्धारा विद्यालय वा खेलकुदको अभ्यास मैदानमा भएको घटनाहरुको छलफल बुवा छोराछोरी माझ हुने बाइबल अध्यायन

**७. तपाईको बुवाले तपाईलाई परमेश्वरको शिक्षा दिने एउटा कारण के हो?** ताकि तपाईले पनि परमेश्वरको वचन आफ्ना छोराछोरी र सन्तानलाई सिकाओस (व्यावस्था ६:७)

८. (यस पुस्तकको १ पाठमा भएको) दशमध्ये तीन आज्ञालाई हेर्नुहोस्।
**तपाई कसरी त्यसलाई यस हप्ताभित्र प्रयोग गर्न सक्छौं ?** आफ्नो परिवारमा ...ईमान्दरीता.......... प्रत्येक आवस्थामा सत्य बोलेर, विद्यालयमा.... अरुप्रति राम्रो व्यबहार देखाएर : सहपाठी साथीलाई उत्साह दिदै उदाहरण बनेर, अन्य साथीहरुसँग .....शुद्धता : परमेश्वरलाई मन पर्ने टिभी वा चलचित्र हेरेर

याद गर्नुपर्ने असल वचन : **व्यवास्था ६:५ -६**

## पाठ # ४ बिशेषाधिकार र जिम्मेवारी (भाग २)

"अरुलाई आदर गर र तिम्रो पनि आदर हुनेछ"

पाठ पद : एफिसी ६:१-४

बाईबलबाट खोजी गर्ने अवसर

**१. तपाईको परिवारमा आनन्दको लागि दिइएको अवसर के के हुन्?**

शिर लुकाउने छानो, भोजन, कपडा, फोन, साप्तहिक भत्ता

**२. यदि तपाई सबै भत्ता पाउनुभयो भने तपाईले यो केमा खर्च गर्नुहुन्छ?**

समान किन्छु, चाहिने अर्को कामको लागि बचत, मण्डली दिनु

**३. कसरी तपाईले भत्ता पाउनु पनि एउटा अवसर हो?**

तपाईले पाउने आनन्द नै अवसर हो यो तपाईले किनेको नभै सित्तैमा उपाहर हो ।

**४. भत्ता कसरी तपाईको निम्ति जिम्मेवारी पनि हो?**

तपाईलाई दिइएको पैसा राम्रो कामको लागि खर्च गर्ने जिम्मेवरी तपाईको हो।

**५. तपाईलाई दिइएको भत्ताप्रति जिम्मेवार बन्ने एउटा तरिका के हो?**

यस केही भाग (दशांश) परमेश्वरलाई दिनु

**६. तपाई किन यस भत्ताबाट केही परमेश्वरलाई दिन चाहनुहुन्छ?**

परमेश्वरको उदेश्य र कामको लागि हामीले पाउने पैसको भाग दिनुपर्छ (लेवी २७:३) ।

**७. तपाईले अवसर पाउँदा सम्झानुपर्ने महत्वपूर्ण कुरा के के हो?**

तपाईले यसलाई केका लागि र कसरी खर्च गर्नुपर्छ?

**८. तपाईले आफ्नो बा-आमाबाट पाउने अवसर के के हुन्?**

तपाईले आफ्नो जीवन कसरी जिउनुपर्छ भन्ने बारेमा परमेश्वरको वचन र अर्ती (एफिसी ६:४)

**९. परमेश्वरले किन आफ्नो बा-आमालाई आदर गर भन्नुहुन्छ ?**

"..............................................." एफिसी ६:१

**१०. यस समयमा तपाई कसरी बुवा आमाको आदर गर्नुहुन्छ?**

तपाईको लागि गर्न भनि दिनुभएको कामलाइ जिम्मेवारीपूर्वक गर्नु र परमेश्वरको अर्ती अनुसारको जीवन जिउनु

याद गर्नुपर्ने असल वचन

छोरा छोरी ...............एफिसी ६:१

बुवाः......................एफिसी ६:४

## पाठ # ६- हामी बस्ने संसार

"अरु कुरालाई भन्दा परमेश्वरलाई खुसी पार्नुहोस"

पाठ पद : यूहन्ना १७:१४-१८

बाईबलबाट खोजी गर्ने अवसर

**१. येशूले बताउनुभएको सँसार को अर्थ के हो?**
जहाँ परमेश्वरको शिक्षा व मूल्य-मान्यताको विरोध वा वेवास्ता हुन्छ त्यही नै सँसार हो ।

**२. संसारले महत्व दिएको मूल्यं-मान्यता के हो?** परमेश्वरको सदगुण र अनैतिक चाहनालाई समान महत्वको ठन्नु, म पहिले भन्ने विचार, अभक्ति र अनैतिक जीवनशैली स्वीकार गर्ने माग (एफिसी ५:३,४)।

**३. येशूले तपाई र म यस सँसारका हैनौं भन्नुको अर्थ के हो?** तपाई र म एउटा खिष्टियान भएको कारण हाम्रो मुल्य-मान्यता सँसारिक हुनुहुदैन (यूहन्ना २:१५)

**४. किन येशूले हामीलाई सँसारबाट जोगाउनुहोस् भनी प्रार्थना गर्नुभयो?**
येशूलाई थाह छ सँसारिक तरिका जीवनशैली आकर्षित छ (१यूहन्ना २:१७) । परमेश्वर भन्नुहुन्छ, यद्यपि सँसारले हामीलाई वरिपरि देखाउने र दिने कुराहरु आकर्षक छ तर हामीले ति देखावटी आकर्षणलाई रोज्नुहुन्न। साथै परमेश्वरले हामीलाई के छन्ने भन्ने स्वतन्त्रता पनि दिनुहुन्छ । एउटा व्यक्तिले आफ्नो हृदयमा येशु खीष्टलाई त निम्त्याउला तर पनि सँसारिक मूल्य-मान्यता अनुसार बाचिरहेको हुनसक्छ । त्यसैकारण पनि तपाईले येशूले चाहे जस्तो जीवन जिउन र सोच्न उहाँसँग सहायता माग्नुपर्छ । सँसारिक हैन तर येशूको मूल्य-मान्यता अनुसारको जीवन जिउन हो भने येशूले मात्र तपाईलाई त्यो जीवन जिउन शक्ति दिनुहुन्छ ।

**५. अख्तियारमा भएर (बा-आमा) पनि सँसारिक मापदण्ड अनुसारको जीवन जिउन रोज्नेहरुको आदर (सम्मान) तपाईले किन गर्नुपर्छ ?** आफ्नो बा-आमालाई आदर गर भनी दिनुभएको परमेश्वरको आज्ञा यथावत् नै छ (१यूहन्ना ५:३) ।

**६. तपाई अख्तियारमा भएको तर आदर पाउन योग्यता भएको मानिसलाई कसरी आदर गर्न सक्छौं?**

- ..................एफिसी ४:३२
- जीवन र परमेश्वरप्रतिको सत्यतालाई तिनीहरुले देखून भनेर पनि तपाईले परमेश्वरले दिनुभएको मापदण्ड अनुसार जिउनुपर्छ (मत्ति ५:१३,१४) ।
- आफ्नो बा-आमा र शिक्षकशिक्षिकाको लागि प्रार्थना गर कि उहाँहरु सँसारिक हैन तर परमेश्वरलाई मनपर्ने जीवन जिउन सकून (१तिमोथी २:१,२) ।

**७. तपाई कसरी सँसारिक हैन तर येशूको मूल्य-मान्यता अनुसारको जीवन जिउन अभ्यास गर्न सक्छौं?** येशूको मूल्य-मान्याता अनुसारको जीवन जिउनलाई प्रयत्न गर प्रार्थना गर्नुहोस र सकारात्मक सल्लाह दिने अवसर र कृयाकलापको खोजी गरी भक्तिपूर्ण जीवन जिउन सहायता गर्ने पदलाई कण्ठ गर्नुहोस ।

यादगर्नुपर्ने असल वचन "............................................" (मत्ती ५:१३,१४) ।

## पाठ # ७ विशेषाधिकार र जिम्मेवारी (भाग-३)

अनन्त जीवनको अवशर

"आफूले गर्ने सबैकाममा येशूको प्रतिनिधि बन्नुहोस"

बाईबलबाट खोजी गर्ने अवसर :

**१. अनन्त जीवन भनेको के हो?**

अनन्त जीवन भनेको सधैंको निम्ति परमेश्वरको उपस्थिति र महिमामा जिउनू हो (प्रकाश २१:३) ।

**२. अनन्त जीवन भनेको हामीले पाउने निश्चित गरिएको अधिकार हो वा यो एउटा अवसर हो?** परमेश्वरले अवसरको रुपमा दानको रुपमा अनन्त जीवन दिनुहुन्छ (एफि २:८,९)

**३. तपाईले यो वरदानलाई कसरी प्राप्त गर्न सक्नुहुन्छ?** "..............." रोमी १०:९

**४. परमेश्वरको अनन्त जीवनको वरदानलाई अवसर भनी बताउन सकिने तीन कुराहरु के के हुन् ?**

- परमेश्वरले कसैको लागि भनेर अनन्त जीवन दिइरहनुर्दैन यसलाई त अनुग्रह भनिन्छ (रोमी ५:८)
- परमेश्वरले अनन्त जीवन दिन तपाईलाई छान्नुभयो (२थेस्लोनिकी२:१३)।
- परमेश्वरको वरदानको लागि मूल्य चुकाइएको छ (यूहन्ना ३:१६)

पाठ पद : प्रेरित ३:१- १०

**५. पत्रुस र यूहन्नाले ल•डो भिखारीलाई सहायता गरेजस्तै कसरी परमेश्वरको अनन्त जीवनको बरदान तपाईको निम्ति हुनसक्छ?** जसरी पत्रुस र यूहन्नाले भिखारीलाई रोजे त्यसैगरि परमेश्वरले तपाईलाई उद्धार गर्नको लागि चुन्नुभयो (प्रेरित ३:३ देखि ४) ।

**६. तपाई र म कसरी त्यो भिखारी जस्तै समान छौं?** सम्भवतः त्यो भिखारी आफैले आफैलाई कहिल्यै निको पार्ने नकस्ने अवस्थामा पुगेको थियो । त्यसैगरी परमेश्वरको अनन्त जीवनको वरदन पनि तपाई आफ्नै प्रयासले प्राप्त गर्न सक्दैन ।

**७. अनन्त जीवन प्राप्त गर्ने अवसरसँगै आउने जिम्मेवरीहरु के के हुन?** तपाईले गर्ने सबैकुरामा येशूको व्यक्तिगत प्रतिनिधि हुनुपर्छ (लूका ६:४६) । परमेश्वरले तपाईलाई धेरै माया गर्नुहुन्छ ।उहाँको दया र करुणाको करण तपाई उहाँको मापदण्ड अनुसार जिउन असफल हुदा पनि तपाई अत्मिकरुपमा जिवित बन्न र उहाँको उपस्थिति र महिमामा बाच भनि परमेश्वर चाहनुहुन्छ । आत्मिक रुपमा जिवित हुनका लागि त उहाँले दिनुहुने आनन्त जीवनको वरदनलाई भेट्टाउनुपर्छ र स्वीकार गर्नुपर्छ ।

याद गर्नको लागि असल वचन : "........................." (एफिसी २:४,५)

## पाठ # ७ विशेषाधिकार र जिम्मेवारी (भाग-४)

धन्यवादको पत्र

### "तपाईले गर्ने सबै काममा येशूको प्रतिनिधि बन्नुहोस"

पाठ पद : प्ररित ४:१-२०

बाईबलबाट खोजी गर्ने अवसर

**१.परमेश्वरले तपाईलाई बनाउनूको उदेश्य के हो?**
उहाँलाई आदर र महिमा दिनु (भजनसँग्रह ३४:३) ।

**२. ऐनाको नाम के हो?विचार गर्नुहोस् त? परमेश्वरलाई महिमा दिनुको अर्थ के हो?** उहाँको विचार र तरिकालाई प्रकाश पार्ने परमेश्वरको कुरामा ध्यान दिनु हो ।

३.पाठ पद : १पत्रुस ३:१५

**४.यदि तपाईको मिल्ने साथीले येशू भनेको के र को हो भनी प्रश्न सोध्यो भने तपाई के जवाफ दिनुहुन्छ?** मुक्ति येशूमा मात्र छ (प्ररित ४:१२)

**५. यदि म ख्रीष्टियान भएको नाताले एउटा जिम्मेवारी के हो भनी बताउनु पर्दा के भन्छौं?** परमेश्वर र मानिसहरुलाई प्रेम गर्छु परमेश्वरको आज्ञापालन गर्दै आफूले गर्ने र भन्ने सबैकुरामा येशूको प्रतिनिधित्व गर्छु ।

**६.यस हप्ता येशूको प्रतिनिधिभै अरुलाई कुन कुन कुरा प्रकट गराउँछौं?** अरु म प्रति नभएतापनि म अरुप्रति दयालू हुनेछु कठीन समयमा पनि अनन्दित हुनेछु, आत्म-सँयमको अभ्यास गर्नेछु ।

**७. पत्रुस र यूहन्नाको के कुरालाई यहूदी धर्मगुरुहरुले पत्तो लगाए ?** पत्रुस र यूहन्ना येशूसँग समय विताउने मनिसहरु थिए (प्ररित ४:१३)

**८. तपाई कसरी यस हप्ता येशूसँग समय विताउन सक्नुहुन्छ?** विद्यालय हुदा, खेलकुद अभ्यास गर्दा र आफ्नो साथीको घरमा जाँदा उहाँलाई निम्त्याउनु ।

याद गर्नको लगि असल बचन :

"............................................." (भजनसँग्रह ३३:४) ।

## पाठ # ९-ग्यास राख्ने भाडोमा लाग्ने खीया (भाग १)

"तपाईको वचन, बोली र काममा सधै शुद्ध रहनुहोस"

पाठ पद : दानियल ९:८-१६

बाईबलबाट खोजी गर्ने अवसर

**१. कसरी दानियलले आफ्नो शरीरको वास्ता राखे?**
दानियलले आफूले खाने र पिउने कुरामा वस्ता राख्ने गर्थे (दनियल १:८)

**२. तपाई कसरी आफ्नो शरीरमा खियाँ लाग्न देखि बचाउन सक्नुहुन्छ?**
शरीरलाई स्वस्थ्य राख्न जस्तै : शारीरिक अभ्यास र पर्याप्त निद्रमा ध्यान दिएर

**३. कसरी तपाईको विचार पनि कम्प्यूटर जस्तै समान छ?**
जे कुरा तपाईको मनमा (विचारमा) जान्छ त्यो त्यही बस्छ ।

**४. तपाईको मन कसरी उर्बर भूमि जस्तै छ?**
वचन र विचार रोपिन्छ यसले जरो गाड्छ र यो तपाईको कामद्धारा देखिन्छ

**५. तपाईको मन (विचारमा) मा विउँ छरे भने के हुन्छ?**
सत्यको विउँ बढ्छ र बाहिर निस्कन्छ

**६. तपाई कसरी आफ्नो मनमा खीयाँ लाग्नदेखि जोगाउन सक्नुहुन्छ?**
सत्य कुरा प्रति विचार गरेर जुन ठीक र शुद्ध छन् (फिलिप्पी ४:८)

**७. व्यभिचार के हो?** तपाईले थाह पाएर गर्ने कुरा जसले तपाईलाई अशुद्ध पार्छ ।

**८. व्यभिचार किन गम्भिर अपराध हो?** तपाईको शरीर परमेश्वरको मन्दिर हो । मन्दिर भित्र जाने कुरा उहाँलाई मनपर्ने हुनुपर्छ (१कोरन्थी ३:१६) ।

**९. यस हप्ता तपाई आफू शुद्ध भई निम्न कुराको अभ्यास कसरी गर्नसक्नुहुन्छ :**

| | |
|---|---|
| परमेश्वर | फिलिप्पी ४:८ अभ्यास गरेर (प्रश्न :६) |
| अरुसँग | यदि येशू हुनुभएको भए कसरी तिनीहरुसँग व्यवहार गर्नूहुन्थ्यो? |
| आफैसँग | परमेश्वरले दिनुभएको असल र ठीक कुरामात्र खाएर वा लिएर |

याद गर्नूपर्ने असल बचन :
आफैलाई शुद्ध राख (१तिमोथी ५:२२) ।

## पाठ #१०-ग्यास राख्ने भाडोमा लाग्ने खीयाँ भाग-२

## बिवाह अघि नखोल्नुहोस है

"तपाईको वचन, बोली र काममा सधै शुद्ध रहनुहोस"

पाठ पद : उत्पत्ति २:१९ देखि २५ सम्मा

बाईबलबाट खोजी गर्ने अवसर :

**१. परमेश्वरले यौन उपहर कसलाई दिनुभएको छ?**

परमेश्वरले यौन उपहर स्त्री र पुरुषलाई विवाहद्धारा दिनुभएको छ (उत्पत्ति२:२४)।

**२. किन परमेश्वरले विवाहद्धारा मात्र यौन उपहार पुरुष र स्त्रीलाई दिनुहुन्छ?**

किनभने तिनीहरु एकअर्कामा बाँधिने र एउटै शरीर हुनेछ (उत्पत्ति२:२४)।

**३. यदि विवाहले मात्र पुरुष र स्त्री विचको सम्बन्धलाई बाँध्छ भने, एउटा व्यक्ति वा परिवारले वैवाहिक सम्बन्ध भन्दा बाहिरी गरिएको सम्बन्धलाई के भन्न सकिन्छ?**

- व्यभिचारले गुणस्तरिय जीवनमा ह्रास ल्याउँछ (१थेस्लोनिकी ४:३)।
- व्यभिचारले परिवार र सम्बन्धलाई टुक्राउँछ (उत्पत्ति २:२४)।

पाठ पद : १थस्लोनिकी ४:३,४

यौनजन्य अशुद्धताले जीवनमा अनियन्त्रित विभिन्न परिणामहरुलाई निम्त्याउँछ।

**४. यौनजन्य व्यभिचारले अरु के कस्ता परिणामलाई निम्त्याउँछ ?**

- परमेश्वरप्रतिको हाम्रो अनाज्ञाकारीताको उदाहरण र भावना अरुमा पनि सर्छ।
- कित तपाई गर्भवती हुनुहुनेछ वा अरुलाई गर्भवती बनाउनुहुनेछ।
- यसले सम्बन्ध र जीवनलाई अमहत्वपूर्ण बनाईदिन्छ।
- दोष, लाज र डरको कारण गलत निर्णय गर्नुपर्छ।
- आफ्नो र आफ्नो परिवारको गुणस्तरीय जीवनमा नराम्रो प्रभाव पर्छ।
- सम्भावित रोग सर्ने र विमारीको खतरा रहन्छ।
- तपाई समस्यामा पर्ने खतरा रहन्छ। नैतिकताको दृष्टिले यो अनैतिक र गैरकानुनी हो।

**५. यौनजन्य व्याबहारमा शुद्ध रहनुपर्ने अरु के कस्ता कारणहरु छन्?**

- परमेश्वरप्रतिको हाम्रो अनाज्ञाकारिताको उदाहरण र भावना अरुमा पनि सर्छ।
- यौनशुद्धता नै गर्भाधरण गर्ने वा गर्भवती हुन नदिने १०० प्रतिशत निश्चयता हो।
- यसले सम्बन्धहरुलाई महत्वपूर्ण बनाउँदै जान्छ
- शुद्ध विवेकलाई थामिराख्छ
- तपाई र तपाईको परिवारको जीवनस्तरमा बुद्धि ल्याउछ
- तपाई आफ्नो पति वा पत्नीलाई यौन शुद्धताको सुन्दर उपहार दिक्नहुन्छ।
- खराब गर्नुपर्ने खतरनाक परिणामबाट जोगिनुहुनेछ।
- आफ्नो परिवारलाई शरीरिक र भावनात्क रुपमा स्वस्थ्य र सुरक्षित राख्नसक्नुहुनेछ।
- उहाँको प्रेम र आदरको कारण हामी परमेश्वरको आज्ञालाई पालन गर्नसक्छौं।

यादगर्नुपर्ने असल वचन: आफैलाई शुद्ध राख (१तिमोथी ५:२२)।

## पाठ #११-ग्यास राख्ने भाडोमा लागेको खीयाँ

### जोनको पत्र

"तपाईको वचन, बोली र काममा सधै शुद्ध रहनुहोस"

पाठ पद : गलाती ५:२२, १यूहन्ना २:१५

बाईबलबाट खोजी गर्ने अवसर :

**१. तपाईले विचारगर्न सक्ने अरु कस्ताखालका प्रदुषणहरु होलान्?**
वायू प्रदुषण, जल प्रदुषणः वायू र जल प्रदुषण जस्तै अरु प्रकारका प्रदुषणहरु छन, जसले तपाईको मन र शरीरलाई प्रदुषित पार्छ। तपाईको मन र शरीरलाई प्रदुषित पार्ने अशुद्धतालाई व्याभिचार भनिन्छ।

**२. वायू जल अशुद्ध हुदा कस्ता समस्या र खतरा आईपर्छ?**
यसले हामीले पिउने पानी र स्वास लिने हावाको गुणस्तरलाई नराम्रो परिदिन्छ।

**३.तपाईको मन र शरीरमा अशुद्धता राख्दा कस्ता खतरा आइपर्छ?**
यसले तपाईको जीवनको गुणस्तरलाई घटाउँछ र तपाईलाई यसैको अम्वली बनाइदिन्छ।

**४. तपाई सँसारको बस्तु-सूचीबाट खरिद गर्नुबाट कसरी बच्न सक्नुहुन्छ?**
सँसारको बस्तु-सूचीबाट खरिद नगर्नुहोस्।

**५. कस्ता प्रकारको वा कुरा परमेश्वरको बस्तु-सूचीबाट माग गर्न सक्नुहुन्छ?**
फलः प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई, विश्वस्तता, नम्रता, सँयम (गलाती ५:२२)

**६. परमेश्वरको विउ रुपी वचनलाई याद गर्नुहोस्। आफ्नो विचारलाई मलिलो माटो भनि सम्भनुहोस। कसरी परमेश्वरको वचनले तपाईको मन र शरीरलाइ अशुद्ध हुनबाट जोगाउँछ?** यदि तपाईले परमेश्वरको वचनलाई आफ्नो मनमा रोप्नुभयो ह्दयमा राख्नुभयो, यसलाई घरि-घरि स्मरण गर्नुभयो र यसैअनुरुप जिउनूभयो भने, हामीले भर्खरै पढे जस्तै यसले तपाईको ह्दयमा जरो गाड्नेछ र फल फलाउनेछ।

परमेश्वरले तपाईलाई शुद्ध रहन र खिया रहित हुने शाक्ति दिनुभएको छ, तर यसको निर्णय तपाईले गर्नुपर्छ। तपाई सँसारको वस्तु-सूचीबाट जे इच्छा लाग्छ त्यहि खरिद गर्न सक्नूहुन्छ तर तपाईले किन्ने बस्तुको प्रभावबाट भने मुक्त हुनुहुन्न। वा तपाई परमेश्वरको सूचीबाट उत्तम कुरा प्राप्त गर्न सक्नुहुन्छ।

**७. तपाई कुन बस्तुसुचीबाट खरिद गर्नुहुन्छ?**

याद गर्नुपर्ने असल वचन : "............................................" (२ तिमोथी १:७)।

## पाठ # १२ परमेश्वर साँच्चीनै हुनुहुन्छ भनी कसरी थाहा गर्ने? (भाग १)

"अरुभन्दा परमेश्वरलाई खुसी पार्नुहोस"

बाईबलबाट खोजी गर्ने अवसर

### १. परमेश्वरले आफैंलाई प्रष्टसँग देखिने गरि प्रकट गर्नु भएको छ भनी कसरी बाइबलले बताउँछ?

उहाँको श्रृष्टिद्वारा : बाइबलले भन्छ, तपाई वपिरि भएका कूरालाई हेर्नुहोस् ईश्वर छैन भनी अविश्वास गर्नुपर्ने कुनै बहाना तपाईले पाउनुहुने छैन (रोमी १:१९,२० ) ।

### २. परमेश्वर हुनुहुन्छ भनी दिइएको बाइबलीय पदहरुको जोडा मिलाउनुहोस् ।

| खण्ड क | खण्ड ख |
|---|---|
| क) ...५,. ... ८.... श्रृष्टिको सँरचना | १ उत्पत्ति १:२१ |
| ख)...२......आकाश मण्डलको रचना | २ भजनसँग्रह १९:१ देखि ४ |
| ग) ....३....सबैजातिमा परमेश्वर हुनुहुन्छ भनी पाइने विश्वास | ३ भजनसँग्रह ४६:१० |
| | ४ भजनसँग्रह १३९:१३,१४ |
| घ) ....६....नैतिक व्याबस्थाको विश्वाव्यापी मान्यता | ५ हितोपदेश ८:२५ देखि २९ |
| | ६ होशे १४:९ |
| ङ .....१,. ..४...... सबै जीवनको श्रृष्टि | ७ यूहन्ना १:१४ |
| च र छ........७... येशूख्रीष्ट | ८ रोमी १:१९,२० |

### ३. साच्चै नै परमेश्वर हुनुहुन्छ भनी हामीले जानेको सबैभन्दा उत्तम जवाफ के हो?

येशू ख्रीष्टको व्यक्तित्व (यूहन्ना १:१४)

याद गर्नुपर्ने असल बचन

"..............................................." रोमी १:१९,२०